
# विजेता भन्दा महान



रिचार्ड वर्मब्राण्ड

पास्टर रिचार्ड वर्मब्राण्डको

# TORTURED FOR CHRIST

को

नेपाली अनुवाद

# विजेताभन्दा महान

THE LOVE IN ACTION SOCIETY
POST BOX 4532, NEW DELHI, 110016

# TORTURED FOR CHRIST

*by*

RICHARD WURMBRAND

*Nepali Translation*

1986
10000 Copies.
©Richard Wurmbrand

Printed and Puolished by Dr.P.P. Job for the Love in Action Society, P.B. 4532, New Delhi-16 at Sabina Printing Press, 387/24, Faridabad, 121005.— INDIA.

# लेखक-परिचय

पास्टर रिचार्ड वर्मब्राण्ड एउटा पास्टर र सुसमाचार प्रचारक हुनुहुन्छ। वहाँले आफ्नो देश रूमानियाको कम्युनिस्ट भ्यालखनाहरूमा चौध वर्षको कैदी जीवन बिताउनुभयो। रूमानियाका सुविख्यात मण्डली-अगुवाहरू, लेखकहरू तथा शिक्षा-शास्त्रीहरूमा वहाँको विशिष्ट स्थान छ। वहाँ जस्तो सुप्रसिद्ध व्यक्ति रूमानियामा विरले छन्।

१९४५ सालमा कम्युनिस्टहरूले रूमानिया देश जफ्त गरी आफ्नो अधिकारमा लिए अनि आफ्नो मतलब सिद्ध गर्नका निम्ति त्यहाँ भएका विभिन्न ईसाई साम्प्रदायिक मण्डलीहरूलाई वशमा राख्ने प्रयास गरे। पास्टर वर्मब्राण्डले तत्कालै आफ्ना पराधीन देशवासी र रूसी सैनिकहरूका माझमा गुप्त-सेवा-कार्य शुरू गर्नुभयो। फलस्वरूप, १९४८ सालमा कम्युनिस्ट सरकारले वहाँ र वहाँकी धर्मपत्नीलाई पक्री कैदमा थुनुवा पारे। श्रीमती वर्मब्राण्डले कमारी-मजदूर हुने तीन वर्षको सजाय पाउनुभयो। पास्टर वर्मब्राण्ड सजाय स्वरूप चौध वर्षको कारावासमा बस्नुपर्ने भयो औ तीन वर्षसम्मको निम्ति एकलो कैदी राखिने अलग कक्षमा थुनिनुभयो। तीन वर्षको लामो अवधिमा वहाँले सताउने कम्युनिस्ट कर्मचारीहरू बाहेक अरू कसैलाई देख्नुभएन। तत्पश्चात् वहाँलाई अरू कैदीहरू राखिने कोठामा

ल्याइयो तर पनि वहाँमाथिको अत्याचार र सतावटको मात्रामा केही हेरफेर भएन।

मसीही मण्डली अगुवाको रूपमा वहाँ विश्वविख्यात भएकोले विदेशी राजदूतहरूले रुमानियाका कम्युनिस्ट सरकारलाई वहाँको विषयमा खोजी-निधो गर्दाहुँदी रुमानियाका कम्युनिस्ट सरकारबाट 'पास्टर वर्मब्राण्डले रुमानिया छोड़े' भन्ने उत्तर पाए। अर्कोपट्टि वहाँकी धर्मपत्नीलाई छद्म-वेषी गुप्त पुलिसका कर्मचारीहरू कैदबाट छुट्टी पाएर आएका बन्दीहरू भई 'तपाईंको पतिको शव चिहानमा दफन गरिंदा हामीहरू उपस्थित थियौं' भनी झूठा समाचार दिए। यस बाहेक रुमानियामा भएका पास्टर वर्मब्राण्ड-का परिवार तथा विदेशका बन्धु-बान्धवहरूले 'पास्टर वर्मब्राण्ड मरे, तिनी अब छैनन्, तिनलाई अब बिर्सिनु' भन्ने सूचना पाए।

आठ वर्ष पश्चात् वहाँ काराबासबाट मुक्त हुनुभयो तर तत्कालै वहाँले गुप्त-मण्डलीको गुप्त-सेवा-कार्य सञ्चालन गर्नुभयो। दुइ वर्ष पश्चात् वहाँ फेरि पक्रा पर्नुभयो औ यसपाला वहाँलाई पच्चीस वर्ष कैदको सजाय भयो।

१९६४ सालमा जब रुमानियाका सबै कैदीहरूलाई मुक्त गरियो, पास्टर वर्मब्राण्ड पनि मुक्त हुनुभयो तर वहाँले फेरि गुप्त-सेवा कार्य चालु गर्नुभयो। तेस्रोपल्ट पनि वहाँको पक्रा पर्ने आशंका हुँदा नोर्वे देशका ईसाई विश्वासीहरूले वहाँलाई रुमानिया देशबाट झिकाउनका निम्ति कम्युनिस्टहरूसित कुराकानी चलाए। देशको आर्थिक स्थितिले गर्दा कम्युनिस्ट सरकारले राजनीतिक कैदीहरूलाई बेच्न थालेका थिए अनि

एउटा साधारण राजनीतिक कैदीको मूल्य १७ हजार रुपियाँसम्म पर्थ्यो तर वहाँको मूल्य भयो ५२ हजार रुपियाँ ।

१९६६ सालको मई महीनामा वहाँले अमेरिकन सिनेटको गृह-सुरक्षा उप-समितिको सभामा बोल्नपर्‍यो । वहाँले कमरसम्मको लुगा फुकालेर वहाँको शरीरमा प्रहार गरिएको अठारह गहिरा दागहरू देखाउनुभयो । वहाँको जीवन-वृत्तान्त समाचार पत्र-पत्रिकाहरूद्वारा सारा संसारमा प्रकाशित भए । १९६६ सालको सितम्बर महीनामा रुमानियाको कम्युनिस्ट सरकारले वहाँको हत्या गर्ने निश्चय गरेको छ भनी वहाँलाई सतर्क गराइयो, तर पनि ज्यानलाई जोखिममा पार्ने यस्ता धम्कीहरूको डरले वहाँ मौन बस्नुभएको छैन । 'गुप्त-मण्डलीको आवाज' भन्ने नाउँले वहाँलाई सम्बोधन गरिन्छ औ मसीही मण्डलीका अगुवाहरूले वहाँलाई 'जीवित शहीद' तथा 'लोह-पट* भित्रका पावल' भनी सम्बोधन गर्छन् ।

---

* फलामका पर्दाभित्रका कम्युनिस्ट देशहरू

# प्राक्कथन

१९६४ सालको दिसम्बर महीनामा म पहिलो पटक रूमानिया देशमा गएँ। अलबानिया देश बाहेक यूरोप महादेशको रूमानिया देशमा मात्र म गएको थिइन। परमेश्वर पिताबाट त्यहाँ जानपर्छ भनी मैले निश्चित अगुवाई पाएको थिएँ र रेभ० जोइन मोजलेसित म हंगेरी देशको सीमाना पार गरी रूमानियामा पसें।

कम्युनिस्ट सरकारले हाम्रो गतिविधि र चाल-ढंगमाथि सख्त निगरानी राख्दोरहेछ भनी हामीले चाड़े थाहा गरयौं, तापनि त्यहाँका विश्वासी भाइ-बहिनीहरूले हामोलाई सहर्ष स्वागत गरे। क्रिसमस पछिको पहिलो आइतबार बेलुकी हामीहरू बुकारेस्ट शहरको जर्मन बेपटिस्ट सेवालयमा गयौं। त्यहाँ हामी दुवैले पश्चिमी देशहरूका* विश्वासीहरूका कुशल-समाचार एवं अभिवादन तिनीहरूलाई सुनायौं औ आफ्नो जीवनमा प्रभु मसीहले गर्नुभएको उद्धारको अनुग्रहको विषयमा गवाही दियौं। सेवा समाप्त भएपछि धेरै विश्वासीहरू हामीलाई भेट्न आए। तिनीहरू-मध्ये एकजना अग्लो, कान्तिहीन तर उत्साही मोहोड़ा भएको एउटा व्यक्तिले हामीलाई तिनको घरमा बातचीत गर्न निमन्त्रण गरे। हामीहरू १० बजी रातीतिर त्यो घरमा पुग्यों जहाँ पास्टर रिचार्ड वर्मब्राण्ड

---

* अमेरिका र पश्चिमो यूरोपका देशहरू

आफ्नी स्वास्नी र छोरो मिहाईसित घरको माथिल्लो तल्लाको बुइंगल्मा बस्नुहुन्थ्यो ।

उक्त पास्टरको विषयमा हामीहरूले पश्चिमी देशहरूमा धेरै कुराहरू सुनेका थियौं । वहाँले हामीलाई वहाँको चौध वर्षको कैदी जीवनमा घटेका आश्चर्य कर्महरू, अनुभवहरू तथा दैवी सहयोगहरूको चाखलाग्दो सत्य कथा सुनाउनुभयो । वार्तालापको शिलशिलामा वहाँको छोरो मिहाई अनि पछि फेरि वहाँकी धर्मपत्नी श्रीमती सेबाइन घर बाहिर पुलिस हेर्न गइन् । तिनीहरू दुवैले पुलिसले तिनीहरूको घर घेरेको तथा घरको अघि सड्कमा पुलिसको गाड़ी राखेको देखे । तिनीहरूले कति बेलासम्म घर रुङ्गनेछन् अथवा अब के हुन्छहोला वा तिनीहरूले के गर्नेछन् होला भन्ने डरले हामीहरूको मन विचलित भयो । पास्टर वर्मब्राण्डको वर्णन समाप्त भएपछि हामीहरूले प्रार्थनामा घुँड़ा टेक्यौं । यो प्रार्थना स्मरणीय छ किनकि हामीले त्यो विपत आइपरेको बेला परमेश्वर पितालाई सहायता र रक्षाको निम्ति विन्ती चढ़ायौं । हामीहरूले तिनको शरीरमा अत्याचार र सतावटको चोटहरू देख्यौं तब हामीहरूलाई ती समयहरूका भीषणता र उग्रता प्रत्यक्षरूपले थाहा भयो । कारावासको डरलाग्दो अत्याचारको घोर अन्धकारभित्र पनि परमेश्वरको महिमा र प्रेमको उज्यालो छर्लङ्ग देखिन्थ्यो । परमेश्वर पिताले हाम्रो प्रार्थनाहरू सुन्नुभयो अनि जब हामीहरू घरबाट सड्कमा निस्क्यौं पुलिस त्यहाँदेखि अघि नै गइसकेका थिए ।

ख्रीष्ट प्रभुको गवाही दिने तथा उहाँको निम्ति दुःख सहने परमेश्वरको यो परिवारसित हाम्रो पहिलो पटकको भेटले हाम्रो व्यक्तिगत जीवनमा

ठूलो परिवर्त्तन ल्यायो भनी हामीले तत्कालै अनुभव गर्‍यौं। यस्तरी यो पुस्तकको परिचय दिने सम्मान पाउँदा मलाई गर्व लाग्छ अनि म यो काम यो प्रार्थना चढ़ाउँदै गर्छु—'परमेश्वर पिताले धेरै-धेरै हृदयहरूमा पूर्वीय यूरोपका मानिसहरूप्रति प्रेम जागरण गरिदेऊन र फलस्वरूप ती प्रभु ख्रीष्टको नाउँमा दुःख भोग्नेहरूलाई ठोस सहायता मिलोस् अनि यस्तरी ख्रीष्टले जुन उद्देश्यले आफ्नो देह, मण्डलीको निम्ति, आफ्नो मासु र रगतले बनेको देहमा दुःख भोग्नुभयो, सो उदेश्य पूरा गरियोस्'।

—रेभ० डब्ल्यु० स्टुअार्ट हेरिस, एफ० आर० जी० एस०
मुख्य संचालक, यूरोपियन क्रिश्चियन मिशन

# प्रस्तावना

## यो पुस्तक म किन लेख्दैछु ?

लोह-पट तथा फलामका पर्दाभित्र भएको गुप्त-मण्डलीबाट स्वतन्त्र देशहरूको प्रत्येक ईसाईको निम्ति म एउटा सन्देश लिएर आएको छु ।

धेरै वर्ष मैले सेवा गरी अगुवाई गर्नपाएको गुप्त-मण्डलीले मलाई यो अत्यन्तै जरुरी समाचार सुनाउनलाई स्वतन्त्र देशहरूमा निस्की जाने प्रयत्न गर्नु भनी निर्णय दियो । तपाईंहरूले अब पढ्ने राक्षसी दुष्टता र घोर अत्याचारको पंजाभित्र, परमेश्वर पिताले गर्नुभएको एउटा आश्चर्य कर्मद्वारा मात्र म जीवित रहन सकें र स्वतन्त्र जगतमा पुग्नपाएँ। यो पुस्तकमा कम्युनिस्ट देशहरूमा भएका भयंकर सतावटमा परेको, दुःखको सामना गरी विश्वासमा अटल रहने गुप्त-मण्डलीको सन्देश, तपाईंहरूलाई सुनाउने जो अभिभारा मलाई दिइएको छ, त्यो म तपाईंहरूलाई सुनाउनेछु ।

यसर्थ गुप्त-मण्डलीको यो सन्देशलाई तपाईंहरूले पूर्णरुपले ध्यान दिनुहुन्छ भन्ने पूर्ण आशा लिई सर्वप्रथम म परमेश्वर पिताले ममाथि गर्नु भएको अनुग्रहको गवाही र गुप्त-मण्डलीमा मेरो सेवा कार्यको विषयमा वर्णन गर्नेछु ।

रिचार्ड वर्मब्राण्ड

# पहिलो अध्याय

## एउटा नास्तिकले प्रभु येशू मसीहलाई ग्रहण गर्छ

बाल्यावस्थामा मैले कुनै धार्मिक शिक्षा पाइनँ। मेरो पालन-पोषण एउटा यस्तो परिवारमा भयो जहाँ कुनै धर्मलाई मान्यता दिइंदैनथ्यो औ चौध वर्षको उमेरमा म एउटा कट्टर नास्तिक भइसकेको थिएँ। यो मेरो बाल्यावस्थाका नमीठो अनुभवको फल थियो। जन्म पछि म चाँडै टुहुरा भएँ अनि पहिलो विश्व-महायुद्धका कठिन परिस्थितिहरूका माझमा मैले दरिद्रता के हो, पूरा अनुभव गरें। यसर्थ चौध वर्ष पुग्दा न पुग्दा हालका कम्युनिस्टहरू जस्तो म पक्का नास्तिक भएँ। मैले नास्तिक पुस्तक पढ़ेको थिएँ र खीष्ट प्रभु तथा परमेश्वरमाथि विश्वास गर्नु भन्ने कुरो परै राखी, यी विचारहरू समेतलाई मानव-विचार-विमर्शका निम्ति हानि-कारक र घातक ठानी म यिनीहरूको घृणा गर्थें। यसरी धर्म प्रति घोर अरुचि तथा विरोध मनमा राखी म ठूलो भएँ।

मैले बुझ्नसक्ने कारणहरू तथा अभिप्रायले परमेश्वरले अनुग्रह गरी मलाई चुन्नुभयो, यो मलाई पछिबाट थाहा भयो। ती कारणहरू र मेरो चरित्रको बीचमा केही सम्बन्ध थिएन, कारण म अति नै दुष्ट थिएँ।

म नास्तिक भए तापनि गिर्जाघर र सेवालयहरूसित म बिना कारण त्यसै पनि आकर्षित हुन्थें। कुनै सेवालयको छेउबाट भएर जानपर्दा त्यहाँभित्र

नपसी जानु मलाई निकै चर्को पर्थ्यो । सेवालयहरू भित्र के हुन्छ तथा त्यहाँभित्र भएका स्तुति-पाठ-आराधनाहरू म अलिकति पनि बुझ्दिन थिएँ । मैले उपदेशहरू सुनें तर तिनीहरूले मेरो मनमा केही असर गरे-नन् । परमेश्वर छैन भन्ने मेरो विचार निश्चित थियो । परमेश्वरको अहाई-खटाईमा हिंड्नु पर्ने हुनाले परमेश्वर सर्वस्व हुनुहुन्छ भन्ने धारणा-लाई म घृणा गर्थें । तर मेरो मनभित्रको परमेश्वर सम्बन्धी मूल धारणासित पनि म असन्तुष्ट थिएँ । बाल्यकाल र तरुणावस्थामा मैले सुख र प्यार न-पाएकोले विश्वको कुनै स्थानमा मलाई प्यार गर्ने एउटा हृदय मेरो निमित्त खटकिरहेको जस्तो लाग्दथ्यो अनि त्यसको प्रतीक्षामा म तड्पि-रहेको थिएँ ।

परमेश्वर छैन् भनी म जान्दथें अनि यस्तो प्रेमको परमेश्वर छैन भन्दा मलाई ठूलो दुःख लाग्थ्यो । एक दिन मेरो अन्तष्करणमा एउटा भयानक द्वन्द मच्चिएको बेला म एउटा रोमन केथोलिक गिर्जाघरमा पसें । त्यहाँ-भित्र मैले धेरै व्यक्तिहरूलाई घुंडा टेकी केही बोल्दैगरेको देखें । तिनीहरू जस्तै छेउमा घु डा टेकी तिनीहरू बोलेको सुन्नु र प्रार्थनाहरू तिनीहरूका पछि पछि भन्ने र नतीजा हेर्ने मलाई विचार आयो । तिनीहरूले माता मरियमलाई प्रार्थना गरे—'प्रणाम ! माता मरियम, तपाईं दयाले परिपूर्ण हुनुहुन्छ !' तिनीहरूका पछि पछि म पनि यी शब्दहरू दोहोर्‍याउँदै गएँ । तब माता मरियमको मूर्तिलाई ध्यानसित हेरें तर केही पनि भएन र साह्रै निराश भएँ ।

एक दिन एउटा पक्का नास्तिक हुँदाहुँदै पनि मैले परमेश्वरलाई यस प्रकारको प्रार्थना गरें—'हे परमेश्वर, तपाईं हुनुहुँदैन भनी मलाई पक्का

थाहा छ। संयोगवश, तपाईं हुनुहुन्छ भने, म भन्छु तपाईंमाथि विश्वास गर्ने कर्त्तव्य मेरो होइन, तर तपाईंले आफूलाई प्रगट गरिबक्सने कर्त्तव्य तपाईंको हो।' म नास्तिक थिएँ तर नास्तिकवादले मेरो मनमा शान्ति भएन।

मेरो मनभित्रको यो घोर अशान्ति र संघर्षको समयमा, मेरो देश रूमानियाको एउटा पहाड़ी गाँउमा एउटा बृद्ध सिकर्मीले यस प्रकारको प्रार्थना गरे—'हे पिता! मैले तपाईंको सेवा यो जगतमा गरेको छु अनि त्यसको प्रतिफल म स्वर्ग र पृथ्वी दुवै स्थानमा पाउने इच्छा राख्छु। पुरस्कार-स्वरूप मेरो मरणको अघि म एउटा यहूदी आत्मालाई तपाईंकहाँ ल्याउन चाहन्छु किनभने हामीहरूका प्रभु ख्रीष्ट पनि यहूदी हुनुहुन्थ्यो। म गरीब छु, बृद्ध र बिमार पनि छु औ यो गाँउमा कुनै यहूदी छैन। म यहूदी व्यक्ति खोज्न कतै तिर जान पनि सक्तिन। दया गरी तपाईंले कुनै एउटा यहूदीलाई यो गाँउमा पठाइदिनुहोस्। म त्यसलाई प्रभु मसीहमा ल्याउन भएभर चेष्टा गर्नेछु।'

मलाई त्यस गाँउमा कुनै अपरिचित शक्तिले खिंचेर पुरयायो। त्यहाँ मेरो केही काम थिएन। रूमानिया देशमा बारह हजार गाँउहरू छन् तर मलाई त्यही गाँउमा पुग्नपरयो। त्यो बृद्ध सिकर्मीले मलाई यहूदी भनी चिनेर मसित बड़ो खातिर र प्रेमको बर्ताव गरे। तिनले ममा आफ्नो प्रार्थनाको प्रत्यक्ष उत्तर पाए अनि मलाई एउटा बाईबल पढ्न दिए। मेरो आफ्नै सांस्कृतिक अभिरुचिले गर्दा मैले धेरै पल्ट बाईबल पढ़ेको थिएँ तर त्यो बाजेले दिनुभएको बाईबल एउटा अर्कै किसिमको बाईबल थियो। बाजे र बोज्यूले म र मेरी धर्मपत्नीको मन परिवर्तन ( पश्चाताप )-को

निमित्त तथा हामीलाई प्रभु मसीहमा ल्याउनलाई दिनहुँ धेरै समय प्रार्थनामा बिताउँथे भनी त्यो बाजेले मलाई पछिबाट बताउनुभयो। तिनीहरूले मलाई पढ्न दिएको बाईबल केवल अक्षरले मात्र होइन तर प्रार्थनाको शक्तिमा प्यारका ज्वालाहरूले लेखिएका थिए। म त्यो बाईबललाई मुश्किलले पढ्न सक्थें औ पढ्दा म रुन लाग्थें। म आफ्नो जीवन प्रभु येशूको जीवनसित तूलना गर्थें—उहाँ कति पवित्र अनि म कति घिनलाग्दो थिएँ। उहाँको हृदय प्यारले अनि मेरो घृणाले भरिएको थियो तरै पनि उहाँले मलाई ग्रहण गर्नुभयो अनि आफ्नो बनाउनुभयो।

मेरी स्वास्नीले मेरो पछि चांड़ै प्रभु येशूलाई आफ्नो उद्धारकर्त्ता ग्रहण गरी। उसले धेरै व्यक्तिहरूलाई प्रभुकहाँ ल्याई। ती बचाइएका आत्माहरूले अझ अरू आत्माहरू बचाए अनि यस प्रकारले रुमानिया देशमा एउटा नयाँ मण्डलीको स्थापना भयो।

त्यस पश्चात् रुमानिया देशमा नाजीहरूको समय आयो अनि देशको समस्त अधिकार तिनीहरूका हातमा परे। नाजीवादले एउटा निष्ठूर उग्र तानाशाहीको रूप लियो अनि ईसाई र यहूदीहरूको खेदो हुन थाल्यो। हामीहरूको भाग्यमा भयंकर दुःख यातना लेखिएको थियो।

धर्म-सेवाको निम्ति तयार हुनको अघि तथा विधि-अनुसार मेरो अभिषेक हुनको अघिबाट नै, स्थापकको हैसियतले, म यो मण्डलीको अगुवा समान थिएँ। म यसको उत्तरदायी थिएँ। धेरै पल्ट म अनि मेरी स्वास्नीलाई पुलिसले पक्रे, कुट-पीट गरे अनि नाजी न्यायाधीशहरूका अघि उभ्याए। नाजी अत्याचार कम थिएन तर भविष्यमा आइपर्ने

कम्युनिस्ट आतङ्कको तूलनामा त्यो केही पनि थिएन। मेरो छोरो मिहाई-लाई मृत्युदेखि बचाउनलाई एउटा गेर-यहूदी नाँउ दिनपर्‍यो।

नाजीकाल परोक्षरूपमा हाम्रो निम्ति लाभदायक सिद्ध भयो। शारीरिक कष्ट-पीड़ा तथा कुट-पीट सहन सकिन्छ अनि मानव आत्मा परमेश्वरको सहायताले भयंकर सताईको माझमा पनि जीवित रूपमा विजयी हुनसक्छ भन्ने कुरो त्यसले हामीलाई सिकायो। त्यस बाहेक हामीहरूलाई गुप्त मसीही सेवा कार्यको तरीका सिकायो। वास्तवमा त्यो भविष्यमा आउनेवाला अझ डरलाग्दो अग्नि-परीक्षा जसको माझमा हामीहरू अहिले परेका छौं, त्यसको निम्ति हामीलाई तयारी बनायो।

## रूसीहरूको माझमा मेरो सेवा

नास्तिक जीवन व्यतीत गरेको अनुतापले, प्रभु मसीहलाई ग्रहण गरेको दिनदेखि नै, रूसीहरूलाई प्रभुको सुसमाचार प्रचार्न अनि उहाँको गवाही दिन मेरो हार्दिक इच्छा थियो। बाल्यावस्थादेखि नै रूसी जाति नास्तिकवादमा हुर्केका जाति हुन्। उनीहरूलाई सुसमाचार प्रचार गर्ने मेरो मनोरथ नाजीकालमा नै पूर्ण हुनथाल्यो—रूमानियामा हजारौं रूसीहरूलाई लड़ाईंमा बन्दी बनाई ल्याइयो अनि तब तिनीहरूका माझमा हामीहरूले ईसाई-सेवा-कार्य गर्ने मौका पायौं।

यो एउटा आश्चर्यजनक परिवर्त्तनशील सेवा थियो। एउटा रूसी कैदीसितको मेरो पहिलो आकस्मिक भेट म कहिल्यै पनि बिर्सने छैन। उ एउटा इञ्जीनियर हो भनी उसले मलाई भन्यो। मैले उसलाई 'तिमी परमेश्वरमा विश्वास गर्छौ ?' भनी प्रश्न गरें। उसले 'गर्दिन' भनेको

भए मलाई उति मनमा लाग्ने थिएन। प्रत्येक मानिसको परमेश्वरमाथि विश्वास गर्नु वा नगर्नु आफ्नो खुशी हो—तर परमेश्वरमाथि विश्वास गर्छौं भन्ने प्रश्नमा उसले केही नबुझेको झैं म पट्टि हेर्‍यो र भन्यो, 'विश्वास गर्न भनी मैले केही यस्तो फौजी आज्ञा पाएको छैन, आज्ञा पाए म विश्वास गर्नेछु।'

मेरो आँखाबाट आँसु बहन लाग्यो। मेरो हृदय विदीर्ण भयो। यहाँ मेरो अघि एउटा यस्तो मानिस उभिएको थियो जसको बुद्धि र सम्झने शक्ति मरिसकेको थियो। परमेश्वरले दिनुभएको सर्वश्रेष्ठ दान अर्थात् 'म एउटा विशेष व्यक्ति हुँ' भन्ने कुरो उसले गुमाएको थियो। कम्युनिस्टहरूका हातमा उ एउटा 'मगज-धुलाई' भएको हतियार मात्र थियो जो आज्ञा बमोजिम विश्वास गर्नु वा नगर्नु तयार थियो। उ आफैले केही समझ-विचार गर्न सक्तैनथ्यो। कम्युनिस्ट आधिपत्यको यति वर्षहरूभित्र हुर्केको उ एउटा रूसी नमूना थियो। कम्युनिस्टवादले मानवलाई के कस्तो बनाउँदोरहेछ भन्ने कुरो देखी, मनमा भीषण धक्का पाई, रूसीहरूलाई उनीहरूका व्यक्तित्व फिर्ता दिन औ परमेश्वर पिता र खीष्ट प्रभुमा विश्वास दिलाउनका निम्ति म आफ्नो जीवन यी मानिसहरूका निमित्त समर्पित गर्नेछु भनी परश्मेवर पिताको सामु प्रतिज्ञा गरें।

मलाई रूसीहरू भेट्न रूसदेश जान परेन।

२३ अगस्त, १९४४ सालदेखि शुरू भएर रूसी फौजका १० लाख सिपाहीहरू रूमानियामा पसे अनि चाँडै ने कम्युनिस्टहरूले हाम्रो देशको शासनको बागडोर आफ्ना हातमा लिए। तब देशमा राति ऐंठन परेको

जस्तै विकट अवस्थाको त्रास उब्जाउने समय शुरू भयो जसको सामु नाजी-कालका यन्त्रणाहरू मामूली देखिन्थे ।

त्यसबेला रूमानियाको एक करोड़ अस्सी लाख जनसंख्यामा कम्युनिस्ट पार्टीका केवल दश हजार सदस्य मात्र थिए । तर सोभियत संघ रूसका विदेश मन्त्री श्री भिशिनिस्की हाम्रा लोकप्रिय नरेश माइकल प्रथमका कार्यालयमा ताकतको धाक देखाउँदै घुस्सी र मुड्कीले मेज ठटाउँदै गर्जे, 'तपाईंले मन्त्री-मण्डलमा तथा सरकारी विभागहरूमा कम्युनिस्टहरूलाई नियुक्त गर्नैपर्छ ।' हामीहरूका पल्टन र पुलिसका हातबाट हात-हतियारहरू खोसी निशस्त्र गराए अनि यसरी बलजफ्तीको साथ तर सबैको द्वेष र विरोधको पात्र बन्दै कम्युनिस्टहरूले समस्त देशमा अधिकार जमाए ।

परमेश्वरको अघि मानिस केवल व्यक्तिगत पापहरूका लागि मात्र होइन तर आ-फाफ्ना राष्ट्रहरूका पापहरूका निम्ति पनि उत्तरदायी हुनुपर्छ । अमेरिकनहरूले नजानिकन रूसीहरूलाई सहायता गर्दा हामीहरूका देश-हरूमा रगतका खोलाहरू बगेको र हत्या र आतङ्कको साम्राज्य स्थापित भएको अमेरिकन जनतालाई थाहा हुनुपर्छ । यी पराधीन जातिहरूलाई प्रभु खीष्टको ज्योतिमा ल्याउन सहायता गरी अमेरिकनहरूले आफ्ना पापको प्रायश्चित गर्नपर्छ ।

## प्रेम र प्रलोभनको भाषा एकै छ

कम्युनिस्टहरूले शासनको बागडोर समाते पछि मण्डली भ्रष्ट गर्नलाई तिनीहरूले बड़ो चालबाजी गर्छन् । प्रेम र प्रलोभनको भाषा एकै देखिन्छ । विवाह गर्न चाहने मानिस र वासना पूर्ति गरी परित्याग गर्न चाहने मानिसले एउटै भाषा प्रयोग गर्छ—'म तिमीलाई प्रेम गर्छु' ।

प्रेम र प्रलोभनको भाषामा भएको अन्तर औ भेड़ाहरूका माझमा भेड़ाका छाला ओड़ेका ब्वाँसाहरूलाई छुट्याउनु भनी प्रभु येशूले हामीलाई आदेश दिएका छन् ।

रूमानियामा जब कम्युनिस्टहरूले आधिपत्य जमाए, तब हजारौं पाद्री, पास्टर र धर्म-सेवकहरू प्रेम र प्रलोभनको भाषा छुट्याउन असमर्थ भए ।

कम्युनिस्टहरूले रूमानियाका जम्मै ईसाई संस्थाहरूका एउटा सभा संसद-भवनमा आयोजित गरे । त्यस सभामा विभिन्न ईसाई सम्प्रदाय-हरूका प्रायः चार हजार पाद्री, पास्टर, धर्म-सेवक तथा प्रतिनिधिहरू उपस्थित थिए । तिनीहरूले जोजेफ स्टालिनलाई त्यस महासभाका अवैतनिक अध्यक्ष चुने । त्यही बेला स्टालिन विश्व-नास्तिक आन्दोलनका नेता थिए अनि वेहिसाब ईसाईहरूका रगतले लथ-पथ थिए । यो सभामा पालैं पालि गरी उठ्दै पास्टर र विशपहरूले कम्युनिस्टवाद र ईसाई धर्मको सिद्धान्त एउटै छ तथा बुनियादी रूपमा पनि समान छ अनि एकै साथ रहनसक्छ भन्ने भाषणादि दिए । यी पाद्री, पास्टरहरूले कम्युनिस्टवादको प्रशंसा गरे अनि मण्डली सरकार-भक्त रहनेछ भनी नयाँ सरकारलाई आश्वासन दिए ।

म पनि मेरी स्वास्नीसित यो महासभामा उपस्थित थिएँ । उ मेरै छेउमा बसेकी थिई र मलाई भनी—"रिचार्ड, तिमी उठ र प्रभुको मुहारमा लिपिदिएका लाजका यी दागीहरू धोइदेउ, तिनीहरूले प्रभुको अनुहारमा थुकिरहेका छन् ।" मैले भनें—"मैले त्यसो गरें भने तिमीले तिम्रो लोग्नेलाई माया मार्नुपर्छ ।" उसले भनी—"मेरो लोग्नेले कायरता देखाएको म हेर्न चाहदिनँ ।"

म उठें अनि महासभामा बोलें। मैले ईसाईहरूका हत्याराहरूको होइन तर परमेश्वर र प्रभु ख्रीष्टको प्रशंसा गर्दै भनें—"परमेश्वर र ख्रीष्ट प्रभु हामी सबैका भक्ति र श्रद्धाका प्रथम भागी हुन् ।" यो महासभाका भाषण-हरू रेडियोद्वारा समस्त देशभरि प्रसारित भएको हुनाले कम्युनिस्ट संसद्-भवनका मंचबाट प्रभु ख्रीष्टको सन्देश घोषणा गरिएको समस्त देशले सुने । यसको दाम मैले यद्यपि चुकाउनु परयो तर यो मौका त्यति दाम तिर्न योग्यको थियो ।

ओरथोडक्स र प्रोटेस्टेन्ट मण्डलीका अगुवाहरूका बीचमा कम्युनिस्ट-वादको अघि नतमस्तक हुने होड्बाजी चल्यो । एउटा ओरथोडक्स बिशपले आफ्नो लबेदा ( पोशाक ) मा मारतोल र हँसियाको चिह्न लगाए अनि आफ्ना पाद्री र सहकर्मीहरूलाई 'तपाईंको अनुग्रह'-को बदलीमा 'कमरेड बिशप' भनी उसलाई सम्बोधन गर्नु भन्ने आदेश दिए ।

रेसिटा शहरमा बेपटिस्टहरूको महासभा भएैकोमा पनि म उपस्थित थिएँ । त्यो महासभा लाल-झण्डा मुनि भयो अनि त्यहाँ सोभियत संघ रूसको राष्ट्रीय-गान हुँदा सबै उभिएका थिए । बेपटिस्टहरूका अध्यक्षले 'स्टालिनले परमेश्वरका आज्ञाहरू पूरा-पूरा पालन गर्न बाहेक अरू केही गरेनन्' भनी घोषणा गरे । तिनले स्टालिनलाई बाईबलका महान शिक्षक भनी प्रशंसा गरे । पत्रस्कोई र रोसियानु नाउँका पाद्रीहरूका अझ सोझा थिए । तिनीहरू सरासर गुप्त पुलिसका कर्मचारीहरू भए ।

रूमानियाको लुथरन मण्डलीका उप-बिशप राप्प महोदयले अध्यात्म-विद्या शिक्षणालयहरूमा परमेश्वरले तीन दैवी प्रकाशनहरू (अभिव्यक्तिहरू) गरे भनी सिकाउन थाले । पहिलो मोशाद्वारा, दोस्रो येशूबाट अनि

तेस्रो स्टालिनबाट भयो तर तेस्रोले दोस्रोको स्थान सम्पूर्ण तौरले ओगट्यो भनी उप-बिशप राण्पले सिकाए।

यी कुराहरू सच्चा बेपटिस्ट विश्वासीहरूले स्वीकार गरेनन्। धेरै दुःख-पीड़ा खप्दै पनि तिनीहरूले प्रभु येशूमा आफ्नो विश्वास दृढ़ राखे। कम्युनिस्टहरूले तिनीहरूका अगुवाहरू चुनिदिए औ यी विश्वासीहरूका अघि ती अगुवाहरूलाई ग्रहण नगरी अरू कुनै उपाय थिएन। हिज आज पनि माथिदेखि तलसम्म मण्डलीका अगुवा-नेताहरूका चुनाउ वा नियुक्ति यस्तै प्रकारले कम्युनिस्टहरूका खटाईमा गरिन्छ।

मसीह येशूका सेवक हुनको बदली कम्युनिस्टवादका दास हुनेहरूले तिनीहरूसित सहयोग नगर्नेहरूलाई नास्तिक सरकारको अघि दोष्याउन थाले।

रूसी क्रान्तिको पश्चात् जसरी रूसी विश्वासीहरूले एउटा गुप्त मण्डली स्थापित गरे, त्यसरी नै देशको हर्ता-कर्ता कम्युनिस्टहरू भएकोले औ सरकारी मण्डलीहरूका अगुवाहरूका विश्वासघातले हामीहरूलाई रूमानियामा पनि एउटा सुसमाचार प्राचार गर्ने तथा नानीहरूलाई प्रभु खीष्टको विषयमा सिकाउने विश्वासी गुप्त मण्डली खड़ा गर्न कर लाग्यो। यी सब माथि कम्युनिस्टहरूले प्रतिबन्ध लगाए अनि सरकारी मण्डलीकाहरू पनि यस प्रतिबन्धमा सहमत थिए।

मैले अरू विश्वासीहरूसित गुप्त सुसमाचार प्रचार र सेवाकार्य गर्न थालें। समाजमा म प्रतिष्ठित थिएँ औ मेरो यो प्रतिष्ठित स्थानसित मेरो गुप्त सेवाकार्यको केही बाहिरी सम्बन्ध थिएन। यसकारण मेरो गुप्त सेवाको ढाकछोपको निम्ति मेरो प्रतिष्ठित स्थान बड़ो उपयोगी भयो। नोर्वेजियन

लुथरन मिशनको म पास्टर थिएँ अनि साथ-साथै रूमानियामा विश्व-मण्डली संघ ( World Council of Churches )-को प्रतिनिधित्वमा काम गर्थें। ( रूमानियामा यो संघले कम्युनिस्टहरूलाई सहयोग दिन्छ भनी हामीले अलिकति पनि विचार गरेका थिएनौं। त्यस बेला यसले हाम्रो देशमा उपकार-सेवा ( रीलिफ ) बाहेक अरू केही काम गरेको थिएन। ) सरकारी अधिकारीवर्गको अघि यी दुइ पदहरूको कारण मेरो खुब राम्रो स्थान थियो औ तिनीहरूलाई मेरो गुप्त-सेवा-कार्यको पत्तो थिएन।

गुप्त-सेवाका दुइ शाखा थिए।

हाम्रो देशमा भएका दस लाख रूसी जवानहरूका माझमा गुप्त सुसमाचार प्रचार गर्ने हाम्रो पहिलो काम थियो अनि दोस्रो काम रुमानियाका कमारो बनाइएका जनतामा गुप्त-सेवा-कार्य गर्नु थियो।

## तिर्खाएका रुसीहरू

मेरो निम्ति रुसीहरूलाई सुसमाचार प्रचार गर्न, पृथ्वीमा स्वर्गको अनुभव गर्नुको बराबर थियो। मैले धेरै जातिका मानिसहरूका माझमा सुसमाचार प्रचार गरेको छु तर रूसीहरू जस्ता सुसमाचारका निम्ति भोकाएका र तृषित मानिसहरू मैले कहिल्यै देखेको छैन। तिनीहरूका आत्मा औधि तृषित छन्।

मेरा मित्र एउटा ओरथोडक्स पाद्रीले एक दिन एउटा रुसी अफिसर तिनकोमा पश्चाताप गर्न आएका छन् भनी मलाई टेलिफोनमा भने। तिनले रूसी भाषा जान्देनथे तर मैले रूसी भाषा जान्दछु भनी त्यस

अफिसरलाई मेरो ठेगाना दिई मेरोमा पठाउने भए। त्यो अफिसर मेरो घरमा अर्को दिन आए। परमेश्वर प्रति तिनको ठूलो प्यार थियो अनि तिनको हृदय परमेश्वरको निमित्त छटपटाइरहेको थियो। तिनले बाईबल देखेका थिएनन्, न त कुनै धार्मिक सेवामा गएका थिए ( रूस देशमा गिर्जाघर तथा सेवालयहरू साह्रै कम छन् )। यसर्थ कुनै धार्मिक शिक्षा तिनले पाएका थिएनन्। परमेश्वरको विषयमा तिनको ज्ञान, परिचय शुन्यै भए पनि तिनले परमेश्वरलाई प्यार गर्थे।

मैले तिनलाई येशूका पहाड़ी उपदेश र दृष्टान्तहरू बाईबलदेखि पढ़ी सुनाएँ। तिनी सुनिकन कमराका वरिपरि हर्षले पागल भई नाचे अनि भने 'कति मीठो! यो मसीह येशूलाई नचिनी म कसरी जीउनु सक्छु र?' प्रभु ख्रीष्टमा कसैलाई यसरी अलौकिक आनन्दले मग्न गराएको देखे यो मेरो प्रथम अवसर थियो।

तब मैले एउटा भूल गरें। तिनलाई तयार नबनाई मैले प्रभु मसीहले क्रुसको दुःख भोगको र देह त्याग गरेको विषयमा पढ़िदिएँ। तिनले यस्तो हुन्छ भनी चिताएका थिएनन्। ख्रीष्ट प्रभु पिटिएका, क्रुसमा टांगिएका अनि अन्तमा मर्नुभएको कुरा सुनी, तिनी कुर्सीमा थचक्क बसे अनि ग्वाँ ग्वाँ रुन लागे। तिनले एउटा उद्धारकर्तामाथि विश्वास गरेका थिए अनि अब त्यो उद्धारकर्त्ता मरिहाले भन्ने तिनलाई भान भयो।

मैले तिनलाई हेरें अनि म आफैलाई एउटा ईसाई विश्वासी, पास्टर तथा धर्म शिक्षक भन्न मलाई ठूलो शरम लाग्यो। प्रभु मसीहले सहेका दुःख र कष्ट त्यस रूसी अफिसरले जस्तो गरी मैले कहिल्यै पनि अनुभव गरेको थिइनँ। तिनलाई हेरिकन म आफैलाई मरियम मगदलिनीको

रुपमा क्रुसको फेदीमा अनि कबरमा येशूको शवको अघि रोइरहेको मैले देखें।

त्यसबाट मैले प्रभु बौरि उठ्नु भएको अध्याय पढ़िदिएँ। तिनको उद्धारकर्त्ता कबरदेखि जीवित बौरी उठ्नुभएको कुरा तिनले जानेका थिएनन्। जब तिनले यो उदेकको खबर सुने तब फेरि तिनी साह्रै हर्षित भए। खुशीले तिनी कराउन थाले, 'उहाँ जीवित हुनुहुन्छ! उहाँ जीवित हुनुहुन्छ!' अनि कमरामा वरिपरि नाचे।

मैले तिनलाई भनें, 'आऊ, प्रार्थना गरौं।' तिनी प्रार्थना जान्दैनथे, न तिनलाई प्रार्थनामा चलाइने शब्दहरूको ज्ञान थियो। हामीहरूले सँगसँगै घुंडा टेक्यौं। तिनको प्रार्थना यस्तो थियो "हे परमेश्वर, तपाईं कति भलो व्यक्ति हुनुहुन्छ! यदि म तपाईंको अनि तपाईं मेरो स्थानमा हुनुभए, म तपाईंका पापहरू कहिले क्षमा गर्ने थिइनँ, तर तपाईं सौँचनै राम्रो हुनुहुन्छ, म आफ्नो सम्पूर्ण हृदयले तपाईंलाई प्यार गर्छु।"

मलाई यस्तो लाग्छ, स्वर्गका सबै दूतगणले आफ्ना कामहरू रोकी, सास नफेरी एउटा रूसी अफिसरको यो उत्कृष्ट प्रार्थनालाई सुने होलान्। मसीह प्रभुले त्यो मानिसलाई जितिसक्नुभएको थियो।

एक दिन एउटा पसलमा एउटा रूसी कप्तान र एउटी रूसी महिला अफिसरसित मेरो भेट भयो। तिनीहरू थुप्रै चिजहरू किन्दैथिए तर पसलेले रूसी भाषा नजानेकोले तिनीहरू सबलाई बड़ो अपठ्यारो परेको थियो। मैले तिनीहरूका बीचमा भाषान्तर गरी बोलिदिएँ र ती रूसीहरूसित मेरो परिचय भयो। मैले तिनीहरूलाई मेरो घरमा खानको निम्ति बोलाएँ। भोजन अघि मैले भनें "तपाईंहरू एउटा ईसाई

परिवारसित हुनुहुन्छ अनि भोजन गर्नको अघि हामीहरू प्रार्थना गर्छौं।" तब रूसी भाषामा मैले प्रार्थना गरें। तिनीहरूले तुरन्तै काँटा चमचहरू मेजमा राखे अनि खाने चिन्ता छाडिहाले। तिनीहरूले परमेश्वर, प्रभु मसीह औ बाईबलका विषयहरूमा धमाधम प्रश्नहरू गर्न थाले। तिनीहरू अज्ञान थिए।

तिनीहरूसित बात गर्न सजिलो थिएन। मैले तिनीहरूलाई सय भेड़ाहरूमा एक भेड़ा हराउने मानिसका दृष्टान्त भनिदिएँ। तिनीहरूले केही बुझ्न सकेनन् र सोधे—"त्यो मानिससित कसरी एक सय भेड़ाहरू थिए? के कम्युनिस्ट-सामुहिक-कृषि-संस्थाले त्यस मानिसलाई त्यति थुप्रो भेड़ाहरू पाल्न दिन्छ र? के उसकोबाट त्यो संस्थाले ती भेड़ाहरू खोसेर लगेन?"

तब मैले मसीह येशू राजा हुन् भनी बताएँ। तिनीहरूले भने "जम्मै राजाहरू प्रजालाई पिर्ने दुष्ट व्यक्तिहरू थिए अनि येशू पनि त्यस्तै हुनपर्छ।"

जब मैले तिनीहरूलाई दाखको बारीका मजदूरहरूका दृष्टान्त भनीदिएँ, तब तिनीहरूले भने, "ती मजदूरहरूले दाखको बारीका मालिकको विरुद्धमा विद्रोह गरेर राम्रो काम गरे। दाखको बारी कम्युनिस्ट-सामुहिक कृषि संस्थाको अधिकारमा हुनुपर्छ।" सबै कुरो तिनीहरूका निमित्त नयाँ थियो। मैले तिनीहरूलाई मसीह येशूको विषयमा बताउँदा तिनीहरूले गरेको प्रश्न पश्चिमी देशहरूका मानिसहरूलाई परमेश्वरको विरुद्धमा भयंकर निन्दा गरेको बुझिन्छ, "के मरियम परमेश्वरकी स्वास्नी थिई?" तिनीहरूसित तर्क गर्दा तथा अरू धेरै मुखहरूबाट सुनेकोले मलाई पक्का

थाहा भयो, रूसीहरू कम्युनिस्टवादको अधीनमा यति बेसी वर्ष बिताएकोले तिनीहरूका बीचमा सुसमाचार प्रचार गर्नका निम्ति एउटा नयाँ अलग भाषाको आवश्यकता रहेछ ।

मध्य अफ्रीकामा गई सुसमाचार प्रचार गर्ने मिशनरी-प्रचारकहरूलाई यशायाह नबीको पुस्तकको १लो अध्यायको १८ वाँ पद अनुवाद गर्न निकै कठिनाई पर्‍यो—"तिमीहरूका पापहरू राते रंगका भए पनि तिनीहरू हिउँ जस्ता सेता हुनेछन् ।" मध्य अफ्रीकामा हिउँ कसैले देखेको थिएन । हिउँका निम्ति तिनीहरूका शब्दै थिएन । तिनीहरूले यो पदको अनुवाद यस्तो प्रकारले गरे—"तिमीहरूका पापहरू नरिवलका भित्रीभाग जस्ता सेता हुनेछन् ।"

यसकारण हामीहरूलाई तिनीहरूले सजिलो रुपले बुझ्ने गरी मार्क्स-वादी भाषामा सुसमाचार अनुवाद गर्नपर्‍यो । यो काम गर्न हामीहरूमा बुत्ता थिएन तर पवित्र आत्मा आफैले हामीबाट यो महान कार्य गर्नुभयो ।

त्यो रूसी महिला अफिसर र कप्तानले त्यही दिन प्रभुलाई ग्रहण गरे औ पछि रूसीहरूका माझमा गुप्त-सेवा-प्रचार गर्नमा धेरै सहायता गरे ।

हामीहरूले हजारौं सुसमाचार-पुस्तिकाहरू र अन्य ईसाई साहित्य गुप्त रूपले छापी रूसीहरूलाई वितरण गरिदियौं । साथै प्रभुलाई ग्रहण गर्ने रूसी सिपाहीहरूद्वारा हामीले धेरै बाईबलहरू तथा बाईबलका भागहरू सरकारको नजर बचाई रूस देशमा गुप्तरूपले पठाउन पायौं ।

परमेश्वरको वचन रूसीहरूकहाँ पुर्‍याउनलाई हामीहरूले एउटा अर्को उपाय प्रयोग गर्‍यौं । लड़ाईहरू गर्दै हिंड्दा रूसी जवानले धेरै वर्ष

आफ्ना घरहरूदेखि टाढामा बिताएका थिए औ आफ्ना नानीहरूदेखि दूर दूर रहेका धेरै समय भएको थियो ( रूसीहरूले नानीहरूलाई औधि मन पराउँछन् अनि प्यार गर्छन् )। मेरो छोरो मिहाई अनि अरू दश वर्ष न-पुगेका नानीहरू बाईबल, सुसमाचार तथा अन्य ईसाई साहित्यहरू गोजीमा राखी, शहरका सड़कहरू तथा पार्कहरूमा रूसी सिपाहीहरू भएका बेला जान्थे। रूसी जवानहरूले उनीहरूका शिर थपथपाउँथे अनि धेरै समय अघिदेखि नदेखेका आफ्नै नानीहरूलाई सम्झी यिनीहरूसित बड़ो प्यारको साथ कुराकानी गर्थे। सिपाहीहरूले तिनीहरूलाई चकलेट मिठाई वा मिश्रीहरूका ढेलाहरू दिन्थे अनि बदलीमा नानीहरूले तिनीहरूलाई बाईबल, सुसमाचार आदि दिन्थे। तिनीहरूले बड़ो खुशीसाथ थाप्थे। जुन कुरो खुल्लमखुल्ला गर्नलाई हाम्रो निम्ति एकदमै खतरा थियो, त्यो कुरो नानी-हरूले विना डर सजिलै गर्थे। रूसीहरूका निम्ति तिनीहरू 'बाल-मिशनरी' थिए औ नतीजा खुबै असल भयो। अरू कुनै बाटो नहुँदा धेरै रूसी सिपाहीहरूले सुसमाचार यस किसिमले पाए।

## रूसी फौजी छाउनीहरूमा प्रचार

रूसीहरूका माझमा हामीहरूले व्यक्तिगत प्रचार-कार्य मात्र गरेनौं तर साना-तिना गुप्त सभाहरू आयोजित गर्नमा पनि समर्थ भयौं।

रूसीहरूले घड़ी खेदो गर्थे। तिनीहरूले सड़कमा हिंड्दै गरेका व्यक्तिहरूलाई रोकी घड़ीहरू खोसाउँथे। दुवै हातमा थुप्रै घड़ीहरू बाँधेका रूसीहरू तथा जगनी घड़ी माला जस्तै पहिरेकी महिला अफिसरहरू धेरै देखिन्थ्यो। तिनीहरूले पहिले घड़ी लाउन पाएका थिएनन् अनि अहिले

कतिले पनि पुग्दैनथ्यो। घड़ी लाउन चाहने रूमानियनहरूलाई चोरिएको घड़ी किन्न रूसी फौजको छाउनीमा जान पर्थ्यो अनि कहिले काँही आफ्नै चोरिएको घड़ी फेरि किन्न पर्थ्यो। यसकारण रूमानियनहरूलाई रूसी फौजको छाउनीमा जान एउटा साधारण कुरो थियो। हामी गुप्त मण्डलीका ईसाईहरू पनि घड़ी किन्ने बहाना गरी रूसी छाउनीहरूमा जान्थ्यौं।

रूसी फौजी छाउनीमा सुसमाचार प्रचारको सर्वप्रथम प्रयास गर्नको निम्ति मैले सन्त पीटर र पावलका नाउँमा मनाइने ओरथोडक्स मण्डलीको भोज दिवस चुनें। घड़ी किन्ने बहाना लिई म रूसी फौजी अड्डामा पुगें। मैले धेरै घड़ीहरू हेरें तर कुनैलाई पनि लिने मन गरिनँ। मेरा चारैपट्टि रूसी फौजका जवानहरू थुप्रिएर मलाई तिनीहरूका केही न केही बेच्ने चेष्टा गरिबसे। कुरै कुरामा मैले सोधें, "के तिमीहरूमध्ये कसैको नाउँ पावल र पीटर छ? ती नाउँहरू हुने त्यहाँ एक दुइजना थिए। तब मैले फेरि सोधें, "आजको दिनमा तिमीहरूका ओरथोडक्स मण्डलीले सन्त पावल र पीटरको सम्मान-आदर गर्छ भनी तिमीहरूलाई थाहा छ के? त्यहाँ भएका एक-दुइ बूढ़ाहरूलाई थाहा रहेछ। "पावल अनि पीटर को थिए, तिमीहरू जान्दछौ?" कसैले जान्दैनथे र मैले पावल अनि पीटरको विषयमा बताउन थालें। एउटा बूढ़ो रूसी सिपाहीले बीचैमा टोक्यो, "तिमी यहाँ घड़ी किन्न होइन तर हामीहरूसित धर्ममा कुराहरू गर्न आएका रहेछौ। अब यहाँ बस र भन तर चंखो बस। यहाँ सबै जना ठीक छन् तर एक-दुईजना संग सतर्क बस्नुपर्छ। जब म तिम्रो घुँडामा हात राख्छु तब तिमीले केवल घड़ीको कुरा मात्र गर्नु अनि जब हात हटाउँछु तब फेरि तिमीले आफ्नो कुरा थाल्नु।" मेरो चारैपट्टि निकै

भीड भयो। मैले तिनीहरूलाई पावल र पीटरको विषयमा अनि प्रभु खीष्ट जसका निमित्त तिनीहरूले आफ्ना प्राण दिए, उहाँको विषयमा बताएँ। बेला-बेलामा तिनीहरूले शंका गरेको कोही व्यक्ति त्यहाँ आए त्यो बूढ़ो सिपाहीले हात मेरो घुँड़ामा राख्थ्यो अनि म तत्कालै घड़ीहरू पट्टि कुरा ढल्काइहाल्थें। त्यो मानिस गएपछि म फेरि प्रभु खीष्टको सुसमाचार सुनाउन लाग्थें। यसरी धेरै पल्ट रूसी छाउनीमा गई विश्वासी रूसी सैनिकहरूका सहायताले मैले सुसमाचार प्रचार गर्न पाएँ। हजारौं सुसमाचारहरूका वितरण गुप्त रूपले भए अनि धेरैले प्रभु मसीहलाई पाए।

हाम्रा गुप्त मण्डलीका धेरै विश्वासी भाइ बहिनीहरू यसरी सुसमाचार प्रचार गर्दा पक्रा परे, कुटिए औ पिटिए, तरै पनि तिनीहरूले हाम्रो संस्थाको रहस्य गुप्त राखे।

यो सेवा-कार्यको बेला हामीहरूलाई रूसदेशका विश्वासीहरूलाई भेटी तिनीहरूका अनुभव बाँड़चँड़ गर्ने आनन्द प्राप्त भयो। सर्वप्रथम हामी-हरूले तिनीहरूमा महान सन्तहरू हुने लक्षणहरू देख्यौं। कम्युनिस्ट शिक्षाको दबावमा तिनीहरूले धेरै वर्ष बिताएका थिए। कतिले कम्युनिस्ट विश्व-विद्यालयहरूमा अध्ययन गरेका थिए, तर जसरी माछाले नुनिलो पानीमा जीवन बिताउनु परे पनि आफ्नो मासुलाई नुनिलो हुनु दिंदैन, स्वादिलो नै राख्छ, उसरी नै यी विश्वासीहरूले कम्युनिस्ट शिक्षाका बीचमा पनि आफ्नो आत्मा प्रभु मसीहमा चोखो अनि पवित्र राखेका छन्।

यी रूसी विश्वासीहरूका आत्मा सुन्दर छन्। मनमा ठूलो विषाद र आँसु झार्दै तिनीहरू भन्थे, "हाम्रा टोपीहरूमा भएको मारतोल र हँसिया-

सितको तारा, झूठा मसीहको तारा हो भनी हामी जान्दछौं।" रूसी सैनिक जवानहरूका बीचमा सुसमाचार फैलाउन तिनीहरूले धेरै सहायता दिए।

म भन्नसक्छु तिनीहरूसित आनन्दित हुने गुण बाहेक अरू सबै ईसाई विश्वासीका गुणहरू छन्। त्यो गुण पनि तिनीहरूले प्रभुलाई ग्रहण गरेको बेला तिनीहरूसित थियो तर पछि लुप्त हुँदैगयो। यो कुरोले मलाई बड़ो ताज्जुब भयो र एक दिन मैले एउटा रूसी बेपटिस्ट भाइलाई सोधें, "तिमीहरू किन र कसरी खुश छैनौ ?" तिनले जवाब दिए, "तपाईं भन्नुहोस् म कसरी खुशी हुनसक्छु ? मेरा मण्डलीका पास्टरसित मैले धेरै कुराहरू लुकाउनुपर्छ जस्तै, म एउटा सच्चा ईसाई विश्वासी हुँ, म प्रार्थनामा समय बिताउँछु, म आत्माहरू जित्न चाहन्छु, इत्यादि। हामीहरूका पास्टर गुप्त पुलिसका पोलिया हुन्, तिनले हाम्रो पोल-फोस् पुर्‍याउँछन्, हामी-हरूका आपस्तमा एकले अर्कोको चियो गर्छ अनि मण्डलीका गोठालाहरू आफैले आफ्ना झुण्डहरूलाई धोखाबाजी गरी पुलिसको हातमा सुपार्छन्। हामीहरूका हृदयको गहिराईमा उद्धारको त्यो खुशी अझै छ तर यी कारणहरूले गर्दा त्यो अब बाहिर प्रस्फुटित हुनसक्तैन।"

ईसाई धर्म हाम्रो निम्ति नाटकीय भएको छ। जब तपाईं स्वतन्त्र ईसाईले कुनै आत्मा जित्नुहुन्छ तब तिनी मण्डलीको सदस्य हुन्छ। जब हामी कसैलाई प्रभुमा जित्छौं तब त्यो भाइ वा बहिनीलाई कैदमा जानुपर्ला तथा तिनको नानीहरू टुहुरा-टुहुरी भई बिल्लाबाट होला भन्ने विचार हामीलाई आउँछ। प्रभु ख्रीष्टमा कसैलाई डोर्‍याएर ल्याएको आनन्दसित त्यसको दाम पनि महंगो दरले चुकाउन पर्छ भन्ने सोच हामीलाई बराबर आउँछ।

हामीहरूले गुप्त-मण्डलीका ईसाई विश्वासीहरूलाई एकदमै नयाँ किसिमका विश्वासीहरू देख्यौं। हामीलाई आश्चर्य लाग्ने यस्ता धेरै कुराहरू छन्।

धेरै व्यक्तिहरूले आफूलाई ईसाई हौं भनी सम्झन्छन् तर यो यथार्थः होइन। त्यसरी नै धेरै रूसीहरूले आफूलाई नास्तिक ठान्दछन् तर यथार्थमा तिनीहरू नास्तिक होइनन्।

एक रूसी दम्पति मेरो अघि थिए अनि तिनी दुवै मुर्त्तिकारहरू थिए। मैले तिनीहरूसित परमेश्वरको कुरा गर्दा यस्तो जवाब पाएँ "परमेश्वर छैन औ हामीहरू 'वेवोशनिक' अर्थात् परमेश्वर नमान्ने मानिसहरू हौं, तर हाम्रो जीवनमा घटेको एउटा रोचक घटनाको बयान म तिमीलाई गरिदिनेछु।"

"—एक समयमा हामीहरूले स्टालिनका मूर्त्ति बनायौं। काम हुँदै गरेको बेला एक दिन मेरी स्वास्नीले मलाई सोधी, "बूढ़ी औंला कति अचम्भको छ नि? यदि त्यसलाई अरू औंलाहरूसित राखिदियौं र त्यो खुट्टाको औंलाहरू जस्तो भए हामीहरू हथौड़ा, मारतोल, हतियार, किताब, रोटी इत्यादि पक्रन सक्नेथिएनौं। यो साना बूढ़ी औंला बिना मानव जीवन असाध्य हुनेछ। यसलाई कसले बनायो? हामी दुवैले स्कूलमा मार्क्सवाद अध्ययन गर्यौं अनि आकाश र पृथ्वी आफै बनिएको हो भनी जान्दछौं। परमेश्वरले तिनीहरूका सृष्टि गरेका होइनन्। मैले यस्तै शिक्षा पाएँ अनि म यही विश्वास गर्छु तर परमेश्वरले आकाश र पृथ्वीको सृजना नगरी केवल यही बूढ़ी औंला मात्र बनाए पनि उहाँ यो सानु कुराको निम्ति प्रशंसाको योग्य हुनुहुनेछ।

"हामीहरू बिजुली बत्ती, टेलिफोन तथा रेलगाड़ीका आविष्कारकहरू एडिसन, बेल र स्टिफेनसन आदिका प्रशंसा गर्छौं तर बूढ़ी औंला बनाउनेको हामी किन प्रशंसा नगर्नु ? यदि एडिसनको बूढ़ी औंला नभए तिनले केही आविष्कार गर्नसक्ने थिएनन्। यसकारण बूढ़ी औंला बनाउने परमेश्वरको भक्ति गर्न उचित छ।"

स्वास्नी बाठी भएको सुन्दा अरू लोग्नेहरू जस्तै गरी उ पनि रिसायो—"सिल्ली-सिल्लीका कुराहरू नगर—परमेश्वर छैन भनी तिमीले सिकेकी छौ—घरमा गुप्त माइक्रोफोन गुप्त पुलिसले लगाएको छ-छैन हामी भन्न सक्तैनौं अनि यस्ता कुराहरूले हामीलाई दुःखमा भुपार्लान्। परमेश्वर छैन अनि स्वर्गमा कोही पनि छैन भनी सँधै याद राख।"

'उसले मलाई यस्तो उत्तर दिई, "यो झन् ठूलो आश्चर्यको कुरो हो। हामीहरूका पुर्खाहरूले मूर्खता र अज्ञानतावश पत्यारो गरेका ईश्वर यदि स्वर्गमा छन् भने हामीहरूसित बूढ़ी औंलाहरू हुनुपर्ने कुरा झन स्वाभाविक हो। सर्व शक्तिमान परमेश्वरले सबकुछ गर्न सक्नुहुन्छ र यसकारण उहाँले बूढ़ी औंला पनि बनाउनु सक्नुहुन्छ, तर यदि स्वर्गमा कोही छैन भने पनि यो बूढ़ी औंला बनाउने 'कोही छैन'-लाई मैले आफ्नो सम्पूर्ण हृदयले भक्ति गर्ने संकल्प गरेकी छु।"

यसरी ती मुर्त्तिकार रूसी दम्पति 'कोही छैन'-का उपासक भए। समयमा यिनीहरूका 'कोही छैन'-माथिको विश्वास बढ़्दैगयो। तिनीहरूले त्यसलाई केवल बूढ़ी औंलाको मात्र होइन तर तारागण, फूलहरू, नानीहरू औ जीवनका सबै सुन्दर कृतिहरूका सृष्टिकर्त्ता भनी विश्वास गरे।

यो घटनाले ग्रीसदेशको आधुनिक राजधानी एथेन्स नगरमा 'अनजान परमेश्वर'-का उपासकहरूसित सन्त पावलको भेटको याद दिलाउँछ (प्रेरित १७ अ० )।

तिनीहरूले ठीकै विश्वास गरे भनी मबाट सुन्न पाउँदा तिनीहरू साह्रै खुशी भए। वास्तवमा स्वर्गमा 'कोही छैन' छ किनभने परमेश्वर आत्मा हुनुहुन्छ। उहाँ प्यार, ज्ञान-बुद्धि, सत्य र शक्तिका आत्मा हुनुहुन्छ जसले तिनीहरूलाई यति साह्रो प्यार गरे तिनीहरूका निमित्त आफ्नो एक-लौता छोरालाई कलारीको क्रूसमा बलिदान हुनु पठाउनुभयो।

तिनीहरू विश्वासी हुन् भन्ने कुरा नजानिकन पनि तिनीहरू विश्वासी थिए। तिनीहरूलाई उद्धार तथा मुक्तिको अनुभवमा एकै कदम अघि बढ़ाउनु पाएकोमा म आफ्नो अहोभाग्य सम्झन्छु।

एक समय मैले एउटी रूसी महिला अफिसरलाई सड़कमा हिंड़िरहेकी देखें। म तिनको छेउमा गएँ औ माफी माँग्दै भनें, "कुनै अपरिचित महिलालाई सड़कमा हिंड़्दै गरेको बेला बोलाउनमा असभ्यता र अशिष्टता देखिन्छ भनी मलाई थाहा छ तर म एउटा पास्टर हुँ अनि मेरो एउटा विशेष अभिप्राय छ। म तपाईंसित प्रभु येशू मसीहको विषयमा बात गर्न चाहन्छु।"

तब तिनले मलाई अचानक सोधी, "के तपाईं ख्रीष्टलाई प्यार गर्नुहुन्छ ? मेरो उत्तर "ज्यू, म उहाँलाई आफ्नो सम्पूर्ण हृदयले प्यार गर्छु।" यो सुन्नेसाथ तिनले मलाई समाती अनि चुम्न थाली। एउटा पाद्रीको निम्ति यो बड़ो अपठ्यारो परिस्थिति थियो। वरिपरि हिंड़िरहेका व्यक्तिहरूले हामीहरूलाई कुटुम्बी सम्झोस् भनी मैले पनि तिनलाई चुम्मा

खाएँ । त्यसपछि तिनले भनी "म पनि ख्रीष्टलाई प्यार गर्छु ।" तब मैले तिनलाई घरमा लगें । ख्रीष्टको नाउँ बाहेक तिनले ख्रीष्टको विषयमा किञ्चित मात्र पनि नजानेको थाहा गर्दा मलाई ठूलो आश्चर्य लाग्यो । तापनि तिनले प्रभुलाई प्यार गर्थी । उहाँ मुक्तिदाता हुनुहुन्छ भनी तिनले जान्दैन थिईन्, न मुक्ति के हो भनी जान्दथिन् । प्रभुले कहाँ कसरी जीवन व्यतीत गर्नुभयो, मृत्यु भोग्नुभयो तथा उहाँको जीवन, शिक्षा र सेवाको विषयमा तिनले जान्दैन थिईन् । तिनी मेरो निम्ति एउटा मनोवैज्ञानिक जिज्ञासाको विषय भईन्—तपाईंले कसैलाई कसरी प्यार गर्न सक्नुहुन्छ जब तपाईंले त्यस व्यक्तिको नाउँ मात्र जान्नुहुन्छ ?

मैले यसरी सोधे पछि तिनले भनी—"सानी बालिका हुँदा मलाई चित्रहरूद्वारा पढ्न सिकाइयो । 'ए' को निम्ति 'एप्पल' ( सेव ), 'बी' को निम्ति 'वेल' ( घन्टी ), औ 'सी' को निम्ति 'क्याट' ( बिरालो ), इत्यादि थिए । जब उच्च विद्यालयमा पढ्न थालें तब कम्युनिस्ट पितृ-भूमिको रक्षा गर्न मेरो परम कर्त्तव्य हो भनी शिक्षा पाएँ । मैले कम्यु-निस्ट आचार-पद्धति पनि सिकें । तर 'परम कर्त्तव्य' र 'आचार' के हो भनी मलाई ज्ञान थिएन अनि यिनीहरूको निम्ति चित्रहरूको आवश्यक्ता थियो । हामीहरूका पुर्खाहरूले जीवनका सबै सुन्दर, प्रशंसायोग्य तथा सत्य वस्तुहरूका चित्र बनाउँथे भनी मलाई थाहा थियो । मेरी बूढ़ी बोज्यूले एउटा चित्रको अघि सँधै आफ्नो शिर झुकाउँथिन् र भन्थिन् "यो ख्रीष्टोस् ( ख्रीष्ट )-को नक्सा हो ।" केवल नामैसित मेरो प्यार थियो अनि यो नाउँ मेरो निम्ति एउटा सत्य भयो । यो नाउँको उच्चारण मात्रले म बड़ो आनन्द पाउँछु ।"

तिनको कुरा सुन्दैगर्दा मलाई सन्त पावलले फिलिप्पीहरूको पत्रीमा लेखेको वचन "कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमनि भएका हरेक प्राणीले येशूको नाउँमा घुँडा टेकोस्" ( फिलिप्पी २-१० ) स्मरण भयो। हुनसक्छ झूठा मसीहले केही समयको निम्ति संसारबाट परमेश्वरको ज्ञान मेटाउनमा समर्थ होला तर प्रभु ख्रीष्टको साधारण नाउँमा त्यो ताकत छ जसले मानिसहरूलाई आत्मिक ज्ञानको आलोकमा पुरयाउनेछ।

त्यो बहिनीले मेरे घरमा प्रभुलाई आनन्दसाथ ग्रहण गरी। तिनले जसको नाउँ मात्रलाई प्यार गर्थी, अब त्यही ख्रीष्ट प्रभुले तिनको हृदयमा साक्षातरूपले स्थान पाए।

एउटी बहिनी रेलको स्टेशनहरूतिर सुसमाचार प्रचार गरी हिंड्थी। तिनले एक दिन प्रभु ख्रीष्टमा चासो लिएका एउटा रूसी अफिसरलाई मसंग बात गरोस् भनी मेरो ठेगाना दिइपठाईं।

एक बेलुकी एउटा अग्लो, गोरो रूसी अफिसर मेरो घरभित्र पसेर आए। "तपाईंको सेवा म कसरी गर्नसक्छु?" भन्ने मेरो प्रश्नको उत्तरमा तिनले भने—"म सत्यको ज्योति खोज्दै आएको हुँ।"

मैले धर्मशास्त्रका सबभन्दा आवश्यक भागहरू तिनलाई पढ़िदिन थालें। तब तिनले मेरो हातमाथि आफ्नो हात राखी सोधे—"म सच्चा हृदयले सोध्दैछु अनि मसित झूठ नगर्नुहोस् किनभने म अज्ञानताको अन्धकारमा दबाएर राखेको जातिको मानिस हुँ—भन्नुहोस्, के यो परमेश्वरको पक्का वचन हो? मैले तिनको सन्देह हटाइदिएँ, तब धेरै बेलासम्म तिनले वचन सुनेपछि प्रभु ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाता ग्रहण गरे।

धार्मिक विषयहरूमा रूसीहरू कहिल्यै पनि खोक्रो र देखावटी हुँदैनन्। तिनीहरूले धर्मको विरोध गरून् वा धर्मको निम्ति मसीह येशूको खोजी गरून्, तिनीहरूले त्यसमा आफ्ना सर्वस्व न्यौछावर गरिदिन्छन्। त्यसैकारण रूसका प्रत्येक ईसाई विश्वासी आत्मा जित्ने सुसमाचार प्रचारक हुन्छ। त्यसैकारण सुसमाचारका निम्ति रूस देश जस्तो बेला पुगेको र फलवन्त अर्को देश छैन। संसारका सबै जातिहरूमध्ये रूसी जाति स्वाभाविक रूपले धर्ममा मन लाउने जाति हुन्। यदि हामीहरूले तिनीहरूको माझमा जोरदार प्रचार गर्‍यौं भने दुनियाँको गति-विधिमा धेर-थोर हेरफेर आउन सक्नेथियो।

रूस देश अनि त्यहाँका जनता परमेश्वरको वचनको निम्ति साह्रै भोकाएका छन्, तर सबैले तिनीहरूलाई माया मारेको देखिन्छ—यो अत्यन्त दुःखको कुरो हो।

एक दिन रेल-यात्रामा एउटा रूसी अफिसर मेरो अघि बसेका थिए। येशू प्रभुको विषयमा म तिनीसित दुइ-चार शब्द बोलेको मात्र थिएँ होला तिनले नास्तिकी तर्कहरूसाथ मसित घमाधम बहस गर्नथाले। मार्क्स, स्टालिन, भोल्टेयर, डारविन आदिका लेखहरूबाट बाईबलको खण्डन गर्नलाई तिनले भने। तिनले मलाई बोल्ने मौकै दिएनन्। परमेश्वर छैन भनी मलाई प्रमाण दिँदै बुझाउनका निम्ति प्रायः एक घण्टासम्म तिनी बोलिनै बसे। तिनी चुप भए पछि मैले सोधेँ—"ठीकै छ, तर परमेश्वर छैन भने, दुःख पीड़ा आइपर्दा तपाईं किन प्रार्थना गर्नुहुन्छ?" चोरी गर्दैगरेको बेला एकासि पक्रा पर्दा चोरको अनुहारमा जो आश्चय

देखिन्छ, त्यस्तै मुहार बनाइकन तिनले सोधे, "म प्रार्थना गर्छु भनी तपाईं-लाई कसरी थाहा भयो ?" त्यति सजिलोसित तिनलाई उम्किन नदिने विचारले मैले मेरो प्रश्न दोहोरयाएँ, "मैले तपाईंलाई एउटा प्रश्न सोधें, मेरो प्रश्न थियो, तपाईं किन प्रार्थना गर्नुहुन्छ ? अब बताउनुहोस्।" प्रार्थना गरेको कुरा तिनले शिर झुकाई मानिलिए र भने, "युद्धस्थलमा जब जर्मनहरूले चारैपट्टिबाट हामीलाई घेरे, तब हामी सबैले प्रार्थना गर्यौं, प्रार्थना कसरी गर्नु हामी जान्दैन थियौं तर हामीले भन्यौं—"परमेश्वर अनि आमाको आत्मा"—यो प्रार्थना परमेश्वरको दृष्टिमा ठीक छ किनभने परमेश्वर मन जाँचनेवाला परमेश्वर हुनुहुन्छ।

रूसीहरूका माझमा हामीहरूका प्रचार-सेवा-कार्यले धेरै फल ल्याएको छ।

मलाई भाइ पीटरको याद आउँछ। तिनको मरण कुन रूसी कारा-बासमा भयो त्यो कसैले जान्दैन। तिनी कलिलै थिए, शायद बीस वर्षको होला। तिनी रूसी फौजसित रूमानियामा आएका थिए। तिनले एउटा गुप्त-सभामा प्रभुलाई ग्रहण गरेका थिए अनि बपतिस्मा लिनको निम्ति मलाई बिन्ती गरेका थिए।

बपतिस्मा लिइसके पछि मैले तिनलाई सोधें—"तिमीलाई बाईबलका कुन पदले असर गर्यो र प्रभुलाई ग्रहण गर्नको निम्ति बाध्य गरायो ?"

तिनले भने—"मैले एउटा गुप्त-सभामा तपाईंले पढ़िदिनुभएको लूकाको सुसमाचारको २४ औं अध्याय खूब ध्यानसित सुनें। त्यहाँ येशू प्रभुले आफ्ना दुइ चेलालाई इम्माउस गाउँतिर जाँदैगर्दा बाटोमा भेटेको

बयान छ। जब तिनीहरू इम्माउस गाउँको नजिकै पुगे, 'र उहाँले चाँहि अझै पर जान खोजे जस्तै गर्नुभयो' ( २८ पद )। प्रभुले किन त्यसो गर्नुभयो, मलाई अचम्भ लाग्छ। निश्चय नै प्रभुलाई आफ्ना चेलासित बस्न मन थियो तर उहाँले किन अझै उता जाने कुरा गर्नुभयो ? यसको स्पष्टीकरण म यस प्रकारले दिन्छु—'येशू प्रभु अति नै नम्र र शिष्ट हुनुहुन्थ्यो।' ती चेलाहरूले उहाँलाई कति चाहन्छन् भनी प्रभुले जान्न खोज्नुभो। जब तिनीहरूले उहाँको स्वागत शुद्ध मनले गरेको देखे तब उहाँ तिनीहरूसित घरभित्र पस्नुभो।

"कम्युनिस्टहरू असभ्य र अशिष्ट हुन्छन्। तिनीहरू हामीहरूका हृदयमा बलजफ्ती र जबरजस्ती साथ पस्न खोज्छन्। बिहानदेखि बेलुकी सम्म तिनीहरूले भनेको हामीहरूलाई सुन्न कर लगाउँछन्। स्कूल, रेडियो, समाचार-पत्र-पत्रिका, विज्ञापन, चलचित्र, नास्तिक सभा आदि जतासुकै-बाट, तिमीलाई मन परोस् वा नपरोस् तिमीले नास्तिकवादको प्रचारको शब्दहरू सुन्नैपर्छ।

"प्रभु मसीहले हामीहरूका व्यक्तिगत स्वतन्त्रताको कदर गर्नुहुन्छ। उहाँले ढोका बिस्तारै खट्खटाउनुहुन्छ। मसीह प्रभुले मलाई आफ्नो कोमल, नम्र र मृदु स्वभावले जित्नुभयो।"

कम्युनिस्टवाद र प्रभु मसीहको बीचको यो आकाश-पातालको अन्तरले गर्दा भाइ पीटरले प्रभुलाई आफ्नो मुक्तिदाता माने।

हाम्रा प्रभुको यो चरित्र गुणले प्रभावित र असरमा पारेको तिनीमात्र एक्लो रूसी थिएनन्, धेरै धेरै थिए तर म एउटा पास्टर भइकन पनि मैले यो दृष्टिकोणबाट प्रभुलाई हेरेको थिइनँ।

येशू प्रभुलाई ग्रहण गरेपछि भाइ पीटरले रूमानियादेखि रूसमा गुप्त-मण्डलीको सहायतार्थ ईसाई-साहित्य र अरू किसिमको मदतहरू सरकारको नजरदेखि छिपाएर लानको निम्ति धेरैपल्ट आफ्नो स्वतन्त्रता र ज्यान जोखिममा हाले। अन्त्यमा तिनी पक्रा परे। १९५९ सालसम्म तिनी कैदमा भएको मलाई थाहा छ तर त्यसपछि तिनको केही पत्तो छैन। तिनी कहाँ छन्? के गर्दैछन्? तिनी छन् कि छैनन्, केवल परमेश्वर पिताले मात्र जान्नुहुन्छ।

तिनी जस्तै धेरै अरूले पनि केवल मसीह प्रभुलाई ग्रहण मात्र गरेनन् तर उहाँको सेवा पनि गरे। हाम्रो सेवा केवल आत्मा जित्दैमा खतम हुँदैन। आत्मा जितेर मात्र काम आधा रहनेछ तर प्रत्येक जितिएको आत्मालाई अरू आत्मा जित्ने बनाउनुपर्छ। रूसीहरूले केवल प्रभुलाई मात्र ग्रहण गरेनन् तर गुप्त-मण्डलीका कर्मठ सेवक र प्रचारकहरू पनि भए। मसीह प्रभुका निम्ति तिनीहरूले आफ्नो केही वास्ता गर्दैनथे अनि साहसपूर्वक सेवा गर्थे र पनि, येशू प्रभु जसले हाम्रो निम्ति आफ्ना प्राण दिनुभयो उहाँको सेवा हामीहरूले थोरै मात्र गर्न सकेका छौं भनी तिनीहरू सदैव भन्थे।

## पराधीन जातिको माझमा गुप्त-मण्डलीको सेवा-कार्य

रूमानियनहरूका बीचमा गुप्त-प्रचार सेवा-कार्य गर्नु हाम्रो सेवाको अर्को शाखा थियो।

कम्युनिस्टहरूले आफ्ना मकुण्डो चाँड़ै उतारेर फ्याँके। शुरू शुरूमा तिनीहरूले मण्डलीका अगुवाहरूलाई भ्रष्ट गर्नका निम्ति प्रलोभन देखाए

तर त्यसपछि आतङ्कको हतियार चलाए। हजारौं व्यक्तिहरू कैद गरिए। अब कसैलाई प्रभु मसीहमा जित्ने कार्य, रूसी विश्वासीहरूले धेरै सालदेखि अनुभव गर्दै आएका जस्तै हाम्रो निम्ति पनि दुराशापूर्ण र दुभर हुनगयो।

परमेश्वरले मलाई सहायता गरी प्रभुमा ल्याउन सकेका कति व्यक्ति-हरूसित म आफै पनि भ्यालखानमा थिएँ। एकपल्ट एउटा विश्वासी भाइ प्रभुमा विश्वास गरेको अपराधमा मसित एउटै कोठामा थुनिएको थियो। तिनी ६ नानीहरूका बाबु थिए अनि ती नानीहरू र तिनकी स्वास्नीको अवस्था शोचनीय थियो। मैले तिनलाई सोधें, "मसित तिमीलाई रिस उठ्दैन जब मैले तिमीलाई प्रभु येशूलाई चिन्न सहायता गरेकोले तिम्रो जहान बाल-बच्चाको बेहाल भइरहेको छ?" तिनले जवाब दिए, "तिमीले मलाई हाम्रो उद्धारकर्त्ता प्रभु येशूलाई चिन्नमा सहायता गरेकोमा धन्यवाद टक्राउने मसित शब्द छैन। म यो बाहेक अरू केही चाँहदिनँ।"

नयाँ वातावरणमा प्रभु मसीहलाई प्रचार्न सजिलो थिएन। सख्त कम्युनिस्ट देखरेख अथवा सेंसरको आँखालाई छली हामीहरू कति ईसाई किताब र पर्चाहरू छाप्नमा सफल भयौं। कम्युनिस्ट सेंसर विभागका अधिकारीवर्गको अघि, कम्युनिस्टवादका गुरु कार्ल मार्क्सको चित्र अघिल्लो पृष्ठमा भएका पुस्तिकाहरू हामीहरू प्रस्तुत गर्थ्यौं। ती पुस्तक-पुस्तिका-हरूमा 'धर्म मानिसको निम्ति अफीम हो' तथा यस्तै शीर्षकहरू हुन्थे। तिनीहरूले यी पुस्तक-पुस्तिकालाई कम्युनिस्ट पुस्तकहरू सम्झी सरकारी मोहर-छाप लगाइदिन्थे। यी पुस्तकहरूका शुरू-शुरूका पृष्ठहरू सेंसर अधिकारीहरू खुश हुनेगरी मार्क्स, लेनिन तथा स्टालिनका लेखहरूका

अवतरणले भरेका हुन्थे अनि तब हामीहरू प्रभु मसीहका सुसमाचार दिन्थ्यौं ।

गुप्त-मण्डली एकदमै गुप्त छेन । शीत सागरहरूको हिमशिला (आइस बर्ग) समान त्यसको सेवाको केही अंश प्रगटरूपले देख्न सकिन्छ । हामीहरू कम्युनिस्ट प्रदर्शनीहरूमा गएर कार्ल मार्क्सका चित्र भएका पुस्तक-पुस्तिकाहरू वितरण गर्थ्यौं । कार्ल मार्क्सका चित्र देखेर तिनीहरूलाई कम्युनिस्ट पुस्तिका सम्झी, कम्युनिस्टहरू किन्नलाई होड़बाजी गर्थे । तिनीहरूले दश पृष्ठसम्म पढ़िसके पछि मात्र, परमेश्वर र येशू प्रभुका विषयको पुस्तिका रहेछ भनी तिनीहरूलाई थाहा हुन्थ्यो तर त्यति बेला-सम्ममा हामीहरू टाढ़ा पुगिसकेका हुन्थ्यौं ।

सुसमाचार प्रचारको निम्ति समय सजिलो थिएन । हाम्रा देशबासी-हरूलाई भयंकर थिचो-मिचोमा राखिएको थियो । कम्युनिस्टहरूले जे पायो त्यही लुटेर लान्थे । बस्तीवाला किसानहरूबाट जमीन र पशुहरू छिन्थे, हजाम र दर्जीहरूकोबाट तिनीहरूका साना पसल नै खोस्थे । केवल धनी-धनाढ्यकाबाट मात्रै सम्पत्तिहरण हुँदैनथ्यो तर गरीबहरूले पनि बराबर दुःख भोग्नुपर्‍यो । प्रायः घरानै पिछे एक-एक जना गरी भ्यालखानमा कैद थियो अनि दरिद्रताले समस्त देश ग्रस्त पारिसकेको थियो । मानिसहरू सोध्थे—"प्रेमको परमेश्वरले दुष्टतालाई विजयी हुन किन औ कसरी दिनुहुन्छ ?"

"हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नु भयो ?" ( मती २७/४६ ) भनी पुकार्दै मसीह येशूले देह त्याग गर्नु-भएको दिन 'गुड फ्राइडे'-मा शुरू-शुरूका प्रेरितहरूलाई प्रभु ख्रीष्टको

सुसमाचार प्रचार गर्न सजिलो भएन । तापनि यो सब भएको देख्ता यो काम मानिसबाट होइन तर परमेश्वरतर्फबाट भयो भनी हामी प्रत्यक्ष प्रमाण पाउँछौं । ईसाई विश्वास र धर्मले यस्ता सवालहरूका जवाब दिनसक्छ ।

प्रभुले हामी जस्तै थिचोमिचोमा परेका, मर्नलागेका, भोकै तथा कुकुरहरूले घावहरू चाटिदिइरहेका विचरा लाजरसको विषयमा भन्नुभयो, तर अन्त्यमा स्वर्गका दूतगणले तिनलाई पिता अब्राहामका काखमा राख्न पुऱ्याए ।

## गुप्त-मण्डलीले खुलस्तरूपले गरेका कति सेवा-कार्यहरू

गुप्त-मण्डलीका सभाहरू घरहरूका गुप्त भागहरूमा, सुनसान बनहरूमा, तथा जहाँ कहीं सुविस्ता र सुरक्षित हुन्थे, त्यहीं लाग्थ्यो । यही गुप्त सभाहरूमा, बाहिर खुल्लमखुल्ला रूपले सेवा-प्रचार कार्य गर्ने प्रबन्ध मिलाइन्थ्यो । हामीहरूले सड़कहरूतिर प्रचार गर्नका निमित्त एउटा उपाय निकाल्यौं जो पछि पछि झन खतरापूर्ण भयो, तर त्यति नगरी पनि नहुने, कारण धेरै आत्माहरूलाई सुसमाचार सुनाई प्रभुमा ल्याउने अरू मौका पाइँदैन थियो । मेरी स्वानीले यो काम खुब गर्थी औ यसमा निकै निपुणता प्राप्त गरी । सड़कको एउटा कुनामा विश्वासीहरू चुपचाप जम्मा हुन्थे औ भजनादि गर्थे । मानिसहरू गीत सुन्नलाई चारैपट्टिबाट एकत्रित हुन्थे अनि तब मेरी स्वास्नीले सुसमाचार प्रचार गर्थी । त्यस स्थानमा पुलिस आइपुग्दा नपुग्दा हामीहरू त्यो स्थान छाड़ी हिंड़ीसकेका हुन्थ्यौं ।

एक दिन म अर्कै ठाउँमा काम गरिरहेको बेला मेरी स्वास्नीले बुकारेस्ट नगरको मलाक्सा कारखानाको फाटकको छेउमा हजारौं मजदूरहरूलाई

सुसमाचार सुनाई । परमेश्वर पिता र उद्धारको विषयमा उसले प्रचार गरीं । अर्को दिन, भोलिपल्ट तुरन्तै कम्युनिस्टहरूले मजदूरहरूमाथि गरेको अन्यायको मजदूरहरूले विरोध गर्दा, त्यहाँ गोलीकाण्ड भयो र धेरै मजदूर-हरू मारिए तर तिनीहरूले सुसमाचार समयमा नै सुन्न पाए ।

हामीहरू गुप्त-मण्डलीका भए पनि यूहन्ना बपतिस्मा दिनेवाला जस्तै गरी, प्रभु ख्रीष्टको विषयमा हामीहरू मानिसहरू तथा अधिकारीवर्गलाई खुल्लमखुल्ला बताउँथ्यौं ।

एक समय दुइ विश्वासी भाइ एउटा सरकारी भवनभित्र पसी हामी-हरूका देशका प्रधान-मन्त्री ज्योर्ज्युंदेजलाई सिढ़ीमा भेटे । त्यो अल्प समयभित्र ती भाइहरूले ख्रीष्ट प्रभुको गवाही दिँदै तिनलाई आफ्नो पापको पश्चाताप गर्नुहोस् भनी अनुरोध गरे । यो साहसको निम्ति तिनले ती भाइहरूलाई बन्दी बनाई झ्यालखानमा थुने । निकै साल बिते, ज्योर्ज्युं-देज बिमार भए पनि जुन सुसमाचारको वचनको बिउले गर्दा ती दुइ भाइले घोर दुःख सहन पर्‍यो, त्यसले अब फल ल्यायो । प्रधान-मन्त्रीज्यूले यो आव-श्यकताको समयमा तिनलाई सुनाइएका ती वचनहरू याद गरे । बाईब-लमा लेखिएको छ—'परमेश्वरको वचन जीवित र प्रबल, र कुनै दुइ-धारे तरवारभन्दा पनि धारिलो' ( इब्रानी ४/१२ ) । ती वचनहरूले तिनको मनको कठोरतालाई पग्लाउन सक्यो अनि तिनले आफ्नो जीवन प्रभुलाई सुम्पिदिए । तिनले आफ्ना पापहरूका पश्चाताप गरी येशू प्रभुलाई आफ्नो व्यक्तिगत मुक्तिदाता माने अनि बिमारी अवस्थैदेखि प्रभुको सेवा गर्न थाले । तिनको मृत्यु चाँड़ै भयो तर तिनी आफ्नो नयाँ पाएका उद्धार-कर्ताकहाँ गए किनभने ती दुइ भाइले त्यति महँगो दाम दिन पनि

राजी भए। कम्युनिस्ट देशहरूमा हिजआज कस्ता साहसी विश्वासी भाइ-बहिनीहरू छन्—यी दुइ भाइहरूको उदाहरण लिए पनि हुन्छ।

यसरी गुप्त-मण्डलीले गुप्त सभा औ गैर-कानूनी सेवा-कार्यहरू मात्र गर्दैन तर खुल्लम-खुल्ला कम्युनिस्ट सड्कहरूमा तथा कम्युनिस्ट नेताहरूलाई पनि समाचार प्रचार गर्छ। यो सबको निम्ति एक एक गरी दाम दिन-पर्छ। हामीहरू दाम दिन राजी थियौं औ अहिले पनि राजी छौं।

गुप्त पुलिसले गुप्त-मण्डलीलाई खेदो गर्छ किनभने कम्युनिझ्मवाद र कम्युनिस्टहरूको प्रभावशाली रूपले बिरोध गर्ने यो एकमात्र संस्था हो भनी तिनीहरूले मानिलिन्छन्। गुप्त-मण्डलीको बिरोध आत्मिकी बिरोध हो अनि त्यसलाई त्यसै छाड़े तिनीहरूका नास्तिकी शक्ति नै खतम गरिदिने-छ। गुप्त-मण्डलीले तिनीहरूको वर्तमान अस्तित्वलाई तात्कालिक आपदमा पारेको तिनीहरूले शैतानले जस्तै गरी बुझ्नसके। तिनीहरूले जान्दछन् यदि कुनै व्यक्तिले खीष्ट प्रभुमाथि विश्वास गरे त्यो व्यक्ति कहिल्यै पनि विवेकहीन कठपुतली हुन सक्तैन। तिनीहरूलाई यो पनि थाहा छ मानिस-हरूलाई झ्यालखान र कैदमा थुन्न सकिन्छ तर परमेश्वमाथिको विश्वास कहिल्यै पनि थुन्न सकिंदैन। यसकारण तिनीहरूले गुप्त-मण्डलीको भरमग्दुर खेदो गर्छन्। तिनीहरूले यथासम्भव गुप्त-मण्डलीलाई मेटाइदिने प्रयास गर्छन् तर गुप्त-मण्डलीका सदस्यहरू तथा त्यसलाई सहानुभूति दिने व्यक्तिहरू कम्युनिस्ट सरकारी विभाग र गुप्त पुलिसमा पनि छन्।

हामीहरूले विश्वासीहरूलाई गुप्त पुलिसमा नौकरी गर्नु तथा त्यसो गर्दा देशभरिमा सबभन्दा घृणित र तिरस्कृत उर्दी-पेटी कस्नुपर्छ भन्ने सल्लाह दियौं। यसो गर्नाले हामीहरूलाई गुप्त पुलिसको कार्यक्रम थाहा हुनसक्छ।

गुप्त मण्डलीका धेरै विश्वासी भाइहरूले आफ्ना विश्वास गुप्त राखी यो नौकरी गरे। आफ्नो सच्चा भेद छिपाई यो उर्दी-पेटी कसी हिंड्दा आफ्ना परिवार र मित्रवर्गका नजरमा तुच्छ अनि तिरस्कृत हुनु कम सानो कुरो होइन, तापनि प्रभु मसीहलाई औधि प्यार गरेकोले तिनीहरू यी सब गर्न समर्थ भए।

गुप्त पुलिसले सड़क बीचैबाट मलाई अपहरण गरेपछि कति सालसम्म कसैले थाहा नपाउने गरी कैदमा गुप्त राखे। तब मेरो खोज-खबर लिन-लाई एउटा विश्वासी डाक्टर भाइ गुप्त पुलिसका कर्मचारी भए। गुप्त पुलिस डाक्टरको हैसियतमा, झ्यालखानभरि भएका सबै कैदीका कोठा-कोठामा जानलाई, तिनलाई केही रोक-टोक हुँदैनथ्यो र यसरी मेरो पत्ता लाउने आशा तिनले गरेका थिए। तिनलाई कम्युनिस्ट भएछ भन्ने सम्झी सबै मित्रहरूले तिनलाई छिः छिः र दूर-दूर गरे। कैदीको उर्दी पहिरनभन्दा, विश्वासीहरूलाई सताउने अत्याचारीको उर्दी-पेटी कसी यता-उति गर्नु अझ त्यागको कुरो हो।

त्यो डाक्टर भाइले मलाई झ्यालखानको भित्र एउटा मुनिल्लो अन्धेरो कक्षमा थुनिएको भेट्टाए र म जीवित छु भनी खबर दिए। साढ़े आठ सालको कैदमा मेरो पत्ता लगाउने र मेरो पहिलो मित्र तिनी थिए। तिनकै प्रयत्नले म झ्यालखानामा जीवित रहनु सकेको चारैपट्टि खबर भयो अनि आइसनहावर-क्रुस्चेभको वार्त्तालापको समय १९५६ सालमा जब धेरै कैदी-हरू मुक्त गराइयो तब विश्वासीहरूले मेरो निम्ति पनि आवाज उठाए औ मलाई थोरै दिनको निम्ति छुटकारा मिल्यो।

त्यो विश्वासी भाइ केवल मेरो पत्ता लाउनको निम्ति मात्र यदि गुप्त पुलिसका अफसर नबनेको भए म कहिल्यै पनि झ्यालखानदेखि छुट्ने थिइनँ। अहिलेसम्म म कैदको कैदमा नै अथवा चिहानभित्र हुनेथिएँ।

गुप्त-मण्डलीका यी सदस्यहरूले गुप्त पुलिसमा भएको आफ्नो ओहोदा र पदको फायदा उठाई हामीहरूलाई अघिबाट नै सचेत राखी धेरैपल्ट हाम्रो ठूलो सहायता गरेका छन्। गुप्त पुलिसमा अझ पनि गुप्त-मण्डलीका कति सदस्यहरू छन्, जसले ईसाई विश्वासीहरूलाई आइपर्ने खतरा र भय-देखि बचाउँछन् र सतर्क राख्छन्। यस्ता कति भाइ-बहिनीहरू कम्युनिस्ट सरकारका उँचा पदाधिकारीहरू भएका छन्। तिनीहरूले आफ्नो विश्वास गुप्त राखेका छन् अनि हामीहरूलाई सघाउँदै छन्—एक दिन स्वर्गधाममा प्रभुलाई यसरी गुप्तरूपले सेवा गर्नेहरूले खुल्लमखुल्ला गरी येशू प्रभुको पवित्र अनि प्यारो नाउँ पुकार्न सक्नेछन्।

यसो हुँदाहुँदै पनि गुप्त-मण्डलीका धेरै सदस्यहरू खोजी निकालिन्छन् अनि तिनीहरू कैदमा हालिन्छन्। हामीहरूका आफ्नै बीचमा पनि यहुदा इस्कारियोतिहरू छन् जसले गुप्त पुलिसलाई हाम्रो पोल-झोस् गर्छन्। कुटी-पिटी, मात्ने तथा विवेकहीन बनाउने दवाईहरू खुवाई, इप्काई-झप्काई गरी अन्य डर देखाई वा आतङ्कको सहारा लिई, आफ्नो मतलब सिद्ध गर्नका निम्ति विश्वासी मण्डलीको विरूद्ध पोल-झोस् गर्ने धोखाबाज पास्टर-पाद्री, सेवक तथा सदस्यहरूलाई कम्युनिस्टहरूले हात पार्ने चेष्टा गर्छन्।

●

# दोस्रो अध्याय

फरवरी २६ ता० १९४८ सालसम्म मैले सरकारी र गुप्त-मण्डलीमा दुवै प्रकारले सेवा-कार्य गरें। एक दिन आइतबार, दिन खुबै राम्रो थियो, म सेवालय ( गिर्जाघर ) जाँदै गर्दा सड्के बीचबाट गुप्त पुलिसले मलाई अपहरण गर्‍यो।

बाईबलमा धेरैपल्ट बताइएको 'मानिस चोराई' तथा 'नर अपहरण'* के होला भनी सोच्दथें तर कम्युनिस्टवादले यो के हो भनी हामीलाई सिकायो।

त्यो बेला धेरै व्यक्तिहरू यसरी गायब तथा अपहरण गरिए। गुप्त पुलिसको गाड़ी मेरो अघि आई थामियो। त्यहाँबाट चार व्यक्ति ओर्ले अनि मलाई तान्दे-घचेट्दै गाडीभित्र हाले। धेरै वर्षका निम्ति तिनीहरूले मलाई कैद गरे। म जीवित छु वा मरिसकेको छु कसैलाई थाहा भएन। गुप्त पुलिसका छद्मभेषी कर्मचारीहरू मेरी स्वास्नीकहाँ मुक्त भएका मेरा संगी-बन्दीहरूका रूपमा गएर मेरो शव दफन हुँदा तिनीहरू उपस्थित थिए भन्ने झूठा समाचार दिए। मेरी स्वास्नीको हृदय शोक र विलापले विदीर्ण भयो।

---

* निर्गमन २१.१६ व्यवस्थाविवरण २४.७

कम्युनिस्ट सरकारले सबै सम्प्रदायका मण्डलीहरूका हजारौं विश्वासी-हरूलाई गिरफ्तार गर्दै कैदमा पठायो। केवल मण्डलीका कर्मचारीवर्ग जस्त पास्टर, प्राचीन तथा अन्य सेवकहरू मात्र होइनन् तर प्रभु मसीहमा विश्वास गर्ने र उहाँको गवाही दिनको निम्ति खड़ा हुने लाटा-सुधा बस्तीवालाहरू र कलिला ठिटा-ठिटीहरू पनि बन्दी हुन परे। झ्यालखानहरू डमाडम भरिए अनि सबै कम्युनिस्ट देशहरूमा जस्तै रूमानियामा पनि झ्यालखानमा थुना पर्नुको मतलब हुन्छ अत्याचार र सताईमा पर्नु।

कहिले काँही यी अत्याचार र सताईले औधि नै उग्र र कराल रूप लिन्थे। मैले अनुभव गरेका यी डरलाग्दा समयहरूका विषयमा मलाई कुरा गर्न मन लाग्दैन। जब यिनीहरूका कुरा गर्छु तब मलाई राती नीद लाग्दैन्। तिनीहरू अत्यन्त नै हृदय-विदारक र व्यथापूर्ण थिए।

काराबासको बन्दी-जीवनमा परमेश्वर पिताले दिनुभएको अनुभवहरू अन्य वर्णन साथ मैले मेरो अर्को पुस्तकमा* बताएको छु।

## अवर्णनीय दुःख-पीड़ा र सताई

फ्लोरिसक्यु नाउका एउटा पास्टरलाई आगोमा तताएर राता भएका फलामका लामा लामा सुइराले डाम्दे र छुरीहरूले घोंचि-काटि गरियो। सताउनेहरूले तिनलाई नराम्रो घत्ले पिट-पाट गरे। त्यसपछि तिनलाई सुत्न वा बिसाउन नदिनलाई, तिनीहरूले भोकले आत्तिएका ठूला ठूला मुसाहरू एउटा नलीबाट घुसाई तिनको कक्षमा छाड़िदिए। मुसाहरूका

* In God's Underground (परमेश्वरको गुप्त मण्डलीमा)

आक्रमणबाट आफूलाई जोगाउनका निम्ति तिनी एकछिन पनि राम्रो गरी बस्न पाएनन् ।

तिनलाई दुइ हप्ता पूरै रात-दिन नभनी बस्न सुत्न नदिई उभ्याइराखे । कम्युनिस्टहरूले यसरी जबरजस्ती साथ तिनलाई विश्वासघाती बनाई आफ्ना विश्वासी भाइ बहिनीहरूका नाउँ तिनीहरूलाई व्यक्त गरिदेओस भनी चाहन्थे तर तिनले बड़ो निश्चलतापूर्वक तिनीहरूका प्रतिरोध गरिबसे । अन्तमा केही नलागेको देख्दा, सताउनेहरूले तिनको अघि तिनको चौध वर्षको छोरो ल्याई उभ्याए औ धमाधम चाबुक लगाउन थाले । तिनीहरूले यसो भन्दै कुट्दै गए—जबसम्म पास्टर बाबुले तिनीहरूले चाहेका कुरा व्यक्त गर्नेछैनन्, तबसम्म तिनको छोरोको पिटाई तिनको सामुन्ने होइरहनेछ । विचरा पास्टर फ्लोरिसक्यु पागलतुल्य भए । तिनले सकेसम्म सहे अनि खपी नसक्नुभए पछि तिनले आफ्नो छोरोलाई चिच्याए, "अलेकजान्डर, अब यिनीहरूले सोधेका कुरा मैले भन्नपर्छ, यिनीहरूले तिमीलाई यसरी पिटेको अब म सहन सक्तिनँ ।" अलेकजान्डरले जवाबमा भने, "पिताजी, विशसघाती बनिकन ममाथि अन्याय नगर्नोस् ! तपाईं दृढ़ बस्नुहोस् ! यिनीहरूले मेरो प्राण लिए पनि म आफ्नो ओंठमा खीष्ट प्रभु र पितृभूमि भन्ने शब्दहरू लिई मर्नेछु ।" कम्युनिस्टहरू यो सुनिकन रिसले चुर चुर भई त्यो केटोमाथि जाइलागे र केटोलाई पिटीपिटी प्राणान्त गराए । कक्षका भित्ताहरू रगतका छिटा र चोक्टाहरूले दागैदाग भए तर तिनले मृत्युमा पनि परमेश्वरको प्रशंसा गरे । यो काण्डको पछि हाम्रा प्रिय विश्वासी भाइ फ्लोरिसक्यु एकदमै वेग्लै, समझहीन, संज्ञाहीन भए ।

हामीहरूलाई भित्रपट्टि तीखा-तीखा काँटीहरू निकालिएका हातकडी पहिरन पर्थ्यो। एकदमै अचल हुँदा मात्रै तिनीहरूले घोंच्देन थिए तर ती भयंकर चिसो हुने कक्षमा जब जाडोले हामीहरू काम्दथ्यौं, तब ती काँटीहरूले हाम्रा नाडीहरू घोंची रक्ताम्मे पार्थ्यो।

भ्यालखानमा कम्युनिस्ट सताउनेहरूले विश्वासी ईसाईहरूलाई डोरीले खुट्टाबाट उँधो मुण्टो पारी झुण्डाइदिन्थे, तब तिनीहरूका शरीर हावामा पिङ्ग जस्तै झुल्ने गरी तिनीहरूमाथि प्रहार गरिन्थ्यो। तिनीहरूलाई बर्फको बाकस तथा रेफ्रिजरेट्र (शीत) कक्षहरूमा बन्द गरिन्थ्यो। यी बाकस तथा कक्षहरूका भित्रपट्टिका भित्ताहरूमा बर्फ र तुषारा जमेका हुन्थे। मलाई पनि प्रायः नाङ्गै बनाएर यस्तै एउटा शीत कक्षमा बन्द गरियो। भ्याल-खानाका डाक्टरहरूले भित्र बन्द गरिएको कैदीको अवस्थामा निगाह राख्नलाई एउटा छेड्बाट चियाँउछन्। ठण्डाले कक्रिएर कैदी मर्नलागे डाक्टरले प्रहरीहरूलाई सचेत गर्छ र तिनीहरूले केदीलाई हतार-हतार बाहिर निकाली उसको शरीर तताउने काम गर्छन्। तातिएर शरीर ठीक भएपछि फेरि उनलाई शीत कक्षमा बन्द गरिन्छ। मृत्युको मुखसम्म कक्रिन लाउनु र फेरि बाहिर निकाली तताउनु—यो कार्यक्रम जारी राखिन्छ। हिजआज पनि म रेफ्रिजरेटर खोल्ने आँट गर्न सक्तिन।

हामी ईसाई विश्वासीहरूलाई हाम्रा शरीरभन्दा अलिकति ठूला काठका बाकसहरूमा हाम्रा सताउनेहरूले बन्द गरिदिन्थे। त्यहाँ भित्र यता-उति चलमल गर्ने जगह उस्तो हुँदैन तर त्यसमाथि बाकसका सबै पट्टि बाहिर-बाट लामा तीखा काँटीहरू ठोकिएका हुनाले एकदमै अचल बसे मात्र तिनीहरूले घोंच्दैन थिए। यी बाकसहरू भित्र हामीहरू घण्टौं उभिन

पर्थ्यो अनि भोक, प्यास, थकाईले कथनकाल अलिकति पनि ढलमल हुँदा ती काँटीहरू हामीहरूका शरीरमा उनिन्थे ।

ईसाई विश्वासीहरूमाथि कम्युनिस्टहरूले के गरे औ के चाहिं गरेनन्, यो मानव विवेक र समझले बुझ्निसक्नु छ ।

कम्युनिस्टहरूले ईसाईहरूलाई दुःख दिंदै सताउन पाएको बेलामा तिनीहरूका अनुहारहरू एउटा शैतानिक आनन्दले उज्यालो भएको मैले धेरैपल्ट देखेको छु । त्यति बेला तिनीहरू चिच्याउँथे, "हामीहरू शैतान हौं ।"

'किनकि हाम्रो यो लड्न्त रगत र मासुको विरुद्धमा होइन, तर प्रधानताहरू, अधिकारहरू, यस अन्धकारका सांसारिक शासकहरू र स्वर्गीय स्थानहरूमा दुष्टयाईंका आत्मिक सेनाहरूका विरुद्धमा हो' ( एफिसी ६-१२ )। कम्युनिस्टवाद मानिसतर्फबाट होइन तर शैतानतर्फबाट हो भनी हामीहरूले देख्यौं । यो दुष्टात्माको शक्ति हो, शैतानिक शक्ति हो अनि यसको सामना यो भन्दा सामर्थी आत्मिक शक्ति, परमेश्वरका पवित्र आत्माले मात्र गर्नसक्छ ।

हामीहरूलाई सताउनेहरूलाई म प्रश्न गर्थें, "के तपाईंहरूका मनमा दया लेश मात्र पनि छैन ?" जवाबमा तिनीहरू भन्थे, "अण्डा नफुटाईं ओमलेट तयार हुन सक्तेन अथवा चोइटा नउड़ाई दाउरा चिरिन्देन ।" म फेरि भन्थें, "यी शब्दहरू लेनिनका हुन् तर यहाँ एउटा भिन्नता छ । दाउरा चिर्दा दाउरालाई केही दर्दको अनुभव हुँदैन तर यहाँ तपाईंहरू दाउरासित होइन मानिसहरूसित व्यवहार गर्नुहुन्छौ—कुट-पिट र अत्याचारले दर्द उत्पन्न गर्छ अनि आमाहरू रून्छिन् ।" यो सब व्यर्थ थियो ।

तिनीहरू भौतिकवादी हुन्। तिनीहरूलाई भौतिक वस्तुको अस्तित्व बाहेक अरू कुनै कुरोको महत्व हुँदैन। यसकारण तिनीहरूका निम्ति मानिसको मूल्य ढुङ्गा-मूढ़ाहरूभन्दा केही बढ़ता छैन। यही धारणाले तिनीहरूलाई विश्वास गरी नसक्ने निष्ठूरताको अन्ध्यारो अथाह गहिराईमा डुबाउँछ।

नास्तिकवादमा भएको निर्दयता पत्याई नसक्नुको छ। मानिसलाई जब भलाईको प्रतिफल तथा दुष्टताको दण्डमाथि विश्वास हुँदैन तब त्यस-लाई मानिस हुनु वा मानवताको केही मतलब हुँदैन। दुष्टताको गहिराई जो मानिसमा छ त्यसदेखि मानिसलाई रोक्ने केही कुरो छैन। कम्युनिस्ट अत्याचारीहरूले बारम्बार भन्थे, "परमेश्वर छैन, न परलोक छ, न दुष्टताको सजाय छ। हामीहरू मनपरी गर्नसक्छौं।" एउटा' यस्तै निर्दयी अत्याचारीको कथन थियो, "म यो घड़ीसम्म जीवित छु औ म मेरो हृदयमा भएको सबै दुष्टतालाई व्यक्त गर्नसक्छु, यसको निम्ति पर-मेश्वर जसलाई म विश्वास गर्दिनँ उसको धन्यवाद होस्!" बन्दीहरूलाई दानवी अत्याचार र सतावटको शिकार बनाई आफ्नो दुष्टतालाई तिनले वास्तविक रूपमा राम्ररी व्यक्त गर्थ्यो।

यदि गोहीले कसैलाई खायो भने म अवश्य अफशोस गर्छु तर त्यसलाई म दोष्याउन सक्तिनँ। त्यो घड़ियाल हो औ कोही नैतिक वा विवेकी प्राणी होइन। कम्युनिस्टहरूलाई पनि दोष दिन सकिँदैन कारण कम्युनिस्टवादले तिनीहरूका नैतिक भावना तथा विवेक-समझ नै नष्ट गरि-दिएको हुन्छ। 'हामीहरूका हृदयमा दयाको भावना पटक्कै छैन' भनी तिनीहरू धाक पिट्थे।

तिनीहरूले आफ्नो हृदयमा प्रभु मसीहलाई जसरी स्थान दिँदैनन् यसरी नै मैले मेरो दिलमा शैतानलाई रतिभर पनि स्थान दिँदिनँ भन्ने फैसला गरें। कम्युनिस्टहरूबाट यति मैले सिकें।

संयुक्त राष्ट्र अमेरिकाको आन्तरिक सुरक्षा उप-समितिको अघि मैले गवाही दिएको छु। गवाहीमा ईसाई विश्वासीहरूलाई चार रातसम्म क्रुसमा बाँधिराखेका कुराहरू जस्ता दर्दनाक घटनाहरूको मैले वर्णन गरें। ती क्रुसहरू भुँईमा तेर्सो राखिन्थे अनि सैकड़ौं बन्दीहरूले ती क्रुसमा बाँधेकाहरूका अनुहार र शरीरहरूमाथि झाड़ा-पिशाब गर्नपर्थ्यो। त्यसपछि ती क्रुसहरू फेरि खड़ा गरिन्थे अनि कम्युनिस्टहरूले तब निन्दा-ठट्टा-हाँसो गर्थे। "तिमीहरूका ख्रीष्टलाई हेर! कति सुन्दर! स्वर्गबाट कस्तो सुगन्ध ल्याएको छ!"

मैले एउटा पाद्रीको विषयमा पनि बताएँ। सताई र अत्याचारले पागलतुल्य बनाई त्यहाँ भएका ईसाईहरूलाई प्रभुभोजको विधि मनाउनुको निम्ति तिनलाई जबरजस्ती मानिसको मलमूत्र तयार गर्न लगाइयो। रुमानियाको पाइटेस्टी नाउँका झ्यालखानमा यो घटना घटेको हो। पछिबाट त्यो पाद्री भाइलाई यसरी सोध्दा, "यो भयंकर हाँसोमा भाग लिन अनि हँसी-ठट्टाको पात्र बनिनुभन्दा तपाईंले मृत्यु किन अपनाउनु भएन?" उत्तरमा तिनले भने, "कृपा गरी मेरो न्याय नगर्नोस्! मैले प्रभुले भन्दा बढ़ता दुःख सहेको छु!" कम्युनिस्ट झ्यालखानहरूमा भएको अत्यचार र सताईको सामु बाईबलमा दिएको नरकको समस्त वर्णनहरू तथा महाकवि डान्टेको 'इनफरनो'-मा उल्लेख गरिएको दुःख-कष्ट-यातनाहरू तूलनामा केही जस्तो पनि लाग्दैन।

पाइटेस्टीको झ्यालखानमा एक आइतबार घटेको भनौं वा अन्य धेरै आइतबारहरूमा घटिरहने घटनाहरूको एउटा सानो अंश मात्र हो। कति अरू कुराहरू भन्न मात्र पनि सकिंदैन। मैले घरि-घरि भन्न परे मेरो हृदयको गति रोकिनेछ। तिनीहरूलाई शब्दमा लेखे एकदमै भीषण, फोहोर, घीनलाग्दा र अश्लील हुनेछ। तपाईंका प्रभु खीष्टमा विश्वासी भाइहरूले यस्तै भयानक दुर्दिनका समय बिताए अनि बिताउँदैछन्।

प्रभु खीष्टका विश्वासी महान बीरहरूमध्ये पास्टर मिलान हेमोभिसि एक हुन्।

झ्यालखानका कोठाहरू खचाखच भरिएका थिए अनि पहरेहरूले हामीहरूका नाम जान्दैन थिए। झ्यालखानको नियम तोड़ेकोमा पचीस खेप कोर्रा खानु सजाय पाएकाहरूलाई तिनीहरूले बोलाउँथे। पास्टर हेमोभिसि अनगिन्ती समय कसै न कसैको बदली कोर्रा खानु जानुहुन्थ्यो। यसो गर्नाले तिनी आफै मात्र होइन तर खीष्ट प्रभु जसको प्रतिनिधित्व तिनी गर्थे तिनलाई कैदीहरूका भक्ति र श्रद्धाका पात्र बनाए।

कम्युनिस्ट अत्याचारीहरूका वीभत्स सताई तथा ईसाई विश्वासीहरूका आत्मत्यागका वर्णन मैले गर्नुपरे, कहिले पनि टुंगिनेछैन। भयंकर दूर्व्यवहार र सताई मात्र होइन तर विश्वासीहरूका साहस र बीरताको विषय पनि उल्लेखनीय छ। काराबासमा भएको बन्दी विश्वासीहरूका साहस, धैर्य र सहिष्णुताले बाहिर स्वतन्त्र रहेका विश्वासी भाइ बहिनीहरूलाई प्रोत्साहन दिन्थ्यो।

गुप्त मण्डलीको एउटो तरुणी बहिनी हामीहरूका कर्मचारी थिईं

तिनले सुसमाचार प्रचार गरेका र नानीहरूलाई खीष्टको विषयमा सिकाएका कम्युनिस्ट पुलिसले पत्तो पाए ।

तिनीहरूले तिनलाई गिरफ्तार गर्न निश्चय गरे तर तिनको गिरफ्तारी अझ दुःखमय र वेदनापूर्ण बनाउनलाई तिनीहरूले दुइ-चार हप्ता तिनको बिहेको दिनसम्म पर्खने निश्चय गरे । बिहेको दिन स्त्रीको निम्ति सबभन्दा खुशीको दिन हो । त्यो दिन त्यो बहिनी दुल्हीको पहिरनमा तयार भई, तब अचानक ढोका घचेटिएर खोलियो अनि गुप्त पुलिस कोठाभित्र घुसेर आए । गुप्त पुलिसलाई देख्ने बित्तिकै दुल्हीले आफ्ना हातहरू तिनीहरू तर्फ बढ़ाई औ तिनीहरूले पनि कड़ाकड़ीसित दुल्हीको हातमा हातकड़ीहरू पहिराइदिए । दुल्हीले आफ्नो प्रियतिर हेरी अनि हातकड़ीका साङ्लो-लाई चुम्दै भनी, "मेरो बिहेको दिन मलाई यो रत्न उपहार दिनुभएको निम्ति म मेरा स्वर्गीय दुल्हालाई धन्यवाद दिन्छु । उहाँको निम्ति दुःख-पीड़ा भोग्नु र सहनु योग्यकी भएकोमा, म फेरि उहाँलाई धन्यवाद चढ़ाउँछु ।" शोकविह्वल भई रूँदै कराउँदै गरेका दुल्हा र विश्वासी भाइ बहिनीहरूलाई छाड़िराखी त्यो बहिनी तानिन्दै-घचेटिन्दै तिनीहरूसँग विदा-वारी हुनपरयो । कम्युनिस्ट पुलिस र पहरेका हातमा परेपछि युवा विश्वासी बहिनीहरूको अवस्था कस्तो हुन्छ त्यो सबैलाई थाहा थियो । त्यो बहिनीले पाँच वर्षपछि छुटकारा पाई तर तिनी एउटी नष्ट-भ्रष्ट भएको सर्वस्व लुटिएकी तीस वर्षभन्दा बढ़ता उमेरकी बूढ़ी स्त्रीको रुपमा फर्की आई । त्यतिन्जेलसम्म पनि तिनको दुल्हाले तिनलाई पर्खेरहेका थिए । प्रभुका निम्ति तिनले त्यति मात्र गर्न सकी भनी तिनी भन्थी । यस्ता सुन्दर विश्वासीहरू गुप्त मण्डलीमा छन् ।

## मगज-धुलाई ( Brain Washing ) के हो !

पहिला कोरिया, तब भिएतनामको लड़ाइँहरूमा मगज-धुलाईको विषयमा सबैले सुनेका होलान्। म आफै पनि मगज-धुलाईमा परेको छु। यातना र सताईहरूमध्ये यसको अनुभव सबभन्दा डरलाग्दो हुन्छ।

दिनै पिछे सत्रह घण्टा हामीहरूले सुन्न पर्थ्यो :—

कम्युनिस्टवाद असल छ !<br>
कम्युनिस्टवाद असल छ !<br>
कम्युनिस्टवाद असल छ !<br>
कम्युनिस्टवाद असल छ !<br>
ईसाई धर्म मूर्खता हो !<br>
ईसाई धर्म मूर्खता हो !<br>
ईसाई धर्म मूर्खता हो !<br>
छाड्दिेऊ !<br>
छाड्दिेऊ !<br>
छाड्दिेऊ !<br>
छाड्दिेऊ !

दिन पिछे सत्रह घण्टा, हप्ते पिछे, महीनै पिछे कति वर्षहरूसम्म सुनिबस्यौं।

कति ईसाईहरूले हामीहरूलाई मगज-धुलाईको प्रतिरोध कसरी गर्यौं भनी सोधे। मगज-धुलाईको प्रतिरोध गर्ने केवल एउटै तरीका छ। यो हो मन ( हृदय ) धुलाई। यदि प्रभु मसीहको अलौकिक प्यारले तपाईंको

हृदय धोई शुद्ध भएको छ अनि तपाईं उहाँलाई हृदयदेखि प्यार गर्नुहुन्छ भने, तपाईंले सबै यातना-पीड़ा-सताईहरूको सफलतापूर्वक प्रतिरोध गर्न सक्नुहुन्छ। प्यारको सुत्रमा बाँधिएर एक भएका दुल्हीले आफ्नो दुल्हाको निम्ति के गर्दिन होली? माता मरियम जसको काखमा मसीह प्रभु बालक हुर्कें, तिनले जस्तै यदि तपाईंले मसीह प्रभुलाई प्यार गर्नुहुन्छ भने अनि यदि दुल्हीले दुल्हालाई प्यार गरेको समान तपाईंले उहाँलाई प्यार गर्नुभयो भने तपाईंले यातना-सताईहरूलाई सामना गर्न सक्नुहुन्छ।

परमेश्वर पिताले हाम्रो न्याय हाम्रो सहन-शक्तिको मात्रा अनुसार होइन तर हाम्रो प्रेमको परिमाण अनुसार गर्नुहुनेछ। कम्युनिस्ट भ्याल-खानमा बन्द गरिएका ईसाई विश्वासीहरू प्रचुर मात्रामा प्रेम गर्नसक्थे भन्ने कुराको म प्रमाण दिनसक्छु। परमेश्वर पिता र मानिस दुवैलाई तिनीहरूले प्यार गर्नसक्थे।

सताई, अत्याचार र यातना क्रमशः जारी रह्यो। जब जब म बेहोश हुन्थें अथवा ज्ञान-शुन्य, संज्ञाहीन भएर मेरा सताउनेवालाहरूलाई मबाट दोष-स्वीकारको अरू आशा हुँदैनथियो, तब तब मलाई मेरो कक्षमा फर्का-इल्याइन्थ्यो। जबसम्म मेरो शरीरमा अलिकति बल र होश फर्केर आउँदैनथियो तबसम्म म त्यहाँ वेस्यार, मृतप्रायः लड्रिरहन्थे। जब मेरो होश फर्कन्थ्यो तब फेरि ममाथि दोष-स्वीकारको निम्ति दानवी अत्याचार शुरू हुन्थ्यो। धेरैको ईहलीला यही स्थितिमा समाप्त हुन्थ्यो तर मेरो बल कुन्नि हो कसरी सँधै फर्केर आउँथ्यो। पछि पछि भिन्दा-भिन्दै भ्याल-खानहरूका भिन्दा-भिन्दे मलाई सताउनेहरूले मेरा डड्याँलूका चार हड्डीहरू तथा शरीरका अरू कति हड्डीहरू भाँचिदिए। शरीरको एक दर्जन ठाउँ-

हरूमा तिनीहरूले मेरो शरीर चीर-फाड गरे औ रातो तताएको फलामले मेरो शरीरमा डामी अठारहवटा छेँडहरू पारे ।

नोर्वे देशको राजधानी, ओस्लो शहरका डाक्टरहरूले मेरा शरीर भित्रका भाँचिएका हड्डी, चीर-फाडका दागहरू, डामिएका दागहरू औ मेरो फोक्सोमा भएको क्षयरोगका दागहरू देखी आश्चर्य मानी, म आजसम्म जीवित भएको परमेश्वरको एउटा आश्चर्य कर्म हो भनी मानिलिए । तिनीहरूका चिकित्सा सम्बन्धी पुस्तकहरू अनुसार मेरो मृत्यु वर्षौं अघि हुनुपर्ने थियो । मेरो जीवित अवस्था एउटा महान आश्चर्य कर्म हो भनी मलाई पूरा थाहा छ ।

हामीहरूका परमेश्वर पिता, आश्चर्य कर्महरूका परमेश्वर हुनुहुन्छ ।

लोह-पट ( लोहाको पर्दा ) भित्रका गुप्त-मण्डलीको पक्षबाट मैले पुकारेको आवाज तपाईंहरूका कान र ध्यानमा पुगोस् भनी परमेश्वरले यो आश्चर्य-कर्म गर्नुभयो भन्ने मेरो अटल विश्वास छ । हालमा दुःख खपिरहेका तपाईंहरूका विश्वासी भाइ-बहिनीहरूका समाचार जोर शोर साथ दिनुलाई परमेश्वर पिताले मलाई जीवित राखी त्यहाँबाट निकाली तपाईंहरूकहाँ पठाउनुभयो ।

## थोरै दिनको स्वतन्त्रता र पुनः कैद

१९५६ साल पनि आयो । कारावासमा मैले साढ़े आठ सालको कैदी जीवन बिताइसकेको थिएँ । मेरो शरीरको ओजन धेरै घटेको थियो । मेरो शरीरमा प्रशस्त कुरूप दागहरू डामिएको थियो । म निर्दयताको शिकार बन्न गएँ, लात घुस्सा खाएँ, हँसी-मजाकको पात्र बनें, भोके राखिएँ,

भत्सनामा परें, दबाइएँ, वाक व्याक, पागल भइञ्जेल पुलिसको दिन-रातको सोधपुछमा परें, हप्काइएँ, तर्साइएँ, तिरस्कार र उपेक्षामा परें। मलाई पक्रनेहरूले यी सब गरेर पनि तिनीहरूले चाहेका फल मबाट एउटै पनि पाएनन् र निराश भई मलाई छाड़िदिए। यो बाहेक मलाई कैद गरिएको-मा धेरै विरोध भइरहेको थियो।

मैले मेरो पुरानो काममा फर्कने अनुमति पाएँ तर एक हप्ताको लागि मात्र अनि त्यसैबीच मैले दुइपल्ट उपदेश दिएँ। तिनीहरूले तब मलाई बोलाए अनि अबदेखि उसो तिमीले उपदेश दिन तथा कुनै धार्मिक सेवा कार्य गर्न पाउने छैनौ भने।

मैले के भनेको थिएँ? मैले मेरा मण्डलीका मानिसहरूलाई "धैर्य धर, धैर्य धर अनि अझ बेसी धैर्य धर" भनी सल्लाह दिएको थिएँ। "यसको मतलब अमेरिकनहरू आई तिमीहरूलाई छुटकारा दिन्छन् भनी तिमीले तिनीहरूलाई भन्देछौ।" पुलिसले मेरो कुराको यो अर्थ लगाए।

मैले विश्वासी भाइ-बहिनीहरूलाई यो पनि भनेको थिएँ, "चक्र घुम्छ अनि समय परिवर्त्तन हुन्छ।" "कम्युनिस्टहरूले शासन गरिरहने छैन भनी तिमीले तिनीहरूलाई भन्देछौ औ यो सब क्रान्ति-विरोधी झूठ कुरा-हरू हुन्" भनी पुलिसकाहरूले मलाई हपारे। यस्तो प्रकारले मेरो जन-सेवा-कार्य पनि समाप्त भयो।

म विरोध गर्न डराउँछु अनि मैले गुप्त सुसमाचार-प्रचार गर्दिनँ होला भनी अधिकारीवर्गको विश्वास थियो होला तर तिनीहरूले त्यहीं भूल गरे। मैले चुपचाप गुप्तरूपले अघि गरिरहेको सेवा प्रचार फेरि थालें अनि यसको मेरा परिवारले पनि समर्थन र सहयोग गरे।

विश्वासयोग्य भाइहरूका संरक्षणमा, लुकेर बसेका गुप्त विश्वासी झुण्ड-हरूका बीचमा प्रेतात्मा जस्तै आवत-जावत गर्दै म प्रभु मसीहको गवाही दिन्थें। नास्तिक दृष्टिकोणका अनिष्टता दर्शाउँदै, लड्खड़ाउँदै गरेका विश्वासीहरूलाई परमेश्वर पितामाथि भरोसा राखी साहसी बन्नु भनी म वचन सुनाउँथें औ मेरो कुरोको पुष्टि गर्ने मेरा शरीरमा भएका दागहरू थिए। दैवी संयोगले बन्द भएका कम्युनिस्ट नजरका मनि सुसमाचार प्रचार गर्नका निम्ति सहयोग गर्ने प्रचारकहरूका एउटा गुप्त संस्था मैले गठन गरें। मानिस अन्धो भई परमेश्वरको सामर्थी हातले गरेको काम यदि देख्न सक्तैन भने त्यसले शायद प्रचारकहरूले काम गरेको पनि देख्न सक्तैन होला भन्ने मलाई विचार भयो।

आखिर पुलिसले ममाथि तथा मेरो काम र हिंड़ाई-डुलाईमा विशेष निगरानी राखी अविरल परिश्रम गरेको खेरो गएन। तिनीहरूले मेरा सब कारवाही खोजी निकाले अनि मलाई फेरि गिरफ्तार गरी कैदमा पठाए। मेरो नाउँ निकै प्रचलित भएकोले होला तथा अरू कति कारण-वश यस पालि तिनीहरूले मेरा परिवारकाहरूलाई पक्रेनन्। मैले साढ़े आठ सालको कैदको सजाय भोगिसकेको थिएँ तब प्रायः तीन सालसम्म मुक्त हुन पाएँ अनि अब साढ़े पाँच सालभन्दा लामो समय बन्दी भएर काराबासमा बिताउनु पर्ने थियो।

मेरो दोस्रो कैदी जीवन पहिलेको भन्दा धेरै प्रकारले औधि नै कष्टपूर्ण थियो। मसित कस्तो व्यवहार गरिनेछ त्यो मलाई अघिबाट नै थाहा थियो। मेरो शारीरिक अवस्था पनि तत्कालै बिग्रनगयो, तर भए पनि हामीहरूले कम्युनिस्ट भ्यालखानहरूमा गुप्त-मण्डलीको गुप्त सेवा ढुङ्गिन दिएनौं।

## सम्झौता—हामीहरू प्रचार गर्ने, तिनीहरू कुट्ने

भ्यालखानका अरू बन्दीहरूलाई सुसमाचार सुनाउन सख्तरूपले मनाही गरिएको थियो। प्रचार गर्दैगरेको भेट्यो भने भयंकर चुटाई हुन्छ भनी सबैले जान्दथे। हामीहरूमा कति प्राणीले प्रचारको विशेष अधिकारको निम्ति दाम दिने निश्चय गर्‍यौं र तिनीहरूले तोकेको मोल चुकाउन हामी राजी भयौं। यो एउटा सम्झौता थियो—हामीहरू सुसमाचार प्रचार गर्ने अनि तिनीहरू पिट्ने। सुसमाचार प्रचार्नेमा हामी आनन्दित थियौं अनि तिनीहरू कुट-पिटमा—यसर्थ सबै खुशी थिए।

निम्नांकित दृश्य कतिपल्ट भनी मैले याद राखि नसकिन्जेल दोहोरि रहन्थ्यो—एक भाइले अन्य कैदीहरूलाई सुसमाचार सुनाउँदै गरेको बेलामा पहरेहरू त्यहाँ अचानक आए। उसले आफ्नो भन्दैगरेका वाक्य पनि पूरा भन्नु पाएन। तिनीहरूले उसलाई पिटाई गरिने कोठामा तान्दै, घचेट्दै लगे। कहिले नसकिने लामो न लामो समयसम्म चुटी रगतै रगत र चोटैचोट पारी तिनीहरूले उसलाई फर्काइल्याए अनि भ्याल-खानको कोठाको भूइँमा पछारे। एकछिन पछि त्यो अधमरो भाइले आफूलाई बिस्तारै सम्भाल्यो अनि कुचिएको लुगा सीधा पार्दै, 'अघि मैले कहाँसम्म भन्देथिएँ ?' भनी सोध्यो र फेरि सुसमाचार सुनाउन थाल्यो। यस्तो कोमल औ सुन्दर दृश्यहरू मैले धेरै देखेको छु।

पास्टर-पाद्रीहरू बाहेक कहिले काँही अरू फाल्तु व्यक्तिले पनि प्रचार गर्थ्यौं। पवित्र आत्माको प्रेरणा पाएर साधारण व्यक्तिले पनि बड़ो सुन्दर सन्देश ल्याउँथ्यो। तिनीहरूका सम्पूर्ण हृदय यी वचनहरू बाँड्नलाई न्यौछावर हुन्थ्यो किनभने सजाय पाइने वातावरणमा प्रचार गर्न सानोतिनो

कुरो थिएन—प्रहरीहरू प्रचारकलाई लिनु आई, लगी, कुटी-कुटी अधमरो बनाउँथे ।

घेरला नाउँका काराबासमा एक विश्वासी भाइ ग्रेकूलाई पिटी-पिटी प्राणान्त गरिदिनु भन्ने दण्डको आज्ञा भयो। यसरी पिटी-पिटी मार्ने राक्षसी काम पूरा हुन निकै हप्ता लाग्यो। यो दानवी कुटाईमा केही हतार थिएन। लाबरको मुँग्रोले उसको पैतालामा एकै खेप मात्र हिर्काइन्थ्यो। केही समय पछि फेरि त्यसरी नै हिर्काइन्थ्यो। कुटाईको कार्यक्रम यही थियो। उसको शरीरका गुप्त भागहरू पनि बाँकि राखिएन। जब उ वेहोश हुन्थ्यो तब डाक्टरले सियो लगाई उसलाई होशमा ल्याउँथ्यो, उसको टुटेको कमजोर शरीरमा बल-ताकत दिनको निम्ति पौष्ठिक आहार दिइन्थ्यो अनि फेरि त्यही चुटाईको कार्यक्रम शुरू हुन्थ्यो। यो बिना हतारको राक्षसी कुटाईले त्यो भाइको प्राण लिइछाड्यो। यो दानवी सताईको देखरेखको जिम्मामा कम्युनिस्ट पार्टीका केन्द्रीय समितिका सदस्य 'रेक' नाउँको व्यक्ति थियो।

कम्युनिस्टहरूले ईसाई विश्वासीहरूलाई बारम्बार सुनाउने शब्दहरू एक समयमा रेकले पनि दोहोरयायो—"तिमीलाई थाहा छ, म परमेश्वर हुँ। मेरो हातमा तिम्रो जीवन र मरण छ। स्वर्गमा बस्नेले तिमीलाई जीवित राख्नु भनी निश्चय गर्न सक्तैन। सबै कुरा मेरो उपर निर्भर छ। मेरो इच्छा भए तिमी जीवित रहनेछौ, मेरै इच्छा भए तिमी मृत्युको शिकार हुनेछौ। परमेश्वर म हुँ" भन्दै रेकले त्यो विश्वासीको खिल्ली उड़ायो।

यस्तो वीभत्स स्थितिमा भएर पनि ग्रेकू भाइले रेकलाई जुन जवाब दियो मलाई पछिबाट रेक आफैले बतायो, "तपाईंले कस्तो गम्भीर बात

बोल्नुभयो त्यो तपाईं आफैलाई थाहा रहेनछ—तपाईं यथार्थरूपमा एउटा देवता हुनुहुन्छ—इसुले पनि ठीकरूपले विकाश हुनपाए एउटा सुन्दर पुतली बनिन्छ—तपाईंको सृजना, कोही निष्ठुर सताउनेवाला हत्यारा हुनलाई होइन तर परमेश्वर जस्तो हुनलाई गरिएको हो। प्रभु मसीहले उहाँका समयका यहुदीहरूलाई भन्नुभयो—"तिमीहरू देवताहरू हौ।" तपाईंसित पनि दैवी जीवन छ—तपाईं जस्ता धेरै व्यक्तिहरू, धेरै अत्याचारीहरूले प्रेरित पावलले जस्तै यस्ता कुत्सित, घृणित काम गर्नु लज्जास्पद कुरो हो औ यस्ता कुत्सित, घृणित कार्यभन्दा अरू असल उत्तम काम गर्न सक्छन् भनी जीवनमा थाहा गरेका छन्। यसोसले तिनीहरू त्यो दैवी सन्तानका सह-भागी भए—मलाई विश्वास गर्नोस्—तपाईंलाई वास्तवमा अत्याचारी नर-पिशाच होइन तर एउटा देवता हुनु भन्ने परमेश्वरको आह्वान छ।"

त्यति बेला रेकले आफ्नो हातमा परेको निस्सहाय शिकारको शब्दहरूका केही ख्याल गरेन जसरी टारससका साउलले भाइ स्टिफेन उनैको सामुन्ने मारिँदै गर्दा त्यो शहीद भाइले दिनुभएको सुन्दर गवाहीको केही वास्ता गरेनन्। तर ग्रेकु भाइका यी शब्दहरूले पछिबाट रेकको हृदयमा काम गर्‍यो अनि रेक आफ्नो जीवनको यो वास्तविक उद्देश्य बुझ्नमा सफल भयो।

हामीहरूले कम्युनिस्टहरूका कुट-पिट, दुःख-दर्द-पीड़ा र हत्याकाण्ड सबैबाट एउटै महान शिक्षा पायौं—'आत्मा शरीरको सर्वस्व रहेछ।' धेरै पल्ट जब हामीहरू सताइन्थ्यौं औ हामीहरूले शारीरिक दर्दको अनुभव गर्थ्यौं तर पनि यी शारीरिक कष्ट-पीड़ा आत्मादेखि कोसौं टाड़ो जस्तो लाग्थ्यो। त्यति बेला आत्मा प्रभु मसीहको महिमा र उहाँको हामीहरू-सितको व्यापक उपस्थितिमा विलीन् हुन्थ्यो।

जब हामीहरूलाई हप्तामा एक टुक्रा रोटी र दिनै पिछे मैलो सिरुवा दिइन्थ्यो तब पनि हामीहरूले बड़ो विश्वाससाथ दशवाँ अंश दिने निश्चय गर्‍यौं। हर दशवाँ हप्ता हामीहरू आफ्नो रोटीको टुक्रा प्रभुको नाममा दशवाँ अंश भनी हाम्रा कमजोर दुर्बल भाइहरूलाई दिन्थ्यौं।

एउटा विश्वासी भाइले मृत्यु दण्डको आज्ञा पायो। उसको मृत्युको अघि उसले आफ्ना स्वास्नीसित अन्तिम भेट गर्ने अनुमति पायो। उसकी स्वास्नीलाई भनेको उसको अन्तिम शब्दहरू यस्ता थिए—'मेरा हत्याराहरू-लाई म प्यार गर्दै मर्नेछु भन्ने तिमीले जान्नैपर्छ। तिनीहरूले के गर्दैछन् तिनीहरू जान्दैनन्। तिमीले पनि तिनीहरूलाई प्यार गर्नु भन्ने तिमीसित मेरो अन्तिम आग्रह छ। तिनीहरूले तिम्रो प्यारो पतिको प्राण लिए भनी तिनीहरूको विरुद्ध तिम्रो मनमा कुनै किसिमको कटुता नराख्नु। हामीहरू स्वर्गमा फेरि भेट्नेछौं।' लोग्ने-स्वास्नीको यो अन्तिम वार्त्तालाप हुँदा उप-स्थित भएका गुप्त पुलिसका अफिसरका मनमा यी शब्दहरूले ठूलो असर गर्‍यो औ उसले पनि प्रभुलाई ग्रहण गरे। त्यसैकारण उ पनि कैदी हुन-पर्‍यो। एउटा भ्यालखानामा जहाँ हामीहरू दुवै कैदी थियौं, त्यसबेला उसले मलाई भनेको यो वृतान्त हो।

तिरगु-ओकनाको कारावासमा, माचेभिसि नाउँ भएको एउटा तरुण विश्वासी बन्दी थियो। अठारह वर्षको अवस्थामा उ कैदमा पर्‍यो। सताई र यातनाहरूको कारण अब उसलाई क्षयरोग लागेको थियो। उसको शारीरिक अवस्था शोचनीय भएको उसको परिवारलाई कुनि हो कसरी थाहा भयो र तिनीहरूले स्ट्रेप्टोमाइसिन दवाईको सयवटा शिशिहरू उसको निम्ति पठाए। त्यो दवाईमा उसको जीवन-मरण निर्भर थियो। भ्याल-

खानका राजनैतिक अफिसरले एक दिन उसलाई बोलायो अनि दवाईको पार्सल देखाउँदै भन्यो "यहाँ तिम्रो ज्यान बचाउने दवाईको पार्सल छ तर तिमीहरूलाई तिमीहरूका परिवारले पठाएका पार्सलहरू थाप्ने अनुमति छैन। व्यक्तिगत रूपमा म तिम्रो सहायता गर्न चाहन्छु। तिमी भर्खरै ठिटो छौ अनि भ्यालखानमा तिम्रो मृत्यु भएको म चाँहदिनँ। यसकारण मैले तिमीलाई सहायता गर्न अघि तिमीले पहिला मेरो सहायता गर। मलाई तिम्रा संगी कैदीहरूका विरुद्धमा पूरा जानकारी देऊ अनि तब म मेरा अफिसरहरूलाई मैले तिमीलाई दवाईको पार्सल किन दिएँ भन्न सक्छु।"

भाइ माचेभिसिले तुरन्तै जवाफ दिए—"मलाई यस्तो लज्जास्पद काम गरेर जीवित रहने इच्छा छैन। मलाई ऐनामा आफ्नो अनुहार हेर्न बड़ो लाज लाग्नेछ जब कि म एउटा धोखाबाजको अनुहार त्यहाँ देख्नेछु। तपाईंको यो शर्त मलाई स्वीकार छैन। म मर्न खुशी छु।"

त्यो गुप्त पुलिसको अफिसरले आफ्नो शिर हल्लायो अनि भन्यो—"तिमीलाई मेरो बधाई ! स्याबास ! तिमीबाट मैले अर्को किसिमको उत्तर आशा गरेको थिइनँ। अब म अर्को कुरा तिम्रो अघि राख्न चाहन्छु। तिमीहरूमा कति जनाले हामीहरूलाई तिमीहरूका विरुद्धमा समाचार दिन्छन्। तिनीहरूले तिमीहरूका पोल्-भ्होस् ल्याउँछन्। यिनीहरूले आफूलाई कम्युनिस्ट हौं भनी भन्छन् अनि तिमीहरूलाई दोष्याउँछन्। तिनीहरू दुइमुखे भएका छन्। तिनीहरूमाथि हामीहरू भरोसा गर्दैनौं। तिनीहरू कति ईमानदार छन् भनी हामीहरू जान्न चाहन्छौं। तिमीहरूप्रति तिनीहरू विश्वासघात गर्छन्। तिमीहरूका प्रत्येक बोली वचन र कामको पोल

हामीहरूकहाँ पुऱ्याएर तिमीहरूको अनिष्ट गरेका छन्। तिमीले आफ्ना साथीहरूलाई किन धोखा दिन चाँहदैनौं भन्ने कुरा म बुझ्छु तर यी तिम्रा अनिष्ट गर्नेहरूको विषयमा बताइदेऊ र आफ्नो प्राण बचाऊ।"

भाइ माचेभिसिले अघि जस्तै तुरुन्तै जवाफ दिए—"म खीष्ट प्रभुको चेला हुँ अनि उहाँले आफ्ना दुष्मनहरूलाई पनि प्यार गर्नु हामीलाई सिकाउनुभएको छ। यी धोखाबाज व्यक्तिहरूले हामीहरूका हानि गर्छन् तर बुराईको बदली बुराई म गर्न सक्तिनँ। यिनीहरूको मलाई माया लाग्छ। म यिनीहरूका निम्ति प्रार्थना गर्छु तर कम्युनिस्टहरूसित म कुनै किसिमको सम्बन्ध राख्न माग्दिनँ।"

भाइ माचेभिसि गुप्त पुलिसको त्यो अफिसरसित यसरी वार्तालाप गरे पछि फर्केर आयो अनि म भएकै कक्षमा उसको मृत्यु भयो। मृत्यु शय्यामा अन्तिम क्षणसम्म पनि उसले परमेश्वरको प्रशंसा गरिरहेको थियो। प्रेम, त्यो महान प्रेम मानिसको 'जीउँछु, मर्दिनँ' भन्ने स्वाभाविक प्रबल आकांक्षामाथि पनि जयवन्त भयो।

एउटा गरीब मानिस संगीत प्रेमी छ भने उसले संगीत समारोहमा संगीत सुन्नलाई आफ्नो अन्तिम पैसा पनि खर्च गर्नेछ। अब उसित एउटा फुटेको पैसा नभए पनि उ निराश हुनेछैन किनभने मीठा मीठा संगीत सुनेर उ तृप्त भएको छ।

कैदी जीवनमा मैले धेरै सालहरू गुमाएँ भनी मलाई मनमा अलिकति पनि दुःख छैन। मैले धेरै सुन्दर कुराहरू देख्न पाएँ। झ्यालखानका कमजोर र महत्वहीन व्यक्तिहरूमध्ये म पनि एउटा थिएँ तर शुरू-शुरूका शताब्दीहरूका विश्वासीहरूलाई बराबरी गर्न सक्ने महान सन्त र विश्वासका

बीरहरूसित एकै सँग एउटै झ्यालखानमा बन्दी हुने मैले विशेष सौभाग्य पाएँ। प्रभु मसीहका निम्ति तिनीहरूले सहर्ष प्राण त्याग गरे। यस्ता विश्वासका बीरहरूका आत्मिक सुन्दरता कहिल्यै पनि वर्णन गर्न सकिँदैन।

मैले बताएका कुराहरू कुनै असाधारण कुरा होइनन्। गुप्त-मण्डलीका निम्ति अलौकिक तथा दैविक कुराहरू पनि स्वभाविक भएका छन्।

गुप्त-मण्डलीले पहिलेको प्यार फेरि पाएको छ। कैदमा जानको अघि म प्रभुलाई औधि प्यार गर्थें। अब 'ख्रीष्ट प्रभुको दुल्ही' 'उहाँको आत्मिक शरीरलाई' झ्यालखानमा देखेर म भन्छु 'म मसीह प्रभुलाई जति प्यार गर्छु उतिनै प्यार म गुप्त-मण्डलीलाई पनि गर्छु।' मैले त्यसको सौन्दर्य र आत्म-बलिदान देखेको छु।

## मेरी स्वास्नी र छोरोलाई के भयो ?

बन्दी भई मेरी स्वास्नीसित छुट्टिन परेपछि उसलाई के-कसो भयो मलाई केही पत्तो भएन। धेरै वर्ष पश्चात् मात्रै उ पनि झ्यालखानमा कैद गरिएकी छ भनी मैले सुनें। विश्वासी ईसाई बहिनीहरूले, भाइहरू भन्दा बढ्ता झ्यालखानमा दुःख भोग्नुपर्छ। यिनीहरूको झिल्ली उड़ाइन्छ, साथै घिनलाग्दो पाश्विक व्यवहारहरूका शिकार यी असहाय अबलाहरू हुन्छन्। पशु जस्ता प्रहरीहरूले यी अबलाहरूका इज्जत लुट्छन्। एउटा पानीको नहरको खनाई हुँदैथियो औ यस काममा आइमाईहरूलाई पनि लगाइयो। त्यहाँ तिनीहरूले मरद जत्तिकै परिश्रम गर्नपर्थ्यो। जाड़ोमा तिनीहरूले माटो खनेर फ्याँकनु पर्थ्यो। वेश्या पेशा भएको स्त्रीहरूलाई वेदार बनाइन्थ्यो अनि बन्दी विश्वासी बहिनीहरूमाथि अत्याचार गरी

सताउनुमा तिनीहरूको होडबाजी चल्थ्यो । जीवित रहनलाई मेरी स्वास्नी-लाई पशु जस्तै घाँस खान परयो । भोकाएका कैदीहरूले मुसो, साँप आदि पनि बाँकि राखेनन् । आइतबारका दिनहरूमा त्यहाँका पहरादारहरूले डान्युब नदीमा आइमाईहरूलाई फ्याँक्दै तानिनिकाल्नु तथा तिनीहरूको पानीले भिजेको शरीरहरू हेरी हाँसो, उपहास गर्नु, फेरि यसरी नै नदीमा तिनीहरूलाई फ्याँक्नु फेरि निकाल्नुमा बड़ो मज्जा मान्थे । मेरी स्वास्नीलाई पनि तिनीहरूले यसरी नै डान्युब नदीमा फ्याँके ।

माता पिता कैदमा गएपछि हाम्रो छोरो मिहाई असहाय, मित्रहीन घर-न-थरका भए । बाल्यकालदेखिनै मिहाई धर्मका कुराहरूमा चासो लिने तथा धार्मिक विचारको थियो । नौ वर्षको उमेरमा आफ्ना आमा बाबु-देखि अलग गराइएपछि उसको ईसाई जीवनमा एउटा विकट समस्या उपस्थित भयो । त्यसले गर्दा उसको मनमा एउटा कटुपन आयो अनि उसले सबै धर्महरूलाई शंकाको दृष्टिले हेर्न थाल्यो । साधारणतः नानीहरू-लाई यो कलिलो उमेरमा आइनपर्ने समस्याहरूको सामना उसले गर्नपरयो औ आफ्नो जीविका निर्वाह गर्ने मेलो उसले सोच्न परयो ।

ईसाई शहीदहरूका परिवारलाई सहायता गर्न सरकारी नियमको विरुद्ध दण्डयोग्य थियो । मिहाईलाई सघाउने दुइ महिलाहरूलाई पछि-बाट पुलिसले समाते अनि यति डरलाग्दो चुटे कि अहिले पन्ध्र वर्षपछि पनि तिनीहरूका कति अंगहरूले काम गर्दैनन् । एउटी महिला जसले आफ्नो ज्यान खतरामा हाली मिहाईलाई आफ्नो घरमा लगी, उसलाई बन्दीहरूका परिवारलाई सहायता दिएको अपराधमा आठ वर्ष कैदको सजाय भयो । चुटाईले उसको जम्मै दाँतहरू फुक्ले, हड्डीहरू भाँचिए अनि अब

उसले फेरि कुनै काम गर्नसक्ने छैन। उ पनि जीवन भरिको निम्ति अपंग भई।

## मिहाई ! परमेश्वर र येशूमाथि विश्वास राख

एघार वर्षको उमेरमा एउटा साधारण मजदूर भई मिहाईले आफ्नो जीविका उपार्जन गर्नथाल्यो। दुःख पीडाले उसको विश्वास ढलपल भयो। मेरी स्वास्नी कैदमा परेको दुइ सालपछि, मिहाईले आफ्नी आमालाई भेट्ने अनुमति पायो र कम्युनिस्ट झ्यालखानमा गई आमालाई फलामका मोटा-मोटा छटहरू भित्र देख्यो। मैली, दुबली, हात-खुट्टा फुटेको बन्दीको पोशाकमा, मिहाईलाई आफ्नी आमा चिन्न निकै गाह्रो परयो। उसलाई देख्नेसाथ आमाको मुखबाट यी शब्दहरू निक्ले, "मिहाई ! तिमीले येशूमाथि विश्वास राख"। यो सुनी पहरेहरू रिसले चूर भए अनि उसलाई मिहाईबाट तान्दे छुट्याए। आफ्नी आमालाई तान्दै-घचेट्दै उदेखि अलग गरी लगेको दृश्य मिहाईले रूँदै हेरिरह्यो तर त्यो समय त्यसले प्रभुलाई त्यति बेला नै ग्रहण गरयो। यस्तो भयानक वातावरणमा पनि यदि ख्रीष्ट प्रभुलाई प्यार गर्न सकिन्छ भने उहाँ साँचनै उद्धारकर्त्ता प्रभु हुनुहुन्छ भनी त्यसलाई थाहा भयो। त्यसले पछि भन्यो, 'यदि ईसाई धर्मको पक्षमा मेरी आमाको विश्वास बाहेक अरू केही कुरो छैन भने पनि, मेरो निम्ति त्यति नै काफी हुनेछ।' त्यो दिन प्रभुलाई त्यसले आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गरयो।

मिहाईलाई स्कूलमा पनि आफ्नो अध्ययन जारी राख्नको निम्ति बराबर संघर्ष गर्न पर्‍यो। एउटा असल छात्र भएको ईनाम स्वरूप उसलाई

एउटा लाल-टाई दिइयो । यो लाल-टाई बाल-कम्युनिस्ट-मार्गदर्शक संस्था ( Young Communist Pioneers )-को सदस्यताको चिह्न हो । मेरो छोरोले भन्यो—"मेरा माता-पितालाई कैदमा हाल्नेहरूका टाई म कहिल्यै बाँध्ने छुइनँ ।" अनि यसले गर्दा उसलाई स्कूलबाट निकालियो । एक वर्षको अनुपस्थिति पछि उ फेरि अर्को स्कूलमा भर्ना भयो तर उ एउटा ईसाई विश्वासी बन्दीको छोरा हो भन्ने कुरा त्यसले लुकाउन परयो ।

एक दिन मिहाईलाई बाईबलको विरुद्धमा एउटा लेख तयार गर्न परयो । त्यहाँ उसले लेख्यो, "बाईबलका विरुद्धका तर्कहरू कमजोर छन् अनि त्यसका विरुद्धका अवतरणहरू झूठा छन् । गुरुज्यूले बाईबल पढ्न र अध्ययन गर्न भएको छैन रहेछन् । बाईबल र विज्ञानको बीचमा बराबर मेल छ ।"

उसलाई फेरि स्कूलबाट नाउँ कटाउन परयो । यस पटक त्यसले स्कूलको दुइ साल गुमायो । अन्तमा एउटा शिक्षालयमा अध्ययन गर्ने उसले अनुमति पायो । यहाँ उसलाई मार्क्सवाद सिकाइन्थ्यो अनि सबै कुरो कार्ल मार्क्सका विचारहरू अनुसार बुझाइन्थ्यो । मिहाईले त्यसको खुल्लमखुल्ला विरोध गरे अनि क्लासका अरू विद्यार्थीहरूले उसको सहायता गरे । उ फेरि स्कूलबाट निकालियो र उसले आफ्नो अध्ययन पूरा गर्न पाएन ।

स्कूलमा एक दिन एउटा प्राध्यापकले नास्तिक भाषण दियो । त्यसको खण्डन गर्दै मिहाईले त्यो प्राध्यापकलाई धेरै अबोध युवक-युवतीलाई पथ-भ्रष्ट गरेको जिम्मावारी उमाथि छ भनी प्रत्युत्तर दियो । जम्मै श्रेणीले उसको समर्थन गरयो । प्राध्यापकको भाषणलाई खण्डन गर्ने आँट गर्ने एक

जनाको आवश्यक्ता थियो अनि अरू सबै उपद्दि लागे। शिक्षा प्राप्त गर्नेको निम्ति उ एउटा ईसाई विश्वासी बन्दी वर्मब्राण्डको छोरो हो भन्ने कुरो लुकाउन बराबर चेष्टा गर्थ्यो। तर प्रायः सँधैंनै यो कुरो थाहा हुन्थ्यो अनि तब उसलाई स्कूकको संचालकको अफिसमा बोलाइन्थ्यो र स्कूलबाट उसलाई निकालिन्थ्यो।

मिहाईले भोक पनि निकै सहन परयो। कम्युनिस्ट देशहरूमा बन्दी विश्वासीहरूका परिवारहरू प्रायः जस्तो भोकैले मर्छन्। तिनीहरूलाई सहायता दिन कानूनको विरुद्ध हो अनि सहायता गर्नेहरू कठोर दण्डको भागी हुन्छन्।

मैले व्यक्तिगतरूपले चिनेको एउटा परिवारको दुःखान्त वर्णन म यहाँ गर्छु—गुप्त-मण्डलीमा काम गरेको अपराधमा एउटा विश्वासी भाइ झ्यालखानमा हालियो। घरमा उसको स्वास्नी र ६ नानीहरू थिए। उसकी उन्नाइस र सत्रह वर्ष उमेर पुगेकी दुइ ठूली छोरीहरूले कुनै किसिमको काम पाउन सकेनन् कारण कम्युनिस्ट देशमा सरकारले मात्र काम दिन्छन् अनि कानून भंग गर्ने विश्वासी ईसाईहरूका छोरा-छोरीहरूलाई कुनै पनि काम दिइंदैन। यो घटनालाई कुनै नैतिक स्तरमा राखि नजाँच्नु होस्, यसलाई वास्तविक रूपमा हेर्नुहोस्—

यो ईसाई शहीदकी दुइ विश्वासी छोरीहरू, आफ्नी रोगाएकी आमा र ससाना भाइहरूका पेट पालनका निम्ति वेश्या भई। तिनीहरूको चौध वर्ष पुगेको भाइ यो देखेर सहन नसकी पागल भई पागलखानामा बस्नु परयो। धेरै सालपछि जब तिनीहरूका बाबु कैदबाट मुक्त भएर फर्क्यो तब आफ्नो घरको यो हाल्त देखी उसले केवल यही प्रार्थना गर्थ्यो—'हे

पिता ! मलाई फेरि झ्यालखानमा फर्काई लानुहोस् । म यो सब हेर्न सक्तिनँ ।' उसले आफ्नो प्रार्थनाको उत्तर चाँड़ै पायो । आफ्ना नानी-हरूलाई खीष्ट प्रभुको विषयमा सिकाउँदै गवाही दिएको अपराधमा उ फेरि कैदमा परयो तर अब उसका तरुणी छोरीहरूले त्यस्ता कामहरू गर्न छोड़ी तिनीहरूले गुप्त पुलिसका अधीनमा काम पाएका छन् र तिनीहरू अब विश्वासीहरूका पोल्-फोस् पुरयाउने भएका छन् । ईसाई शहीदका छोरी-हरू भएकोले प्रत्येक ईसाई विश्वासी परिवारमा तिनीहरूको आदर-सत्कार हुन्छ तर तिनीहरूले चाँहि सबैको पोल गुप्त पुलिसकहाँ पुरयाउँछन् ।

यो घिनलाग्दो र अनैतिक कुरो अवश्य हो तर त्यो सब जाँच्नु छोड़ेर आफैलाई जाँच्नुहोस—तपाईं जो स्वतन्त्र हुनुहुन्छ, तपाईंले यी विश्वासी ईसाई परिवारहरूलाई एक्लो र निस्सहाय छाड़ी, तिनीहरूका वास्ता न-राखि यस्ता दुःखान्त घटनाहरू घट्न दिनुभएको अपराधमा तपाईंको कति हात छ ?

# तेस्रो अध्याय

मैले जम्मा चौध वर्ष कारावासमा बन्दी भई बिताएँ। त्यति लामो अवधि भोक, मताउने दवाईहरूका मात र सतावटले गर्दा मैले पवित्र शास्त्रका वचनहरू सबै भुलें। तर चौध वर्ष झ्यालखानमा पूरा गरेको दिनमा मेरो मनमा कहींबाट अचानक यो पद याद आयो—'यसकारण याकूबले राहेलको निम्ति सात वर्ष चाकरी गरे र राहेलप्रतिको प्रेमले गर्दा ती दिनहरू तिनलाई थोरै जस्तो लाग्यो।' (उत्पत्ति २९-२०)

यसको पछि चाँडै हामीहरूका देशमा द्रोहीहरू र कैदीहरूलाई दिएको सार्वजनिक क्षमादानको मौकामा अमेरिकन जनमतको प्रभाव र दबावले म पनि मुक्त गरिएँ।

मेरी स्वास्नीसित मेरो फेरि भेट भयो। चौध वर्ष भरि उसले धैर्य साथ मेरो प्रतीक्षा गरेकी थिई। हामीहरूले एकदमै दरिद्र अवस्थामा नयाँ घर बसाउन शुरू गर्यौं किनभने कैदमा परेपछि सरकारले तिनीहरूका सबै कुरोहरू जफ्त गर्छ।

कैदबाट मुक्त भएका पाद्री-पास्टरहरूले ससाना मण्डलीहरूमा काम पाउनसक्थ्यो र मैले पनि ओरसोभा शहरको एउटा सानो मण्डलीमा काम पाएँ। धार्मिक-पन्थ विभागका कम्युनिस्ट अधिकारीवर्गले मलाई साफ चेतावनी दिए—"यस मण्डलीमा पैंतीस व्यक्ति छन्, यसको संख्या बढ्किन छत्तीससम्म पनि नहोस्।' साथ साथै तिनीहरूले मलाई पोलिय।

भई मण्डलीका एक एक व्यक्तिको विषयमा एक एक खबर गुप्त पुलिसकहाँ पुऱ्याउनु तथा युवक-युवतीहरूलाई पर-परै राख्नु भनी आदेश दिए। यसरी कम्युनिस्टहरूले मण्डलीहरूलाई आफ्ना वशका हतियार बनाई प्रयोग गर्छन्।

म बोलेको सुन्नलाई धेरै व्यक्तिहरू जम्मा हुनेछन् भनी मलाई थाहा थियो र यसकारण सरकारी मण्डली र गिर्जाघरमा मैले केही शुरू गर्न सम्म पनि चेष्टा गरिनँ। गुप्त-मण्डलीमा भएका सुन्दरतम आशीषहरू तथा जोखिमहरू बाँड्चूँड गर्दै मैले त्यहीं नै सेवा-कार्य शुरु गरें।

मेरा कारावासका समयमा परमेश्वरले अचम्भरुपले आफ्नो काम गर्नु-भयो। अब गुप्त-मण्डली त्यागिएको र बिर्सिएको दशामा थिएन। अमेरिका तथा अन्य देशहरूका ईसाई विश्वासीहरूले हाम्रो सहायता तथा हाम्रो निम्ति बिन्ती-प्रार्थना गर्न थालेका थिए।

एक अपराह्न एउटा प्रान्तीय शहरको एउटा विश्वासी भाइको घरमा म एकछिन बिसाउनका निम्ति ढल्किरहेको थिएँ। त्यो भाइ आएर मलाई जगाउँदै भन्यो, "विदेशबाट भाइहरू तपाईंलाई भेट्न भनी आएका छन्।" पश्चिमका देशहरूमा कति ईसाई विश्वासीहरूले हामीहरूलाई बिर्सेका र त्यागेका थिएनन्।

विश्वासी शहीदहरूका घरानाहरूका उपकार तथा ईसाई साहित्य र अन्य मदतहरू सरकारदेखि लुकाई देशभित्र लानुको निम्ति सर्वसाधारण ईसाई जनताले एउटा गुप्त-कार्यको संगठन गरेका थिए। यो गुप्त-कार्य गर्न-लाई तथा त्यसको चाँजो मिलाउन आएका यी ६ विदेशी भाइहरूसित मैले अर्को कोठामा भेट गरें। तिनीहरू मसित धेरैबेर बातचीत गरे

पछि मात्र तिनीहरूले आफ्नो अभिप्राय बताए। यहाँ यो ठेगानामा तिनीहरूले त्यो चौध वर्ष कैदमा परेको भाइसित भेट गर्न सकिन्छ भनी सुनेकोले तिनीहरूले त्यो भाइसित भेट्ने इच्छा राखेका रहेछन्। 'तपाईं-हरूले खोध-खोज गर्नुभएको व्यक्ति म नै हुँ भनी दिंदा, तिनीहरूले भने—"तपाईं कदापि त्यो मानिस हुनुहुन्न कारण तपाईंको चेहरा आनन्दले पूर्ण उज्यालो छ, हामीहरूले भनेको मानिस निराश तथा उदास स्वभाव भएको उदासीन व्यक्ति हुनुपर्छ।" तब मैले तिनीहरूका सन्देह हटाउँदै कैदमा परेको मानिस म नै हुँ अनि तिनीहरू आएकोले र अब हामीहरू बिर्सिएका छैन रहेछौं भन्ने कुरोले म अति नै खुशी छु भनी तिनीहरूलाई आश्वासन दिएँ।

गुप्त-मण्डलीका निम्ति नियमित रुपले सहायता र अन्य मदतहरू आउन थाले। हामीहरूले धेरै बाईबलहरू र अन्य ईसाई साहित्यहरू विश्वासी शहीदहरूका घरानाहरूको निम्ति उपकारका वस्तुहरू गुप्त तौरले पायौं। गुप्त-मण्डलीले अब यी सहायताहरू प्राप्त गरेर अझ असल प्रकारले सेवा-कार्य गर्न समर्थ भयो। तिनीहरूले हामीहरूलाई परमेश्वरका वचन मात्र दिएनन् तर हामीहरूलाई तिनीहरूले प्यार गर्छन् भनी हामीहरूले देख्न पायौं। तिनीहरूले हामीहरूलाई दुःख-कष्टको माझमा धैर्य र सान्त्वना दिए।

मगज-धुलाईका वर्षहरूमा हामीहरूले सुनेका थियौं—

'तिमीलाई अबदेखि कसैले पनि प्यार गर्दैन।'

'तिमीलाई अबदेखि कसैले पनि प्यार गर्दैन।'

'तिमीलाई अबदेखि कसैले पनि प्यार गर्दैन।'

अमेरिकन र अंग्रेज विश्वासी भाइहरूले "हामीहरू तिमीहरूलाई प्यार गर्छौं" भनी देखाउनका निम्ति आफ्नो ज्यान खतरामा हालेको हामीहरूले प्रत्यक्ष देख्न पायौं। तिनीहरूले हामीहरूबाट सल्लाह आदि लिएर गुप्त-कार्यका निम्ति एउटा नौलो साधनको विकास गरे। गुप्त पुलिसले घेरिराखेका र तिनीहरूका नजरमनि भएका घर-परिवारहरूमा तिनीहरूले चाल नपाउने तरीकाले यी भाइहरू प्रवेश गर्थे।

बाईबलहरूको थुप्रोको माझमा बस्ने अंग्रेज र अमेरिकन विश्वासी-हरूलाई गुप्तरुपसित बाईबलहरू देशभित्र ल्याएको मोल बुझ्नलाई गाह्रो पर्छ।

विदेशका प्रार्थना गर्ने विश्वासी ईसाई भाइ बहिनीहरूकाबाट यदि हामीहरूले सहायता नपाएको भए म अनि मेरा परिवार जीवित रहने थिएनौं। यसरी नै कम्युनिस्ट देशहरूका गुप्त-मण्डलीका धेरै अरु पास्टर तथा शहीदहरू र तिनका परिवार पनि जीवित रहने थिएनन्। म आफ्नै अनुभवबाट पनि ग्रेट ब्रिटेनका यूरोपियन क्रिश्चियन मिशनले दिएका ठोस तथा त्योभन्दा बढ्ता नैतिक सहायताहरूका विषयमा गवाही दिनसक्छु। तिनीहरूले पठाएका ती भाइहरू हामीहरूका निम्ति परमेश्वर पिताले पठाउनुभएका स्वर्गदूतहरू समान थिए।

गुप्त-मण्डलीको फेरि मौल्लिन थालेका सेवा-कार्यको कारणवश म अर्को कैदमा पर्नेछु भनी ठूलो खतरा भयो। त्यति बेला दुइ ईसाई संस्थाहरूले यहूदीहरूको माझको नोर्वेजियन मिशन र हिब्रु क्रिश्चियन अल्लाइन्स्ले प्रायः साढे बावन हजार रुपियाँ मेरो छुटकाराको निम्ति दाम तिरे। अब म रुमानिया देश छाड्न सक्ने भएँ।

## मैले कम्युनिस्ट रुमानिया किन छोड़ें ?

म रुमानिया देश छाड्ने थिइनँ बस्तै खतरा र जोखिम भए पनि, तर गुप्त-मण्डलीका अगुवाहरूले यो मौका, स्वतन्त्र देशहरूमा गुप्त-मण्डलीको 'आवाज' हुनका निम्ति उपयोग गर्न भनी मलाई बाध्य तुल्याए। तिनी-हरूका दुर्दशा, अभाव र आवश्यक्ताहरू मैले सारा संसारलाई सुनाउन पर्ने भयो। म पश्चिममा आएँ तर मेरा हृदय तिनीहरूसितै छ। यदि मैले गुप्त-मण्डलीले दुःख-यातना सहेको र साहसी सेवा-कार्यको विषयमा तपाईं-हरूलाई किन सुनाउनपर्छ भन्ने परम आवश्यक्ता नबुझेको भए, म कहिल्यै पनि रुमानिया देश छाडी यहाँ आउने थिइनँ। तपाईंहरूका माझमा मेरो 'मिशन' तथा 'जीवन उद्देश्य' यही हो।

रुमानिया छाड्न अघि गुप्त पुलिसले मलाई तिनीहरूका कार्यलयमा दुइ पल्ट बोलाए। मेरो छुटकाराको दाम तिनीहरूले पाए भनी मलाई बताए। ( कम्युनिस्टवादले देशमा ल्याएका आर्थिक संकटहरूका कारण रुमानियाले आफ्नो नागरिकहरू पैसाको अभाव पुर्ति गर्नलाई बेच्छ )। तब तिनी-हरूले मलाई धम्की दिए, "तिमी पश्चिमका देशहरूमा जाऊ र प्रभु ख्रीष्टको प्रचार यथाशक्ति जति गर्न मन हुन्छ गर, तर हामीलाई मुछ्ने काम नगर्नु ! हाम्रो विरुद्धमा एक शब्द पनि नबोल्नु ! तिमीलाई के के भयो तथा यहाँ के के भयो अनि के के हुन्छ भनी बतायौ भने तिम्रो मुख बन्द गर्नका निम्ति हामीसित के के उपायहरू छन् हामी तिमीलाई साफ साफ बताइदिन्छौं—पहिले त दश हजार रुपियाँमा तिमीलाई खतम गर्न एउटा खुनी गुण्डा सजिलै पाउन सकिन्छ अथवा हामी सहजे तिम्रो अपहरण गर्न सक्छौं।" ( म ओरथोडक्स् मण्डलीका विशप भासिल लिउलफित एउटै

कक्षमा सँगसँगै बन्द थिएँ। तिनलाई अस्ट्रियाबाट अपहरण गरेर ल्याइएको थियो। तिनका बम्मै हातका नङ्गहरू उखेलिएका थिए। बर्लिन शहरबाट अपहरण गरिएका अरू व्यक्तिहरूसित पनि म कैदमा थिएँ। हालैमा धेरै रुमानियनहरू इटली र पेरिसबाट अपहरण गरिएका छन्।) तिनीहरूले अझ जोड दिंदै भन्दैगए—"तिम्रो कुनै स्त्रीसितको अनुचित सम्बन्ध अथवा युवा अवस्थामा तिमीले गरेको कुनै चोरी वा कुनै अपराधको अफवाह फैलाएर, तिमीलाई कलंकित बनाई तिम्रो नैतिक पतन पनि गराउन सक्छौं।"

यसरी सकेसम्म घुड्की र धम्की दिएपछि, मैले पाश्चात्य देशमा जाने अनुमति पाएँ। मेरो मगज-धुलाई भएकोमा तिनीहरूको ठूलो आश्वासन थियो किनभने म जस्तै मगज-धुलाई भएका व्यक्तिहरू धेरै छन् तर तिनीहरू चुपचाप बसेका छन् औ अझ पनि केही भन्नु आँट गर्दैनन्। कम्युनिस्ट सताई र अत्याचारका शिकार भएपछि कतिले कम्युनिस्टवादका गुणगाण् पनि गर्छन्। म पनि त्यसरी नै चुपचाप बस्नेछु, आफ्नो मुख खोल्ने छुइनँ भनी कम्युनिस्टहरूलाई पक्का विश्वास थियो।

१९६५ सालको दिसम्बर महीनामा म र मेरा परिवार रुमानिया देशदेखि निस्कन समर्थ भयौं।

रुमानिया छोड्न अघि मेरो अन्तिम काम थियो—त्यो कर्नेल जसले मेरो कैद र सताईको आज्ञा दिएको थियो—उसको चिहानमा जानु। मैले उसको चिहानमा एउटा फूल राखें। तब प्रभु ख्रीष्टको शान्ति र आनन्द आत्मिको तौरले सम्पूर्ण शुन्य भएको कम्युनिस्टहरूको अशान्त हृदयमा ल्याउनको निम्ति मैले आफूलाई समर्पण गरें।

कम्युनिस्ट पद्धति म घृणा गर्छु तर व्यक्तिहरूलाई प्यार गर्छु। पापसित मेरो द्वेष छ तर पापीको निम्ति मेरो हृदयमा प्यार छ। कम्युनिस्टहरूलाई म आफ्नो सम्पूर्ण हृदयले प्यार गर्छु। कम्युनिस्टहरूले विश्वासीहरूका प्राण लिन सक्छन् तर तिनीहरूका ज्यान लिनेहरूप्रति विश्वासीहरूका प्रेम कहिल्यै टुङ्गिने छैन। मेरो हृदयमा कम्युनिस्टहरू तथा मलाई सताउने प्रति किंचित मात्र पनि कटुपन र रिस छैन।

# चौथो अध्याय

यहूदीहरूका बीचमा एउटा लोक-कथा प्रचलित छ। जब यहोवा परमेश्वरले तिनीहरूका पूर्खा इस्राएलीहरूलाई मिस्रदेशको दासत्वबाट मुक्त गरे अनि सकुशल लाल समुद्र पार गराए, तब तिनीहरूलाई फर्काइलानु पछ्याउँदै आइरहेका मिस्री सेना लाल समुद्रमा डुबिमरे। यस उपलक्षमा इस्राएलीहरूसित जयगान गर्ने स्वर्गका दूतगण पनि सामेल भए। यो देखी परमेश्वरले आफ्नो दूतहरूलाई भन्नुभयो,—"इस्राएलीहरू मानिसहरू हुन् अनि तिनीहरूलाई आफ्नो बचाउमा खुशी मनाउन एउटा स्वाभाविक कुरो हो, तर तिमीहरू अझ समझदार हुनुपर्नै ; इस्राएली झैं सीमित र क्षुद्र हुन तिमीहरूलाई सुहाउँदैन। के मिस्रीहरू मेरा हातका सृष्टि होइनन् ? के तिनीहरूलाई म प्यार गर्दिन र ? तिनीहरूको दुःखान्त अन्त्यमा मेरो मन कति दुःखित छ, सो तिमीहरूले कसरी बुझ्न सकेनौं ?"

'यहोशूअ यरीहोको नजीक छँदा तिनले आफ्ना आँखा उठाएर हेर्दा आफ्नो सामुन्ने हातमा नाङ्गो तलवार लिएको एक जना मानिस उभिरहेको रहेछन्। यहोशूअ उनीकहाँ गएर 'तपाईं हामीतर्फको हुनुहुन्छ कि हाम्रो बैरीतर्फको हुनुहुन्छ ?' भनेर सोधे (यहोशूअ ५.१३)। —यहोशूअले भेट्नभएको व्यक्ति यदि मानिस मात्र भए, उत्तर केवल यो हुने थियो 'म तपाईंहरूतर्फको हुँ' वा 'म तपाईंहरूको बैरीतर्फको हुँ' वा 'म

कसैको तर्फको होइन'। मानव प्राणीको यो बाहेक अरू कुनै उत्तर सम्भव छैन। तर यहोशूअले भेट्नुभएको प्राणी अर्कै लोकका प्राणी थिए र जब तिनलाई त्यो प्रश्न सोधियो तब तिनले एउटा नसम्झेको तथा बुझ्न गाह्रो पर्ने जबाब दिए—'होइन' अनि यो 'होइन'-को के मतलब हुन्छ ?

तिनी यस्ता लोकबाट आएका थिए जहाँ कोही कसैको पक्षमा वा विपक्षमा हुँदैन तर जहाँ सबैलाई अनि सबै कुरोलाई बुझिन्छ, सबैलाई दया र सहानुभूतिको दृष्टिले हेरिन्छ अनि एउटा दैवी प्यारको ज्वालाले खारिन्छ।

एक मानव स्तर हुन्छ जुन स्तरमा कम्युनिस्टवादसंग यथाशक्ति संघर्ष गर्नैपर्छ। यो स्तरमा हामीहरूले कम्युनिस्टका पनि विरोध गर्नपर्छ किनभने तिनीहरू यो निष्ठूर पैशाचिक आदर्शका समर्थकहरू हुन्।

तर विश्वासी ईसाईहरू मानिस मात्र भन्दा बढ्ता हुन्; तिनीहरू परमेश्वरका सन्तान र उहाँका दैवी स्वभावका सहभागीहरू हुन्।

यसकारण कम्युनिस्ट भ्यालखानहरूका पाश्विक सतावटले पनि मेरो मनमा कम्युनिस्टहरूप्रति कटुता ल्याएको छैन। तिनीहरू परमेश्वरका सृष्टि हुन्। म तिनीहरूलाई कसरी घृणा गर्नसक्छु र ! न त म तिनीहरूका मित्र हुनसक्छु, मित्रताको अर्थ हो 'एक प्राण, दुइ देह'। कम्युनिस्टहरूसित म एक मनको छुइनँ। तिनीहरूले परमेश्वरको भावना तथा कल्पनालाई घृणा गर्छन् अनि म परमेश्वरलाई प्यार गर्छु।

'तपाईं कम्युनिस्ट पक्षका वा विपक्षका हुनुहुन्छ' भन्ने प्रश्न मलाई सोधियो भने मेरो उत्तर बड़ो जटिल हुनेछ। कम्युनिस्टवाद मानव जातिको निम्ति सबभन्दा भयानक आतङ्कको कुरो हो। म सम्पूर्ण रूपले त्यसको विरोधमा छु अनि जबसम्म त्यो उखेली फ्याकिँदैन तबसम्म म त्यसको

विरूद्धमा संघर्ष गर्न चाहन्छु । तर आत्मामा म प्रभु येशूसित स्वर्गीय स्थानहरूमा बसेको छु । म त्यो 'होइन'-को लोकमा बसेको छु जहाँ तिनीहरूका जस्ते अपराधहरू भए पनि कम्युनिस्टहरूलाई बुझिन्छ र प्यार गरिन्छ। मानव-जीवनको उद्देश्य—'मसीह प्रभु समान हुन'-को निम्ति, त्यो लोकमा स्वर्गका दूतहरूले प्रत्येकको सहायता गर्न चेष्टा गरिरहन्छन् । यसकारण कम्युनिस्टहरूका बीचमा सुसमाचार फैलाउन र तिनीहरूलाई अनन्त अमर जीवनको सुसन्देश दिन मेरो एउटै मात्र लक्ष्य छ ।

मेरा प्रभु येशूले कम्युनिस्टहरूलाई प्यार गर्नुहुन्छ । उहाँ आफैंले भन्नुभएको छ—उहाँले प्रत्येक व्यक्तिलाई प्यार गर्नुहुन्छ र एउटैलाई पनि पथ भ्रष्ट भई हराउन दिनको सट्टामा उहाँले निनानब्बे राम्रा भेंड़ाहरूलाई छाड़िराख्नु हुनेछ । उहाँका प्रेरितहरू र ईसाई धर्मका महान शिक्षकहरूले उहाँको पवित्र नाँउमा उहाँको समस्त विश्वलाई ढाक्ने प्यारको शिक्षा दिनुभएको छ ।

सन्त मेकरीले भन्नुभएको छ, 'कुनै व्यक्तिले अरु जम्मै व्यक्तिहरूलाई प्यार गर्छ, तर एउटा व्यक्तिलाई प्यार गर्न सक्तिनँ भन्छ भने त्यो मानिस ईसाई होइन किनभने उसको सबैलाई ढाक्ने प्यार छैन ।'

सन्त अगस्टीनले सिकाउनुहुन्छ, 'यदि समस्त मानव जाति धर्मनिष्ट छ तर एउटै व्यक्ति पापी छ भने, प्रभु मसीह त्यस एक्लो मानिसको निम्ति त्यही क्रुसको महादुःख सहनलाई आउनुहुन्छ कारण उहाँले प्रत्येकलाई व्यक्तिगत रूपले प्यार गर्नुहुन्छ ।'

मसीही शिक्षा सरल र स्पष्ट छ । कम्युनिस्टहरू मानिसहरू हुन् अनि प्रभु मसीहले तिनीहरूलाई प्यार गर्छन् । उसै गरी मसीह प्रभुको हृदय

हुने सबै व्यक्तिहरूले पनि तिनीहरूलाई प्यार गर्छन्। हामीहरू पापीलाई प्यार गर्छौं तर पापलाई घृणा गर्छौं।

कम्युनिस्टहरू प्रति प्रभु मसीहको प्यार, कम्युनिस्टहरू प्रति हामीहरूको आफ्नो प्रेमद्वारा हामीहरू थाहा गर्छौं।

कम्युनिस्ट भयालखानहरूमा पचास पौंड ( पच्चीस सेर प्रायः ) गह्रौं साङ्लोले खुट्टाहरू जकड़िएको, तताएर रातो भएका फलामका सुइरोहरूले डामिएको, चमचका चमच नून मुखमा जबरजस्ती ठूँसिदिई तिनीहरूका तिर्खा बढ़ाएर पानी पिउन नदिई राखेको, भोकभोकै तड़पिँदै गरेको, कोर्रा लगाएको, भयंकर सर्दीले कक्रिँदै गरेको ईसाई विश्वासीहरू देखेको छु। तर पनि तिनीहरूले कम्युनिस्टहरूका निम्ति बड़ो व्यग्र भई प्रार्थना गरेको मैले देखेको छु। मानव बुद्धि र विवेकले यो कुरो बुझ्न नसक्ने र बुझाउन नसकिने कुरो हो। यो हामीहरूको हृदयमा खन्याइएको प्रभु मसीहको प्यार हो।

केही समय पश्चात हामीहरूलाई सताउने कम्युनिस्टहरू आफै कैदमा परी भयालखानमा हामीहरूसित थुनिन्थे। कम्युनिस्टवादमा, साधारण कम्युनिस्ट ता के, शासकहरू नै तिनीहरूका विरोधीहरू जत्तिकै कैदमा थुनुवा पर्छन्। अब सताउनेहरू र सताइएकाहरू सँगसंगै भयालखानको एउटा कक्षमा पर्थ्यो। जब अ-ईसाई कैदीहरूले तिनीहरूका अघिका सताउनेहरूलाई घृणा गर्थे र कुट-पिट गर्थे, तब विश्वासी ईसाई कैदीहरूले आफै कुटाई खाने खतरामा परी कम्युनिस्टहरूका सहयोगी भन्ने भनाई खाई, अघि तिनीहरूलाई सताउनेहरूलाई रक्षा गर्थे। एक हप्तामा एकै टुक्रा पाउने रोटी, आफ्नै ज्यान बचाउने दवाई, हालमा संगी बन्दी भएका अघि

तिनीहरूलाई सताउने कम्युनिस्टहरूलाई ईसाई विश्वासीहरूले दिंदै गरेको मैले देखेको छु।

रूमानियाका पहिलेका ईसाई प्रधान मन्त्री यूलियू मेनियू जसको मृत्यु भयाल्खानमा कैदी हुँदा भयो, उनका अन्तिम शब्दहरू थिए, "यदि हाम्रो देशमा कम्युनिस्टहरूका ताकत छिन्न-भिन्न भए, तिनीहरूले पिरेको र सताइराखेको जनसाधारणको न्यायपरायण क्रोधको शिकार हुनदेखि कम्युनिस्टहरूलाई, आफ्ना ज्यान मुठ्ठीमा राखी तिनीहरूको रक्षा गर्नु प्रत्येक विश्वासीको मुख्य र पवित्र कर्त्तव्य हुनपर्छ।"

ख्रीष्ट प्रभुलाई ग्रहण गरेको प्रारम्भिक दिनहरूमा म धेरै दिनसम्म बाँच्नु सक्तिनँ होला भने जस्तो मलाई लाग्यो। सडकमा हिंड्दा मेरो छेउबाट जाने प्रत्येक स्त्री-पुरुषको निम्ति मलाई शारीरिक वेदना हुन्थ्यो। त्यो मुटुमा छुरी घोंचेको जस्तो हुन्थ्यो। त्यो स्त्री वा पुरुष बचाइएको छ वा छैन भन्ने प्रश्नले म तड्पिन्थें। यदि मेरो मण्डलीको सदस्य पापमा फंस्यो भने म त्यसको निम्ति घण्टौं रून्थे। समस्त आत्माहरूको उद्धारको प्रबल आकांक्षा अझै पनि मसित छ औ त्यसबाट मैले कम्युनिस्टहरूलाई बंचित राखेको छैन।

एक्लै अलगै कैदमा थुनिंदा हामीहरू अघि जस्तो प्रार्थना गर्नु सक्तैन थियौं। हामीहरूलाई कल्पना गरिनसक्ने हरहर भोक लाग्थ्यो। मात्ने दवाईहरू खुवाएर हाम्रो बुद्धि यति बेकामे बनाइन्थ्यो, हामी लठेप्रो, लाटा, हुन्थ्यौं। दुब्लाएर हाड र छाला मात्र भएका हामीहरू कंकाल भइसकेका थियौं। प्रभुको प्रार्थना हामीलाई अति नै लामो लाग्थ्यो। शारीरिक शक्ति क्षीण भएकोले उक्त प्रार्थना भन्नको निम्ति एकाग्र चित हुने सामर्थ्य

हामीमा थिएन। "येशू प्रभु ! म तिमीलाई प्यार गर्छु" भन्ने छोटो एउटै प्रार्थनालाई म बारम्बार दोहोरयाइबस्थें। तब एक गौरवपूर्ण दिन मैले येशू प्रभुबाट जवाब पाएँ, "के तिमी मलाई प्यार गर्छौ ? म तिमीलाई कस्तो प्यार गर्छु सो अब म तिमीलाई देखाउँछु।"—तत्कालै सूर्यको दन्किदै गरेको राशिबाट अचानक निस्केको आगोको ज्वालाले मेरो हृदय जलेको मैले अनुभव गरें। इम्माउस गाउँमा फर्कदै गरेका प्रभुका चेलाहरूले पनि प्रभु बोल्नुभएको बेला उनीहरूका हृदय जलेको अनुभव गरे। मलाई पनि त्यस्तै भयो। हामीहरू सबैको निम्ति आफ्नो प्राण कलमरी क्रुसमा बलिदान समेत गर्ने उहाँको प्यार मैले जानें अनि बुझें। उनीहरू जस्तै गम्भीर र भयानक पापहरूका उत्तरदायी भए तापनि यस्तो महान असीम प्यारले कम्युनिस्टहरूलाई वञ्चित राख्ने छैन।

कम्युनिस्टहरूले डरलाग्दो र घिनलाग्दो कामहरू गरेका छन् अनि अझ गर्छन् तर "न त पानीका स्त्रोतहरूले प्यार निभाउन सक्यो न बाढी-प्रलयहरूले त्यसलाई डुबाउन सक्छ। प्यार मृत्यु जत्तिकै शक्तिशाली छ अनि ईर्ष्या-द्वेष, चिहान जस्तो निष्ठूर छ।" जसरी चिहानले धनी, गरीब, युवा, बूढा, समस्त मानव जाति, विभिन्न राष्ट्रहरूका र राजनैतिक सिद्धान्त-हरू भएका, सन्त र धूर्तलाई हात पार्ने जोर गर्छ त्यसरी नै प्रेमले सबैलाई अंगाल्छ। प्रेमको अवतार प्रभु मसीहले जबसम्म कम्युनिस्टहरूलाई आफ्नो बनाउनुहुन्न तबसम्म उनीहरूलाई प्रेम गर्नु छोड्नु हुँदैन।

एक दिन एउटा पादरी भाइलाई म थुनुवा परेको कक्षमा हुत्याइ-पठाइयो। ऊ अधमरो थियो। उसको अनुहार र शरीरबाट रगतको खोलो बगिरहेको थियो, कारण ऊ निर्मम चुटाईको शिकार भएको थियो।

हामीहरूले उसलाई धोई-धाई गर्‍यौं। कति बन्दीहरूले कम्युनिस्टहरूलाई सराप्न थाले तर पीड़ित स्वरमा उनले भने "कृपा गरी उनीहरूलाई न-सराप! चुप लाग! चुप लाग! म उनीहरूको निम्ति प्रार्थना गर्न चाहन्छु।"

## झ्यालखानमा पनि हामी कसरी खुशी हुन सक्यौं ?

झ्यालखानभित्र चौध वर्षको बन्दी जीवनलाई जब म सम्झन्छु तब त्यहाँ अनुभव गर्नसकेको कतिपय खुशीका दिनहरूका विशेष याद आउँछ। ईसाई विश्वासीहरू विकट परिस्थितिहरूमा पनि कसरी आनन्दित बस्न सक्छन् भनी त्यहाँका अरू बन्दीहरू तथा निष्ठूर पहरेहरू आफै पनि छक्कै पर्थे। कुटाई-पिसाईले हामीहरूलाई भजन-स्तुति गर्नदेखि रोक्न सकेन। मेरो विचारमा चरीले गाना गाई सकेपछि त्यसको निम्ति मर्न पर्नेछ भनी जानि-जानिकन पनि गाना गाउने नै छ। झ्यालखानमा विश्वासीहरू खुशीले नाच्थे। यस्तो दुःखान्त दशाहरूमा पनि तिनीहरु कसरी खुश हुन सक्थे ?

प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको यी शब्दहरूमाथि म बारम्बार ध्यान गर्थें 'तिमीहरूले देखेका यी कुराहरू देख्ने आँखा धन्य हुन्।' (लूका १०.२३)।—पालिस्टाइन देशको प्रचार-दौरा सकेर चेला-हरू प्रभुको संसर्गमा भरखरै फर्केर आएका थिए। तिनीहरूले डरलाग्दा डरलाग्दा कुराहरू देखेका थिए। त्यति बेला पालिस्टाइन देश रोमन अत्याचारले पीड़ित थियो। जहाँसुकै रोमन आधिपत्यले कुल्चेको पीड़ित जनताको दुःख-दर्द छर्लङ्ग देख्न पाइन्थ्यो। रोग, कष्ट, बिमार, भोक,

शोक, दुर्दशा आदि चेलाहरूले जतासुकै देखे। तिनीहरू यस्ता घरहरूमा पसे जुन घरहरूका देशभक्तहरू आफ्ना शोक-सन्तप्त परिवारलाई छाडी रोमन भयालखानहरूमा अत्याचारको शिकार भएका थिए। त्यो संसार हेर्नमा सुन्दर कदाचित थिएन—त्यो थियो एउटा निर्मम संसार। तर त्यस्तै अवस्था भएको संसार हेरेर नै प्रभु येशूले भन्नुभयो, "तिमीहरूले देखेका यी कुराहरू देख्ने आँखा धन्य हुन्।" तिनीहरूले दुःखले पीड़ित भएको संसार मात्र देखेनन्, तर समस्त विश्वका उद्धारकर्त्ता, मानव जातिले हासिल गर्नुपर्ने समस्त मानव-कल्याणको लक्ष्य प्राप्त गर्ने हाम्रो प्रभु मसीहलाई देख्न पाएकोमा प्रभुले त्यसो भन्नुभयो। पातहरूमाथि घस्रिहिंड्ने दुइ-चार कुरूप झुसुलेहरूले पहिलो पटक तिनीहरूको वर्त्तमान तुच्छ दयनीय जीवन अवस्था पश्चात तिनीहरू रंग-बिरंगी सुन्दर पुतली हुनपाउने छन् औ सुन्दर फूलहरूका माझमा स्वतन्त्र-विचरण गर्नपाउने छन् भन्ने तथ्य बुझ्न सके—जुन आनन्द औ हर्ष तिनीहरूले प्राप्त गर्छन् सो आनन्द र हर्ष हामीहरूले पनि प्राप्त गऱ्यौं।

मेरा चारैपट्टि अय्युबभन्दा बढ़ता प्रताड़ित अय्युबहरू धेरै थिए। अय्युबले अन्तमा कसरी सबै कुराको दुइगुणा पायो भनी मलाई याद थियो। मेरा वरिपरि लाजरस जस्ता भोके, घाव खटिराले परिपूर्ण भएको शरीर लिएर यत्रतत्र लड़िरहेका थिए तर पछि स्वर्गका दूतगणले तिनीहरूलाई पिता अब्राहामका काखमा लानेछन् भनी मलाई थाहा थियो। मैले उनीहरूका वर्त्तमान हालत होइन तर भविष्य रूप हेरें। मेरा छेउका लुम्रे-झुम्रे दुर्बल क्षीण कायाका शहीदलाई भोलिका वैभवशाली मुकुट पहिरेका सन्तको रूपमा देखें। वर्त्तमान रूप नहेरी भविष्यको रूप हेर्दा

मैले तर्सीसको साउल जस्तो नृशंस अत्याचारीहरू भविष्यको सन्त पावल-हरूको रूपमा पाउन सकें। कति त यसरी परिवर्त्तन भइसकेका छन्। हामीहरूले प्रभु येशूको गवाही दिएका कति भेदिया पुलिसका अफिसरहरू ईसाई विश्वासी भए अनि हाम्रा प्रभुलाई पाएपछि भ्यालखानमा सहर्ष दुःख सहे। हामीलाई कोर्रा लाउने भ्यालखानका कर्मचारीहरूलाई फिलिप्पी शहरका काराध्यक्षको रूपमा देखें जसले सन्त पावललाई कोर्रा त लाए तर स्वयं पछि प्रभुलाई ग्रहण गरे—'हजूर हो, अब मैले के गरेदेखि उद्धार पाउनसक्छु ?' ( प्रेरित १६.३० ) भनी तिनीहरूले चाँहि सोध्नेछन् भन्ने हामी सपना देख्थ्यौं। झाड़ा-पिशाबले लथपथ गरिएका, क्रुसमा बाँधिएका ईसाई विश्वासीहरूलाई हेर्दै हँसी-ठट्ठा गर्दै हेर्नेहरूमा हामीहरूले गोल-गोथाको त्यो स्वार्थी जन-समुदाय देख्यौं जसले आफ्ना छाती पिटी पाप गरेछौं भनी विलाप गरे।

भ्यालखानमा हामीहरूलाई कम्युनिस्टहरू पनि बचाइन्छन् भन्ने आशा प्राप्त भयो। त्यही भ्यालखानहरूमा उनीहरूप्रतिको उत्तरदायित्वको भावना विकास भयो। त्यसरी उनीहरूले सताएको कारणले नै हामीहरूले उनी-हरूलाई प्यार गर्न सिक्यौं।

मेरा सन्तानका धेरैजसो व्यक्तिहरू हत्याका शिकार भए तर तिनी-हरूका हत्यारा आफैले मेरै घरमा प्रभुलाई ग्रहण गरे। त्यस भाइले प्रभुलाई ग्रहण गर्नको निम्ति मेरो घर सबभन्दा उचित स्थान थियो। यसरी भ्यालखानाहरूमा कम्युनिस्टहरूका माझमा एउटा ईसाई धर्म-प्रचार-सेवा हुनपर्छ भन्ने विचारले जन्म लियो।

परमेश्वर र हाम्रो दृष्टिकोणमा त्यही भिन्नता छ जुन भिन्नता हाम्रो र

कमिलको दृष्टिकोणमा हुन्छ। हामी मानिसको दृष्टिमा झाड़ा-पिशाबले लिपिएर क्रुसमा बाँधिनु एउटा असह्य घिनलाग्दो कुरो हो। यस्तो हुँदा-हुँदै पनि बाईबलले शहीदहरूले खपेको दुःख-यातनाहरू हलुका मानिलिन्छ। झ्यालखानमा चौध वर्ष बिताउनु हाम्रो निम्ति एउटा लामो समय थियो तर बाईबलले त्यसलाई 'किनभने हाम्रो क्षणभरको हलुका कष्टले हाम्रो निम्ति झन बढ़ता गरेर महिमाको अनन्त बोझ उत्पन्न गरिदिन्छ।' (१ कोरिन्थी ४-१७) भनी बताउँछ। यसकारण कम्युनिस्टहरूका ती नृशंस अपराधहरू यसको विरुद्धमा हामीले सकेसम्म संघर्ष गर्नपर्छ, हाम्रो दृष्टिमा अक्षम्य भए पनि परमेस्वरको दृष्टिमा नगण्य कुरो हुन्छ भनी हामी भन्नसक्छौं। परमेश्वर जसको अघि हजार वर्ष केवल एक दिन समान हुन्छ, उहाँको अघि कम्युनिस्ट स्वेच्छाचारीहरूका प्रजा-पीड़न र निरंकुश शासनले परिपूर्ण प्रायः आधा शताब्दी बाटोबाट अल्मलिएको जस्तो मात्र हुन्छ। तिनीहरू-लाई बचाइने सम्भावना अझै छ।

स्वर्गीय यरूशालेम एउटी माता हुन् अनि माता समान प्यार गर्छिन्। स्वर्गका द्वार कम्युनिस्टहरूका निम्ति बन्द छैन अनि न त ज्योति उनी-हरूका निम्ति निभाइएको छ। सबैले जस्तो उनीहरूले पश्चाताप गर्न सक्छन् औ हामीहरू सबैले उनीहरू सबलाई मन-फिराई पश्चाताप गर भनी भन्नुपर्छ।

कम्युनिस्टहरू माझमा परिवर्त्तन ल्याउनु सक्ने केवल प्रेम मात्र हो ( तर यो प्रेम धेरै मण्डलीका अगुवाहरूले व्यवहारमा ल्याएका कम्युनिस्ट-वादसित मेलजोल गर्ने प्रेमभन्दा भिन्दै छ )। घृणाले तथा द्वेषले अन्धो बनाउँछ। हिटलर कम्युनिस्ट विरोधी थिए तर उनी घृणा-द्वेष गर्थे।

त्यसकारण उनीहरूमाथि विजयी हुनको बदली हिटलरले उनीहरूलाई एक-तिहाई दुनियाँ जित्नमा सहायता गरे।

हामीहरूले भयालस्वानमा प्रेमको आधारमा कम्युनिस्टहरूका निम्ति एउटा प्रचार-कार्यको योजना तयार गर्यौं अनि तब सबभन्दा पहिला कम्युनिस्ट शासकहरूका विषयमा विचार गर्यौं।

कति मिशन संचालकले एकदमै कम्ति मात्रामा मण्डली-इतिहास अध्यन गरेको बुझिन्छ—नोर्वे देशले प्रभुलाई कसरी ग्रहण गर्यो? नोर्वेका राजा ओलाफले प्रभुलाई ग्रहण गरेपछि। रूसका जार ब्लाडिमिरले प्रभु मसीहलाई अपनाए पछि समस्त रूस देशमा सुसमाचार प्रचार भयो। हंगेरीका राजा सन्त स्टीफनलाई प्रभुमा ल्याइए पछि हंगेरी देश पनि जितियो। पोलैण्ड देशमा पनि यस्तै भयो। अफ्रीकामा पनि कबीलाका मुखियाले प्रभुलाई ग्रहण गरेपछि समस्त कबीलाले प्रभुलाई अप्नाए। सर्वसाधारणलाई मसीहमा ल्याउनका निम्ति हामीहरू धेरै संस्थाको स्थापना गर्छौं। तिनीहरू विश्वासमा दरिलो तथा अटल ईसाईहरू बनिन्छन् तर तिनीहरूको केही प्रभाव नभएकोले समस्त देशको स्थिति र अवस्थामा परिवर्त्तन ल्याउन तिनीहरू असमर्थ हुन्छन्।

देशका शासक, राजनीतिज्ञ, अर्थ शास्त्रज्ञ, वैज्ञानिक, कला-विशेषज्ञ आदि व्यक्तिलाई प्रभुमा ल्याउन हामीहरूलाई परम आवश्यक छ। तिनीहरू मानव जीवनलाई नियन्त्रण गर्ने चालकहरू हुन् औ हामीहरूका जीवनका रूप तथा विचारधारालाई प्रभावित गर्छन्। यसकारण तिनीहरूलाई ख्रीष्टमा ल्यायौं भने तिनीहरूका नियन्त्रणामा औ प्रभावमा भएका समस्त मानवलाई पनि ख्रीष्टमा जित्न सक्छौं।

एउटा धर्म प्रचारकको दृष्टिकोणबाट हेर्दा कम्युनिस्ट प्रणालीमा सेवा-कार्य गर्नु अरू समाजिक प्रणालीहरूभन्दा सुविधाजनक हुन्छ किनभने कम्युनिस्ट प्रणाली एककेन्द्रीय हुन्छ ।

यदि अमेरिकाका राष्ट्रपतिले 'मोरमोन' धर्म अपनाए अमेरिकन जनताले त्यसो गर्नै छैनन्, तर यदि माओ चे तुंग वा ब्रेजनेभ वा किउसेस्कुले प्रभुलाई ग्रहण गरे उनीहरूका समस्त देशहरू भरि सजिलै सुसमाचार प्रचार गर्न सकिन्छ ।

के कम्युनिस्ट नेताहरूले आफ्नो मन बदली प्रभु येशूलाई ग्रहण गर्न सक्छन् ? निश्चय, किनभने तिनीहरूका वशमा परेका वेसहाय शिकारहरू जस्तै तिनीहरू पनि अप्रसन्न र भय र शंकाको जीवन बिताउँछन् । प्रायः रूसका जम्मै कम्युनिस्ट नेता वा शासकहरूले आफ्ना जीवन लीला भयालखानहरूमा वा आफ्नै साथीहरूका कुचक्रका शिकार भएर समाप्त गरे । चीन देशमा पनि यही चलन छ । रूसका गृह-मन्त्रीहरू यगोडा, येजोभ, बेरिया सर्व सामर्थी सर्व अधिकारका अधिपतिहरू, आखिरमा एउटा साधारण क्रान्ति-विरोधी झैं मर्नुपर्‍यो—घिच्रोमा एक गोली, त्यसपछि उनीहरूको अन्त । हालैमा सोभियत संघ रूसका गृह-मन्त्री सेपेलिन अनि युगोस्लाभियाका गृह-मन्त्री रेन्कोभिकलाई फाटेको पुरानो चिथ्राहरू जस्तो गरी तिनीहरूको उच्च स्थानबाट अफालेका छन् ।

## कम्युनिस्टवादमाथि आत्मिकी आक्रमण कसरी ?

कम्युनिस्ट शासनले कसैलाई पनि, न त त्यसबाट नाफा उठाउनेहरूलाई खुशी र सन्तुष्ट राख्न सक्छ । पार्टीको नीति बद्लिने सम्भावनाले गुप्त

पुलिसको गाड़ी उनीहरूलाई कुनै पनि रातमा लिन आउन सक्छ भन्ने डर र त्रासमा उनीहरू जीवन बिताउँछन् ।

प्रभु येशूमा शासकहरूलाई ल्याउनु, विश्वलाई परमाणु युद्धमा नष्ट हुनदेखि तथा मानव जातिलाई भोक र अनिकालदेखि बचाउनु हो । किन-भने परमाणु अस्त्र-शस्त्रमा लाग्ने महंगो खर्च भोजन व्यवस्था जस्तो परोप-कारी कार्यमा खर्च गर्न सकिन्छ । कम्युनिस्ट शासकहरूलाई प्रभु ख्रीष्टमा जित्नु अन्तर्राष्ट्रीय तनावलाई समाप्त गर्नु हो अनि यसले प्रभु मसीह र उहाँका स्वर्गदूतहरूलाई आनन्दित गराउनेछ । यो आत्मिकी कलीसियाको विजय हुनेछ । यदि कम्युनिस्ट शासकहरूले प्रभुलाई ग्रहण गरे ईसाई धर्म प्रचारले नयाँ प्रेरणा र उत्साह प्राप्त गर्नेछ अनि यसले गर्दा न्यू गिनी तथा मडागास्कर जस्तो अप्ठ्यारो स्थानहरू जहाँ मिशनरीहरूले भयंकर दुःख खप्नपर्छ, सजिलै प्रभुमा ल्याउन सकिनेछ ।

उद्धार पाएका धेरै कम्युनिस्टहरूसित मेरो राम्रो परिचय छ । म आफै पनि जवान हुँदा एउटा नास्तिक योद्धा थिएँ । उद्धार पाएका कम्युनिस्ट र नास्तिकहरूले प्रभुलाई बढ़ता प्यार गर्छन् किनभने तिनीहरूले पाप पनि बढ़ता गरेका हुन्छन् ।

प्रचार सेवा-कार्यमा युद्ध विद्याको नीति अपनाउनु आवश्यक छ । उद्धारको दृष्टिकोणमा सबै आत्मा एकै समान छ । तर प्रचार-सेवाको नीतिबाट हेर्दा तिनीहरू बराबर देखिंदेनन् । एउटा प्रभावशाली मानिस जसले पछिबाट हजारौं आत्माहरूलाई प्रभुमा ल्याउन सक्छ, उसलाई जित्नु जंगलको एउटा असभ्य मानिसलाई ख्रीष्टमा जित्नुभन्दा धेरै नै महत्वपूर्ण र प्रयोजनीय छ किनकि त्यो जंगलको असभ्य मानिसको मुक्ति केवल उसैको

आत्माको निम्ति मात्र हुन्छ। त्यसैकारण प्रभु येशूले आफ्नो प्रचार-सेवा कुनै एउटा सानो गाउँमा होइन तर संसारको आत्मिकी अड्डा यरूशालेम शहरमा इतिश्री गर्नुभयो। सन्त पावलले पनि यसै कारणले गर्दा रोम शहर पुग्नलाई धेरै चेष्टा गरे।

बाईबलले भन्छ, "स्त्रीको सन्तानले सर्पको शिर कुल्चनेछ।" हामीहरू केवल सर्पका भुँडीमा कुत्कुती लगाई त्यसलाई हँसाउछौं मात्र। सर्पको शिर मोस्को र पेकिङ्ग शहरको बीच कुनै स्थानमा छ, टयुनिस र मडागास्करमा छैन। मण्डलीका अगुवा प्रचार-संस्थाका संचालकहरू तथा प्रत्येक विचारशील ईसाई विश्वासीको विशेष बोझ वा दिलचस्पी नै कम्युनिस्टहरू र उनीहरूका देशहरू हुनुपर्नेछ।

हामीले सँधैको नियमित व्यवस्थाले चलाउँदै ल्याएको कार्यक्रम छाड़िदिनु अति आवश्यक छ। यस्तो लेखिएको छ, "श्रापित होस् त्यो जसले प्रभुको काम छल-कपट साथ गर्छ।" ( यिर्मयाह ४८.१० )। कम्युनिस्टवादमाथि साक्षात प्रत्यक्षरूपमा आत्मिकी आक्रमण गर्नु मण्डलीलाई खाँचो छ।

युद्धमा जाइलागेर मात्र जय प्राप्त गर्न सकिन्छ, आइलागेको थामेर होइन। अहिलेसम्म मण्डलीले कम्युनिस्टवादको आक्रमण थाम्ने नीति अपनाएको छ र यसरी एकको पछि अर्को गर्दै क्रमशः देशहरू कम्युनिस्टवादको पंजामा पर्न दिदैंछ।

मण्डलीको नीतिमा झट्टै सम्पूर्ण परिवर्त्तन हुनपरेको छ। एउटा भजनमा लेखिएको छ 'परमेश्वर यहोवाले फलामका छड़हरू काटी टुक्रे टुक्रा गरिदिनुहुन्छ।' ( भजन १०७.१७ ) यसकारण लोह-पट तथा फलामका

गर्दा उहाँको निम्ति एउटा साधारण कुरो हो। प्रारम्भिक मण्डलीले गुप्त र गैर् कानूनी ढंगले कार्य गरयो तर अन्तमा जयवन्त भयो। हामीले पनि त्यही ढंगले काम गर्न सिक्नुपर्छ।

हामीहरूका धर्म शास्त्रका नयाँ नियममा उल्लेख गरिएका धेरै व्यक्तिहरूलाई किन उपनामले बोलाइन्थ्यो भन्ने कुरो कम्युनिस्टकाल नआए सम्म मैले बुझेको थिइनँ—साईमनलाई नाईजर, जोहनलाई मार्क तथा यस्तै अरूहरूका आफ्नै उपनाम थिए। आजकल कम्युनिस्ट देशहरूमा हामीहरू आफ्ना सेवा कार्यमा गुप्त नाउँहरू चलाउँछौं।

प्रभु येशूले अन्तिम भोजको तयारी गर्दा किन यसो भने, 'शहरमा जाऊ र तिमीहरूले गाग्रोमा पानी लिएर जाने एउटा मानिसलाई भेट्टाउनेछौ……' मार्कस (१४.१३)। उहाँले किन कुनै ठेगाना दिनुभएन ? यो कुरो मैले बुझेको थिइनँ तर अब म बुझ्छु। हामीहरू पनि सेवा कार्य गर्दा यस्तै गुप्त चिन्हहरू परिचयका निम्ति दिन्छौं।

यदि हामीहरू यसरी काम गर्न सहमत भयौं भने अनि प्रारम्भिक मण्डलीले चलाएका नीति र तरीकाहरू उपयोग गरयौं भने हामीहरू कम्युनिस्ट देशहरूमा प्रभु खीष्टको निम्ति प्रभावोत्पादक काम गर्न सक्नेछौं।

मैले पश्चिमी देशहरूका मण्डलीका निकै अगुवाहरूलाई भेटें। यदि कम्युनिस्टहरूलाई तिनीहरूले प्यार गरेको भए यति बेलासम्म तिनीहरूले कम्युनिस्ट देशहरूका प्रचार-सेवा कार्य गर्ने संस्थाहरूका स्थापना गरिसक्ने थिए तर प्यार गर्नेको बदलीमा तिनीहरूका नीति कम्युनिस्टहरू तर्फ छन्। यसकारण मैले तिनीहरूका हृदयमा कार्ल मार्क्सको परिवारका पतित आत्माहरूका निम्ति दयालु सामरीको सहानुभूति र प्यार पाइनँ।

मानिसले धर्म-शिक्षा-सार कण्ठस्थ गरेर सुनाउँदैमा त्यसमाथि विश्वास गर्छ भन्ने केही कुरो छैन तर जसको निम्ति मानिसले आफ्नो प्राण त्याग गर्न तयार हुन्छ त्यसमाथि उसले विश्वास गर्छ।

गुप्त-मण्डलीका विश्वासीहरूले आफना विश्वासका निम्ति प्राण दिन तयार छन् भनी प्रमाण दिएका छन्। म यस्तो कार्य बराबर गर्दैछु जसले गर्दा कुनै कम्युनिस्ट देशको कारावासमा बन्दी भई सतावट मात्र होइन तर दण्ड समेत पाइने सम्भावना छ। लोह-पटभित्र अनि खतराहरूको बीचमा म एउटा गुप्त प्रचार-सेवा गरिरहेछु औ मैले लेखेको कुराहरूमाथि मेरो अखण्ड विश्वास छ।

म यो प्रश्न सोध्ने धृष्टता राख्छु—अमेरिकाका मण्डलीका नेताहरू जसले कम्युनिस्टहरूसित मित्रता गर्छन्, के तिनीहरू आफना विश्वासका निम्ति मर्न तयार छन्? कम्युनिस्टहरूकै देशमा कम्युनिस्टहरूलाई पूर्ण सहयोग दिंदै आफ्ना देशमा ओगटेको अग्लो चौकीहरू त्यागी, पूर्वमा कम्युनिस्टहरूका सरकारी पास्टरहरू हुनदेखि तिनीहरूलाई कसले रोक्छन्? आफ्ना विश्वासका यस्तो प्रमाण अझसम्म पश्चिमका कुनै मण्डलीका नेताले दिएका छैनन्।

एका-अर्काको मनको भाव बुझ्नु औ आफ्नो मनको भाव अरूलाई बुझाउनको निम्ति शब्दको प्रयोजन भयो। यसरी नै सँगसँगै असभ्य अवस्थामा शिकार खेल्दा, माछा मार्दा तथा यसको पश्चात् जीवनोपयोगी आवश्यक वस्तुहरूको उत्पदान गर्दा आफ्नो मनको आशय अरूलाई व्यक्त गर्नपर्दा शब्दको प्रादुर्भाव भयो। तर परमेश्वरको रहस्यहरू तथा

आत्मिक जीवनका उच्च स्थानको विषयमा सुचारू रूपले व्यक्त गर्नको निम्ति मानिसहरूसित उपयुक्त शब्द छैन। त्यसरी नै शैतानिक निष्ठूरताको अथाह गहिराईलाई वर्णन गर्ने पनि शब्द छैन। के तपाईं नाजीहरूले आगोको भट्टीमा फ्याक्नु आँटेको मानिसको मनोभावना अथवा आफ्नो नानीलाई आगोको भट्टीमा फ्याँकिएको देख्ने मानिसको भावना शब्दमा व्यक्त गर्न सक्नुहुन्छ ? यसैकारण कम्युनिस्टहरूका वशमा परेका ईसाई विश्वासीहरूले के के सहनु पर्‍यो, कस्तो यातना सहनु पर्‍यो अनि कसरी सहनु सक्यो, यी सबको वर्णन गर्नु व्यर्थ छ।

रुमानिया देशमा कम्युनिस्ट शासनका आधिपत्य ल्याउने लुक्रेसिउ पत्रस्कनु म संगै भ्यालखानमा थिए। उसका साथीहरूले उसलाई यत्रो बड़ो कामको ईनाममा भ्यालखानमा कैद गरे। उ सक्कनै भए पनि उसलाई पागलखानामा थुनियो अनि पछि उ पागल भयो। रुमानियाका विदेशमन्त्री अन्ना पवकरलाई पनि तिनीहरूले त्यसै गरे। ईसाई विश्वासी-हरूसित पनि यस्तै दूर्व्यवहार गरिन्छ। तिनीहरूका शरीरमा बिजुलीका स्रोत ( Current ) छोड़िन्छ तथा तिनीहरूले अत्यन्त साँघुरो कष्टदायक फलामको कोट लगाउनुपर्छ।

चीन देशका सड़कहरूमा बित्देगरेको घटनाहरूले संसार त्रस्त छ। रेड गार्ड ( लाल प्रहरी )-ले सबैले देख्ने गरी आफ्नो आतङ्क फैलाउँछन् भने भ्यालखानहरूमा जहाँ कसैले देख्दैन, त्यहाँ एउटा चिनियाँ विश्वासीको के दशा होला, तपाईं आफै विचार गर्नुहोस्।

चीन देशबाट प्राप्त भएको अन्तिम समाचार अनुसार चीनका एक सुप्रसिद्ध सुसमाचार प्रचारक र लेखक विश्वासी भाइ र अन्य विश्वासीहरू

विश्वासमा विचलित नहुँदा तिनीहरूका कान, जीभ्रा र खुट्टाहरू काटिदिएका छन् ।

तर कम्युनिस्टहरूले गरेको सबभन्दा डरलाग्दो दुष्कर्म उनीहरूको शारीरिक सतावट, अत्याचार प्रताड़ना र हत्या होइन । तिनीहरूले मानिसको विचारधारालाई झूठ कुरोहरूले दूषित बनाइदिन्छन् अनि युवा वर्ग र नानीहरूलाई कम्युनिस्टवादको विष पिलाउँछन् । मण्डलीहरूका नेतृत्वका जिम्मावारी उनीहरूका हृदयहीन कठपुतलीहरूका हातमा सौंपेर मण्डलीहरूलाई उनीहरूले नष्ट-भ्रष्ट गर्छन् । उनीहरूले युवाहरूलाई परमेश्वर र ख्रीष्ट प्रभुमा विश्वास नगर भनी मात्र सिकाउँदनन् तर यी नाउँहरूलाई घृणा गर्नु भनी सिकाउँछन् । धेरै वर्ष भ्यालखानको उत्पीड़न सहेर घर फर्कंदा, कट्टर नास्तिक भइसकेका आफ्नै नानीहरूले घृणित तथा अवहेलित दृष्टिले हेर्दा, त्यो विश्वासी शहीद भाइको दुःख कुन शब्दले वर्णन गर्नसक्छ ?

## यो पुस्तक स्याहीले होइन तर घायल हृदयबाट बगिरहेको रगतले लेखिएको हो

दानिएल भविष्यवक्ताको समयमा, आगोको भट्टीभित्र फ्याँकिएको तीन युवकहरूलाई बाहिर निकालिंदा तिनीहरूसित लेश मात्र पनि आगो वा धुँवाको गन्ध थिएन, त्यसरी नै भ्यालखानमा थुनुवा परेको विश्वासी ईसाईमा कम्युनिस्टहरूप्रति घृणा र द्वेषको गन्ध अलिकति पनि हुँदन ।

एउटा फूललाई कुल्च्यौ भने त्यसले तिमीलाई आफ्नो सुगन्ध छरिदिन्छ अनि त्यस्तै गरी कम्युनिस्टहरूले सताएको सट्टामा विश्वासी

ईसाईहरूले उनीहरूलाई प्यार गर्छन्। हामीहरूले धेरै झ्यालखानका कर्मचारीहरूलाई प्रभु खीष्टमा ल्यायौं। हामीहरूसित एउटै प्रबल आकांक्षा छ—त्यो हो हामीहरूलाई सताउनेहरूलाई हामीसित भएको प्रभु मसीहले दिनुभएको सर्वश्रेष्ठ कुरो—'मुक्ति' को मार्गमा ल्याउनु।

धेरै विश्वासी भाइ बहिनीहरू जस्तो झ्यालखानमा खीष्ट प्रभुको निम्ति प्राण उत्सर्ग गर्ने विशेष अधिकार मैले पाइनँ। मेरो छुटकारा भयो अनि रुमानियाबाट निकली पश्चिममा आउन पनि सकें।

लोह-पट ( कम्युनिस्ट यूरोप ) र बाँसका पर्दा ( कम्युनिस्ट चीन ) भित्रका गुप्त-मण्डलीको जुन विचारधारा छ, त्यसको ठीक विपरीत विचार-धारा पाश्चात्य मण्डलीका अगुवाहरूमा मैले पाएँ। पश्चिमका धेरै ईसाई-हरूको हृदयमा कम्युनिस्टहरूको निम्ति प्यार छैन, जसको प्रमाण स्वरूप उनीहरूले कम्युनिस्ट देशहरूका जनताको उद्धारको लागि केही गर्दैनन्। यहूदी, मुसलमान र बुद्धिस्टहरूका निम्ति तथा ईसाईहरूलाई एक सम्प्रदाय अर्को सम्प्रदायमा झिकाउनको निम्ति उनीहरूका मिशनहरू छन् तर कम्यु-निस्टहरूको निम्ति उनीहरूका कुनै मिशन छैन। कम्युनिस्टहरूका निम्ति प्यार छैन नत्र यति बेलासम्म केरीले भारतीय र हडसनले चिनियाँहरूका निम्ति मिशनहरू स्थापना गरेको जस्तै कैयौं मिशनहरू कम्युनिस्टहरूको निम्ति स्थापित भइसक्ने थिए।

उनीहरूले कम्युनिस्टहरूलाई प्यार गर्दैनन् तथा उनीहरूलाई मसीह येशूमा जिताउनका निम्ति केही गर्दैनन्। यी कुरा बाहेक पश्चिमका मण्डलीका कति नेताहरू आत्म सन्तोषले ढुक्क भई, लापरवाही भई निर्धक्क बसिरहेका छन्। कहिले काँही कति विषयहरूमा कम्युनिस्टहरूका सहयोगी भई

उनीहरूका नास्तिकतालाई अझ दृढ बनाउनलाई सहायता गर्छन्। उनीहरूले कम्युनिस्टहरूलाई पश्चिमका मण्डलीहरूमा जबरजस्ती घुमाएर संसारको औ ईसाई मण्डलीका नेतृत्व हात पार्नमा सहायता गर्छन्। कम्युनिस्टवादका खतराहरूदेखि मानिसहरूलाई तिनीहरूले अनभिज्ञ राख्छन्।

यी अगुवाहरूले कम्युनिस्टहरूलाई परै जवास् आफ्नै झुण्डका भाइ बहिनीहरूलाई पनि प्यार गर्दैनन्। यिनीहरूले मसीह प्रभुमा कम्युनिस्टहरूलाई जितका निम्ति केही नगरेको बहाना चाहिं उनीहरूलाई केही गर्ने अनुमति छैन भनी देखाँउछन् तर के शुरूका विश्वासीहरूले सुसमाचार प्रचारको निम्ति रोमन सम्राट नेरोलाई अनुमति मागे? यदि हामीहरूले प्रभु ख्रीष्टमा कम्युनिस्टहरूलाई ल्याएनौं भने तिनीहरूले हामीहरूलाई आफ्नो वशमा पार्नेछन् अनि ईसाई धर्मलाई त्यहाँबाट उखेली फ्याँकनेछन्।

## इतिहासको शिक्षाको उपेक्षा

प्रथम शताब्दीहरूमा उत्तर-अफ्रीकामा ईसाई धर्म प्रगतिशील अवस्थामा थियो। सन्त अगस्टीन, सन्त एथानासियस र टर्टूलियन आदि प्रसिद्ध ईसाई प्रचारक र सेवकहरू त्यहींबाट आए। उत्तर अफ्रीकाका ईसाईहरूले मुसलमानहरूलाई प्रभुमा जित्ने कर्त्तव्यको पालन गरेनन् अनि त्यसको नतीजा के भयो? मुसलमानहरूले उत्तर अफ्रीकामा चढाई गरे अनि कैयौं शताब्दीको निम्ति ईसाई धर्मलाई उत्तर अफ्रीकादेखि निमिठ्यान्न पारे। उत्तर अफ्रीका वर्तमान युगसम्म मुसल्मानहरूको अधीनमा छ अनि यस क्षेत्रलाई ईसाई मिशनकाहरूले 'परिवर्तन हुन नसक्ने ठोस पदार्थ' भनी भन्छन्।

इतिहासबाट हामीहरू एक-दुइ कुराहरू सिकौं—

यूरोपमा धार्मिक परिवर्तनको समयमा यूरोपका देशहरू र जनसाधारण-लाई रोमका पोपहरूले आफ्नो राजनैतिक र आर्थिक शक्तिले खुब दबाएर राखेका थिए। त्यति बेला जोहन हुस, मार्टिन लुथर र जोहन केल्भिन जस्ता धर्म-अनुरागीहरूको र यूरोपका जनसाधारणको रोमन केथोलिक पोपको शासन प्रणालीबाट उम्कने प्रबल विचार मिल्नगयो। त्यसरी नै आज, कम्युनिस्टहरूका पञ्जामा मरका निस्सहाय जनतालाई सुसमाचार प्रचार गर्ने गुप्त-मण्डलीको अनुराग, संसारको स्वतन्त्र जातिहरूको आफ्नो स्वतन्त्रता राख्ने अनुरागसित मिल्नजान्छ।

कम्युनिस्टवादलाई नष्ट-भ्रष्ट गर्ने संसारमा कुनै राजनैतिक शक्ति छैन। कम्युनिस्टहरूसित परमाणु शक्ति छ अनि उनीहरूमाथि जाइलागे करोड़ौं ज्यानहरूको क्षति हुन्छ औ तेस्रो विश्व महायुद्ध पनि आरम्भ होला। त्यस-माथि धेरै पश्चिमका अधिकारीहरूको पनि मगज-धुलाई भएको कारणले उनीहरूले कम्युनिस्ट शासकहरूको पतनसम्मको पनि विचार गर्दैनन्। यो कुरो उनीहरू बारम्बार व्यक्त गर्छन्। तिनीहरू मात्ने दवाई खाने नशा, गुण्डागिरी, केन्सर र सुकेनाश आदि संसारबाट मेटिएको चाहन्छन् तर यी सबलाई मिलाएरभन्दा बढ़ता शिकार फंसाउने कम्युनिस्टवादको अन्त भएको उनीहरू चाहंदैनन्।

प्रसिद्ध साभियत लेखक इल्या इहरेनवर्गको कथन छ—यदि स्टालिनले आफ्नो जीवनकालमा अरू केही काम नगरी खालि हत्या गरेको मानिसहरू-को सूची मात्र तयार गर्नलाई उसको जीवनकाल पर्याप्त हुने थिएन। क्रुश्चेमले कम्युनिस्ट पार्टीको बीसौं महासभामा भने, 'स्टालिनले हजारौं ईमानदार, निर्दोष कम्युनिस्टहरूको संहार गरे'—'सत्रहवां महासभामा

चुनिएका एक सय उन्चालिस केन्द्रीय समितिका सदस्य तथा उम्मेद्वारहरू मध्ये अन्ठानब्बे अर्थात् ७० प्रतिशत पछिबाट कैद गरिए औ गोलीले मारिए ।'

विश्वासी ईसाईहरूलाई उनले के गरे होला, तपाईं आफै कल्पना गर्नोस् ।

क्रुश्चेभले स्टालिनलाई अपनाएनन् तर उनले स्टालिनले गरेकै कुरा-हरू गर्न छोड़ेनन् । १९५९ सालदेखि यता रूस देशका ती खुल्ला सेवालयहरू आधा जति बन्द गराइएको छ ।

चीनमा स्टालिन-युगभन्दा अझ डरलाग्दो बर्बरताको नयाँ लहर चलेको छ । स्वच्छन्द, स्वतन्त्र मण्डली-जीवन प्रायः समाप्त भएको छ । रूस र रूमानियामा नयाँ गिरफ्तारीहरू चालु भएको छ । रूसमा विश्वासी-हरूलाई हजारौंको संख्यामा कैद गरिदैछ भनी हामीले हालैमा समाचार पाएका छौं ।

एक सय करोड़ अर्थात् एक अरब जनसंख्या भएको देशहरूमा बढ्दो उमेरका जम्मै बालकहरूलाई पश्चिमी भन्ने जम्मै कुरोलाई औ ईसाई धर्म विशेषलाई घृणा गर्नु भनी सिकाइदैछ ।

रूस देशमा नानीहरू गिर्जा घर आएको खोज खबर राख्नलाई स्थानीय सरकारी कर्मचारीहरू सेवालयहरूका अघि उभिरहेको दृश्य केही असधारण दृश्य होइन । गिर्जा आउने कति बालक बालिकाहरूलाई उनीहरूले थप्पड़ लगाई लगाई लखेट्छन् । ईसाई धर्मका भावी विनाशकारीहरूलाई बड़ो हिफाजत र व्यवस्थित रूपमा बढाइन्छन् ।

कम्युनिस्टवादलाई नष्ट-भ्रष्ट गर्ने केवल एउटै शक्ति छ। यो त्यही शक्ति हो जसले गर्दा ईसाई राज्यहरूले अ-धार्मिक रोमन सम्राज्यको स्थान अगोट्न सक्यो, टयुटन र भाइकिंग जस्ता असभ्य र डरलाग्दो जातिका मानिसहरूलाई ख्रीष्ट प्रभुमा ल्याए, तथा रोमन केथोलिकहरूको प्रचलित खुनले रंगिएको 'इन्कीजिशन'-लाई ध्वंस गरे। यो शक्ति सुसमाचारको शक्ति हो जसको प्रतिनिधित्व जम्मै कम्युनिस्ट देशहरूमा भएको गुप्त मण्डलीले गर्छ।

यो मण्डलीको प्रतिपालन गर्नु र सहायता दिनु केवल त्यहाँका दुःख सहिरहेका विश्वासीहरूसित तिनीहरूको दुःख सुखमा सहभागी मात्र हुनु होइन तर त्यसमा तपाईंको आफ्नो स्वदेश र मण्डली जीवनको जीवन-मरण-को प्रश्न छ। यो मण्डलीको प्रतिपालन गर्नु स्वतन्त्र ईसाईहरूको मात्र होइन तर सबै स्वतन्त्र देशको नीति हुनुपर्छ।

गुप्त-मण्डलीले कति कम्युनिस्ट शासकहरूलाई प्रभु ख्रीष्टमा ल्याएका छन्। रूमानियाका प्रधानमन्त्री ज्योर्ज्यू देजले ख्रीष्ट प्रभुलाई ग्रहण गरे पछि उनको मृत्यु भयो। कम्युनिस्ट देशहरूमा धेरै सरकारी अधिकारी-हरूले गुप्तरूपले मसीह प्रभुलाई आफ्नो उद्धारकर्ता स्वीकार गरेका छन्। यस्तो काम फैलिन सकिन्छ अनि तब कति कम्युनिस्ट देशहरूका नीतिमा वास्तविक परिवर्त्तन आउने सम्भावनाको आशा गर्न सकिन्छ। यो त्यो परिवर्तन होइन जो मार्शल टिटोले युगोसलाभियामा र गोमूल्काले पोलेण्डमा ल्याए, कारण ती देशहरूमा निष्ठूर नास्तिकी पार्टीको एकतन्त्री अत्याचारी शासन अझ पनि छ। यो त्यो परिवर्तन हो जसले देशहरू तथा जनसाधा-रणलाई मसीही धर्म र स्वतन्त्रतापट्टि फर्काई ल्याउनेछ।

अहिले हालमा धेरै असाधारण सुअवसरहरू यसको निम्ति मौजूद छन् ।

कम्युनिस्टहरू, जो आफ्ना बोली, विचार र कार्यमा विश्वासी ईसाई-हरू जत्तिकै ईमानदारहरू हुन्छन्, अहिले एउटा असाधारण संकट-स्थितिमा परेका छन् ।

उनीहरूको विश्वास थियो कम्युनिस्टवादले विभिन्न जाति बीचमा भातृ-प्रेमको बन्धन सृष्टि गर्नेछ भनी तर अहिले त्यसको बदलीमा यी विभिन्न जातिहरू आपसमा कुकुरहरू जस्तै बाझि-जुझिरहेका उनीहरूका आँखाका अघाड़ि स्पष्ट छन् ।

उनीहरूले सोचेका थिए कम्युनिस्टवादले विश्वासीहरूको आसमानको स्वर्गलाई झूठो र काल्पनिक साबित गरी पृथ्वीमा अर्को स्वर्गको स्थापना गर्नेछ तर उनीहरूको आफ्नै देशहरूलाई अझसम्म अनिकाल र दरिद्रता-ले छाड़ेको छैन अनि अझै पनि पुँजीपति देशहरूबाट गहुँ र खाद्यान्न ल्याई अनिकाल टार्नु परेको उनीहरूलाई विदितै छ ।

कम्युनिस्टहरूलाई उनीहरूका नेताहरूमाथि ठूलो विश्वास थियो तर अहिले स्टालिन हजारौंका हत्यारा तथा क्रुश्चेभ महामूर्ख हो भनी उनीहरूले आफ्नै समाचार पत्रहरूमा पढ़ेका छन् । यस्तै वर्णन उनीहरूका राष्ट्रीय बीरहरू राकोसी, गेरो, अन्ना पवकर, रेन्कोभिसि आदिको विषयमा पढ़्-छन् । अब कम्युनिस्टहरूले उनीहरूका नेताहरूको निरपराधत्वमा विश्वास गर्दैनन् । उनीहरू सजिलै ढलपल हुन सक्छन् भनी उनीहरूले जानेका छन् । उनीहरू पोप विनाको रोमन कैथोलिकहरू जस्ता भएका छन् ।

कम्युनिस्टहरूका हृदयमा एउटा रिक्तपन अथवा शुन्यता आएको छ । त्यो शुन्य स्थान केवल मसीह प्रभुले मात्र पूर्ण गर्नु सक्नुहुन्छ । परमेश्वरको

खोज गर्नु मानिसको स्वभाव हो। खीष्ट प्रभुले बाहेक कसैले पनि त्यो आत्मिकी शुन्यतालाई पूर्ण गर्न सक्तैन, यही कुरो कम्युनिस्टहरूको निम्ति पनि सत्य छ। मसीह प्रभुको सुसमाचारमा जुन प्रेमको शक्ति छ त्यसले मानिसको हृदयलाई पनि हल्लाउन सक्छ। त्यस्तो भएको मैले देखेको छु अनि हुनसक्छ भनी जान्दछु पनि।

कम्युनिस्टहरूका हाँसो र उपहासका पात्र तथा विभत्स अत्याचारका शिकार ईसाई विश्वासीहरूले आफूमाथि र आफ्ना घराना-सन्तानमाथि कम्युनिस्टहरूको पाश्विक दूर्व्यवहार भुलिसकेका छन् अनि यस्ता दूर्व्यवहार-लाई क्षमा पनि दिइसकेका छन्। तिनीहरूले कम्युनिस्टहरूलाई यो संकट-स्थिति पार गराउनलाई र प्रभु खीष्टको जीवनको बाटोमा हिड़ाउनलाई भरमग्दूर चेष्टा गरिरहेका छन्। यसैकारण तिनीहरूलाई हाम्रो सहायताको परम आवश्यकता छ।

त्यति मात्र होइन। ईसाई प्रेम सार्वजनिक, समस्त विश्वलाई ढाक्ने हुन्छ। ईसाईहरूमा कुनै जाति प्रति कुनै प्रकारको भेदभाव लेशमात्र पनि हुनुहुँदैन।

येशू प्रभुले भन्नुभयो—परमेश्वरको सूर्य, भलो र दुष्ट दुवैको निम्ति चम्कन्छ अनि त्यसरी नै ईसाई प्रेमले पनि सबैलाई अंगाल्छ।

जुन ईसाई नेताहरू कम्युनिस्टहरूसित मित्रभाव राख्छन्, प्रभु येशूको 'आफ्ना शत्रुहरूलाई पनि प्यार गर' भन्ने वचनको आड़ लिई आफ्ना सफाई पेश गर्छन् तर प्रभु येशूले आफ्ना विश्वासी भाइ-बहिनीहरूको याद नगरी आफ्ने शत्रुलाई मात्र प्यार गर्नु भनी कहिले सिकाउनु भएन।

यी नेताहरूले सुसमाचारलाई पर सारी, विश्वासीहरूका खुनले रंगिएका कम्युनिस्टहरूलाई आफ्नो प्यार दर्शाउँछन् र भोज खुवाउँछन्। उनीहरूले ती दानवी अत्याचारमा परेका विश्वासीहरूलाई न वास्ता न प्यार गर्छन्।

पश्चिम जर्मनीका इभाञ्जलिकल र केथोलिक मण्डलीहरूले भोक पीड़ित लोगहरूका निम्ति यी बितेका सात सालहरूमा प्रायः एक अरब रुपियाँ दान गरेका छन् अनि अमेरिकन ईसाईहरूले अझ बढ़ता पनि दिएका छन्।

संसारमा भोक-ग्रस्त जातिहरू धेरै छन् तर गुप्त-मण्डलीका ईसाई विश्वासी शहीदहरू जतिका भोकले सताइएका तथा स्वतन्त्र ईसाईहरूको सहायता पाउँने योग्य अरू कुनै मानिसहरू छैनन् भन्ने मेरो विचार छ। यदि जर्मनी, ब्रिटेन, अमेरिका तथा स्काण्डनेभियाका मण्डलीहरूले परोपकारी कार्यहरूका निम्ति धन संग्रह गरे त्यो धन सबै खाँचोमा परेका मानिसहरूको निम्ति उपयोग गरिनु हो भने, सबभन्दा पहिला त्यो धन विश्वासी ईसाई शहीद र तिनीहरूका परिवारहरूका सहायातार्थ खर्च हुनुपर्छ।

के अहिले यसो हुँदैछ ?

ईसाई संस्थाहरूले मेरो छुटकाराको दाम तिरे अनि यसले ईसाईहरूलाई दाम तिर्दै छुटाउन सकिन्छ भन्ने कुरा प्रमाण गर्छ। जे सुकै भए पनि ईसाईहरूले दाम तिरेर छुटाएको मानिस हाम्रो देशबाट मात्रै छु अनि मलाई झैं अरू विश्वासीहरूलाई नछुटाएकोमा आफ्नो कर्त्तव्य पालन गर्नेमा लापरवाही गरेको दोष पूरा लाग्छ।

प्रारम्भिक ईसाई विश्वासीहरूले नयाँ स्थापित भएको मण्डली यहूदीहरूको निम्ति मात्र हो वा अन्य जातिहरूका निम्ति पनि हो भनी प्रश्न

गर्थे। त्यो प्रश्नले उचित उत्तर पायो। बीसौं शताब्दीमा यो समस्याले अर्को रूप लिइकन आएको छ। ईसाई धर्म केवल पश्चिमका लागि मात्र होइन। ख्रीष्ट येशू अमेरिका, इङ्गलैण्ड र अरू प्रजातन्त्रिक जातिहरूका पेवा होइन। जब उहाँलाई क्रूसमा टाँगियो तब उहाँको एउटा हात पश्चिमतिर अनि अर्को हात पूर्वतिर पसारिएको थियो। उहाँ केवल यहूदीहरू र पश्चिमी संसारको मात्र होइन तर अन्य जाति र कम्युनिस्ट-हरूका राजा हुन चाहन्छन्। प्रभु येशूले भन्नुभयो, "सारा जगतमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर।" (मर्कूस १६.१५)।

उहाँले आफ्ना लहु सबैका निम्ति बहाउनुभयो अनि सबैले उहाँको सुसमाचार सुन्न अनि विश्वास गर्नुपर्छ।

कम्युनिस्ट देशहरूमा प्रेम र उत्साहले उल्लसित प्रभुलाई ग्रहण गर्ने विश्वासीहरू हेर्दा त्यहाँ सुसमाचार प्रचार गर्ने ठूलो साहस आउँछ। मैले कुनै पनि सेलाएको विश्वासी रूसी भाइ अझसम्म भेटेको छैन। अधिका जवान कम्युनिस्टहरू प्रभुका असाधारण चेलाहरू हुन सक्छन्।

जसरी ख्रीष्टले पापीलाई पापदेखि मुक्त गराउन पापीलाई प्रेम गर्नु-हुन्छ उसरी नै प्रभु ख्रीष्टले कम्युनिस्टहरूलाई प्यार गर्नुहुन्छ अनि उनी-हरूलाई कम्युनिस्टवादको सांगलोदेखि मुक्त गर्न चाहनुहुन्छ। पश्चिमी मण्डलीका कति अगुवाहरू यो उचित मनोवृत्तिलाई पर राखी कम्युनिस्टवाद प्रति सन्तोष जताउनु चाहन्छन्। तिनीहरू पापलाई शरण दिन्छन्। तिनीहरूले कम्युनिस्टवादलाई विजयी बनाउन सहायता गर्छन् अनि यसरी कम्युनिस्टहरू अनि उनीहरूले कुल्चेर राखेको जनसाधारणको उद्धारको बाटोमा प्रतिबन्ध लगाउँछन्।

## म मुक्त भएपछि मेरो अनुभव

कैदबाट छुटकारा पाई घर फर्केपछि मेरी धर्मपत्नीले भविष्यको निम्ति तपाईंको के गर्ने विचार छ भनी मलाई सोधी। मेरो जवाब थियो—'मेरो ध्येय बैरागी जीवन अपनाई आत्मिकी एकान्तबास गर्नेछ।' मेरी स्वास्नीले पनि यही किसिमको विचार गरेकी रहीछ।

मेरो युवावस्थामा म एउटा स्फुर्तिले पूर्ण, चंचल युवक थिएँ तर भयाल-खानभित्र एक्लै धेरै समय थुनुवा परेकोले म एउटा मननशील, चिन्तनशील व्यक्तिमा परिवर्तन भएँ। हृदयमा चल्ने आँधी हुरीहरू सब शान्त भई सकेका थिए। कम्युनिस्टवादको केही फिक्र मलाई थिएन अनि त्यसको पर-वाह पनि म गर्दिन थिएँ। हामीहरूको स्वर्गीय दुल्हासित म लीन थिएँ। उहाँसित मलाई सताउने र ताड़ना दिनेहरूलाई आफ्नो सम्पूर्ण हृदयले प्यार गर्न सकुँ भनी म प्रार्थना गर्थें।

म मुक्त हुनेछु भन्ने मेरो आशा एकदमै थोरै थियो। बेला-बेलामा म मुक्त भएछु भने मैले के गर्नुपर्छ भन्ने विचार मलाई आउँथ्यो अनि त्यति बेला स्वर्गीय दुल्हासित लीन भई कुनै एकान्त स्थानमा आफ्नो शेष जीवन बिताउनेछु भन्ने विचार हुन्थ्यो।

परमेश्वर 'सत्य' हुनुहुन्छ। बाईबल त्यो मूल सत्यको सत्य हो। अध्यात्म-विद्या त्यो मूल सत्यको सत्य हो अनि सैद्धान्तिकवाद (Fundamentalism) त्यो मूल सत्यको सत्यको सत्यको सत्य हो। यसकारण थी सत्यहरूका बीचमा बस्ने ईसाईहरूले त्यो मूल सत्य हराएका छन्। भोकाए-का, चुटिएका र मताइएका बेलामा हामीहरूले सैद्धान्तिकवाद, अध्यात्म-विद्या र बाईबल भुलिसकेका थियौं। हामीहरूले त्यो मूल सत्यको सत्यहरू बिर्सेका

थियौं र त्यसकारण हामीहरूसित त्यो मूल सत्य मात्र थियो। यस्तो लेखिएको छ 'मानिसको पुत्र तिमीहरूले नसम्झेको बेला र तिमीहरूले नजानेको दिनमा आउनेछन् ।'

हामीहरूसित बढ़ता विचार गर्ने शक्ति थिएन तर सताई र पीड़ाको सबभन्दा दयनीय र दर्दनाक दशामा 'मानिसको पुत्र' हामीहरूसित हुनुहुन्थ्यो अनि आफ्नो दिव्य उपस्थितिले भ्यालखानका देवलहरूलाई हीरा जस्तै टल्काउँदै हाम्रो कक्षहरूलाई एउटा स्वर्गीय आलोकले प्रकाशमय पार्नुहुन्थ्यो । त्यति बेला हामीहरूलाई सताउनेहरू हामीभन्दा तल शरीरको लोकमा हुन्थे तर हाम्रा आत्मा प्रभु परमेश्वरसित आनन्दले विभोर हुन्थे । यो अलौकिक आनन्दको सट्टामा हामीहरू राजमहलका सुखहरू भोग गर्न पनि राजी थिएनौं ।

कसैको वा कुनै कुराको विरुद्धमा लड़ाई गर्ने विचार मेरो हृदयमा रत्तिभर पनि थिएन । मलाई कुनै लड़ाईं ता के कुनै न्यायसंगत युद्ध पनि लड्न मन थिएन । प्रभु मसीहलाई जीउँदो मन्दिरहरू बनाइदिने मेरो इच्छा थियो र यसरी आध्यात्मिक ध्यानको शान्त वर्षहरू व्यतित गर्ने आशा राखी मैले भयालखान छाड़ें । तर छुटकारा पाएको दिनदेखि नै, भ्यालखानका समस्त सताईहरूभन्दा उग्र र घिनलाग्दो कम्युनिस्टवादको आकृति मैले हेर्नपरयो ।

पालै पालि गरी विभिन्न मन्डलीहरूका ठूला-ठाला शिक्षक, पाद्री, पास्टर तथा विशपहरूसित मेरो भेट भयो अनि मसित उनीहरूले 'हामीहरू आफ्ना मण्डलीका पोल-खोल गुप्त पुलिसलाई पुरयाउने पोलियाइरू भएका छौं' भनी बड़ो लाज र खेद साथ स्वीकार गरे । 'के तपाईंहरूलाई कैदमा

पर्नें डर भए पनि यो कामदेखि हात धुनु तपाईंहरू राजी हुनुहुन्छ !' भनी मैले सोधें अनि सबैबाट 'छैनौं' भनी जवाब पाएँ । उनीहरूले कैदको थुनामा पर्नें डरले त्यसो गरेको होइन तर मण्डली विषयमा म बन्दी हुनको अघि र अहिलेको स्थितिमा धेरै भिन्नता आएकोले तथा पोल्या हुन नमान्दा सेवालय र गिर्जाघरहरू नै बन्द गराइने सम्भावना भएकोले उनीहरू त्यसो गर्न बाध्य भए भनी बताए ।

प्रत्येक शहरमा धार्मिक सम्प्रदायहरूलाई देखरेख गरी वशमा राख्नलाई एउटा सरकारी प्रतिनिधि हुन्छ अनि त्यो व्यक्ति गुप्त पुलिसको एउटा कर्मचारी हो । जुनसुकै बेला अनि जो सुकै पास्टर प्राचीन र सेवकहरूलाई बोलाई मण्डली विषयका कुराहरूको खोज-खबर राख्न उसलाई अधिकार दिइएको छ—'गिर्जामा को को आयो ? कसले प्रभुभोज बराबर लिन्छ । कसले प्रचार गरी आत्मा जित्न चाहन्छ ? कसले पश्चात्ताप गर्यो ?' इत्यादि । तपाईंले बताउनु भएन भने तपाईंलाई हटाई उनीहरूलाई बराबर पोल पुर्याउने पास्टर तपाईंको स्थानमा नियुक्त गरिन्छ । यदि त्यो सरकारी प्रतिनिधिले उसले रुचाएको मानिस पास्टरी कामको निम्ति पाएन भने उसले सेवालय नै बन्द गरिदिन्छ ।

धेरै जस्तो पास्टर पाद्रीहरूले गुप्त पुलिसकहाँ पोल भ्रोस पुर्याउँछन् । कतिले मन नगरी कति कुराहरू लुकाउने कोशिष गर्छन् तर कतिलाई बानी भइसके अनि उनीहरूलाई केही जस्तो पनि लाग्दैन । कतिले गुप्त पुलिसलाई खुशी पार्नका निम्ति चाहिएकोभन्दा बढ़ता पोल पुर्याउँछन् ।

जुन विश्वासी परिवारले विश्वासी ईसाई शहीदहरूका नानीहरूका बिल्लाबाठ हुनदेखि बचाई बड़ो प्रेमसाथ ती नानीहरूको हेर्चाह गरे, ती

परिवारहरूका विरुद्धमा ती नानीहरूलाई गुप्त पुलिसकहाँ पोल-फ्रोस पुऱ्याउन बाध्य गरिन्छन् भनी ती नानीहरूले मेरो सामुन्ने आफ्नो अपराध स्वीकार गरे। यदि उनीहरूले त्यसो गरेनन् भने उनीहरूलाई स्कूलमा शिक्षा प्राप्त गर्नु निषेध गराइन्छ भनी गुप्त पुलिसले धम्की दिन्छन्।

म बेपटिस्टहरूका महासभामा गएँ अनि त्यसको बैठक लाल भण्डा भनि भरको थियो। यो महासभामा अघिबाट नै मण्डलीका चुनिनुपर्ने अगुवाहरू कम्युनिस्टहरूले निश्चित गरिसकेका थिए।

सरकारी मण्डलीहरूका अगुवाहरू सबै कम्युनिस्टहरूका मनोनित व्यक्तिहरू रहेछन् भनी अब मलाई पूरा थाहा भयो। तब प्रभु मसीहले भन्नुभएको कुरो मैले देख्न र बुझ्न सकें अर्थात् घिनलाग्दा वस्तुहरूले उजाड़ पारेको परम पवित्र स्थान।

योग्य वा अयोग्य पास्टर वा शिक्षकहरू अघिबाटै छन् तर एउटा कट्टर नास्तिक दलको केन्द्रीय समिति, जसको ध्येय धर्मलाई उखेली फ्याँकनु हो भनी सबैलाई विदित छ, त्यसले मण्डलीको नेतृत्व गर्नु मण्डलीको इतिहासमा पहिलो पटक हो। त्यसले किन औ के मतलब लिएर मण्डलीको अगुवाई गर्नु ? धर्म भन्ने कुरोलाई निमिठ्यान्न पार्न बाहेक अरू केही कुरो हुन सक्तैन।

लेनिनले लेखे, 'प्रत्येक धार्मिक धारणा तथा परमेश्वर छ भन्ने विचार औ यो लिनु निकृष्टतम खतरा हो तथा सबभन्दा घिनलाग्दो सरूवा रोग हो।' परमेश्वर छ भन्ने गम्भीर आत्मिक विचारको अघि लाखौं पापहरू घिनलाग्दा कार्यहरू, हिंसा-द्वेषहरू तथा संक्रामक रोगहरू मामूली कुराहरू हुन्।

सोभियत रूसका जस्तै कम्युनिस्ट पार्टीहरू लेनिन-पन्थी हुन्। उनी-हरूका निमित्त धर्म, केन्सर, सुकेनाश तथा घिनलाग्दो रोगभन्दा डरलाग्दो हो। उनीहरूले धार्मिक अगुवाहरू चुन्छन् अनि त्यसमा सरकारी मण्डली-हरूका अगुवाहरूले पनि उनीहरूका कुरामा सहमत भई सहयोग दिन्छन्।

मैले नानीहरूलाई तथा युवक-युवतीहरूलाई नास्तिकवादको विष पान गराएको देखेको छु तर सरकारी मण्डलीले अलिकति पनि यसको प्रतिरोध गर्ने सम्भावना छैन। हामीहरूका देशको राजधानी बुकारेस्टमा तपाईंले युवा सभा तथा नानीहरूको निम्ति सण्डे स्कूल भएको एउटै पनि मण्डली पाउनुहुन्न। ईसाई विश्वासीहरूका नानीहरू घृणा-द्वेषको तालिम दिने पाठशालाहरूमा शिक्षा उपार्जन गर्छन्।

यो सब देखेर कम्युनिस्टवादप्रति अघि भ्यालखानामा सताइंदा पनि मेरो हृदयमा नउब्जेको घृणा पैदा भयो।

म त्यसलाई घृणा गर्छु मलाई आफ्ना दानवी अत्याचारको शिकार बनायो भनेर होइन तर परमेश्वरको महिमा विरुद्ध, प्रभु खीष्टको पवित्र नाउँको विरुद्ध र उनीहरूका वशमा भएका ती एक सय करोड निस्सहाय जनसाधारणको आत्माको विरुद्ध तिनीहरूले भयंकर अनुचित कार्य गरेकोले।

देशका कुना-कुनाबाट तथा धेरै टाढा-टाढाबाट मलाई भेट्न भनी धेरै कृषकहरू आए अनि उनीहरूले मलाई देशमा हुँदैगरेको सामूहिक खेती ( Collectivizatoin )-को संचालन कसरी हुँदैछ सो बताए। अब उनीहरू आफ्नै जमीन र बगैंचाहरूमा भोकग्रस्त कमाराहरू भएका थिए। खानलाई भोजन तथा नानीहरूका निम्ति दूध र फल उनीहरूसित

च्याम्मै छैन—एक समयमा, प्राचीनकालको कनान देश जस्तो दूध र मह्को धारा बग्ने सम्पन्न देशको यो अधोगति भएको थियो ।

कम्युनिस्ट शासनले उनीहरूलाई चोर, छली र धूर्त बनायो भनी विश्वासीहरूले स्वीकार गर्छन् । भोकले गर्दा उनीहरूले आफ्नै जमीनको उब्जनी चोर्नपर्छ किनभने अब जमीन सरकारी सामूहिक खेतीको अधि-कारमा भएको छ अनि त्यो चोरी ढाक्नलाई उनीहरूले झूठ पनि बोल्नपर्छ ।

कारखानाहरूमा सक्दोभर काम लिनका निम्ति, कम्युनिस्टहरूले फिंजाएको आतङ्क तथा पुंजीपतिहरूले सपनामा पनि नचिताएको शोषण तरीकाको विषयमा मजदूरहरूले मलाई बताए । यी देशहरूमा मजदूर-हरूको हड़ताल अथवा कार्य-विराम गर्ने हक छैन ।

कम्युनिस्टहरूले बुद्धिजीवीहरूलाई आफ्ना दृढ़ धारणाको ठीक विपरीत 'परमेश्वर छैन' भनी शिक्षा दिनु बाध्य गराउँछन् । यिनीहरूले संसारको एक-तिहाई भागको समस्त जीवन तथा विचारधारा भ्रष्ट गरी झूठो आदेशको अनुशीलन गर्न बाध्य गराएका छन् ।

तरुण केटीहरूलाई ईसाई केटोसित मित्रभाव राखेको अपराधमा तरुण कम्युनिस्ट संस्थाका कार्यालयमा बोलाई, दोष्याई र फेरि त्यसो नगर्नु भन्ने धम्की सुनाएको कुरा धेरै केटीहरूले मलाई भनी । उनीहरूलाई कोसित मित्रता राख्नु वा नराख्नु भन्ने सम्मका आदेशहरू पनि कम्युनिस्ट-हरूले दिन्छन् ।

तब मैले मेरा पुराना साथीहरू गुप्त-मण्डलीका योद्धाहरूलाई भेटें । तिनीहरूमा कतिजना अझैसम्म कैदमा परेका थिएनन् अनि कतिजना

कैदबाट फर्केर फेरि संघर्षमा जटेका थिए। तिनीहरूले मलाई यो संघर्षका निम्ति आमंत्रित गरे। तिनीहरूसित म एउटा गुप्त सेवामा गएँ जहाँ हस्तलिखित भजन पुस्तकहरूबाट भजन गायौं।

मलाई महान सन्त एन्टोनीको याद आउँछ—तिनले निर्जन उजाड़ मरुस्थलमा एकान्तबास गरेका तीस बर्ष भइसकेको थियो। तिनले संसार-त्याग गरेका थिए औ आफ्ना सबै समय प्रार्थना र उपवासमा बिताउँथे। जब तिनले सन्त एथानासियस र एरियसको बीचमा प्रभु येशूको ईश्वरत्वको विषयमा तार्किक द्वन्द्व भएको सुने तब तिनले आफ्नो एकान्तबास त्यागी अलेकजान्ड्रिया शहरमा आई सत्यको विजय गराउनमा सहायता दिए।

मलाई क्रुसेड अथवा धर्म-युद्धको समयमा सन्त बर्नार्ड-डी-क्लेरभूको याद आउँछ। त्यो धर्म-युद्धमा ईसाईहरूले एउटा रित्तो चिहानको निम्ति अरब, यहूदी तथा अन्य सम्प्रदायका आफ्नै विश्वासी भाइहरूको संहार गरे। त्यति बेला सन्त बर्नार्ड-डी-क्लेरभू एउटा अग्लो पहाड़मा एकान्त जीवन व्यतित गर्थे। जब तिनले धर्म-युद्धका विषयमा सुनें तब तिनले आफ्नो मठ र एकान्त-जीवन छाड़ी धर्म-युद्धको महामूर्खताको विरुद्धमा प्रचार गर्नलाई आए।

मैले पनि तब विश्वासीहरूले गर्नुपर्ने कार्य अर्थात् मसीह प्रभुले दिनुभएको उदाहरणहरू अनुसार कार्य गर्न निश्चय गरें औ प्रेरित पावल र अन्य महान सन्तहरूका कदममा हिंड्ने संकल्प गरें, आराम र अवकाशको जीवनलाई माया मारी संग्राममा जुट्ने बिचार गरें।

यो कुन किसिमको संग्राम हुनेछ?

भ्यालखानमा कैद गरिएको विश्वासीहरूले सँधै आफ्ना दुश्मनहरूका निम्ति प्रार्थना गर्छन्। तिनीहरूले प्रभुका सुन्दर गवाही दिन्छन्। हाम्रो मनोरथ उनीहरूले ख्रीष्ट प्रभुलाई ग्रहण गरोस भन्नेछ अनि उनीहरूले प्रभु ख्रीष्टलाई अपनाएको देख्दा हामी अत्यन्त आनन्दित हुन्थ्यौं। तर म यो दुष्ट कम्युनिस्ट प्रणाली घृणा गर्छु अनि साथै साथ गुप्त-मण्डलीलाई बलियो बनाउन चाहन्छु किनभने सुसमाचारको शक्तिले मात्र त्यो नृशंस अत्याचारी आतंकको राज्यलाई मेटाउन सक्छ।

रूमानियाको लागि मात्र म चिन्तित छुइनँ तर समस्त कम्युनिस्ट संसारको निम्ति म चिन्तित छु। स्वतन्त्र देशहरूले यो कुरोमा अलिकति पनि चासो लिंदैनन्।

जब रूसी लेखकहरू सिनियाभस्की र डेनिएललाई उनीहरूकै कमरेड-हरूले कैदको सजाई दिए तब संसारभरिका लेखकहरूले त्यसको प्रतिबाद गरे तर जब विश्वासीहरूलाई आफ्ना विश्वासका निम्ति भ्यालखानमा थुनिन्छन् तब मण्डलीहरू घरिले केही बिरोध पनि गर्दैनन्।

भाइ कुज्यिकको निम्ति कसले चिन्ता गर्छ जसलाई 'विषालु ईसाई साहित्य' अर्थात् टोरैका भक्ति पुस्तकहरू र बाईबलका अंशहरू वितरण गरेको अपराधमा दण्ड दिइयो। भाइ प्रोकोफिएभको कसले फिक्रि गर्छ जसले शब्दांकित उपदेशका पर्चाहरू वितरण गरेको अपराधमा दण्ड भोगि-रहेको छ। त्यसरी नै हामीहरूका यहूदी विश्वासी भाइ ग्रुनभाल्डको कसले परवाह गर्छ? तिनले पनि त्यस्तै अपराधमा दोषी भई दण्ड भोगि-रहेको छ तर त्यसमाथि पनि कम्युनिस्टहरूले तिनीदेखि तिनको सानो छोरोलाई सँधैको निम्ति अलग गरेका छन्। मेरो छोरो मिहाई मदेखि

अलग गराइंदाको कटु अनुभव मसित अझ पनि छ औ बीसौं शताब्दीको सन्त र शहीदहरू भाइ ग्रुनमाल्ड, भाइ आइमानेन्को, बोज्यू सेमचूक, बहिनी तास्या टाचेन्को, बहिनी एकातरिना मेकाजिना, लाटभिया देशका विश्वासी दम्पति भाइ र बहिनी पिलाट र अन्य भाइ बहिनीहरूका दुःखमा म दुःखी छु। म नतमस्तक भई उनीहरू कसिएको सांग्लो चुम्बन गर्छु, जसरी शुरूका विश्वासीहरूले उनीहरूका भाइ बहिनीहरू हिंसक जनावर-हरूका अघि फ्याँकिनको अघि गर्थे।

पाश्चात्य मण्डलीका अगुवाहरूले यी विश्वासी भाइ बहिनीहरूका विषयमा केही परवाह गर्दैनन्। तिनीहरूले यी विश्वासीहरूलाई प्रभुको अघि प्रार्थना-मा कहिले उचाल्दैनन्। जब यी विश्वासी भाइ बहिनीहरूमाथि भयंकर रूपले अत्याचार गरिँदैथ्यो तब न्यू दिल्ली, जेनेभाको विश्व सभाहरूमा रूसी बेपटिस्ट र ओरथोडक्स् सरकारी मण्डलीहरूका ती पोलिया, धोखा-बाज र दोष्याउँने अगुवाहरूको भव्य स्वागत भयो। त्यहाँ यी सरकारी कठपूतलीहरूले रूस देशमा धार्मिक स्वतन्त्रता छ भनी अरूलाई विश्वास दिलाउनका निम्ति सरासर झूठ बोले।

जब रूस देशमा धार्मिक स्वतन्त्रता छ भनी भोल्सेभिक आर्चविशप निकोडिमले कुरा गरे तब विश्व मण्डली संघ ( W. C. C. )-का एउटा नेताले तिनलाई चुम्बन गरे। त्यस पश्चात् विश्व मण्डली संघको प्रभाव-शाली नाममा तिनीहरूले संगै भोज गरे जबकि कम्युनिस्ट कैदखानाहरूमा येशू ख्रीष्टको नाममा यी विश्वासी सन्तहरूले नधुएको आन्द्राहरूसित बन्दा कोबी मैले जस्तै खाँदैथे।

यस्तो परिस्थितिमा सँधै भरी बस्नु सकिने थिएन। यसकारण गुप्त-मण्डली-

ले सम्भव भए मैले देश छाडिदिनु र तपाईं ईसाईहरूलाई के हुँदैछ भनी बताइदिनुपर्छ भन्ने निर्णय गरयो ।

म कम्युनिस्टहरूलाई प्यार गर्छु तरै पनि कम्युनिस्टवादको दोषहरू प्रगट गर्नु मैले निश्चय गरेको छु । कम्युनिस्टवादको दोष नदेखाई, त्यसको भर्त्सना नगरी सुसमाचार प्रचार गर्नु मलाई ठीक लाग्दैन ।

कतिले मलाई 'शुद्ध सुसमाचार' मात्र प्रचार गर भनी सल्लाह दिन्छन् । यो सुन्दा मलाई गुप्त पुलिसको त्यो धम्की याद आउँछ 'ख्रीष्टको प्रचार गर्नु तर कम्युनिस्टवादको नाउँ पनि नलिनु ।' यस कारण गुप्त पुलिसलाई जुन आत्माले प्रेरित गर्छ, के त्यही आत्माले वास्तवमा ती 'शुद्ध सुसमाचार प्रचार गर' भन्नेहरूलाई प्रेरित गर्छ ?

'शुद्ध सुसमाचारको अभिप्राय के हो ? त्यो म जान्दिनँ । के यूहन्ना बप्तिस्मा दिनेवालाको प्रचार शुद्ध थियो ? तिनले यो मात्र भन्नुभएन 'पश्चाताप गर ; किनभने स्वर्गको राज्य नजीक आएको छ ।' (मत्ती ३.२) तर यो पनि भने 'हेरोदेस ! तिमी अयोग्य हौ ।' तिनको शिर धड़बाट अलग गरियो किनभने तिनले शुद्ध र सत्य प्रचार मात्र गरेनन् तर हेरोदेस राजा जस्तो थिए त्यस्तै वर्णन गरिदिए । प्रभु येशूले पनि केवल पहाड़ी उपदेश मात्र सिकाउनुभएन तर ती कुराहरू पनि गरे जसलाई हिजआजका सिपालु सिपालु मण्डलीका अगुवाहरूले निषेधात्मक शिक्षा भन्लान्—"धिक्कार, तिमीहरूलाई, शास्त्री र फरिसी हो, कपटीहरू !......सर्पका बच्चा हो..." (मत्ती २३.१३-३३) । यस्तै मिश्रित प्रचारको कारणवश उहाँलाई क्रुसमा चढ़ाइयो । फरिसीहरूले येशू प्रभुको पहाड़ी उपदेशको विषयमा आफ्नो कपाल दुखाउने थिएनन् होला ।

पापलाई त्यसको असली नाँउले बोलाइनपर्छ। कम्युनिस्टवाद संसारको सबभन्दा महान पाप हो। जुन सुसमाचारले त्यसलाई दोष्याउँदैन त्यो 'शुद्ध सुसमाचार' होइन। गुप्त-मण्डलीले आफ्नो ज्यान र स्वतन्त्रता-लाई खतरामा हाली त्यसलाई दोष्याउँछ भने पश्चिममा हामीहरू झन चुप बस्न हुँदैन।

साधारण कम्युनिस्ट विरोधीहरूका भावना लिई मैले कम्युनिस्टवादलाई दोष्याउँने अटोठ गरेको होइन। हिटलर पनि कम्युनिस्ट विरोधी थिए तर पनि उनी एउटा अत्याचारी थिए। हामीहरू पापलाई घृणा गर्छौं तर पापीलाई प्यार गर्छौं।

## पाश्चात्यमा पनि म किन दुःखित छु ?

यहाँ पश्चिमका देशहरूमा म कम्युनिस्ट देशहरूमाभन्दा बढ़ता मनमा व्यथाको अनुभव गर्छु।

मेरो व्यथाको पहिलो कारण हो—गुप्त-मण्डलीको अवर्णनीय सुन्दरता-हरू जसको याद मलाई आइरहन्छ अनि जसलाई हेर्नको निम्ति मेरो मन तड़पिरहन्छ। किनभने गुप्त-मण्डलीले लाटिन भाषामा भएको एउटा प्राचीन कथनलाई स्पष्ट रूप दिन्छ "नुडिस, नुडुम, ख्रीष्टी सेक्वुई" अर्थात् 'नाङ्गो प्रभु ख्रीष्टलाई नाङ्गै पछ्याऊ'।

कम्युनिस्टहरूका शिविरमा 'मानिसको पुत्र' तथा उहाँका चेला-चेली-हरूलाई कहीं पनि शिर राख्ने जगहसम्म पनि छैन। त्यहाँ ईसाईहरूले आफ्नो पैसा खर्च गरी घरहरू बनाउँदैनन् किनकि तिनीहरू कैदमा परेको दिन सरकारले ती सबै जफ्त गरी आफ्नो बनाइहाल्छ। त्यस माथि पनि

तपाईंको एउटा नयाँ घर छ भनी लोभी कम्युनिस्टहरूले त्यो घर हात-पार्नलाई तपाईंलाई कैदमा पठाउने अझ बेसी निहुँहरू मात्र पाउँछन्। —त्यहाँ तपाईं आफ्नो पिताको शव दफन गर्न जानुहुन्न, न त प्रभु ख्रीष्टको पछि लाग्नका निम्ति कोहीसित विदा लिनुहुन्छ— को हुन् तपाईंकी माता? को हुन् तपाईंको भाइ? को हुन् तपाईंकी बहिनी?—यो विषयमा तपाईं प्रभु ख्रीष्ट जस्तै हुनुहुन्छ कारण तपाईंकी माता, भाइ वा बहिनी केवल तिनीहरू हुन् जसले परमेश्वर पिताको इच्छा पूरा गर्छ। त्यहाँ, तपाईंको स्वाभाविक नाता, शाखा-सन्तान-सम्बन्धको के महत्व नै छ, जहाँ दुल्हीले दुल्हालाई, छोरा-छोरीले माता-पितालाई, स्वास्नीहरूले पतिहरूलाई गुप्त-पुलिसका अघि दोष्याउँछन्। त्यहाँ केवल आत्मिकी सम्बन्ध मात्र चोखो रहनेछ।

गुप्त-मण्डली गरीब अनि पीड़ित छ तर त्यहाँ सेलाइएको सदस्यहरू छैनन्।

गुप्त-मण्डलीको प्रत्येक सेवा आराधना उन्नाइस सय साल अघिका शुरू शुरूका मण्डलीको सेवा आराधना जस्तो हुन्छ। त्यहाँ उपदेशकले धुरन्धर आध्यात्मविद्या जन्दैनन्। आध्यात्म-विद्याका प्राध्यापकले प्रेरित पीटरले पेन्तिकुसको दिनमा दिनुभएको उपदेशलाई जाँच गरे एकदमै कम अंक दिनेछन्। बाईबलहरू बिरले र दुर्लभ भएकोले कम्युनिस्ट देशहरूमा बाईबलका पदहरू उस्तो जानिंदैन अनि हुनसक्छ उपदेशकहरूले बाईबल बिना धेरै वर्ष कैदमा बिताएका हुन्छन्।

जब तिनीहरूले परमेश्वर पितामाथि तिनीहरूको विश्वास व्यक्त गर्छन् तब त्यो कोही साधारण कुरो होइन किनभने यस प्रकारका अभिव्यक्तिको अन्तकरणमा धेरै गहन कुराहरू हुन्छन्। भ्यालखानमा तिनीहरूले परमेश्वर

पितालाई दिनदिनै रोटी माँग्छन् अनि उत्तरमा तिनीहरूले भनी नसक्ने फोहोर, गन्दा बन्दा कोबी पाउँछन्। तापनि तिनीहरूले परमेश्वरलाई प्यार गर्ने पिताको रूपमा विश्वास गर्छन्। तिनीहरू अय्युब जस्ता छन् जसले भने, 'परमेश्वरले मेरो प्राण लिए पनि म उहाँमाथि विश्वास गर्न छाड्ने छुइनँ'। तिनीहरू हाम्रा मसीह प्रभु जस्तै छन् जसले क्रुसमा टांगिएको बेला त्यागिएको जस्तै देखिए तापनि, परमेश्वरलाई उहाँले पिता भनी पुकारे।

गुप्त-मण्डलीको आत्मिकी सौन्दर्य र मनोहरताको विषयमा जसलाई अनुभव छ, तिनीहरू पश्चिमका कति मण्डलीहरूको खोक्रोपनले कहिले पनि सन्तुष्ट हुन सक्तैनन्।

कम्युनिस्ट भयाळ्खानहरूभन्दा मलाई यहाँ पश्चिमका देशहरूमा बढ्ता दुःखको अनुभव हुन्छ किनभने मैले आफ्नै आँखाले पश्चिमी सभ्यता पतन भइरहेको हेरिरहेको छु। ओसवल्ड स्पेङ्लरले 'पश्चिमको पतन' ( Decline of the West ) भन्ने पुस्तकमा लेखेका छन्—

"तिमीहरू नष्ट हुँदैछौ। म तिमीहरूमा विनाश र अवनतिका कलंकहरू लागेको देख्छु। तिम्रा धनराशि र दारिद्र्य, पूंजीवाद र समाजवाद, लड़ाई र क्रान्तिहरू, नास्तिकता र निराशावाद, व्यंगात्मक प्रवृति र उपहास, अनैतिकता र भ्रष्टता, टुटेका दाम्पत्य जीवन र परिवार नियोजन आदिले तिम्रो समाजको निम्नतम स्तरदेखि उच्चतम स्तरसम्मका मानिसहरूलाई विध्वंश परिरहेको छ—प्राचीनकालका गौरवमय शहर औ देशहरू आलेकजान्ड्रिया, ग्रीस, विकार रोग युक्त रोम शहरको अधोगति र पतनका लक्षणहरू यिनै थिए भनी प्रमाण गर्न सकिन्छ।"

उक्त पुस्तक १६२६ सालमा लेखियो। तबदेखि उसो आधा सरो गरी यूरोप महादेश र सुदूर क्युबा द्वीपमा पनि प्रजातन्त्र शासन प्रणाली र सभ्यता लुप्त भयो अनि बाँकी यूरोप सुप्त अवस्थामा छ। तर कम्युनिस्टहरूको सामर्थ र शक्ति कहिले पनि सुत्दैन। पूर्वी यूरोपका कम्युनिस्टहरू निराश छन् अनि तिनीहरू कम्युनिस्टवादको भ्रमदेखि मुक्त भएका छन् तर पश्चिममा कम्युनिस्टहरूको चड्क-भड्क जस्ताको तस्तै छ। तिनिहरूले कम्युनिस्ट देशहरूमा भएका अत्याचार, प्रताडना र सताईका समाचारहरूमा झ्वाम्मै विश्वास गर्दैनन्। तिनीहरूले बड़ो उत्साहसाथ तिनीहरूका मत घरहरूका बैठकखानाहरू, शहर भित्रका गल्लीहरू, बुद्धिजीवीहरूका क्लबहरू, कालेजहरू र मण्डलीहरूमा ल्याउँछन्। हामी ईसाईहरू मन नगरी नगरी 'पूर्ण सत्य'-को पछि लाग्छौं तर तिनीहरू पूर्ण मन लिई 'झूठ'-को पछि लाग्छन्। त्यति बेला पश्चिमका अध्यात्मवादका विद्वानहरू मामूली नगण्य विषयहरू लिएर ठूला ठूला तर्कहरू गर्छन्।

मलाई याद आउँछ—महम्मद द्वितीयका सेनाले १४६३ सालमा कोन्सटान्टिनोपल शहरलाई घेरामा हालेको थियो। उक्त घटना एउटा चतलाग्दो, महत्वपूर्ण ऐतिहासिक सम्भावनाले पूर्ण घटना थियो—आउँदो शताब्दीहरूमा बाल्कान प्रायद्वीपको सत्ता कसको हातमा हुनपर्ने—ईसाईहरूको अथवा मुसलमानहरूको? यस जटिल, विकट समस्याको समाधान हुनपर्ने महत्वपूर्ण समय थियो। यस्तो जटिल परिस्थितिमा जब तिनीहरूका भविष्य मात्र होइन तर तिनीहरूको देशहरू तथा यूरोपको एक विशाल भागको भविष्य निर्धारित गर्ने स्थितिमा, कोन्सटान्टिनोपलका स्थानीय ईसाई मण्डली समितिले—माता मरियमको आँखाको रङ्ग, स्वर्गदूतहरूका

लिङ्ग, चोख्याएको नलमा भीङ्गा पसे भीङ्गा शुद्ध हुने कि बल अशुद्ध हुने इत्यादि थोत्रा नगण्य विषयमा तर्क-वितर्क गर्दैथिए। यो एउटा कथित घटना होला तर तपाईंहरू हिजआजका मण्डली-समाचार-पत्र-पत्रिकाहरू पढ्नुहोस् अनि तिनीहरूमा तपाईंले त्यस्तै प्रश्नहरूमाथि तर्क गरिएका लेखादि पढ्न पाउनुहुन्छ। तिनीहरूमा कम्युनिस्टवादको खतरा तथा गुप्त-मण्डलीका असाध्य दुःखहरूका विषयमा लेख र खबरहरू विरले छापिन्छन्। तिनीहरूमा आध्यात्मवादका विधि-विषयहरू तथा यस्तै अनावश्यक कुराहरूमा कहिल्यै नसकिने तर्कहरू बाहेक अरू केही पनि हुँदैन।

एउटा घरको बैठकखानामा एक दल व्यक्तिहरू बसीकन बातचीत गरिरहेका थिए। एउटाले प्रश्न गर्‍यो—यदि तपाईं एउटा जहाजमा यात्रा गरिरहेका बेला जहाज डुब्यो भने अनि जहाजको पुस्तकालयबाट केवल एउटै पुस्तक उठाई एउटा टापुमा भागी प्राण बचाउने मौका पाए, तपाईंले कुन चाहिं पुस्तक लानुहुन्थ्यो? एउटाले बाईबल, अर्कोले शेक्सपीयर भनी यस्तै उत्तरहरू दिए तर तिनीहरूमा एउटा लेखकको उत्तर ठीक थियो—'म त्यो किताब चुन्ने थिएँ जसले मलाई नाव बनाउनु सिकाउनेछ, अनि तब म त्यो नावमा चढी किनारामा पुग्नेछु जहाँ म मनपरी पढ्न पाउनेछु।'

सबै धार्मिक सम्प्रदायहरू र अध्यात्मवादका मतहरूलाई पूर्ण स्वतन्त्रता दिनु र कम्युनिस्टहरूले खेदो गरी लुप्त प्रायः भएकोमा खेद प्रकट गर्न कुनै एउटा आध्यात्मिक सिद्धान्तलाई जबरजस्ती अनुशीलन गर्नलाउनुभन्दा महत्वपूर्ण र आवश्यक छ।

येशू प्रभुले भन्नुभयो 'सत्यले स्वतन्त्र गर्छ' ( योहन ८.३२ ) अनि त्यही स्वतन्त्रताले मात्र सत्य ल्याउन र दिन सक्छ। यसकारण अनावश्यक कुराहरूका निम्ति बाभ्नको सट्टामा हामीहरू एकताको सुत्रमा बद्ध भई कम्युनिस्ट तानाशाहीको अत्याचार विरुद्ध स्वतन्त्रताको निम्ति संघर्ष गर्नैपर्छ।

लोह-पटभित्र भएको मण्डली माथिको अत्याचार, दुःख-दर्दको सम्भागी भई मलाई असह्य वेदना हुन्छ। सतावटको उत्पीड़न म आफैले खप्न परेकोले ती सब मेरो दृष्टिमा झल्झली आउँछ।

गत वर्षको जुन महीनामा रूसी समाचार-पत्र इजभेस्टिया र डेरेभेन्स्काइस जिबले, बेपटिस्टहरूले आफ्ना सदस्यहरूलाई पाप-क्षमाका निम्ति आफ्ना नानी बाल-बच्चाहरू भोगदिनु भनी शिक्षा दिन्छन् भनी दोष्याएका थिए। अघिका समयहरूमा यहुदीहरूलाई पनि त्यस्तै आफ्ना नानीहरू बलि गर्छन् भनी दोष्याइन्थ्यो। यसरी दोष्याइंदा के हुन्छ भनी मलाई राम्ररी जानकारी छ। १९५९ सालमा म रूमानियाका क्लुज शहरका भ्यालखानमा हुँदा, लाजरोभिसि नाउँका एउटा बन्दीलाई एउटी सानी केटी मारेको अभियोगमा बन्द गरिएको थियो। उ केवल तीस वर्ष मात्र पुगेको थियो तर सताईले गर्दा उसको केश एकै रातमा सेतो फुल्यो। उ एउटा बूढ़ो मानिस समान देखिन्थ्यो। उसका औंलाहरूमा नङ थिएन। ती नङहरू उसले नगरेको अपराध स्वीकार गर्नलाउँदा जम्मै उखेलिदिएका थिए। एक वर्षभरि अत्याचार र सताई सहेपछि उसको निर्दोषता साबित भयो र उ मुक्त गरियो तर अब स्वतन्त्रताको केही महत्व भएन कारण सदैवका लागि सर्वरूपले त्यो मानिस टुटिसकेको थियो।

बेपटिस्टहरूका विरुद्धमा सोभियत समाचार पत्र तथा खबरकागतहरूमा छापिएका सिल्ली-सिल्ली अभियोगहरू अरूहरूले पढ़िकन खुब हाँस्ने मौका पाउँछन् तर अभियुक्तहरूका निम्ति ती कस्ता यातना हुन्छन्, म खुब जान्दछु। पश्चिममा बसी बसी यी वीभत्स दृश्यहरू झल्झली आँखाको सामुन्ने आउँदा सही नसक्ने विषादले मेरो मन व्याकुल हुन्छ।

कालुगा शहरका आर्चविशप यरमोजेन र सात अरू विशपहरू कहाँ छन्? कम्युनिस्टहरूका कठपुतली पेट्रियार्क (कुल-पति) अलेक्सेइ र आर्चविशप निकोडिमले सोभियत शासन र शासकहरूसितको असीम सहयोगको विरुद्ध तिनीहरूले प्रतिरोध गरेका थिए। मैले रूमानियामा पनि यस्तै विषयमा प्रतिरोध गर्ने विशपहरूलाई भ्यालखानमा मरणावस्थामा नदेखेको भए म उपरोक्त पुण्यात्माहरूका निम्ति फिक्रि गर्ने थिइनँ।

मण्डलीको निम्ति धार्मिक स्वतन्त्रताको माँग गरेको कारण पेट्रियार्कले मण्डलीका सेवक निकोलाई एश्लीमेन र ग्रेब याकुमिनलाई अनुशासन सिकाए। पश्चिमका जनताले यति मात्र जान्दछ र बुझ्छ—तर म भ्यालखानमा रुमानियाका भ्लाडिमिरेस्टी शहरका पुरोहित इयोनसित थिएँ जसलाई यस्तै अनुशासन सिकन भ्यालखानको सताई र अत्याचार सहन पर्‍यो। बाहिरी रुपले यो केवल ईसाई मण्डली सम्बन्धी अनुशासन देखा पर्छ तर कम्युनिस्ट देशहरूका सबै सरकारी मण्डलीका अगुवाहरू गुप्त पुलिससित मिलि-जुलि काम गर्छन् र अनुशासनमा राखियो र सिकाइयो भने पछि कैदखानाको अत्याचार, सताई, चुटाई, मताई तथा मगज-धुलाई इत्यादि हुन्छन्।

कम्युनिस्ट शिविरमा खेदो गरी सताइएका ती विश्वासीहरूको दुःख-दर्द सम्झी म डरले काम्छु। फेरि तिनीहरूका दानवी अत्याचारीहरूको माथि अनन्त दण्डको आज्ञा देखी म डरले काम्छु अनि आफ्ना खेदो गरिएका भाइ-बहिनीहरूको परवाह नगरेको देख्दा पश्चिम देशहरूका ईसाईहरूका निम्ति म शंकित भई काम्छु।

म, मित्र हृदयको गहराईमा, आफ्नो बगैंचाको सौन्दर्य्यमा मुग्ध भई बस्न चाहन्छु अनि यस्तो विस्तृत संग्राममा केही भाग लिन चाहँदिन। म दुनियाँको कोलाहलदेखि दूर एउटा एकान्त स्थानमा शान्तिप्रिय विश्राम-को जीवन-यापन गर्न चाहन्छु तर यो कुरो सम्भव छैन। कम्युनिस्टवाद संघारमा उभिरहेको छ। जब कम्युनिस्टहरूले तिब्बत देशलाई आफ्नो बलले मीचे तब त्यहाँका धार्मिक विषयमा मात्र अभिरुचि लिने जम्मै व्यक्तिहरूलाई नाशे। हाम्रो देशमा पनि तिनीहरूले वास्तविकताबाट अलग बस्नेहरू सम्मैलाई नाशे। विदेशीहरूको आँखामा धुलो हाल्नलाई मात्र एक-दुइ सेवालय मठहरू बाहेक अरू सबैलाई तिनीहरूले बन्द गराए। यसकारण मैले खोजेको शान्ति र विश्राम वास्तविकतालाई सामना गर्न न-सकी लुकेर भागेका जस्तो छाँट हुने भयो औ यो मेरै आत्माको निम्ति हानिकारक हुनेथियो।

व्यक्तिगतरूपले यो अत्यन्त नै जोखिमको कुरो भए तापनि मैले यो संघर्षको नेतृत्व गर्नै पर्नेछ। म हराएँ तथा लापता भएँ भने कम्यु-निस्टहरूले मेरो अपहरण गरे भनी तपाईंहरूलाई थाहा होस्। १९४८ सालमा मेरो अपहरण सड्के बीचबाट भयो अनि मलाई एउटा नकली नाउँ दिएर भ्यालखानमा बन्दी राखे। त्यति बेला हंगेरीका गृहमन्त्री श्रीमती

अन्ना पवकरले, 'वर्मब्राण्ड कोपेनहेगेन नगरको सड्कहरूमा डुलिहिंड् देछ' भनी स्वीडेन देशको राजदूत सर पेट्रिक भोन रूटरस्वाएर्डलाई भनी। तर राजदूतको गोजीमा मैले सरकारी नजर बचाई भगालखानबाट पठाएको चिट्ठी थियो अनि श्रीमती पवकरले सरासर झूठ बोल्दैछे भनी उनलाई थाहा थियो। यस्तो किसिमको घटना फेरि हुनसक्छ। यदि मेरो हत्या भयो भने मेरा हत्याराहरू कम्युनिस्टहरूले नै खटाएका हुनेछन् नत्र मेरो हत्याको निम्ति कसैको केही अभिप्राय छ न कारण नै छ। यदि मेरो चरित्रमा भ्रष्टता, चोरी, व्यभिचार, देशद्रोह, झूठ तथा यस्तै कलङ्कित गराउने अफवाह तपाईंहरूले सुन्नुभयो भने, सम्झनु होस् गुप्त पुलिसले मलाई दिएको धम्की पूरा भइरहेको छ—'तिमीलाई नैतिक तौरले पतन गराई तिम्रो सर्वस्व नष्ट गरिदिनेछौं।'

एउटा विश्वस्त सुत्रबाट थाहा लागेको छ अमेरिकन संसदका बैठकमा मैले गवाही दिएपछि रूमानियाका कम्युनिस्टहरूले मेरो हत्या गर्ने निश्चय गरे। तिनीहरूले मेरो शारीरिक हत्या र चरित्र अथवा प्रतिष्ठामा कलङ्क लगाउने प्रयत्न गर्नेछन्। रूमानियामा भएका मेरा प्रिय मित्रहरूलाई आफ्नो आतङ्कको शिकार बनाई तिनीहरूले ममाथि दबाव ल्याउने प्रयत्न गर्नेछन् अनि तिनीहरूसित यस्ता सामर्थी साधनहरू धेरै छन्।

तर म चुप बस्न सक्तिनँ। मेरा कथनहरूलाई राम्ररी विचार गर्न तपाईंहरूको कर्त्तव्य हो। अतीतका भयानक अनुभवहरूले गर्दा ममा अत्याचार र सताईको अमानुषिक डर र घृणाको उद्विग्नता पैदा भएको छ भनी सम्झनुहुन्छ भने पनि कम्युनिस्टवाद जसले आफ्नो नागरिकहरूका हृदयमा यस्ता डर र घृणाको उद्विग्नता पैदा गर्छ, त्यो कस्तो किसिमको भीषण शक्ति

छो भनी तपाईं आफैले बुझ्नुपर्ने कुरो हो । यसमा त्रास उब्जाउने कस्तो सामर्थ छ—आफ्नो परिवारको मानिसहरू बन्दुकको गोलीको शिकार हुनुपरे तापनि, आफ्नो ज्यानको परवाह नगरी साना नानीलाई बुल-डोजरमा चढाई सीमानाको काँडे तार पार गरेर पूर्व जर्मनीबाट भाग्ने साहस गर्छन्—त्यो कस्तो किसिमको शक्ति हो ?

पश्चिमका देशहरू निद्रामा मस्त छन् अनि तिनीहरूलाई जगाउनु पर्नेछ ।

मानिसले आफूले सहन परेको दुःख-पीड़ाको दोष कोही अर्को व्यक्ति वा वस्तुमाथि थोप्न खोज्छ । त्यसो गर्न पाए उसको मनको पीर धेरै हलुङ्ग हुन्छ । म त्यसो गर्न असमर्थ छु ।

कम्युनिस्टवादसित मिलजुल गर्ने पाश्चात्य मण्डलीहरूका कतिपय अगुवाहरूलाई म दोष दिन सक्तिनँ । कारण यो दुष्कर्म उनीहरूले पैदा गरेको होइनन् तर धेरै पुरानो हो । यिनीहरू आफै अघिदेखि चलि-आएको यस दुष्ट्याईंका शिकारहरू हुन् । वर्त्तमान मण्डलीमा भएको गड़बड़ी र गोलमालको सृष्टि तिनीहरूले गरेको होइनन् । तिनीहरू त्यसमा मुछिन पुगे ।

पश्चिममा आएपछि मैले आध्यात्म-विद्याका धेरै प्रशिक्षण शिक्षालयहरू हेरें । त्यहाँ मैले सेवालयको घण्टी तथा भजन-स्तुति-पाठका इतिहास र हिजआज काममा नआउने प्राचीन धर्म विधान र लुप्तप्रायः भएका मण्डली अनुशासन सम्बन्धी भाषणहरू सुनें । आध्यात्म-विद्याका विद्यार्थीहरूले बाईबल-मा भएका सृष्टिका बयान, आदमको चरित्र, जल-प्रलय र मुसाका आश्चर्य कर्महरू असत्य हुन्, घटनाहरू घटेपछि भविष्यवाणी लेखिएको हो, प्रभु

मसीहका अस्थिहरू कहीं एउटा चिहानमा अझसम्म पड़िरहेका छन्, सन्त पावलले लेखेका पत्रीहरू सत्य होइनन् अनि प्रकाशित वाक्य एउटा पागलको कृति हो अनि यी सब हुँदाहुँदै पनि बाईबल एउटा पवित्र पुस्तक हो भनी सिक्दैगरेको मैले देखेको छु। ( अब हामीहरूका बाईबल कम्युनिस्ट खबरकागतहरूभन्दा बढ़ता झूठले भरेको पवित्र पुस्तक हो भन्ने देखा पर्छ )।

मण्डलीका वर्त्तमान अगुवाहरूले पनि प्रशिक्षणशालाहरूमा यस्तै शिक्षा-हरू अध्ययन गरे अनि यिनीहरू यस्तै वातावरणमा बस्छन्। यिनीहरूले यस्तो बदनाम भएको प्रभुमाथि विश्वास किन गर्नु ? मण्डलीका विश्वास-पात्र हुनु तिनीहरूलाई के खाँचो छ जब परमेश्वर मरे भनी यी मण्डली-हरूमा खुलस्त रूपले शिक्षा दिइन्छ ?

यिनीहरू सरकारी मण्डलीका अगुवाहरू हुन्—प्रभु मसीहकी दुल्ही होइनन्। तिनीहरू यस्ता मण्डलीहरूका अगुवाहरू हुन् जहाँ धेरैले धेरै समय अघिदेखि प्रभुलाई धोखा दिइसकेका छन्। जब तिनीहरूले प्रभुका निम्ति सर्वस्व बलिदान गर्ने र दुःख-पीड़ा सहने गुप्त-मण्डलीका विश्वासी-हरूलाई भेट्छन् तब तिनीहरूले कुनै अनौठो व्यक्ति देखेको जस्तै गरी छक्के परेर हेर्छन्।

मानिसहरूलाई तिनीहरूको दृष्टिकोणको एक पाखे न्याय गर्न उचित छैन। त्यसो गर्यौं भने हामीहरू ती फरीसीहरू जस्ता हुनेछौं, जसले विश्राम दिनलाई मान्यता नदिंदा प्रभु येशूलाई अनुचित ठाने। यसले गर्दा तिनीहरूका आँखा यति अन्धा भयो कि प्रभु येशूको कति तिनीहरू-लाई मन पर्ने गुणहरू पनि तिनीहरूले ठ्याम्मै देख्न सकेनन्।

त्यही मण्डलीका अगुवाहरू कम्युनिस्टवादप्रति भूल धारणा राखे तापनि कति अरू विषयहरूमा ठीक हुनसक्छन् अनि व्यक्तिगतरूपमा ईमानदार हुनसक्छन् ।

तिनीहरूले जुन कुराहरूमा भूल गरिरहेका छन्, त्यसमा सुधार र परिवर्त्तन हुनसक्छ ।

एकपल्ट मैले रूमानियाका सरकारी ओरथोडक्स मण्डलीका धर्माध्यक्ष-सित कुराकानी गर्ने अवसर पाएँ । तिनी कम्युनिस्टहरूका मानिस थिए अनि आफ्नै झुण्डका भाइ-बहिनीहरूलाई गुप्त पुलिसका अघि दोष्याउँथे । मैले उनको हात आफ्नो हातमा राखी तिनलाई उड़ाऊ पुत्रको उखान भनें । साँझ पर्दैथ्यो अनि हामीहरू बाहिर फूलबारीमा थियौं । मैले भनें, 'हेर्नुहोस्, परमेश्वर पिताले कत्रो प्यारसाथ पश्चाताप गरी फर्कि-आउने पापीको पनि स्वागत गर्नुहुन्छ अनि उहाँले एउटा पश्चातापी विशपको पनि स्वागत गर्नुहुनेछ ।' मैले भजनहरू पनि गाएँ अनि तिनले प्रभुलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गरे ।

मसित झ्यालखानको एउटै कक्षमा एउटा अरथोडक्स पुरोहित थियो । चाँडै छुटकारा पाउने आशामा तिनले नास्तिक व्याख्यानहरू लेख्थे । तिनीसित मेरो कुराकानी भएपछि तिनले लेखेका लेखहरूका कागजहरू टुक्रेटुक्रा गरी च्याते अनि आजीवन छुटकारा नपाए तापनि अब उनले परवाह नगर्ने भए ।

म कसैलाई दोषी बनाउन सक्तिनँ अनि यस प्रकारले मेरो मनमा भएको पीरको बोझ हलुङ्ग बनाउन सक्तिनँ ।

मेरो मनमा एउटा अर्को दुःख छ। मेरा घनिष्ट मित्रहरूको पनि म-प्रति भूल धारणा छ। कम्युनिस्टहरूप्रति मेरो मनमा कटुपन र वैमनस्य छ भनी तिनीहरूले आरोप लाउँछन् तर यो कुरो सरासर असत्य हो।

मोशाको व्यवस्था सम्बन्धी लेख्ने क्लड मोन्टेफियोरको कथन अनुसार प्रभु येशूको शास्त्री र फरीसीहरूप्रतिको दृष्टिकोण, जनसाधारणको अघि तिनीहरूलाई खुल्लमखुल्ला दोष दिएका कुरा, प्रभु येशूको आफ्ना शत्रुहरू-लाई प्यार गर र आफूलाई श्राप दिनेहरूलाई आशीष देऊ भन्ने उक्तिहरू-का विपरीत छन्। हालेका अवकाश-प्राप्त सेण्ट पावल्स लण्डनका अध्यक्ष डा० डबल्यू० आर० मेथिउजको विचारमा प्रभु येशू बुद्धिजीवी थिएनन् यसर्थ उहाँको वचनमा सामञ्जस्य र समन्वय नहुनु स्वभाविक हो भनी आफ्नो राय प्रकट गरेका छन्।

प्रभु येशूप्रति मोन्टेफियोरको धारणा भूल थियो। उहाँले फरीसी-हरूलाई जनसाधारणको सामुन्ने दोष्याए तापनि उहाँले फरीसीहरूलाई प्यार गर्नुहुन्थ्यो। म पनि कम्युनिस्टहरूलाई दोष्याउँछु तर म तिनीहरू अनि मण्डलीका तिनीहरूका कठपुतलीहरूलाई प्यार गर्छु।

बारम्बार मैले यही सुन्नुपर्छ, 'कम्युनिस्टहरूलाई बिर्सिदेऊ! केवल आत्मिक-सेवा गर।'

नाजीहरूको अत्याचारको शिकार भएको एउटा विश्वासी भाइसित मेरो भेट भयो। यदि कम्युनिस्टवादका विरुद्धमा मैले केही कुरा नगरी केवल प्रभु मसीहको गवाही मात्र दिए उनी मसित पूर्णरूपले सहमत छन् भनी उनले मलाई भने। मैले उनलाई सोधें—"यदि जर्मनीमा हिटलर-को विरुद्धमा एक शब्द पनि प्रयोग नगरी केवल बाईबलका शब्दहरूमा

सीमित भई हिटलरवादका विरोधीहरूले संघर्ष गरेको भए, के त्यो उचित हुने थियो ?"

"तर हिटलरले ता साठ लाख यहूदीहरूका संहार गरे, यसर्थ एक न एकले ता उनको विरुद्धमा बोल्नुपर्ने नै थियो", उनले उत्तर दिए ।

मैले भनें, "कम्युनिस्टवादले तीन करोड़ रूसी र कति करोड़ चिनियाँ तथा अन्य-अन्य जातिका व्यक्तिहरूको संहार गरिसकेको छ । त्यसले धेरै यहूदीहरूको पनि संहार गरेको छ तर के यहूदीहरूको हत्या हुँदा मात्र प्रतिरोध गर्नु र रूसीहरूको संहार हुँदा चाँहि केही पनि नगर्नु ?"

"यो अर्कै कुरो हो" भनी तिनले कुरा टारे तर के चाँहि कसरी अर्कै कुरो हो, तिनले मलाई केही बताएनन् ।

म हिटलर र कम्युनिस्टवाद दुवै समयमा चुटाईमा परें तर ती दुइमा मैले केही अन्तर देखिनँ । मेरो निम्ति दुवै दुःखदायी थिए ।

ईसाई धर्मले कम्युनिस्टवाद बाहेक पापको विभिन्नतासित संघर्ष गर्नुपरेको छ । केवल यही एउटा समस्यामात्र हामीले सामना गर्नुपरेको छैन । अहिलेको निम्ति कम्युनिस्टवाद ईसाई धर्मको सबभन्दा महान र खतरनाक शत्रु हो अनि त्यसले गर्दा हामीहरू एकै हुनेपरेको छ ।

म फेरि यही कुरा भन्ने धृष्टता राख्छु, 'मानिसको उद्देश्य प्रभु येशू समान हुनु हो' अनि यो उद्देश्यदेखि विमुख पार्नु नै कम्युनिस्टहरूको मूल लक्ष्य हो । तिनीहरू प्रथमतः धर्मविरोधीहरू हुन् । मृत्युपछि मानिस नून र धातुहरू बाहेक अरू केही हुँदैन भनी तिनीहरू विश्वास गर्छन् । तिनीहरू सम्पूर्ण जीवन भौतिक पदार्थको स्तरमा बिताउने इच्छा गर्छन् ।

तिनीहरूसित केवल 'राशि' तथा 'समूह'-को मात्र ज्ञान छ। येशू प्रभुले दुष्टात्माको नाउँ सोद्धा, दुष्टात्माले जुन उत्तर दियो—"हामीहरू सेनाहरू हौं" सोही उत्तर कम्युनिस्टहरूको पनि हुन्छ। परमेश्वरले मानव जातिलाई दिनुभएको सर्वोत्तम देन, व्यक्तिको विशिष्ट व्यक्तित्व र अस्तित्व-लाई कम्युनिस्टवादले चूर-चूर गरी नष्ट पारिदिन्छ। तिनीहरूले एउटा मानिसलाई कैदको सजाई दिए किनभने त्यो मानिससित अल्फ्रेड आडलर-को 'विशिष्ट व्यक्तिको मनोविज्ञान' (Individual Psychology) भन्ने पुस्तक थियो। त्यो पुस्तक देखेर तिनीहरू चिच्याए 'वाह! विशिष्ट व्यक्ति। किन समूह नहुनु?"

प्रभु येशूले हामीहरूलाई व्यक्तिगत विशेषता भएको विशिष्ट व्यक्ति भएको चाहनुहुन्छ। यसकारण हाम्रो र कम्युनिस्टहरूका बीचमा कुनै किसिमले सामञ्जस्य हुने सम्भावना पटक्कै छैन। यो कुरो कम्युनिस्टहरूले राम्ररी जान्दछन्।" नौका इ रेलिजिया" अर्थात् 'विज्ञान र धर्म' पत्रिका-मा तिनीहरू लेख्छन्, "धर्म र कम्युनिस्टवाद परस्पर विरोधी हुन्। कम्यु-निस्टवाद धर्मको विरोधी हो……कम्युनिस्ट पार्टीका योजनाहरू धर्मको निम्ति घातक हुन्। एउटा नास्तिकी समाज स्थापना गरी मानिसहरूलाई सँधैंको निम्ति धर्मका बन्धनहरूबाट छुटाइदिनु कम्युनिस्ट पार्टीको ध्येय हो।"

के ईसाई धर्म र कम्युनिस्टवादको सह-अस्तित्व हुनसक्छ? कम्यु-निस्टहरूले यसरी उत्तर दिन्छन्, "कम्युनिस्टवाद धर्मको निम्ति घातक प्रहार हो।"

# पाचौं अध्याय

अब म फेरि गुप्त-मण्डलीको विषयमा वर्णन गर्नेछु ।

गुप्त-मण्डली बड़ो कठिन परिस्थितिको माझमा काम गर्छ । सबै कम्युनिस्ट देशको मत नास्तिकवाद हो । कम्युनिस्ट सरकारले बूढ़ा-बूढ़ीहरूलाई आफ्ना विश्वासका निम्ति थेर-थोर स्वतन्त्रता दिन्छन् तर जवान अनि नानीहरूले परमेश्वर र धर्ममाथि विश्वास गर्न पाउँदैनन् । यी देशहरूका समस्त माध्यम—रेडियो, टेलिभिजन, सिनेमा, थिएटर, समाचार पत्र-पत्रिका, तथा सबै पर्चा, पत्र-पत्रिकाको प्रकाशन गर्नको लक्ष्य नै परमेश्वर माथि गरिएको विश्वास उखेली फ्याँकनु हो ।

सर्वसत्तात्मक राज्यको विशाल सामर्थ्यको सामना गर्नलाई गुप्त-मण्डलीको थोरै मात्र उपाय र साधनहरू छन् । गुप्त-मण्डलीका सेवकहरूले आध्यात्म विद्याको तामिल लिएका छैनन् । त्यहाँ यस्ता पास्टरहरू धेरै छन् जसले बाईबल सम्पूर्णरूपले पढ़ेकै छैनन् ।

यी देशहरूमा पास्टरहरूका अभिषेक कसरी गरिन्छ भनी म बताउनेछु । रूसका एउटा गुप्त जवान पास्टरसित हाम्रो भेट भयो । मैले तिनलाई तपाईंको अभिषेक कसरी भयो भनी सोधें । उहाँले बताउनुभयो, "हामीहरूको अभिषेक गर्नलाई हामोसित कोही पक्का विशप थिएनन् । सरकारी विशपले केवल कम्युनिस्टहरूले स्वीकृति दिएका व्यक्तिहरू मात्रको अभिषेक गर्छन् । यसकारण हामी दश जवान विश्वासीहरू एउटा शहीद विशपको

समाधिमा गयौं। त्यहाँ हामीहरूमा दुइ जनाले हाम्रा हात समाधिको ढुँगामाथि राख्यौं अनि बाँकी अरू भाइले हामीहरूलाई चारैपाट्टबाट घेरा लाए। तब हामीहरूले पवित्र आत्मालाई 'हामीहरूको अभिषेक गर्नुहोस्' भनी प्रार्थना चढ़ायौं। हाम्रो अभिषेक प्रभु मसीहले आफ्नो कीलो ठोकी माँगेको हातले गरे भनी हाम्रो दृढ़ विश्वास छ।" परमेश्वरको अघि यस युवकको अभिषेक युक्तिसंगत तथा समर्थनीय छ भनी म स्वीकार गर्छु।

कुनै धार्मिक शिक्षाको तामिल नपाएको बाईबलका कुराहरू राम्ररी नजान्ने यस्तै प्रकारले अभिषेक भएका व्यक्तिहरूले प्रभु मसीहको सेवा कार्य गर्छन्। यो मण्डली प्रथम शताब्दीको मण्डली जस्तो छ। त्यस बेलाको संसारमा प्रभु मसीहको निम्ति हलचल मचाउने ती चेलाहरूले धार्मिक प्रशिक्षणालयहरूमा तामिल पाएका थिए र? के तिनीहरूले पढ्न जान्दथे? के तिनीहरूसित बाईबल थिए? तिनीहरूले बाईबल कहाँ पाए? तर परमेश्वर स्वयं तिनिहरूसित बात गर्नुहुन्थ्यो।

हामीहरूको गुप्त-मण्डलीमा ठूल-ठूला सेवालय तथा केथिड्रलहरू छैनन् तर के यी केथिड्रलहरू नीलो आकाशभन्दा सुन्दर हुनसक्छ जसलाई हेर्दै हामीहरू निर्जन बनहरूमा एकत्रित भई गुप्त सेवा गर्छौं! चरा-चुरुङ्गीका गुण-गानले बाजाको स्थान लिन्छ। अनि फूलहरूका सुबासना हामीहरूका सुगन्धित तेल हुन्। केदबाट भर्खरै फर्किआएका विश्वासीहरूका फाटि-सकेका पुराना वस्त्रहरू पाद्री पुरोहितका भव्य लबादाहरूभन्दा चित्ताकर्षक तथा प्रभावोत्पादक हुन्। चन्द्रमा र तारागण हामीहरूका मोमबत्तीहरू हुन्। यो सबै बत्तीहरू बाल्नका निम्ति स्वर्गका दूतगण वेदी-सेवकहरूका रूपमा उपस्थित हुन्छन्।

म गुप्त-मण्डलीको सौन्दर्य्यको पूरा पूरा बयान कहिल्य गर्नु सक्तिनँ। प्रायः मुप्त सेवापछि विश्वासीहरू पकड़ामा पर्छन् र कैदमा थुनिन्छन्। एउटी दुल्हीले जसरी आफ्नो प्रियतमले प्रेमोपहारमा दिएको रत्न सहर्ष लगाउँछे उसरी नै तिनीहरूले हातकड़ी सहर्ष लगाउँछन्। झ्यालखानको भयंकर यातना र अत्याचारको आँधी बेहीको माझमा पनि तिनीहरू शान्त र सन्तोषित रहन्छन। त्यहाँ सब प्रभु येशूले आफ्नो प्यार दर्शाउनुहुन्छ अनि तपाईंलाई दःक्नुहुन्छ। उहाँले आफ्नो प्यारको अंगालो हाल्नुहुन्छ अनि त्यस प्यारको अनुभवमा तपाईं राजा-धिराजहरूसित पनि आफ्नो वर्तमान स्थान साट्न चाहनुहुन्न। केवल बाईबलमा, गुप्त-मण्डलीमा र झ्यालखानमा मात्र मैले प्रभुमा आनन्दित रहने विश्वासीहरू देखेको छु।

गुप्त-मण्डलीमाथि घोर अत्याचार गरिन्छ तर पनि गुप्त पुलिस तथा सरकारी अधिकारीवर्गका माझमा गुप्त-मण्डलीका धेरै हितैषी मित्रहरू पनि छन्। यी गुप्त विश्वासीहरूले समय समयमा-गुप्त मण्डलीको सहायता र रक्षा गर्छन्।

हालैमा कति रूसी समाचार पत्रहरूले ईसाई विश्वासीहरूको बढ्दो संख्याको विषयमा शिकायत गरी खबरहरू छापेका थिए। यिनीहरू बाहिरी रूपले कम्युनिस्ट तर असलमा गुप्त विश्वासी अनि गुप्त-मण्डलीका सदस्य हुन् अनि कम्युनिस्ट ताकत र अधिकार कै विभागहरूमा तथा यस्तै सबै अन्य स्थानहरूमा काम गरिरहेका छन् भनी रूसी प्रेसले बताएका थिए।

कम्युनिस्ट प्रेसले प्रसारण विभागमा काम गर्ने एउटी युवतीको विषयमा यस्तो विवरण दिएको छ—उक्त युवती बेलुकी कामबाट छुट्टी पाएर आफ्ना घर जान्छे र कामबाट फर्किआएका आफ्नो पतिसित भेट छे। सतिको

भोजनपछि त्यस दम्पत्तिले छर-छिमेकका युवक-युवतीहरूलाई एकत्रित गरी गुप्त बाईबल-अध्ययन गर्छन् अनि प्रार्थनामा समय बिताउँछन्। समस्त कम्युनिस्ट देशहरूमा यो किसिमको कुरो भइरहेको छ। प्रत्येक कम्युनिस्ट देशमा यस्ता बाहिरी रूपका अविश्वासीहरू लाखौंको संख्यामा मौजूद छन्। देखावटी सरकारी सेवालयहरू जहाँ गुप्त पुलिसले आफ्नो सख्त नजर राख्छ र जहाँ व्यर्थको नकली उपदेशहरू सुन्नपर्छ, त्यहाँ नजानु नै असल छ भनी यिनीहरू जान्दछन्। त्यहाँ जानको सट्टामा, यिनीहरू आफना जिम्मावारी र अधिकारका स्थानमा बसी गुप्तरूपले तथा शसक्त प्रभु ख्रीष्टको गवाही दिन्छन्।

गुप्त-मण्डलीका हजारौं सदस्यहरू यस्ता सम्मान र उत्तरदायित्वका पदहरूमा छन्। तिनीहरू गुप्तरूपले गुप्त स्थानहरूमा गुप्त सेवा र प्रार्थनाका निम्ति भेला हुन्छन्।

सोभियत संघ रूसमा बालक तथा बालिगको बपतिस्माको विषयमा कसैले वाद-विवाद गर्दैन, न त पोपका कुराहरू ठीक छ वा छैन भनी बहस गर्छ। तिनीहरू न त पूर्व-सतयुगवादी न पछिका हुन्। तिनीहरूले भविष्यवाणीहरूको अर्थ लगाउन जान्दैनन् यसकारण यी विषयहरूमा तिनीहरू झगड़ा गर्दैनन् तर पनि परमेश्वरको अस्तित्वको प्रमाण तिनीहरूले नास्तिकहरूलाई यति सुचारुरूपले दिएको देख्दा म एकदमै छक पर्छु।

तिनीहरूले नास्तिकहरूलाई बड़ो सरल उत्तरहरू दिन्छन्—'यदि तपाईं सब प्रकारको स्वादिष्ट भोजनहरू तयार गरिएको एउटा ठूलो भोजमा निमंत्रित हुनुभयो भने ती भोजनहरू पकाउने मान्से कोही थिएन औ ती सब स्वाभाविक रूपले तयार भयो भनी तपाईं पत्याउनुहुन्छ ? त्यसरी नै

प्रकृति हाम्रो निम्ति तयार गरिएको एउटा ठूलो भोज हो। त्यहाँ गोलभेँडा, आरू, सेव, दूध, मह इत्यादि छन् अनि यी सब मानिसका निम्ति कसले तयार गरे ? प्रकृति अन्धा छ। यदि तपाईं परमेश्वर छैन भनी भन्नुहुन्छ भने, हामीहरूलाई चाहिएका यी प्रशस्त र विभिन्न कुराहरू तयार गर्नमा अन्धो प्रकृति कसरी समर्थ भयो भनी तपाईं कसरी बताउन सक्नुहुन्छ ?

तिमीहरूले नास्तिकहरूलाई जीवन अनन्त कालसम्म रहन्छ भनी सिद्ध गर्न सक्छन् "यदि माताको गर्भमा भर्खर रचिँदै गरेको नानीसित बात हुनसक्ने भए तपाईं भन्नुहुने थियो—'गर्भमा तिम्रो जीवन अल्प समयको निम्ति मात्र हो, तत्पश्चात् तिम्रो दीर्घ वास्तविक जीवन शुरू हुनेछ।' त्यो रचिँदै गरेको नानीले के उत्तर दिनेथ्यो होला ? शायद हामीहरूले स्वर्ग र नरकको कुरा गर्दा तपाईं नास्तिकहरूले दिएकै उत्तर त्यसले पनि दिनेथ्यो होला—'गर्भको जीवन नै यथार्थ, सत्य जीवन हो, त्यस बाहेक अरू सबै परिपाटी धार्मिक मूर्खता मात्रै हुन्।' यदि त्यसले विचार गर्न सक्ने भए त्यसले आफैंसित भन्नेथ्यो होला—'मेरा हातहरू पलाउँदैछन् अनि बढ्दै पनि छन्, मलाई यिनीहरूको आवश्यकता छैन। म यिनीहरूलाई तन्काउनु सक्तिनँ। यिनीहरू किन बढ्छन् ? शायद भविष्यमा मेरो जीवनको नौलो अवस्थाको निम्ति मैले यी हातहरू चलाउनुपर्ला। मेरा खुट्टाहरू बढ्दैछन् तर तिनीहरूलाई मैले मेरो छातिपट्टि खुमच्याई राख्नपर्छ। यिनीहरू किन बढ्छन् ? शायद यसपछि मेरो जीवन एउटा विस्तृत संसारमा पुग्ला जहाँ मलाई हिंड्नुपर्ला। मेरा आँखाहरू बनिँदैछन्, हुन त अहिले म यहाँ सम्पूर्ण अन्धकारको संसार भित्र छु।

यिनीहरूको म केही आवश्यक्ता देख्दिनँ । मेरो निम्ति आँखाहरू किन ? शायद एउटा उज्यालो रंगीचंगीको संसारमा म पुग्नेछु होला ।' यस कारण यदि गर्भको रचिंदै गरेको नानीले आफ्ना वृद्धि र विकासको विषयमा सोच्नसक्ने भए त्यसले माताको गर्भको बाहिरको दुनियाँको विषयमा पहिले नहेरिनै जान्ने थियो । हामीहरू पनि त्यस्तै छ । हामीहरू कलिलो उमेरको रहिन्जेल हामीहरूका हात-पाउहरूमा बल हुन्छ तर त्यसलाई राम्ररी प्रयोग गर्ने बुद्धि हामीहरूसित हुँदैन । उमेर छिप्पिंदै जाँदा हामी-हरूका अनुभवहरूसित बुद्धि पनि विकास हुँदै जान्छ अनि आयु पूरा भए पछि हामी मरी पनि जान्छौं । हामीहरूले प्राप्त गरेको बुद्धि र ज्ञानको उपयोग गर्न नपाई हामी मरी जान्छौं भने त्यसको आवश्यक्ता नै के छ र ! त्यसरी नै गर्भमा रचिंदै गरेको नानीलाई हात-खुट्टा आदिको के खाँचो पर्छ ! यी सब पछि आउनेवाला भविष्य जीवनको निम्ति हो । हामीहरूको जीवनमा पनि यही कुरो छ । यहाँ हामीहरू भविष्य जीवनको निम्ति अनुभव र ज्ञान-बुद्धिमा वृद्धि र विकास हुँदै जानेछौं अनि मृत्यु पछि परलोकमा यो भन्दा अग्लो स्तरको जीवन बिताउन हामी तयार हुनेछौं ।

प्रभु येशूको अस्तित्व कम्युनिस्ट सिद्धान्तले स्वीकार गर्दैन अर्थात् प्रभु येशू थिंदैथिएन भनी कम्युनिस्टहरू भन्छन् । गुप्त-मण्डलीका सेवकहरूले यो कुरोको यस्तो सजिलो प्रत्युत्तर दिई खण्डन गर्छन्—"तपाईंसित कुन चाँहि समाचार-पत्र छ ? त्यो कहिलेको 'प्राभडा' हो, आजको कि हिजको ? खोई म एकछिन हेरूँ ! आहा ! यो जनवरी १४ तारीख, १९६४ सालको रहेछ ! तर यो १९६४ साल कहिलेदेखि आरम्भ भएको ? जसले जन्म नै लिएन, जसको संसारमा केही अस्तित्व नै थिएन, उसैको जन्म तिथिदेखि

आरम्भ भएको साल कसरी सम्भव हुनसक्छ ? तपाईंहरू भन्नुहुन्छ उहाँ थिँदैथिएनन् तर फेरि तपाईंहरू उहाँको जन्मकालदेखि बर्षहरूको गिन्ती गर्नुहुन्छ। समय भन्ने कुरो प्रभु येशूको अवतार हुनभन्दा अघिदेखि ने थियो तर जब उहाँ आउनुभयो तब मानिसलाई त्यसको अघिका सबै कुराहरू व्यर्थ र निरर्थक लाग्यो र उहाँसित साँचो समय शुरू भयो। तपाईंहरूकै खबरकागतहरूले प्रभु येशू कोही कल्पित व्यक्ति होइन तर ऐतिहासिक सत्य हो भनी ठोस प्रमाण दिन्छन्।"

पश्चिमी देशका कति पास्टर पाद्रीले तिनीहरूका मण्डलीका सदस्य-हरूले ईसाई धर्मका मूल सत्यहरू जान्दछन् औ यी सत्यमा अटल छन् भनी मानिलिन्छन् तर यो वास्तविक कुरो होइन। उनीहरूको उपदेशमा हाम्रो धर्म र विश्वासको सचाईको प्रमाण दिएको बिरलै सुन्न पाइन्छ तर लोह-पट ( फलामका पर्दा )-भित्र यस्तो हुँदैन। लोह पटभित्रका विश्वासी-हरूले यस विषयमा कहिल्यै शिक्षा पाएका हुँदैनन्, त्यहाँ यी विश्वासीहरूले प्रभुलाई ग्रहण गर्ने नयाँ विश्वासीहरूको हृदयमा धर्म, विश्वास र सत्यको बड़ो बलियो जग बसाल्छन्।

गुप्त-मण्डली जसलाई ईसाई धर्मको दूर्ग भने पनि सुहाँउछ, त्यो कहाँ अन्त्य हुन्छ अनि सरकारी देखावटी मण्डली कहाँदेखि शुरू हुन्छ, यी दुइलाई छुट्याउने कुनै निश्चित पर्खाल अथवा निशानी छैन। तिनीहरू आपस्तमा मिली-जुली छन्। देखावटी सरकारी मण्डलीका कति पास्टरहरू कम्युनिस्टहरूले लगाएका प्रतिबन्धहरूका सीमाना नाघेर गुप्तरूपले गुप्त सेवा कार्य गर्छन्।

सरकारी मण्डली कम्युनिस्टहरूसित सहयोग दिनेहरूको मण्डली हो अनि यसको इतिहास लामो छ।

यो 'जीवित' मण्डली रुसी क्रान्तिपछि सर्जियस नाउको ओरथोडोक्स पुरोहितको नेतृत्वमा लागै शुरू भयो।

यो 'जीवित' मण्डलीले मोस्को शहरमा त्यही बेला खुल्लमखुल्ला घोषणा गऱ्यो—"हामीहरूको लक्ष्य मण्डलीको पुनर्निर्माण होइन तर त्यसलाई समाप्त गर्न र सबै धर्महरूलाई मेटाइदिनु हो।" कस्तो सुन्दर योजना, मण्डलीको निम्ति!

हामीहरू प्रत्येक देशका आफ्ना आफ्नै सर्जियसहरू देख्छौं।

हंगेरी देशका सर्जियस रोमन कैथोलिक पुरोहित फादर बलोग थिए। उ र कति प्रोटेस्टेन्ट पाद्रीहरूले कम्युनिस्टहरूलाई देशमा पूरा अधिकार जमाउनमा पूरा सहयोग दिए।

रूमानिया देशमा ओरथोडोक्स पाद्री बरडुसियाले कम्युनिस्टहरूलाई देश हात पार्नका निम्ति सहायता दिए। यो पुरोहित नाजीकालमा एउटा नाजी तथा फासिस्ट थिए अनि अब आफ्ना अतीतका करतुतहरू ढाक-छोप गर्नलाई र कम्युनिस्टहरूलाई खुशी पार्नलाई तिनी आफ्ना कम्युनिस्ट स्वामी-हरूभन्दा बढ़ता कम्युनिस्ट हुनपऱ्यो। नयाँ कम्युनिस्ट सरकारको शासनको स्थापना हुँदैगर्दा तिनी सोभियत संघका विदेश मन्त्री श्री भाइ-सिनस्कीको छेउमा उभिएका थिए। जब श्री भाइसिनस्कीले नयाँ कम्युनिस्ट सत्ताको घोषणा गर्दै भने—"हाम्रो सरकारले यो पृथ्वीमा स्वर्गको सृष्टि गर्नेछ अब तिमीहरूलाई आकाशको स्वर्गको आवश्यक्ता पर्नेछैन"। तिनको मुहार सन्तोषको मुस्कानले उज्यालो भयो।

रूस देशका आर्च-विशप निकोदिमले कम्युनिस्ट सरकारकहाँ विश्वासी-हरूका पोल-खोल पुऱ्याउँछन् भन्ने लिखित प्रमाण छ। रूस देशको गुप्त

पुलिसको एउटा अफिसर, मेजर डेरियाबिन जसले आफ्नो काम त्यागी पश्चिममा भागेर आए, तिनले आर्च-बिशप निकोदिम रुसी गुप्त पुलिसका एउटा प्रतिनिधि हुन् भनी गवाही दिएका छन् ।

प्रायः समस्त मण्डली सम्प्रदायहरूको यही प्रकारको स्थिति छ । रूमानियाका वेपटिस्टहरूका वर्त्तमान अगुवाहरूलाई कम्युनिस्टहरूले आफना शक्तिको जोरले नियुक्त गरे । यिनीहरूले साँचो विश्वासी ईसाईहरूलाई व्यर्थ-व्यर्थका झूठा दोष दिन्छन् । रूस देशमा पनि वेपटिस्टहरूका नेता-गिरिले पनि यस्तै दोष पुऱ्याउने र दोष्याउने काम गर्छन् । रूमानियाका सेभन डे एडभेन्टिस्टहरूका अध्यक्ष टाचिसिले रूमानियामा कम्युनिस्टहरूले शासन शुरू गरेकै दिनदेखि तिनी गुप्त पुलिसकहाँ पोल-भोस पुऱ्याउने पोल्या भए भनी मलाई आफै भने ।

कम्युनिस्टहरूले हजारौं गिर्जाघरहरू तथा सेवालयहरू बन्द गरे तापनि बड़ो चलाखी र धूर्त्ततापूर्वक ईसाई धर्म र ईसाईहरूका जीवनलाई चियो गर्दै आफ्नो निगरानी र अधिकारमा राखी अन्त्यमा ईसाई धर्म र ईसाईहरूलाई निमिठ्यान्न पार्नका निम्ति दुइ-चार सरकारी गिर्जाघरहरूलाई खिड़कीहरू जस्तै खुला छाड़िराखे । साथै गिर्जाघरहरूलाई त्यसरी राख्दा आफ्नो हातको हतियार बनाउन र विदेशका भ्रमणकारीहरूका आँखामा धूलो छर्नका निम्ति कम्युनिस्टहरूलाई बड़ो सुविधाजनक भयो । मलाई पनि आफ्नो मण्डलीका सदस्यहरूका पोल हसावारी गरी गुप्त पुलिसकहाँ पुऱ्याउनै पर्छ भन्ने शर्त्तमा एउटा यस्तै सरकारी मण्डलीको पास्टरी काम तिनीहरूले दिने भए । विदेशीहरूलाई कम्युनिस्ट साहित्यको प्रभावले यी कुराहरू बुझ्नु गाह्रो पर्दोरहेछ भनी स्पष्ट रूपले देखिन्छ तर गुप्त

मण्डलीले प्रत्येक प्राणी साथै युवक युवतीका माझमा पनि उद्देश्यपूर्ण र प्रभावशाली रूपले सुसमाचार प्रचार गर्नको सट्टामा यी नकली देखावटी सरकारी मण्डलीलाई कहिले पनि ग्रहण गर्नैछैन।

सरकारी मण्डलीका धेरै जस्ता अगुवाहरू धोखाबाज भए पनि ती मण्डलीमा सत्य र विश्वासमा अडिएका साँचो विश्वासीहरू धेर-थोर मात्रामा भेट्न सकिन्छ। (पाश्चात्यका धेरै मण्डलीहरूका हाल पनि यस्तै छ भनी मेरो धारणा छ। तिनीहरूका अगुवाहरू नालायक भए पनि मण्डलीका कति सदस्यहरू सच्चा विश्वासीहरू छन्।)

ओरथोडक्स मण्डली सम्प्रदायको सेवा-उपासनाको रीतिमा केही हेर-फेर आएको छैन अनि सेवा-आराधनामा कम्युनिस्टहरूलाई प्रशंसा गर्ने उपदेशहरू दिए तापनि मण्डलीका सदस्यहरूका भोक र प्यास तृप्त हुन्छन्। लुथरन, प्रेसविटेरियन तथा अन्य प्रोटेस्टेन्ट सम्प्रदायहरूमा त्यही पुराना पुराना भजनहरूद्वारा स्तुतिपाठ हुन्छन् अनि पोलिया पास्टरहरूले तयार गरेका उपदेशहरूमा पनि केही मात्रामा परमेश्वरको वचन ता हुन्छन् नै। मानिसहरूले अघिबाट नै चिनिसकेका यी धोखाबाज पादरीहरू जसले प्रभुलाई ग्रहण गरेको पोल गुप्त पुलिसकहाँ पुर्‍याउँछन्, जसका नजरबाट आफ्नो विश्वासको सत्यता लुकाउनपर्छ अनि जसका दूषित उपदेशहरूबाट तिनीहरूले सच्चा विश्वास पाए, यी धोखाबाज पास्टर पादरीहरूकै उपदेश-द्वारा प्रभु येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गर्छन्। यो परमेश्वर पिताको एउटा महान आश्चर्यकर्म हो अनि जसको विषयमा लेव्यवस्थाको पुस्तक ११ को ३७ पदमा सांकेतिक भाषामा यस्तो लेखिएको छ—"तर छर्ने बिउमा तिनीहरूको सिनो पर्‍यो भने ता त्यो शुद्ध हुन्छ।"

न्यायसंगत कुरो गर्नु हो भने सरकारी मण्डलीका अग्रै अगुवाहरू कम्युनिस्टहरूका मानिस होइनन् भन्न कर लाग्छ ।

कारणवश गुप्त रहनु पर्ने कति विश्वासीहरू बाहेक अरू प्रायः सबै गुप्त मण्डलीका विश्वासीहरू सरकारी मण्डलीका कार्यहरूमा अग्रगण्य छन् । तिनीहरूले ईसाई धर्मलाई कसैको लोकाचार गर्ने तथा ढलपल हुने धर्म होइन तर विश्वास र सत्यको निम्ति संघर्ष गर्ने धर्म बनाउन चाहन्छन् । जब रुमानियाको भ्लाडिमिरेस्टीको मठ तथा रूस देशका कति स्थानहरूका सेवालयहरू बन्द गर्न भनी गुप्त पुलिसका कर्मचारीहरू आए तब तिनीहरूलाई यो काम गर्नु साह्रै कठिन पर्‍यो । कति कम्युनिस्टहरूले आफ्नो ज्यान समेतको माया मार्नु पर्‍यो ।

सरकारी मण्डली सम्प्रदायहरूका संख्या दिन प्रति दिन घट्दै छन् । सोभियत संघ रूसमा अब पाँच छ हजार सेवालयहरूसम्म पनि बाँकि रहेका छन् कि छैनन् म ठीकसंग भन्न सक्तिनँ । ( संयुक्त राष्ट्र अमेरिकाको यतिकै जनसंख्याको निम्ति प्रायः तीन लाख सेवालयहरू छन् )। रूस देशमा सेवालयहरूभन्दा प्रायः घरका ससाना कोठाहरू हुन्छन् । विदेशी भ्रमणकारीले जब मोस्को शहरका प्रोटेस्टेन्ट गिर्जाघर खचाखच भरेका देख्छन् ( मोस्को शहरमा एउटै मात्र प्रोटेस्टेन्ट सेवालय छ ) तब राम्ररी केही नबुझी भन्छन्—रूस देशमा धर्म मान्नुको निम्ति केही रोक-टोक छैन । सत्तरी लाख व्यक्तिहरूका निम्ति केवल एउटै गिर्जाघर छ भन्ने विषादपूर्ण कुरो उनीहरूलाई थाहा हुँदैन । साना-साना घरमा भएका एक कोठे सेवालयहरूमा जानसम्मलाई पनि अस्सी प्रतिशत व्यक्तिलाई एकदमै

दाङो पर्छ भने यी जन-समुदायहरूलाई कि ता भुलिदिनुपर्छ कि ता गुप्त ढंगको प्रचारले संगति पुऱ्याउनुपर्छ। यो बाहेक अरू उपाय छैन।

कम्युनिस्टवादको वृद्धि देशमा जसै हुँदैजान्छ, उसै गुप्त-मण्डली र गुप्त प्रचारसेवा पनि बढ्दै जानुपर्छ।

आजकल सरकारद्वारा बन्द गराइएका यी गिर्जाघर तथा सेवालयहरूमा धर्म-विरोधी नास्तिकी संस्थाहरूले सभाहरूको आयोजन गरी चलाउँछन्।

## नास्तिक साहित्य गुप्त-मण्डलीको लागि कसरी लाभप्रद छ ?

गुप्त-मण्डलीलाई नास्तिक साहित्यको उपयोग कसरी गर्नपर्छ भनी पूरा-पूरा जानकारी छ। एलिया भविष्य-वक्तालाई जसरी कागहरू जस्ता अशुद्ध पक्षीहरूले रोटी खुवाए त्यसरी नै नास्तिकी साहित्यबाट गुप्त-मण्डलीले आफ्ना भोजन प्राप्त गर्छ। नास्तिकहरूले बड़ो उत्साह र निपूणता देखाउँदै बाईबलका वचनहरूका कटु आलोचना र उपहास गर्छन्। तिनीहरूले 'हास्य बाईबल' र 'विश्वासी र अविश्वासीका बाईबल' शीर्षक भएका पुस्तकहरू प्रकाशित गरेका छन्। त्यहाँ तिनीहरूले बाईबलका वचनहरूमा कति मूर्खता छ भनी देखाउने प्रयत्न गर्दा, बाईबलबाट धेरै पदहरू उल्लेख गरेका छन्। हाम्रो निम्ति यो बड़ो खुशीको कुरो थियो। त्यहाँ भएका आलोचनाहरू यति भद्दा र सिल्ली थिए कि कसैले तिनीहरूको वास्तै गरेन, तरै भए पनि बाईबलका पदहरूले पूर्ण भएका यी पुस्तकहरू लाखौंको संख्यामा छापिए। कम्युनिस्टहरूले यी पदहरूका हँसी-मजाक गरे पनि तिनीहरू सुन्दरका सुन्दर नै थिए।

अतीतमा, धर्मान्ध रोमन केथोलिकहरूले खुनका अनेकौं नदीहरू बगाउने 'जाँच-पड्ताल' अथवा 'इन्कोजिसन' चलाएका समयमा निर्दोष विश्वासीहरूलाई जुलूस साथ चितामा जिउँदै जलाउन लान्थे। तिनीहरूलाई नाना किसिमको तथा नरकको आगोका ज्वालाहरू र शैतानको चित्रहरू अंकित गरिएको पोशाकहरू लगाइदिन्थे। यी सब बेइज्जतीमा परे पनि ती विश्वासीहरू महान सन्तहरू थिए। यसरी नै शैतानको मुखबाट परमेश्वरको वचन निक्ले पनि ती वचनहरू सत्यका सत्य नै रहन्छन्।

हँसी-ठट्ठा-गिल्लाका बाईबलका पदहरू भएका नास्तिक पुस्तकहरूको अर्को संस्करण छापिदिनु होस् भन्ने हजारौं विन्ती-पत्रहरू देख्दा कम्युनिस्ट छापाखानाका अधिकारीहरू औधि खुशी हुन्थे। गुप्त-मण्डलीका सदस्यहरू जसलाई परमेश्वरको वचन प्राप्त गर्ने अरू मौका हुँदैन, तिनीहरूले यस्ता विन्ती-पत्र पठाएका हुन् भनी ती अधिकारीवर्गलाई थाहा हुँदैनथ्यो।

गुप्त-मण्डलीका विश्वासीहरूलाई नास्तिकी सभाहरूलाई पनि सुसमाचार प्रचारका निम्ति कसरी उपयोग गर्नुपर्छ भनी पूरा अनुभव छ।

कम्युनिस्टवादको एउटा प्राध्यापकले एउटा नास्तिकी सभामा प्रभु येशू एउटा मामुली जादुगर सिवाय कोही विशेष व्यक्ति थिएनन् भनी देखाउने प्रयत्न गरे। तिनको अघि एक सुराही सफा पानी राखिएको थियो अनि त्यहाँ तिनले एक किसिमको पाउडर हाले। पानी हेर्दा-हेर्दै रातो भयो। तब तिनले भने, येशूको सम्पूर्ण आश्चर्यकर्म यही थियो। येशूले आफ्नो बाहुलाभित्र यस्तै प्रकारको पाउडर लुकाएर राखेको थियो।

अनि बड़ो अचम्भ प्रकारले पानीलाई दाखरसमा परिणत गर्ने स्वांग रच्यो तर म येशूभन्दा ठूलो आश्चर्यकर्म गर्नसक्छु कारण म यो दाखरसलाई फेरि पानीमा परिवर्तन गर्नसक्छु। यति भनेर तिनले अर्को किसिमको पाउडर त्यहाँ हाले अनि त्यो पानीको रंग सफा भयो। तब फेरि तिनले अर्को किसिमको पाउडर त्यहाँ हाली त्यसलाई रातो दाखरस रंगको बनाए।

यति भएपछि त्यो सभामा भएको एउटा विश्वासी उठे र भने, 'कमरेड प्राध्यापक, तपाईंले गर्नुभएको चमत्कार देखी हामी सबै आश्चर्यमा परयौं, अनि अब तपाईंसित एउटै कुरोको अनुरोध गर्छु—अब तपाईंले बनाउनुभएको पानीको दाखरस तपाईंले अलिकति पिउनुहोस्।' कमरेड प्राध्यापकले तत्कालै उत्तर दिए, 'म पिउन सक्तिनँ कारण यी पाउडरहरू विषहरू हुन्।' तब त्यस विश्वासी भाइले भने, 'येशू प्रभु र तपाईंको बीचमा भएको महान अन्तर यसैमा छ। उहाँले आफ्नो दाखरसले दुइ हजार वर्षको अवधिदेखि हामीहरूलाई आनन्द दिलाउँदै ल्याउनुभएको छ, अनि तपाईंले आफ्नो आफ्नो दाखरसद्वारा हामीलाई विषपान गराउनुहुन्छ। यतिको निम्ति त्यो विश्वासी भाइले कैदको सजाय भोग्न परयो तर यो घटनाको खबर चारैतिर फिंजियो अनि धेरैको कमजोर विश्वासलाई दृढ़ अनि बलियो बनायो।

हामीहरू साना कमजोर दाउदहरू हौं। हामीहरू दुर्बल छौं तापनि हामीहरू नास्तिकवादका गोलियतहरूभन्दा बलिया छौं, सामर्थी छौं किनभने सर्वशक्तिमान परमेश्वर हामीहरूसित हुनुहुन्छ अनि हामीहरूसित सत्य छ।

एउटा कम्युनिस्ट वक्ताले नास्तिकवादको विषयमा भाषण दिइरहेको थियो। कारखानाका सबै मजदूरहरू भाषण सुन्न उपस्थित हुनपर्थ्यो अनि तिनीहरूमध्ये कति ईसाई विश्वासीहरू पनि थिए। वक्ताको परमेश्वर-विरुद्ध तार्किक प्रसंग, अनि प्रभु येशूमाथि विश्वास गर्नु सिल्लीपना हो भन्ने वक्तव्य सबैले शान्तभाव साथ सुन्दै बसे। तिनले आत्मिकी संसार, परमेश्वर, प्रभु ख्रीष्ट, परलोक आदि छैन अनि मानिस केवल एउटा आत्मा-विहीन पदार्थ मात्र हो भनी प्रमाण दिन थाले। केवल पदार्थको मात्र अस्तित्व छ भनी तिनले आफ्नो भाषणमा घरी-घरी जोर दिए।

त्यति बेला त्यहाँ उपस्थित एउटा विश्वासी भाइ उठ्यो अनि केही कुरो भन्ने अनुमति तिनले मागे। अनुमति पाएपछि तिनले एउटा चौकी टिपेर भूईंमा पछाड़े अनि एक छिनसम्म त्यस चौकीलाई हेर्दै पर्खी बसे। तब तिनी माथि चढ़े अनि त्यस कम्युनिस्ट वक्ताका गालामा एक थप्पड़ लगाए। वक्ता रिसले चूर भए। रिसले तिनको चेहरा रातो भयो अनि अश्लील गाली बक्दै तिनले आफ्ना संगी कम्युनिस्टहरूलाई त्यो विश्वासी भाइलाई पक्र भनी गोहार मागे। तिनले त्यो विश्वासी भाइलाई सोधे, 'तिमीले के भनेर कुन आँटले मलाई थप्पड़ लगायौ ! तिमीले किन त्यसो गर्यौ !'

त्यो विश्वासी भाइले जवाब दिए, 'तपाईंले आफैलाई झुठो साबित गर्नुभयो। तपाईंले भाषणमा भन्नुभएको थियो, 'सबै कुरो केवल पदार्थ बाहेक अरू केही पनि होइन।' मैले चौकी टिपेर त्यसलाई भूईंमा पछाड़ें। चौकी वास्तवमा पदार्थ भएकोले मसित रिसाएन, तर जब मैले तपाईंलाई

थप्पड़ लगाएँ तब तपाईंको प्रतिक्रिया चौकीभन्दा एकदमै बेग्लै भयो। पदार्थलाई रिस उठ्‌देन तर तपाईंलाई रिस उठ्छ। यसकारण कमरेड वक्ता, तपाईं भूल हुनुहुन्छ। मानिस पदार्थभन्दा श्रेष्ठ हो। हामीहरू आत्मिकी प्राणीहरू हौं।

यसरी अनेकौं तरहले गुप्त-मण्डलीका साधारण विश्वासीहरूले कम्युनिस्ट-हरूका अलंकृत नास्तिकी तर्कहरू खण्डन गर्दै तिनीहरूलाई झुठो साबित गर्छन्।

झ्यालखानमा हुँदा एउटा राजनीतिक अफिसरले मलाई बड़ो रुखोपन देखाउँदै सोध्यो, "तिमीहरू कहिलेसम्म यो सिल्ली धर्मको पछि लागि-रहनेछौ?' मैले जवाब दिएँ, 'मृत्यु शय्यामा पड़ेका कैयौं नास्तिकहरूलाई जीवन-कालमा परमेश्वर-रहित जीवन बिताएकोमा पछुताउँदै गरेको अनि तब 'येशू प्रभु, बचाउनुहोस्' भनी पुकारेको मैले देखेको छु। तर तपाईंले, मृत्यु नजीकै हुँदा कुनै ईसाई विश्वासीले ईसाई भई जीवन बिताए-कोले उसको धर्म र विश्वासबाट उसलाई बचाऊ भनो मार्क्स र लेनिनलाई पुकारेको कल्पनासम्म मात्र पनि गर्न सक्नुहुन्छ?" 'खूबै चतुर उत्तर भनी उनी हाँस्न थाले अनि म भन्दैगएँ, 'एउटा इन्जीनियरले पूल निर्माण गरेर एउटा बिरालोलाई त्यसमाथि हिंड़ाएर त्यस पूलको मजबूती जाँच गर्नु सक्दिन। तर त्यसमाथि एउटा ठूलो रेलगाड़ी कुदाएर मात्र पूल पक्का छ या छैन सो जान्न सकिन्छ। त्यसै गरी तपाईं नास्तिक हुनु-हुँदा सबै कुरो ठीक भयो भन्देमा नास्तिकवाद सत्य हो भनी प्रमाण गर्न सक्नुहुन्न तर अनुकूल परिस्थितिमा, संकटको स्थितिमा तपाईं नास्तिक-वादमाथि भर पर्न सक्नुहुन्न।' लेनिन रुसका प्रधान मन्त्री हुँदा संकटमय

परिस्थितिमा प्रार्थना गरेको कुरा लेनिन आफैले लेखेका पुस्तकहरूबाट प्रमाण स्वरूप मैले तिनलाई भनिदिएँ ।

हामीहरू शान्त हृदयका छौं अनि घटनाहरू क्रमानुसार हुँदैगएको शान्तभावले हेर्दै जान्छौं । चंचल अनि अधीर हृदय भएका कम्युनिस्टहरू नयाँ नयाँ धर्म-विरोधी अभिनय प्रयोग गरिबस्छन् । यसले सन्त अगस्टीनको यो कथनको पुष्टि गर्छ—'हृदय व्याकुल र वेचैन रहन्छ जबसम्म त्यसले तपाईंमा विश्राम लिंदैन ।'

## किन कम्युनिस्टहरूमाथि पनि विजय प्राप्त गर्न सकिन्छ ?

गुप्त-मण्डलीले तपाईं स्वतन्त्र इसाईहरूको सहायता पाए कम्युनिस्ट-हरूका हृदयलाई कब्जा गर्न सक्नेछ औ संसारमा एउटा नयाँ परिवर्त्तन ल्याउनेछ । त्यसले कम्युनिस्टहरूलाई जित्नेछ किनभने कम्युनिस्ट हुनु नै बड़ो अस्वभाविक कुरो हो । कुकुर जस्तो पशुले पनि आफ्नो भाग रोज्छ । कम्युनिस्टहरूले बाह्य तौरले ढोंग रच्नुपर्छ, अनुचित कुराहरुमा विश्वास गर्नुपर्छ, तर यी सब कुराहरूको विरुद्धमा तिनीहरूले आन्तरिक हृदयदेखि प्रतिरोध गर्छन् ।

पदार्थ सर्व साधन हो, औ केही रासायनिक पदार्थहरू मिलेर विशेष ढंगले बनेको मानिस मृत्यु पश्चात फेरि नून र द्रव्यमा परिणत हुन्छ भनी जब कोही कम्युनिस्टले दृढ़तापूर्वक तर्क गर्छन् तब तिनलाई यति नै सोधे पर्याप्त हुन्छ—'कसरी धेरै देशहरूमा धेरै कम्युनिस्टहरूले के भनेर आफ्नो

आदर्शका निम्ति प्राण दिए ? के अलिकति मुट्ठीभर रासायनिक पदार्थहरूको पनि आदर्श हुन्छ र' के द्रव्यहरू वा पदार्थहरूले अर्काको कल्याणको निम्ति आफूलाई बलिदान गर्न सक्छन् ? यी प्रश्नहरूको तिनीहरूसित जवाब छैन । फेरि तिनीहरूको अचाक्लीको हिंसक जानवरको स्वभाव ! हिंसक जानवर जस्तो हुनु भनी मानिसको सृजना गरिएन अौ धेरै समयसम्म हिंसक भएर मानिस रहनु सक्तैन पनि । हामीहरूले नाजी आधिपत्यको पतन हुँदा सो कुरा स्पष्ट भएको देखेका छौं । त्यस बेला कतिपय नाजीहरूले आत्म-हत्या गरे अनि कतिले आफ्ना अपराधहरू स्वीकार गर्दै पश्चाताप गरे ।

कम्युनिस्ट देशहरूका जनताले एकदमै ज्यादा मात्रामा मदपान गर्छन् भन्ने कुरो प्रत्यक्ष र वास्तविक कुरो हो । ती देशहरूका जनताको हृदयमा तिनीहरूको साँघुरो जीवनभन्दा अझ विस्तृत जीवनको निम्ति ठूलो तृष्णा छ अनि त्यो जीवन कम्युनिस्टहरूले दिन सक्तैन । साधारणतः रूसीहरू भावुक, विशाल हृदय भएका र उदार प्रकृतिका व्यक्तिहरू हुन्छन् । कम्यु-निस्टवादमा केही गहराई हुँदैन, त्यो आडम्बरी र बोक्रे हुन्छ । रूसी भाइले त्यो भावुक र विस्तृत जीवनको चाहना गर्छ अनि त्यो जीवन कहीं नपाउँदा मदपानको शरण परी आफ्नो त्यो तिर्सना मेटाउने प्रयत्न गर्छ । उसले जीउन परेको पशु समानको धोखाले भरेको ढोंगी जीवनप्रति उत्पन्न भएको घृणा र द्वेष उसले मदपानद्वारा व्यक्त गर्छ । मदपानले उसलाई एक क्षणको निम्ति स्वतन्त्र गर्छ, जसरी सत्यले, यदि उसले सत्य चिनेको भए, सदाको निम्ति स्वतन्त्र गर्नेथ्यो ।

रूसी आधिपत्यको समयमा बुकारेस्ट शहरमा एक पल्ट झट्टै मलाई एउटा रक्सी गड्डीभित्र पस्ने प्रबल विचार आयो । मैले मेरी स्वास्नीलाई

पनि भित्र पसेपछि हामीहरूले एउटा मातेको रूसी कप्तानले हातमा बन्दुक लिई त्यहाँ भएका सबैलाई हप्काउँदै झप्काउँदै अझ शराब मागिरहेको देख्यौं। उसलाई शराब दिइएको थिएन कारण उ मातेर चुर भइसकेको थियो? त्यहाँ भएका मानिसहरू डरले त्राहि-त्राहि भएका थिए। त्यो दोकानको मालिकसित मेरो राम्रो परिचय थियो र त्यो कप्तानलाई उसले मागेको शराब दिइहाल, म उसलाई थम्थमाउनेछु भनी मैले उनलाई भनें। बोतलका बोतल शराब हामीहरू बसेका टेबलमा ल्याइयो। त्यस कप्तानले हामीहरू तीनै जनाका ग्लासहरू शिष्टाचारपूर्वक भरिदिन्थे अनि तीनवटा ग्लासका शराब आफै गटागट पिउँथे। हामी पति-पत्नीले पिएनौं; शराबको नशाले चूर भएको अवस्थामा पनि त्यस कप्तान सज्जन सजग अवस्थामा थियो। यसरी पिउने त उसको आदत रहेछ। तब मैले उसलाई प्रभु येशूको विषयमा बताउन शुरू गरे। हामीले आशै नगरेको ध्यान दिई उसले मेरो कुरा सुन्न थाल्यो।

अन्त्यमा उनले भने, "तपाईंले मलाई तपाईं को हुनुहुन्छ भनी बताउनुभयो अनि अब म को हुँ म तपाईंलाई बताउनेछु। म ओर्थोडक्स ईसाई सम्प्रदायको एउटा पुरोहित हुँ अनि स्टालिनले चालु गरेको अत्याचारबाट आफूलाई जोगाउनका निम्ति आफ्नो धर्म र विश्वास परित्याग गर्ने प्रथम व्यक्तिहरूमध्ये म एउटा हुँ। गाँउ-गाँउ घुमी-फिरी 'परमेश्वर छेनन् औ शिक्षक पुरोहितको वेशभूषामा म एउटा धोखाबाज थिएं' भनी धाक पिटी हिंडे। मानिसहरूलाई म भन्थें, 'म एउटा छली हुँ औ सबै पास्टर प्राचीन तथा धर्म सेवकहरू पनि छली नै हुन्!' यसको निम्ति परमेश्वरले मलाई यस्तो दण्ड दिनुभयो—ईसाई विश्वासीहरू सकेसम्म

सताए पछि मैले आफ्नै यी हातहरूले तिनीहरूको निर्मम हत्या गर्नु पर्‍यो। मेरा ती सब करतुतहरू बिर्सनलाई म पिएको पिएकै हुन्छु तर पनि मेरो केही सीप लाग्दैन।"

धेरैजसो कम्युनिस्टहरूले आत्म हत्या गर्छन्। तिनीहरूका सर्वश्रेष्ठ कवि एस्सेनिन र माइयोकोभस्कीले आफ्नै ज्यान लिए। तिनीहरूका सुविख्यात महान लेखक फाडीभले पनि त्यसै गरे। तिनले 'सुख' (Happiness) शीर्षक भएको उपन्यास भर्खरै लेखेर सकेका थिए। त्यस पुस्तकमा कम्युनिस्टवादको निम्ति लगातार कार्यमा व्यस्त भइरहनुमा नै मानिसले साँचो सुख प्राप्त गर्छ भनी तिनले लेखेका थिए। त्यसरी काम गर्दा तिनी यति सुखी भए कि उपन्यास लेखी सिध्याउन साथ आत्म-हत्या गरे। तिनको आत्माले यति ठूलो झूठ सहन गर्न सकेन। रूसी-जार हरूको समयका कम्युनिस्टवादका प्रख्यात क्रान्तिकारी योद्धाहरू जोफे, टोम-किन आदिले कम्युनिस्टवादको असली रुप हेर्न नसकी आत्महत्या गरे।

कम्युनिस्टहरू सुखी हुँदैनन्, तिनीहरूको हृदय अत्यन्त बेचैन हुन्छ। तिनीहरूका तानाशाही शासकहरू स्वयंको हृदयको पनि यस्तै अवस्था छ। स्टालिन कति अशान्त र अधीर थिए। प्रायः आफना समस्त कामरेड-हरूलाई मृत्युको शिकार बनाएपछि, कसैले पो तिनको हत्या गरिहाल्छ कि, वा कसैले पो तिनलाई विष पिलाउँछ कि भन्ने डर र त्रासले तिनी सदैव चिन्तित हुन्थे। तिनको आठ वटा इस्पातका पैसा राख्ने बाकस जस्तो मजबुत सुरक्षित शयन कक्षहरू थिए, अनि यी कक्षहरूमा तिनी कुन कक्षमा कुन रात सुत्छन् सो कसैले थाहा पाउन सक्तैनथ्यो। तिनको सामुन्ने भान्सेले आफै भोजन नचाखुन्जेल तिनले सो भोजन खाँदैनथे।

कम्युनिस्टवादले कसैलाई सुखी बनाउँदैन, न त त्यसका तानाशाही अधिपतिहरू स्वयंलाई पनि। तिनीहरू सबैलाई प्रभु येशूको परमावश्यक्ता छ।

कम्युनिस्टवादलाई उखेली फ्याँक्दा, हामीहरूले केवल कम्युनिस्टवादका असहाय शिकारहरूलाई मात्र होइन तर कम्युनिस्टहरू आफैलाई पनि स्वतन्त्र गर्छौं।

गुप्त-मण्डलीले कम्युनिस्टवादले दबाई राखेका दलित जातिहरूको परम आवश्यक्ताको प्रतिनिधित्व गर्छ। त्यसलाई सहायता गर्नुहोस्।

× × ×

सर्वस्व होमिदिन सक्ने विश्वास नै गुप्त-मण्डीलको विशेषता हो।

'गडस् अन्डरग्राउन्ड' शीर्षक पुस्तक लेख्ने पास्टर जसले आफूलाई 'बर्ज' उपनाममा गुप्त राख्न चाहन्छ, तिनले आफ्नो पुस्तकमा एउटा घटनाको विवरण यसरी दिएका छन् :—

'हंगेरी देशमा एउटा पास्टरसित एउटा तरुण रुसी सैनिक कप्तान एकान्तमा भेट्न आए। तिनी अल्हरे, केटौले छाँटका थिए। हामीहरू यस देशका विजेता हौं भन्ने स्वाभिमान तिनमा थियो। त्यो पास्टरले तिनलाई सानु बातचीत गर्ने कोठामा लगे अनि त्यस कोठाको ढोका थुनिएपछि त्यो कप्तानले भित्तामा झुण्डिएको क्रुसलाई संकेत गर्दै भने, 'त्यो कुरो सरासर झूठ हो भनी तपाईंलाई पक्का थाहा छ। त्यो त तिमीहरूको धोखाको एउटा नमूना मात्र हो जसद्वारा तपाईं धर्म सेवक-

हरूले गरीब अनपढ़ जनतालाई धनीहरूका निम्ति हुस्सु बनाई राख्नुहुन्छ। हेर्नुहोस्, अहिले यहाँ हामीसित कोही छैन, हामी एक्लै छौं अनि प्रभु येशू खीष्ट परमेश्वरको पुत्र हो भनी वास्तवमा तपाईंले कहिल्यै विश्वास गर्नुभएन भनी मेरो सामु स्वीकार गर्नुहोस्।"

पास्टरले हाँस्दै भने, 'मेरा प्रिय जवान! तर म उहाँमाथि पक्का विश्वास गर्छु अनि यो कुरो सत्य हो।'

तिनी चिच्याए, 'तपाईंले मलाई छल्न सक्नुहुन्न! यो एउटा गम्भीर विषय हो अनि मलाई हेरेर नहाँस्नुहोस्।

तब तिनले आफ्नो पिस्तोल निकाले अनि त्यो पास्टरलाई ताक्दै भने, यो झूठ हो भनी तपाईंले मान्नुभएन भने म गोली चलाउनेछु।'

'तपाईंको कुरा म मान्न सक्तिनँ कारण तपाईंको कुरो झूठो हो। हाम्रो प्रभु मसीह साँच्चै नै परमेश्वरको पुत्र हुनुहुन्छ।'

पास्टरको यस्तो जवाब सुनी त्यस कमानले पिस्तोल भूईंमा फ्याँकिदियो अनि परमेश्वरको जनलाई अंकमाल गरे। तिनका आँखाबाट आँसुका बलिन्द्र धाराहरू छुटे।

तिनी हर्षोन्मत भई कराए—'ठीक हो! यो कुरो साँचो हो! मेरो विश्वास पनि यही छ, तर यो विश्वासको निम्ति आफ्नो ज्यानको बाजी लाउने व्यक्तिलाई नभेटिञ्जेल म निश्चित हुन सकिनँ। तपाईंलाई मेरो धन्यवाद छ, तपाईंले मेरो विश्वास अझ बलियो अनि दृढ़ बनाइदिनुभयो। अब म पनि मेरो खीष्ट प्रभुको निम्ति प्राणको आहूति दिन सक्छु। त्यो कसरी हुन सक्छ तपाईंले मलाई देखाउनुभयो।

यस्ता धेरै घटनाहरू म जान्दछु। रूसीहरूले रूमानिया कब्जा गरेको समयमा, दुइ रूसी सैनिकहरू हातमा बन्दुक लिई सेवा भइरहेको एउटा गिर्जा घरभित्र पसे। तिनीहरूले भने, 'हामीहरू तिमीहरूको धर्म विश्वास गर्दैनौं औ यो धर्मलाई तत्कालै नत्याग्नेहरूलाई हामी अहिले नै गोलीले उड़ाइदिनेछौं। धर्म त्याग गर्नेहरू दाहिने पट्टि सर।"

गिर्जाभित्र भएका कति व्यक्तिहरू दाहिनेपट्टि सरे। तिनीहरूलाई गिर्जाघर छाड़ी तुरन्तै आफ्नो आफ्नो घर जानु भन्ने आदेश भयो। आफ्नो ज्यान बचाउनका निम्ति तिनीहरू भागे। तिनीहरूले साफ तोड़े पछि ती दुइ सैनिकहरूले त्यहाँ रहेका विश्वासमा अटल रहने विश्वासीहरू-लाई बड़ो आनन्द औ प्यारसाथ अंकमाल गरे औ भने, 'हामीहरू पनि ईसाई विश्वासीहरू हौं, तर विश्वासको निम्ति आफ्नो ज्यान दिनु तत्पर हुने विश्वासी भाइ-बहिनीहरूसित मात्र प्रभुको संगति गर्ने हाम्रो इच्छा थियो।

हाम्रा देशहरूमा यस्ता विश्वासमा सुदृढ़ बीरहरूले सुसमाचारका निम्ति संघर्ष गर्छन्। यस बाहेक तिनीहरू स्वतन्त्रता-संग्रामका योद्धाहरू पनि हुन्।

पाश्चात्य देशहरूमा ईसाई घरहरूमा घण्टौं-घण्टा सांसारिक बाजा-गाजा सुन्नमा बिताइन्छ। हामीहरूको घरहरूमा पनि खुब जोरसित बाजा-गाजा सुनिन्छ तर यो सब बाजा-गाजा घरभित्र सुसमाचार र गुप्त सेवा-कार्यको चर्चा भएको छिमेकीहरूले थाहा नपाओस् अनि गुप्त पुलिसकहाँ पोल पुरयाउन नपाओस् भनी ढाकछोप गर्ने अभिप्रायले बजाइन्छ।

गुप्त-मण्डलीका विश्वासीहरू कहिले कांही विदेशका विश्वासीहरूसित भेट्न पाउँदा, प्रभुको संगति गर्न पाउँदा अति नै आनन्दित हुन्छन्।

यी सब कुराहरूको उल्लेख गर्ने व्यक्ति—म अति साधारण व्यक्ति हुँ। पाश्चात्य देशहरूसित अनभिज्ञ, जबरजस्ती दबाएर आवाज रहित गोंगा बनाइएको गुप्त-मण्डलीको म आवाज हुँ। तिनीहरूको नाउँमा ईसाई धर्मलाई खेलांची नसम्झी गम्भीर तौरले विश्वास गर्नुहोस् औ धर्म-सम्बन्धी समस्याहरूको समाधानमा सुक्ष्मरूपले विचार गर्नुहोस् भनी मेरो तपाईंहरूसित बिन्ती छ। कम्युनिस्ट देशहरूमा गुप्त-मण्डलीका ती दुःखसहने विश्वासीहरूको निम्ति, तिनीहरूको नाउँमा तपाईंहरूको प्रार्थना औ आत्मिक र आर्थिक सहायताको निम्ति म तपाईंहरूलाई अनुरोध गर्छु।

प्रभु येशूकै निम्ति हामीहरू कम्युनिस्टहरूमाथि बिजयी हुने छौं, किनकि सर्वप्रथम कुरो परमेश्वर हामीहरूको पक्षमा हुनुहुन्छ।

दोस्रो कुरो हामीहरूको सन्देश हृदयभित्रका अथाह गहिराईका सबभन्दा आवश्यक खाँचोहरूको निम्ति उपयुक्त छ!

नाजीकालमा कैदमा थुना परेका धेरै कम्युनिस्टहरूले संकटका समयमा परमेश्वरसित प्रार्थना गरे भनी मसित स्वीकार गरे। मैले कैयन् कम्युनिस्ट आफिसरहरूलाई आफ्नो अन्तिम श्वासले 'येशू' 'येशू' भनी पुकारेको देखेको छु।

हामीहरू बिजयी हुनेछौं किनकि हाम्रा पुर्खाहरूका समस्त सांस्कृतिक देन हाम्रै पक्षमा छ। रूसीहरूले आधुनिक ईसाईहरूले लेखेका लेखादिमा प्रतिबन्ध लगाए तापनि हाम्रो प्रभुको ज्योतिले सन्देश टोलसटोय र

डोस्टोयेभस्कीका कृतिहरूमा पाइनै रहनेछन्। यसरी नै पूर्व-जर्मनीमा गेटे औ पोलेण्डमा सिन्कीविज तथा अन्य लेखकहरूका पुस्तकहरू छन्। रुमानियाका सर्वमहान लेखक सान्डोभ्यानु थिए। तिनको पुस्तकको शीर्षक 'सन्तहरूका जीवन-चरित्र'-लाई कम्युनिस्टहरूले बदलीकन 'सन्तहरूका दन्त्यकथा' भनी प्रकाशित गरेका छन्। तरै पनि यही शीर्षक भए पनि सन्तहरूका जीउनीले मानिसहरूलाई ठूलो प्रेरणा दिन्छ।

चित्रकलाको इतिहासबाट कम्युनिस्टहरूले राफेल, माइकल एन्जेलो, लियोनार्डो डा भिन्सिका चित्रहरूका संस्करणहरूलाई बहिष्कार गर्न कदापि सक्तैनन् अनि ती बहुमूल्य चित्रहरूले प्रभु येशूको विषयमा बताउँछ।

जब म कुनै कम्युनिस्टसित कुराकानी गर्छु तब तिनको हृदयका आत्मिकी आवश्यकताहरू मेरो पक्षमा हुन्छ—मेरो सहायक हुन्छ। तब तिनलाई मेरो तर्कहरूको उत्तर दिनमा होइन तर तिनको अन्तरात्माको आवाज, जो मेरै पक्षमा हुन्छ, त्यसलाई दबाउनुलाई महा मुश्किल पर्छ।

मार्क्सवादका कति प्राध्यापकहरूसित मेरो व्यक्तिगत परिचय छ औ तिनीहरू आफना नास्तिकी भाषणहरू दिनका अघि परमेश्वरसित सहायताको निम्ति प्रार्थना गर्छन्। टाड़ा टाड़ाका गुप्त सभाहरूमा कम्युनिस्टहरू गएको मलाई थाहा छ। जब तिनीहरू यसरी गएको पत्ता लाग्यो र सोधीखोजी भयो तब तिनीहरूले हामीहरू गएका छैनौं भनी ढाँट्नु पर्‍यो। तब फेरि रुँदै खेद प्रकट गर्दै भने, जुन विश्वासको कारणले तिनीहरूलाई ती गुप्त सभाहरूमा जान बाध्य हुनुपर्छ, त्यही विश्वासको निम्ति उभिने साहस तिनीहरूसित छैन। आखिर त तिनीहरू कमजोर दुर्बल मानिस नै हुन्।

विश्वास जस्तै अविकसित, प्राथमिक अवस्थामा किन नहोस्, यदि यसले कुनै व्यक्तिको हृदयमा सानो स्थान ओगट्न पाए, यसको विकास र वृद्धि हुँदै जानेछ अनि अन्त्यमा यसले समस्त जीवनमा अधिकार जमाउने छ। यो निश्चय विजयी हुनेछ भनी हामीलाई पक्का विश्वास छ किनकि हामी गुप्त-मण्डलीकाहरूले यस्तो विजय भएको बारम्बार देख्दैआएका छौं।

ख्रीष्ट प्रभुले कम्युनिस्टहरूलाई प्यार गर्छन्। तिनीहरूलाई प्रभुमा जित्न सकिन्छ औ जित्ने पनि पर्छ। तिनीहरूलाई लोह-पट ( फलामका पर्दा )-भित्र भएका गुप्त-मण्डलीले मात्र जित्न सक्छ। यसर्थ समस्त मानव-जातिका आत्माहरूको उद्धारको निम्ति प्रभु मसीहको हृदयको उत्कट अभिलाषा जो जसले पूरा गर्ने आकांक्षा राख्छ, तिनले गुप्त-मण्डलीलाई सेवा कार्यमा सघाउनु पर्छ। प्रभुको वाणी छ, 'समस्त देशहरू, जातिहरू-लाई सिकाऊ'। उहाँले कहिल्यै भन्नुभएन, 'लोहाका पर्दामा आइपुग्दा यो काम रोक'। परमेश्वरप्रतिको विश्वास-योग्यता, वहाँको नियति अनुसार लोहा-पर्दा पारी जहाँ संसारको एक-तिहाई मानिसहरू कम्युनिस्ट-वादको दासत्वको बन्धनमा छन्, त्यहाँ हामीलाई सुसमाचार पुर्‍याउन कर लागेको छ।

हामीहरू त्यहाँभित्र भएका गुप्त-मण्डलीसित मिलीकन ती दुर्दिनमा परेकाहरूकहाँ सुसमाचार पुर्‍याउन सक्नेछौं।

## गुप्त-मण्डलीका अन्तर्गत तीन दलहरू

प्रथम दल—पाद्री, पास्टर, पुरोहित, प्राचीन ताथा सेवकहरू जसलाई कम्युनिस्ट सरकारले पदच्यूत गराए।

कम्युनिस्ट देशहरूमा भएको गुप्त-मण्डली तीन दलहरू मिलेर गठित गएको छ। हजारौंका संख्यामा भएको पहिलेका पास्टर, पादी, पुरोहित, सेवकहरू पहिलो दलमा छन्। सुसमाचार र कम्युनिस्टवादको बीच कुनै किसिमको सामञ्जस्य छैन भनी इन्कार गर्दा यिनीहरूलाई कम्युनिस्ट सरकारले काम, मण्डली र झुण्डबाट हटाए। यस्ता धेरै पास्टर तथा सेवकहरूले लामो कैदको सजाय र दारुण यातना सहेका छन्। तिनीहरू कैदबाट मुक्त भएपछि लगतै गुप्त-मण्डलीमा साधनापूर्वक गुप्त सेवा कार्य गर्न थालेका छन्। कम्युनिस्टहरूले तिनीहरूका सेवालयहरू बन्द गरिदिए, तिनीहरूका सट्टामा आफ्ना कठपुतली सेवकहरू नियुक्त गरे तापनि ढुकुटी घर, बुंइगल, तहखाना तथा परालका थाकहरूमा रात्रि समय जहाँ अनि जति बेला विश्वासीहरू एकत्रित हुन सक्छन् त्यहीं औ त्यति नै बेला अझ उत्साहित भएर, कार्य साधन रीतिले आफ्ना गुप्त सेवा कार्य चलाउँछन्। यी सेवकहरू जीउँदा शहीदहरू हुन्। जस्तै खतरा, अत्याचार, यातना, यन्त्रणा वा कारावासमा परे तापनि तिनीहरूले आफ्नो सेवा कहिल्यै बन्द गर्नेछैनन्।

द्वितीय दल—मण्डली र सदस्य

गुप्त-मण्डलीको दोस्रो दलमा आफूलाई सम्पूर्णरूपले परमेश्वरमा सौंपेका साधारण नर-नारीहरू छन्। रूस र चीनमा नामधारी, अधकच्चल्टे, वरतातो ईसाईहरू छैनन् भनी जान्न र बुझ्न आवश्यक छ। ईसाई विश्वासी हुनलाई चुकाउनुपर्ने मोल बड़ो मंहगो छ। अनि यो पनि स्मरणीय छ—अत्याचार र उत्पीड़नको कसौटीमा एउटा ईसाई अझ उत्तम नाई बनिन्छ—प्रभुको गवाही दिने औ धेर आत्माहरूलाई बचाउन

सक्ने । कम्युनिस्ट सतावट र यन्त्रणाको नतीजा तिनीहरू आफैले सोचेको भन्दा ठीक उल्टा भयो । यसले त झन् स्वतन्त्र देशहरूमा पनि विरलै पाइने कर्मनिष्ठ, प्रभुमा सर्वस्व समर्पित गरेका विश्वासीहरू पैदा गरे । गुप्त-मण्डलीका विश्वासीहरूले प्रभु मसीहको निम्ति आत्मा झिक्न नसक्ने; गवाही दिन नसक्ने ईसाई कसरी हुन सक्छ भनी पटक्कै बुझ्न सक्तैनन्, यस्ता किसिमका ईसाईको त कल्पना समेत पनि तिनीहरू गर्न सक्तैनन् ।

रूस देशका फौजी समाचार पत्र 'रेड स्टार'-ले रुसी विश्वासीहरूमाथि यो आरोप लगाएका थिए—'ख्रीष्टका यी उपासकहरूले आफ्नो लोभी पञ्जाले सबैलाई गाँज्न चाहन्छन् ।' तर वास्तवमा ईसाईहरूका उज्ज्वल आदर्श जीवनले तिनीहरू आफ्ना गाउँका इष्टमित्रहरू, छर-छिमेकीहरूका स्नेह र आदरका पात्र हुन्छन् । जुनसुकै गाउँ, शहरमा पनि त्यहाँका रैथानेहरूका बीचमा ईसाई विश्वासीहरू नै सर्व-प्रिय व्यक्तिहरू हुन्छन् । कुनै घरकी आमा बिरामी भए, त्यो घरको नानीहरूको स्यार सम्हार ईसाई बहिनीहरूले गरिदिन्छन् । कुनै घरको बाबु असक्त भएर दाउरा चिर्न नसके, एउटा विश्वासी भाइले उसको काम गरिदिन्छ । तिनीहरूले ईसाई-धर्म र विश्वासलाई यसरी जीवित प्रकारले रूपान्तर गर्छन् र जब तिनीहरूले प्रभु येशूको गवाही दिन्छन् तब मानिसहरूले ध्यानपूर्वक तिनीहरूको वचन सुन्छन् र तिनीहरूलाई पत्यार गर्छन्, किनभने येशू प्रभुलाई तिनीहरूले यी विश्वासीहरूका जीवनमा देख्छन् । केवल अनुज्ञप्ति-प्राप्त सरकारी सेवकहरू मात्र सेवालयहरूमा बोल्न पाएको खण्डमा लाखौं उत्सुक र त्यागी विश्वासीहरूले कम्युनिस्ट जगतका कुना-कुनामा, हाटहरूमा, बाटोहरूमा पानी-पँधेरोतिर, जहीं कहीं तिनीहरू जान्छन्, त्यहीं प्रभु ख्रीष्टको निम्ति

आत्माहरू जित्छन्, गवाही दिन्छन् औ सेवा कार्यहरू गर्छन्। ईसाई गोसवालाहरूले सौदाहरू कागजमा पोको पारिदिंदा सुसमाचारका पर्चाहरू पनि हालिदिन्छन् भन्ने खबर कम्युनिस्ट खबर कागजहरूले मानिलिन्छ। कम्युनिस्ट छापाखानाहरूका ईसाई कर्मचारीहरू राती कसैले चाल नपाउने गरी छापाखानाहरूमा सुटुक आइकन ईसाई साहित्यहरू छापी आफ्ना घर फर्कन्छन् भनी यिने खबरकागजहरूले भन्छन्। तिनीहरूले यो पनि स्वीकार गर्छन्—मोस्को शहरमा ईसाई बालक-बालिकाहरूले कुनै गुप्त माध्यमद्वारा सुसमाचारका प्रतिहरू प्राप्त गर्छन् औ आफ्ना हातले सार्छन्! यी हातले सारेका प्रतिहरू गुरुबा वा गुरुमाहरूका भुण्ड्याई राखेका ओवरकोटका गोजीमा हालिदिइ राख्छन्। यस्ता असंख्य विश्वासी नर-नारीहरू प्रत्येक कम्युनिस्ट देशका प्रभावशाली, साधनाशील, शक्तिशाली आत्माहरू जित्ने धर्म प्रचारक झुण्ड हुन्।

कम्युनिस्ट क्युबामा पनि त्यहाँका सच्चा विश्वासी सेवकहरू कैद अथवा सतावटमा परेकोले औ तिनीहरूको स्थान र पदमा नकली धोखा-बाज सेवकहरू नियुक्त भएकोले त्यहाँ पनि विश्वासीहरूको गुप्त-मण्डलीको स्थापना हुँदैछ भन्ने त्यहाँका पुराना मिशनरीहरू भन्छन्।

कम्युनिस्टहरूले ईसाईहरूलाई निमिठ्यान्न पार्नुको लागि अत्याचार, सतावट, नियन्त्रणा र असह्य कष्टमा पूर्ण भरोसा गरेका थिए। विश्वासी-हरूको नामोनिशान मेटाउनलाई यो अग्नि-परीक्षामाथि भर परेका थिए तर यी करोड़ौं समर्पित, सच्चा र उत्साहित विश्वासीहरूलाई यो अग्नि-परीक्षाले खारेर अझ दृढ, निर्मल, चोखो र शुद्ध बनाए।

**तृतीय दल—सरकारी पाद्री एवं पास्टरहरू**

**( जबरजस्ती दबाएर पनि यिनीहरूको मुख चुप राख्न सकिँदैन ।)**

गुप्त-मण्डलीको तेस्रो प्रमुख दलमा ती सरकारी, मुख बुज्याइएका र चुप बनाइएका मण्डलीका अझसम्म इमान्दार विश्वासी पास्टरहरू छन् । गुप्त-मण्डली, सरकारी मण्डलीदेखि निश्चित रुपले भिन्दै छैन । धेरै कम्युनिस्ट देशहरू जस्तै युगोस्लाभिया, पोलेण्ड र हंगेरीमा सरकारी मण्डली एवं सेवालयहरूका पास्टर सेवकहरू गुप्तरूपले गुप्त-मण्डलीमा पनि सेवा-कार्य गर्छन् । कति अरू देशहरूमा गुप्त-मण्डली र सरकारी मण्डलीहरूमा धेरै नै हेलमेल छ । यी पास्टरहरूलाई तिनीहरूका साना-साना एक-कोठे सेवालयहरूदेखि बाहिर कहीं पनि प्रभु ख्रीष्टको विषयमा बोल्ने वा प्रचार्ने सरकारी अनुमति छैन । तिनीहरूलाई बालक बालिका तथा तरुण युवक-युवतीहरूको सेवा, सभा गर्ने पनि अनुमति छैन । अ-ईसाईहरू सभा वा सेवाहरूमा आउन डराउँछन् । यी पास्टर औ सेवक-हरूलाई आफ्ना मण्डलीका बिरामी सदस्यहरूका घर गएर प्रार्थना गर्नु पनि मनाही छ । यिनीहरूका चारैपट्टि कम्युनिस्ट नियमहरूको पर्खाल खड़ा गरिएकोले यी मण्डली, सेवालयहरू बेअर्थको हुन्छ । धेरैजसो यी पास्टरहरू धर्म र विश्वासको स्वतन्त्रताको हाँसो उड़ाउने यस्ता विघ्न-बाधाहरूको सामना गर्नुपर्दा आफ्ना व्यक्तिगत स्वतन्त्रतालाई खतरामा हाली एउटा समानान्तर गुप्त सेवा-कार्य चलाउँछन् औ कम्युनिस्टहरूले तोकेका सीमाहरू तोड्छन् । यिनीहरूले बालक-बालिका र युवक-युवतीहरूका माझमा गुप्त सेवा कार्य गर्छन् । यिनीहरूले ईसाई विश्वासीहरू र तहखाना-हरूमा सुसमाचार-प्रचार-सेवा कार्य गर्छन् । यिनीहरूले गुप्त तौरले

ईसाई साहित्यहरू प्राप्त गर्छन् औ यसरी नै गुप्त तौरले यी साहित्यहरू भोकाएका आत्माहरूलाई बाँडिदिन्छन्। यिनीहरूले सरकारी प्रतिबन्ध-हरूको वास्ता नगरी, आफूलाई खतरामा हाली, चारैपट्टि भएका भोकाएका आत्माहरूको गुप्त सेवा गर्छन्। बाह्य तौरले निर्धो र आज्ञाकारी देखिने विश्वासीहरूले आफ्नो प्राणको बाजी लगाएर भिन्नभिन्नै परमेश्वरको वचन फिजाउँछन्। हालैमा रूस देशका सरकारले यस्ता धेरै विश्वासीहरूको पत्ता लगाए औ यिनीहरूलाई धेरै वर्षको कैदको सजाई दिएका छन्। यिनीहरू गुप्त-मण्डलीको तेस्रो प्रमुख अंग हो।

कम्युनिस्टहरूले पदच्युत गरी खेदो गरेका अधिका पास्टरहरू, सेवकहरू, मण्डलीका साधारण व्यक्तिहरू अनि अनुमति विना वृहत औ विस्तृत रूपले गुप्त सेवा कार्य गर्ने सरकारी पास्टरहरू—यी तीन विभिन्न दलले गुप्त-मण्डली संगठित भएको छ। गुप्त-मण्डली पूर्ण रुपले पराजय न-होउञ्जेल गुप्त-मण्डली कायम रहनेछ। कति देशहरूमा गुप्त-मण्डलीका यी तीन दलमध्ये कुनै एउटा दल अर्को दलभन्दा कार्यशील हुन्छ। तरै पनि यी तीनै दल त्यहाँ ठूलो आपतभित्र प्रभुको निम्ति सेवा गरि-रहेका छन्।

कम्युनिस्ट देशहरूका धेरै यात्रा गर्ने, औ धर्म सम्बन्धी कुरोमा औधि चासो लिने एउटा व्यक्तिले यस्तै यात्राको दौरान पश्चात गुप्त-मण्डलीको नामोनिशान देखेनन् भनी लेखे।

उक्त कुरो मध्य आफ्रिकाको अशिक्षित, जंगली, असभ्य आदिबासी-हरूका बीचमा भ्रमण गर्नु गएर फर्केको कुनै व्यक्तिले यसो भनेको जस्तै हो—"मैले ती आदिबासीहरूको विषयमा पूर्ण जानकारी प्राप्त गरें।

तिनीहरू गद्यमा पो बोल्छन् कि भनी सोद्धाहुँदी, तिनीहरू गद्यमा त बोल्दैन रहेछन् भनी थाहा पाएँ।" वास्तवमा तिनीहरू सबै गद्यमा बोल्छन् तर तिनीहरू आफै केमा बोल्छन् त्यो तिनीहरू जान्दैनन् ।

प्रथम शताब्दीहरूका विश्वासी ईसाईहरूले तिनीहरू ईसाईहरू हुन् भनी जानेका थिएनन् । त्यति बेला यदि तपाईंले यिनीहरूको धर्मको विषयमा सोध्नुभएको भए तिनीहरूले यस्तो उत्तर दिनेथिए होला— 'हामीहरू यहूदीहरू, इस्राएलीहरू, मसीह येशूलाई मुक्तिदाता मान्ने विश्वासीहरू, विश्वासीहरूका झुण्ड, सन्तहरू, परमेश्वरका सन्तान इत्यादि हौं।' तिनीहरूलाई 'ईसाई' अथवा 'मसीही' नामकरण धेरै धेरै वर्ष पश्चात अन्तकिया शहरमा पहिलो पटक दिइयो ।

मार्टिन लुथरका अनुयायीहरूमध्ये कुनै एकले तिनी लुथरन हुन् भनी जानेका थिएनन् । लुथर स्वयंले त्यो नाउँको घोर प्रतिरोध गरे ।

जब कम्युनिस्ट देशहरूमा यो गुप्त संस्था आफैआफ गठन हुन थाल्यो तब कम्युनिस्टहरूले र पूर्वी देशका धार्मिक-स्थितिका अनुसन्धान गर्ने पाश्चात्य विज्ञवेताहरूले यो संस्थाको नाउँ 'गुप्त-मण्डली अथवा अन्डर-ग्राउण्ड चर्च' राखे । गुप्त-मण्डलीका सदस्यहरूले आफ्नो यो संस्थालाई यो नाउँले सम्बोधन गर्दैनन् । तिनीहरूले आफैलाई ईसाई, विश्वासी तथा परमेश्वरका सन्तान भन्छन् । तिनीहरू गुप्त सेवा कार्य गर्छन् , गुप्तमा अरूले चाल नपाउने गरी भेटघाट गर्छन् र सभा सेवा चलाउँछन् , गुप्त सभाहरूमा सुसमाचार प्रचार गर्छन् अनि ती सभाहरूमा कहिले काहीं ती विदेशीहरूले पनि भाग लिन्छन् जसले पछि गुप्त-मण्डली देखेनौं, भेटेनौं भनी गुप्त-मण्डलीको अस्तित्वमा पनि सन्देह गर्छन् । यो अचम्भको

रहस्यपूर्ण गुप्त संस्थालाई त्यसका विरोधी दुश्मनहरूले, तथा त्यसलाई सौहार्द र सहानुभूतिका नजरले हेर्ने परदेशका शुभेच्छकहरूले खुबै उपयुक्त नाउँ दिएका छन्।

पाश्चात्य देशहरूमा तपाईं धेरै वर्ष भ्रमण गरिरहनु भए तापनि तपाईंले सोभियत जासुसो चक्र चालु भएको प्रत्यक्ष रूपमा भेट्नु वा देख्नु सक्नुभएन भने त्यसले सोभियत जासुसी चक्र छैन भनी प्रमाण गर्नुसक्नु हुन्न। वास्तवमा त्यो जासुसी चक्रले आफूलाई दश दुनियाको अघि प्रकट गर्ने महामूर्खता त गर्दैन।

अब यस पछिको अध्यायमा म सोभियत रुसको अखबारहरूमा छापिएका समाचारहरूको अवतरणहरू दिनेछु जसले यो अँटिलो गुप्त-मण्डलोको अस्तित्व र बढ्दो प्रभाव र महत्वको प्रमाणहरू प्रस्तुत गर्नेछन्।

# छटवाँ अध्याय

प्रभु येशू मसीहको सुसन्देश रूमानिया देशमा र रूसी फौजहरूका माझमा गुप्तरूपले फिजाएका अनुभवहरूको विषयमा मैले बताएको छु।

मैले तपाईंहरूलाई कम्युनिस्ट तथा तिनीहरूका उत्पातले दबिएका दुःखी पीड़ित जनताका माझमा ख्रीष्ट प्रभुलाई प्रचारमा सहायता दिनुहोस् भनी अपील गरेको छु।

के मेरो चुनौति 'काल्पनिक' र 'गरी नसक्ने' छ ?

के मेरो चुनौतिमा यथार्थता छ ?

के वर्तमान समयमा रूस र अन्य देशहरूमा गुप्त-मण्डली मौजुद छ ?

के यी देशहरूमा गुप्त सेवा कार्य गर्न अहिले पनि सम्भव छ ?

यी प्रश्नहरूका उत्तरसित हामीहरू खुबै खुशीको समाचारहरू दिन सक्छौं।

कम्युनिस्टहरू आफ्नो शासनकालको पचास वर्ष अथवा अर्ध शताब्दीको उपलक्ष मनाँउदैछन्। वास्तवमा तिनीहरूको यो विजय विजय होइन पराजय हो। जय कम्युनिस्टवाद र कम्युनिस्टहरूले होइन तर ईसाई धर्म र विश्वासले पाएको छ। रूसी प्रकाशन विभाग जसलाई हाम्रो संस्थाले पूर्णरूपले छान-बीन गरी खोज-खबर-लिएका छन्, त्यसले फेरि यतापट्टि गुप्त-मण्डलीको पूरा पूरा जानकारी राखेको छ। पहिलो पटक गुप्त-मण्डली यति शक्तिशाली भएको छ कि यसले बाहिर निकै खुल्लमखुल्ला रूपले काम

गरेकोले कम्युनिस्टहरूलाई त्राहि-त्राहि पार्दैछ । अन्य सुत्रहरूबाट प्राप्त गरेका समाचारहरूले कम्युनिस्ट प्रकाशन विभागद्वारा छापिएको खबरहरूका समर्थन गर्छन् ।

गुप्त-मण्डली एउटा हिम-शिला ( आइस बर्ग ) समान छ ! यसको वृहत हिस्सा समुद्रभित्र औ एउटा सानो भाग मात्र समुद्रमाथि बाहिर हुन्छ ।

यो आउँदो पृष्ठहरूमा सबभन्दा महत्वपूर्ण समाचारहरूका संक्षिप्त संकलन म दिनेछु—

## हिम शिलाको टुप्पो

७ तारीख, नवम्बर १९६६-मा, सुहुमो, ककेशसमा खुला आकाशमनि गुप्त-मण्डलीको एउटा विराट सभा भयो । यो सभामा आसपासका अरू शहरहरूबाट धेरै विश्वासीहरू आए । सभा पश्चात ख्रीष्टलाई कस-कसले ग्रहण गर्नें भन्ने आह्वान गर्दा सँतालीस तरुण युवक-युवतीहरू अघि सरे औ प्रभु येशूलाई आफनो मुक्तिदाताको रूपमा ग्रहण गरे । त्यसपछि तिनीहरूलाई बाईबल-युग झैं ब्लेक सी ( श्याम उपसागर )-मा बप्तस्मा दिइयो ।

प्रशिक्षण दिने समय अघि पनि हुँदैन थियो । कम्युनिस्टहरूको पचास वर्षको तानाशाहीको अवधिमा गुप्त-मण्डलीका सेवकहरूसित न ता बाईबलहरू छन् न ता कुनै ईसाई साहित्य पुस्तकहरू नै छन् । तिनीहरूसित न कुनै धार्मिक शिक्षालयहरू छन्, न त तिनले आध्यात्म विद्याको तालिम नै पाएका छन् । तर ख्रीष्ट प्रभुको चेला फिलिप्पुस जो मण्डलीका अगुवा थिए, उनी पनि यस्तै थिए । तिनले धर्म-सम्बन्धी केही तालिम पाएका थिएनन् । तिनले अबिसिनियाका खोजा खजाञ्चीसित कुराकानी गर्नें

केवल एक घण्टा समय मात्र पाए होलान् तर त्यसपछि त्यस खजाञ्चीले तिनलाई भने, 'हेर्नुहोस् यहाँ पानी रहेछ ; मलाई बप्तिस्मा लिनदेखि केले रोक्छ र ?' फिलिप्पुसले भने, 'यदि तपाईंले हृदयबाट नै विश्वास गर्नुहुन्छ भने तपाईं बप्तिस्मा लिन सक्नुहुन्छ ।' यति भनी तिनले रथ रोक्ने आज्ञा दिए । दुवै रथबाट ओर्ल्हे पछि फिलिप्पुसले तिनलाई बप्तिस्मा दिए । ( प्रेरित ८.३६—३८ ) ।

श्याम उपसागर ( ब्लेक सी )-मा पानी पर्याप्त छ अनि गुप्त मण्डलीले प्रारम्भका मण्डलीहरू जस्तै काम गर्न शुरू गरेका छन् ।

२३ तारीख अगस्त, १९६६ सालको युचितेल स्काइया गाजेटा (शिक्षक-पत्रिका)-को अंकमा रोस्टोभ-ओन-डोनका बेपटिस्टहरूका विषयमा यो खबर छापिएको थियो । तिनीहरू कानून अनुसार आफ्ना मण्डली रेजिस्ट्री गर्न मान्दैनन् अनि कम्युनिस्ट सरकारले तिनीहरूका निम्ति नियुक्त गरिदिएका अगुवाहरूका अज्ञा पनि मान्दैनन् । तिनीहरूले सरकार-विरुद्ध सड्कहरूमा एउटा प्रदर्शन आयोजन गरे । मई पहिला तारीख यो प्रदर्शन भयो । तपाईंहरूलाई थाहा होला मई पहिला तारिक 'श्रमिक दिवस' हो अनि यो दिन कम्युनिस्टहरूको महोत्सवको दिन हो । जसरी ख्रीष्ट प्रभुले फरीसीहरूको विरोध गर्नलाई आफ्ना कतिपय आश्चर्य कर्महरूका निम्ति विश्रामका दिनहरू चुने, उसरी नै गुप्त-मण्डलीले कम्युनिस्ट कानूनहरूको विरोध गर्न कम्युनिस्ट उत्सवका दिनहरू चुन्छन् ।

१ तारीख मईमा ठूला-ठूला भोजहरू हुन्छ अनि त्यो दिन कम्युनिस्टहरूले आफ्नो शक्ति-सामर्थ्यको प्रदर्शनी गर्छन् । त्यहाँ सबैलाई उपस्थित हुन

बाध्य गराइन्छ तर यस पाला रूसको दोस्रो महान शक्ति अर्थात गुप्त-मण्डली पनि शहरका सड्कहरूमा देखाहा परयो ।

त्यस दिन त्यहाँ पन्द्रह सय विश्वासीहरू आए पनि तिनीहरूलाई त्यहाँ खिंची ल्याउने तिनीहरूको परमेश्वरप्रतिको भक्ति र श्रद्धा बाहेक अरू केही थिएन । यसो गर्नाले तिनीहरूले आफ्नो स्वतन्त्र जीवन गुमाउनुपर्छ र झ्यालखानका असहनीय भोक र यातनाले तिनीहरूलाई पर्खिरहेका छन् भनी तिनीहरूलाई पूरा पूरा थाहा थियो ।

रूस देशका प्रत्येक विश्वासी बरनौलमा इभान्जलिकल ईसाईहरूले प्रकाशित गरेको 'गुप्त-घोषणा'-को विषयमा थाहा होला । त्यसमा यस्तो वर्णन पाइन्छ—कुलुण्डा गाउँमा ह्मारा नाउँ भएकी एउटी विश्वासी बहिनी-ले आफ्नो पतिको कैदखानामा मृत्यु भएको खबर पाई । चार बनाकी आमा अब तिनी विधवा भई । जब तिनले मृत पतिको शव पाई तब पतिको हातहरूमा हतकड़ीका दागहरू देख्न सकी । मृत मानिसको हात-हरू, औंलाहरू, खुट्टाका पैतालाहरू विभत्स रूपले जलेका थिए । पेटको तल्लो भागमा छुरीले हिर्काएका चोटहरू थिए । दाहिने खुट्टा सुन्निएर ड्याम्मै थियो औ दुवै खुट्टामा पिटिएका डामहरू थिए । सम्पूर्ण शरीर भरि नै निर्मम चुटाईका घाउहरू थिए ।

रोस्टोभ शहरको विरोध-प्रदर्शनमा भाग लिन आएका प्रत्येक विश्वासीलाई तिनको हालत पनि यस्तो हुनसक्छ भनी थाहा थियो, तरै पनि तिनीहरू आए । प्रभु परमेश्वरको निम्ति प्राणको बाजी लाउने त्यो शहीद भाइले प्रभुलाई ग्रहण गरेको केवल तीन महीना मात्र भएको थियो भनी तिनीहरूलाई थाहा थियो । विश्वासीहरूको ठूलो समूहले तिनको

चिहान-दफनमा भाग लियो औ तिनीहरूका पोस्टरहरूमा परमेश्वरको वचनबाट यी वचनहरू लेखिएका थिए—

खीष्टको निम्ति म बीउँछु, मृत्यु पनि मेरो निम्ति लाभप्रद छ।

( फिलिप्पी : १.२१ )

शरीरलाई मार्नेहरूसित नडराऊ, तर तिनीहरूले आत्मालाई मार्नु सक्तैन।

( मत्ती : १०—२८ )

परमेश्वरका वचनको निम्ति मारिनेहरूलाई मैले बेदीमनि देखें।

( प्रकाशित : ६—९ )

त्यो शहीद भाइले दिएको ज्वलन्त उदाहरणले रोस्टोभ-ओन-डोनका विश्वासीहरूले ठूलो प्रेरणा पाए। तिनीहरू एउटा सानो घरका चारैपट्टिका सडकहरूमा थुप्रिए। मानिसहरू जतासुकै छरपष्ट थिए, कति घरहरूमाथि छप्पर-छानुतिर औ कति पुराना समयका जक्वई बस्ते रुखहरूमा चढ़ेका थिए। त्यहाँ ख्रीष्ट प्रभुलाई मुक्तिदाता ग्रहण गर्ने अस्सी व्यक्तिहरूमध्ये धेरजसो तरुण युवक-युवतीहरू थिए। ती युवक-युवतीहरूमध्ये तेइस जना कोमसोमल अर्थात् कम्युनिस्ट तरुण संघका सदस्यहरू थिए।

त्यस पछि विश्वासीहरूको जुलुस समस्त शहरलाई पार गर्दै डोन नदीतिर प्रस्थान गरे औ त्यहाँ बप्तिस्माको विधि सम्पन्न भयो। एकै छिनमा त्यहाँ नदीको किनारमा गाड़ीका गाड़ी कम्युनिस्ट पुलिसहरू आइपुगे औ ती पन्द्रह सय विश्वासीहरूलाई पक्रन असम्भव देखी तिनीहरूका अगुवाहरूलाई पक्रने दाउ गरे। विश्वासीहरू तत्कालै घुँड़ा टेकी प्रार्थना गर्न थाले औ परमेश्वर पितासित तिनीहरूलाई सकुशल राखी त्यस दिनको

सेवा-आराधना पूरा गर्न दिनोस् भनी प्रार्थना गरे । पुलिसको हातमा पर्न-देखि बचाउनलाई ती विश्वासी भाइ-बहिनीहरूले तब काँधमा काँध मिलाए अनि सेवा चलाउँदै गरेका भाइहरूलाई बीचमा पारी तिनीहरू वरि-परि घेरा बनाई उभिए। त्यहाँको स्थितिले गम्भीर तनावपूर्ण रूप धारण गर्‍यो ।

युचितेल स्काइया गाजेटाले सूचित गरेको अनुसार रोस्टोभ शहरका गेर-कानूनी बेपटिस्टहरूको संस्थासित एउटा गुप्त छापाखाना छ (रूसदेशमा बेपटिस्ट भने पछि इभाञ्जलिकल्स र पेन्टीकोस्टल विश्वासीहरू पनि हुन्छन्।) यो छापाखानामा छापी प्रकाशित गराइएका लेखहरूले युवक-युवतीहरूलाई धर्म र विश्वासको निम्ति खड़ा हुनुपर्छ भनी आह्वान गर्छ । ईसाई माता-पिताहरूलाई आफ्ना नानीहरूलाई कुनै किसिमको परिवर्त्तन तथा मृत्यु-देखि नडराउने बनाउनुलाई शवहरू, दफन गरिएको ठाउँहरूमा बराबर लानु भनी सल्लाह दिन्छ। मलाई पनि यो विचार खुबै घत पर्‍यो। कम्युनिस्ट विद्यालयहरूमा पिलाइएको नास्तिकवादको विषको असर पर्न नदिनका निम्ति ईसाई माता-पितालाई आफनो नानीहरूलाई ईसाई शिक्षा दिनु भनी यो गुप्त कारखानामा छापिएका लेखहरूले सिकाउँछन् ।

युचितेल स्काइया गाजेटाको यो लेखको अन्त्यमा यो प्रश्न सोधिएको छ—धर्मको शिक्षा दिई नानीहरूलाई बुद्द बनाइराख्ने परिवारहरूसित हेलमेल गर्नमा शिक्षकहरूले किन कायरता देखाउँछन् ?

यो शिक्षक पत्रिकाले गुप्त रूपमा बप्तिस्मा दिने ती गुप्त सेवकहरूका मुकद्मा के के भयो त्यसको विवरण दिएको छ ।

अदालतमा गवाही दिन बोलाइएका ती तरुण विश्वासीहरूले कम्युनिस्ट न्यायालयलाई उपेक्षा र तिरस्कारपूर्ण आँखाले हेरे। तिनीहरूले रिसाएका औ धर्मान्ध आचरण देखाए। तरुण युवती-दर्शकवृन्दका निम्ति तिनीहरू तारीफ र प्रशंसाका पात्र भए तर नास्तिक जनसाधारणसित ती युवतीहरू पटक्कै सहमत थिएनन्।

एक पल्ट कैदको सजाई, चुटाईको पनि परवाह नगरी रूसको कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालयको सामुन्ने गुप्त-मण्डलीका सदस्यहरूले धार्मिक स्वतन्त्रताको मांग गरे।

सोभियत संघ रूसको गैर-कानूनी इभाञ्जलिकल बेपटिस्ट संस्थाले गुप्त रूपले छापेको एउटा पर्चा हामीसित छ। यो संस्था धोखाबाज करेभले नेतृत्व गरेको कम्युनिस्ट नियन्त्रित बेपटिस्ट संस्थाको विरोधी हो। न० ६,१९६३ सालको 'आधुनिक सोभियत जीवन' पत्रिकामा करेभले ईसाई विश्वासीहरूको संहार गर्ने कम्युनिस्टहरूको मानव सेवाको खुबै प्रशंसा गरेको छ साथै त्यहाँको स्वतन्त्रताको बारेमा बढ़ाई चढ़ाई गरेका छन्। उपरोक्त गुप्त पर्चा कम्युनिस्ट सरकारको नजर बचाई गुप्त तौरले पश्चिमी देशहरूमा ल्याइएको छ।

म यहाँ त्यो गुप्त घोषणा पत्रको अनुवाद दिंदैछु।

## 'जरूरी सूचना'

'प्रभुमा अति प्रिय विश्वासी भाइ-बहिनीहरू,

हामीहरूको परमेश्वर पिता र ख्रीष्ट प्रभुको शान्ति र आशिष तिमीहरूसित होस्।

'तारीख १६ मई, १९६६-का दिन ईभाञ्जलिक बेपटिस्ट ईसाई विश्वासी मण्डलीका पाँच सय प्रतिनिधिहरू कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको कार्यालयमा केन्द्रीय सरकारको ध्यान आकर्षित गराउन र हामीहरूको अर्जी हेर-विचार गरिदिनोस् भनी विन्ति चढ़ाउन मोस्को शहरमा पुगेको कुरा तिमीहरूलाई कहिले भन्न पाउँ भनी हामीहरूलाई हतार लागेको छ।

'हामीहरूले महामन्त्री ब्रेजनेभको नाउँमा एउटा विन्ति पत्र चढ़ायौं।' त्यो गुप्त घोषणा पत्रको विवरण अनुसार यी पाँच सय भाइहरू त्यो कार्यालयको अघि दिनभरि उभिरहे। मोस्को शहरमा भएको कम्युनिस्टवादको विरुद्धमा भएको यो पहिलो खुल्लमखुल्ला विरोध प्रदर्शन थियो, औ यो गुप्त-मण्डलीकाहरूले गरेका थिए। बेलुकी पख, तिनीहरूले फेरि अर्को विन्तिपत्र महामन्त्री ब्रेजनेभको नाउँमा चढ़ाए। त्यस विन्तिपत्रमा तिनीहरूले कामरेड स्ट्रोगानोभले तिनीहरूलाई धम्की दिए औ तिनीहरूका विन्तिपत्र महामन्त्री ब्रेजनेभकहाँ पुऱ्याउन भनी दुःख पोखाएका थिए।

यी पाँच सय प्रतिनिधिहरू रातभरि सड़कमा उभिरहे। मोटरगाड़ीहरू हिलो उछिट्याउन तिनीहरूका छेउ छेउ दगुरिबसे औ तिनीहरूको वेइज्जत गरियो। रातभरि पानी पऱ्यो औ तिनीहरूसंग दुर्व्यवहार गरियो तरै पनि तिनीहरू कम्युनिस्ट पार्टीको त्यो कार्यालयको अघिदेखि डेग चलेनन्।

भोलिपल्ट तिनीहरूलाई त्यो कार्यालयभित्र पसी कुनै साना सरकारी कर्मचारीसित भेटेर कुराकानी गर्ने चाँजो मिलाइयो तर त्यसरी भेट्न जाने

विश्वासीले गवाही नपाइने स्थानमा नमिठो चुटाई पाउँछ भनेर जानीकन ती प्रतिनिधिहरू भित्र पस्न मानेनन् औ त्यहीं उभी महामन्त्री ब्रेजनेभलाई पर्खेर भेटने निश्चय गरे।

त्यस पश्चात् अवश्यंभावी घटना घट्यो।

ठीक पौने दुइ बजी दिउँसो अट्ठाइसवटा बसगाड़ी गुप्त पुलिसहरू आए अनि विश्वासीहरूमाथि आतंक छायो। हामीहरू हातेमाला गरी घेरा बनाएर यो स्तुति गायौं—'हाम्रा जीवनको सर्वश्रेष्ठ दिनहरू ती दिनहरू हुन् जब हामीहरू येशू प्रभुको क्रुस उठाई बोक्न सक्छौं।' गुप्त पुलिसका कर्मचारीहरूले हामीहरू सबलाई तरुण वृद्ध नभनी पिट्न शुरू गरे। तिनीहरूले हामीहरूलाई लस्करबाट बाहिर तान्दै अनुहार र टाउकोमा पिट्दै सड़कमा घचेटिदिए। तिनीहरूले कति विश्वासीहरूको केश समाती तान्दै बसभित्र हुले। जब कतिले त्यो ठाउँदेखि भाग्न खोजे तब तिनीहरू-लाई बेहोश होइञ्जेल चुटे। तब बसगाड़ीहरू भरि विश्वासीहरू हालिकन तिनीहरूलाई कहाँ लगे पत्तो छैन। गुप्त पुलिसका बसगाड़ीभित्र विश्वासी-हरूले गाएका भजन बसगाड़ीहरू टाड़ा पुगिञ्जेल पनि सुनिन्थ्यो। यो डरलाग्दो दृश्य मोस्कोका जन समुदायले खुब राम्ररी हेर्न पाए।

अब अझ उदेकको घटना सुनाउँछु। ती पाँच सय विश्वासीहरू कैदको सजाईमा निश्चय नै परे, यसपछि झुण्डका साँचो गोठालाहरू भाइ जी० विन्स र भाइ होरेभले कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालयमा जाने साहस छोड़ेनन्। दुइ हजार वर्षअघि पनि यूहन्ना बप्तिस्मा दिनेलाई हेरोदेश राजाले कैदमा थुन्ने बित्तिकै त्यही स्थानमा हाम्रो प्रभु येशूले पनि आफ्नो सेवा-प्रचार जनसाधारणका माझमा थाले—'मन फिराऊ किनभने

स्वर्गको राज्य नजिकै छ।' यही वचन प्रचार्दा युइन्ना भ्यालखानामा कैदी भएका थिए।

भाइ विन्स र होरेभले ती पक्रा परेका पाँच सय प्रतिनिधि विश्वासी-हरू कहाँ छन् भनी सोधपुछ गरे अनि तिनीहरूलाई मुक्त गरिदिनु भनी मांग गरे। यी दुइ भाइहरू पनि त्यसै लापत्ता भए तर पछि तिनीहरू लेफोरटोभस्काइया भ्यालखानामा छन् भन्ने समाचार पायौं।

के गुप्त-मण्डलीका विश्वासीहरू डराए ! तिनीहरू डराएनन्। तत्कालै आफ्नो ज्यानलाई खतरामा हाली यो गुप्त घोषणा पत्र, जो हामीहरूको समक्षमा छ जहाँ यो सबै घटनाहरूको विवरण छ, गुप्तरूपले छापी तयार गरे। यो गुप्त घोषणा पत्रमा तिनीहरू आफैको निम्ति पवित्र वचनबाट कतिवटा पदहरू पनि लेखिएका छन्—

'किनभने यो अनुग्रह तिमीहरूले उहाँमाथि विश्वास गर्नलाई मात्र होइन तर उहाँको खातिर दुःख पनि भोग्नलाई दिइएको हो। ( फिलिप्पी २.२९ )।

प्रोत्साहनको निम्ति 'कि यी कष्टहरूले गर्दा कोही नडग्मगाओस्, किनकि तिमीहरू आफैलाई थाहै छ, यसैको निम्ति हामी नियुक्त भएका छौं।' ( १ थिस्सालोनिकी ३.३ ) औ तिनीहरूका दृष्टिले 'औ विश्वासका कर्त्ता र सिद्ध तुल्याउनुहुने येशूलाई हेरौं, जसले उहाँको सामने राखी-दिएको आनन्दको निम्ति शर्मलाई घिन गरेर क्रुसको शासना भोग्नुभयो।' ( इब्रानी—१२-२ )।

गुप्त-मण्डलीले रोस्टोभ शहर अनि मोस्को शहर औ समस्त सोभियत संघमा युवक-युवतीहरूको शिक्षामा नास्तिकी विष चलाएको विषयमा प्रति-

रोध गर्छ। तिनीहरूले कम्युनिस्टहरूका विषालु शिक्षा र सरकारी मण्डलीका धोखाबाज नेताहरूको विरुद्धमा सख्त विरोध गर्छन्। यी धोखाबाज नेताहरूको विरुद्धमा यिनीहरूले एउटा गुप्त घोषणा पत्रमा यसरी लेख्छन्—'हामीहरूको समयमा शैतानले आज्ञा दिन्छ अनि मण्डलीले परमेश्वरको आज्ञाको विरुद्ध ती सबै निर्णयहरू स्वीकार गर्छ।' प्राभडा युक्रेनीले ४.१०.१९६६-को अंकमा यसको उल्लेख गरेको थियो।

प्राभडा भोस्टोकाले भाइ अलेक्सेई नेभेरोभ, बोरिस गर्मासोभ र एक्सेन जुबोभको विरुद्धमा भएको मुकद्माको समाचार प्रकाशित गरेको थियो। यी तीन विश्वासी भाइहरूले अमेरिकादेखि रेडियोद्वारा प्रसारित सुसमाचार प्रचार सुन्नलाई प्रबन्ध मिलाएका थिए। तिनीहरूले यी सन्देशहरू टेप रिकार्ड गरी आपस्तमा घर-घर घुमाएका थिए। यी विश्वासीहरूलाई मनोरंजन-कार्यक्रम-संस्था र कला विकास संस्थाको आड लिई गुप्तरूपले सुसमाचार सेवाहरू चलाए भन्ने अभियोग लगाइयो। शुरूका ईसाईहरूले जसरी रोम शहरका सुरंगहरूभित्र कार्य गर्थे ठीक त्यसरी नै गुप्त-मण्डलीका विश्वासीहरू पनि कार्य गर्छन्।

सोभियट स्काइया मोल्डाभिया १५-६-६६-को अंक अनुसार गुप्त-मण्डलीले पुस्तिकाहरूका प्रतिलिपिहरू बनाउँछन् भन्ने समाचार छ। तिनीहरू कानूनका विरुद्ध सार्वजनिक स्थानहरूमा एकत्र हुन्छन् अनि ख्रीष्टको गवाही दिनु जगह-जगह जान्छन्।

उक्त पत्रिकामा अर्को एउटा समाचार पनि यस्तो थियो—'रेनीदेखि चिशिनाउको रेल्यात्रामा तीन युवक र चार युवतीहरूले 'आऊ, हाम्रो युवावस्था प्रभु ख्रीष्टलाई अर्पण गरौं' भन्ने स्तुति-गान गरे। विश्वासीहरूले

'सडकहरूमा, स्टेशनहरूतिर, रेलगाडीहरूभित्र, बसगाडीहरूभित्र, सरकारी सेवा केन्द्रहरूमा पनि' सुसमाचार प्रचार गरेको त्यो सम्बाददाताले आफ्नो घृणा र विरक्ति व्यक्त गरेको थियो। आधुनिक रूसमा गुप्त मण्डलीको सेवा-कार्यको यो एउटा झाँकी हो।

मुकद्मामा जब यी विश्वासीहरूलाई सार्वजनिक स्थलहरूमा स्तुति-भजन गाएको अपराधमा सजाईको फैसला सुनाइयो तब तिनीहरूले घुँडा टेकी परमेश्वर पितासित यो प्रार्थना गरे—'हे प्रभु परमेश्वर, हामीहरू आफूलाई तपाईंको हातमा समर्पण गर्छौं। हामीहरूलाई यस विश्वासको निम्ति दुःख सहने योग्य ठहराई यो सुअवसर दिनुभएकोमा तपाईं प्रभु परमेश्वरलाई धन्यवाद चढ़ाउँछौं।' त्यसपछि त्यो न्यायालयभित्र समस्त दर्शकवृन्दले त्यै भजन, जसले गर्दा यत्रो काण्ड भयो, 'धर्मान्ध' मडनको अगुवाईमा गाए।

मई १ ला तारीख कोपसिएग र जहारोभका गाउँहरूका विश्वासीहरूले सेवालयको अभावमा एउटा आत्मिकी सभा जंगलमा गुप्तरूपले चलाए। तिनीहरूले जन्मोत्सव मनाएको बहाना देखाई गुप्त सभाहरू गर्छन् ( परिवारमा चार-पाँच नानीहरू भए, धेरै विश्वासी परिवारहरूले वर्षभरि पैंतीस वटासम्म जन्मदिवसहरू गुप्त सभाहरूलाई ढाकछोप गर्नका लागि मनाउँछन् )।

गुप्त-मण्डलीका विश्वासी ईसाईहरू जस्तै कैद, कष्ट, यातना, अत्याचारभन्दा पनि डराउँदैनन्। प्रारम्भिक ईसाईहरू जस्तै जति तिनीहरूको खेदो गरिन्छ उति तिनीहरूको विश्वास र प्रभुप्रतिको प्यार गहिरो हुँदैजान्छ औ विश्वासको निम्ति सर्वस्व त्याग्न सक्ने क्षमता अझ बढ़दैजान्छ।

प्रामडा युक्रेनीको ४-१०-१९६६ सालको अंकमा गुप्त-मण्डलीको अगुवा-

हरूमध्ये एउटा विश्वासी भाइ प्रोफोकिएभको विषयमा यस्तो समाचार छापिएको थियो—तिनले तीनपल्ट कैदको सजाई भोगिसकेका छन् तर जसै कैदबाट छुटकारा पाउँछन् उसै तुरन्तै सण्डे स्कूलहरू संचालन गर्न लाग्छन्! अहिले तिनी फेरि कैदमा थुनिएका छन्।

भाइ प्रोफोकिएभले एउटा गुप्त घोषणामा लेखे—'मानिसहरूले बनाएको नियम ( तिनको तात्पर्य हो कम्युनिस्ट नियम कानून )-हरूको वश्यता स्वीकार गरेर सरकारी मण्डलीले परमेश्वरको आशिष गुमाएको छ।

एउटा विश्वासी रुसी ईसाई भाइको कैद सजायको खबर सुन्दा स्वतन्त्र देशहरूको झ्यालखानाको कल्पना नगर्नुहोस्। कम्युनिस्ट देशहरूमा झ्यालखान भने पछि, असह्य भोक, सताई, अत्याचार र मगजधुलाई सम्झनुहोस्।

नौका आइ रेलिजिया ( विज्ञान र धर्म ) पत्रिका न० ६, १६६६-को अंकमा यसरी लेखिएको छ—'ईसाईहरूले 'ओगोनोयिक' पत्रिकाका खोल लगाई सुसमाचार साहित्य वितरण गर्छन्। तिनीहरूले टोल्सटोय लिखित 'अन्ना केरिनिना' जस्ता उपान्यासका खोल बाहिर भएको तर भित्र चाँहि बाईबलका भागहरू भएका पुस्तकहरू बाँट्छन्।

'तिनीहरूले 'कम्युनिस्ट इन्टरनेशनल'-को राग तर शब्दहरूले प्रभु मसीहको प्रशसा गर्ने स्तुति गान गर्छन्।'

( कज्जाकास्तानकाइया प्राभडा जुन ३०, १६६६ साल )

साइबेरियाको कुलुण्डा शहरमा प्रकाशित भएको एउटा गुप्त पत्रमा विश्वासीहरूले बेपटिस्टहरूका सरकारी अगुवाहरूलाई मण्डली भत्काउने औ साँचो सेवकहरूलाई नाश गर्ने व्यक्तिहरू हुन् भन्ने उपाधि दिएका छन्। पिलातुसका हातमा धोखा दिई ख्रीष्टलाई सौंपने वर्तमान समयका शास्त्री र

फरीसीहरू यिनै हुन् पनि भनेका छन्। तरै पनि विश्वासमा अटल गुप्त-मण्डलीले आफ्नो काम गरिनै रहन्छ। प्रभु मसीहकी दुल्हीले उहाँको अटुट सेवा गरिरहन्छे।

गुप्त-मण्डलीले कम्युनिस्टहरूलाई प्रभु मसीहको निम्ति जित्छन् भन्ने मेरो दृढ धारणालाई कम्युनिस्टहरू स्वयंले स्वीकार गर्छन्। तिनीहरूमाथि निश्चय विजयी हुन सकिन्छ।

ता० २७ अप्रेल, १९६६-को वाकिनस्कि रेबोसी ( बाकूको मजदूर ) पत्रिकाले तरुण कम्युनिस्ट संघकी एउटी सदस्या तानिया सिउगोनुभा, जसले प्रभुलाई ग्रहण गरी, उनले लेखेको पत्रको नकल दिएको थियो। त्यो पत्र कम्युनिस्टहरूले हात पारेको रहेछ।

'प्यारी काकी नादिया, प्रभुले तपाईंलाई आशिष दिउन्। उहाँले मलाई कति साह्रो प्यार गर्नुहुन्छ। उहाँको अघि हामी केही पनि होइनौं। प्यारी काकी, शत्रुहरूलाई प्यार गर, तिमीहरूलाई श्राप दिनेहरूलाई आशिष देऊ, तिम्रो अहित चाहनेहरूको कल्याण गर अनि तिमीसित दुर्व्यवहार गर्नेहरूको निम्ति प्रार्थना गर' भन्ने वचनहरू तपाईंले स्पष्ट रूपमा बुझ्नुहुन्छ होला भनी मेरो आशा छ।'

जब कम्युनिस्टहरूले यो पत्र हात पारे तब भाइ पीटर सेरेब्रेन्निकोभ, जसले तानिया र धेरै अन्य व्यक्तिहरूलाई प्रभुकहाँ ल्याएका थिए, तिनी पनि कैदमा जानु पऱ्यो। तिनले दिएका उपदेशको केही प्रसंग कम्युनिस्ट पत्रिकामा छापिएको थियो—'हामीहरूले हाम्रा प्रभु येशूमा प्रारम्भका ईसाईहरू जस्तै विश्वास गर्नुपर्छ। बाईबल हाम्रो प्रधान कानून एवं व्यवस्था हो। यो बाहेक हामीहरू अरु कुनै कानूनलाई मान्यता दिंदैनौं। हामी-

हरूले मानिसहरूलाई, विशेष गरी युवक-युवतीहरूलाई, पापदेखि बचाउने यथेष्ट चेष्टा गर्नुपर्छ ।' सोभियत कानून मुताबिक तरुण युवक युवतीहरूलाई मसीह येशूको प्रचार गर्न मनाही छ भनी तिनलाई बनाउँदा तिनको जवाब थियो,—'बाईबल हामीहरूको एक मात्र कानून हो ।' निष्ठूर नास्तिक तानाशाहीले राज गरेको देशमा यो बड़ो स्वाभाविक औ यथार्थ उत्तर थियो ।

त्यस पछि त्यो पत्रिकाले एउटा 'असभ्य दृश्य'-को वर्णन गर्छ । 'भर्खरैका केटाकेटीहरूले आत्मिकी भजन गाउँछन् । तिनीहरूले विधिवत् बप्तिस्मा लिन्छन् औ आफ्ना शत्रुहरूलाई प्यार गर भन्ने पाखण्डी, छली र धोखाबाजी दीक्षा ग्रहण गर्छन् ।

वाकिनस्की रेबोसी अनुसार तरुण कम्युनिस्ट संस्थाका धेरै युवक-युवती-हरू वास्तवमा ईसाईहरू हुन् भनी लेखिएको छ । त्यो लेखको अन्त्यमा यसतो छ—'कम्युनिस्ट स्कूलहरू कति शक्तिहीन्, कति दिकलाग्दो, कति प्रकाशरहित अन्धकारमय छन्! यी स्कूलहरूका शिक्षक-शिक्षिकाहरूका आँखाकै सामूबाट उनीहरूका छात्र-छात्राहरूलाई पास्टरहरूले हड्पेर लानु सक्छन्!'

काजाकास्तानकाइया प्राभडा जनवरी १७ ता०, १९६६-को अंकमा आमाहरूको निम्ति लेखिएको एउटा ईसाई पर्चाको यो उद्धरण दिन्छ—'प्रिय दिदी-बहिनीहरू, हामीहरू आफ्ना नानीहरूलाई शिशुवस्थादेखि नै उनीहरूको सर्वस्व जीवन परमेश्वरलाई समर्पण गर्नको निम्ति एक मनको भई यथेष्ट प्रयत्न एवं प्रार्थनामा लागौं । हाम्रा नानीहरूलाई संसारको कुप्रभावदेखि बचाऔं ।'

फरीसीहरू थिने हुन् पनि भनेका छन्। तरै पनि विश्वासमा अटल गुप्त-मण्डलीले आफ्नो काम गरिनै रहन्छ। प्रभु मसीहकी दुल्हीले उहाँको अटुट सेवा गरिरहन्छे।

गुप्त-मण्डलीले कम्युनिस्टहरूलाई प्रभु मसीहको निम्ति जित्छन् भन्ने मेरो दृढ धारणालाई कम्युनिस्टहरू स्वयंले स्वीकार गर्छन्। तिनीहरूमाथि निश्चय विजयी हुन सकिन्छ।

ता० २७ अप्रेल, १९६६-को वाकिनस्कि रेबोसी ( बाकूको मजदूर ) पत्रिकाले तरुण कम्युनिस्ट संघकी एउटी सदस्या तानिया सिउगोनुभा, जसले प्रभुलाई ग्रहण गरी, उनले लेखेको पत्रको नकल दिएको थियो। त्यो पत्र कम्युनिस्टहरूले हात पारेको रहेछ।

'प्यारी काकी नादिया, प्रभुले तपाईंलाई आशिष दिउन्। उहाँले मलाई कति साह्रो प्यार गर्नुहुन्छ। उहाँको अघि हामी केही पनि होइनौं। प्यारी काकी, शत्रुहरूलाई प्यार गर, तिमीहरूलाई श्राप दिनेहरूलाई आशिष देऊ, तिम्रो अहित चाहनेहरूको कल्याण गर अनि तिमीसित दुर्व्यवहार गर्नेहरूको निम्ति प्रार्थना गर' भन्ने वचनहरू तपाईंले स्पष्ट रूपमा बुझ्नुहुन्छ होला भनी मेरो आशा छ।'

जब कम्युनिस्टहरूले यो पत्र हात पारे तब भाइ पीटर सेरेब्रेन्निकोभ, जसले तानिया र धेरै अन्य व्यक्तिहरूलाई प्रभुकहाँ ल्याएका थिए, तिनी पनि कैदमा जानु पर्‍यो। तिनले दिएका उपदेशको केही प्रसंग कम्युनिस्ट पत्रिकामा छापिएको थियो—'हामीहरूले हाम्रा प्रभु येशूमा प्रारम्भका ईसाईहरू जस्तै विश्वास गर्नुपर्छ। बाईबल हाम्रो प्रधान कानून एवं व्यवस्था हो। यो बाहेक हामीहरू अरु कुनै कानूनलाई मान्यता दिँदैनौं। हामी-

हिर्काएको जस्तै गरा मलाई 'बेपटिस्ट' भनून्—तिनीहरूले जेसुकै गरून्—मलाई तिनीहरूको अब आवश्यकता छैन।'

अरू धेरै अन्य तरुण कम्युनिस्टहरूले खीष्टको सेवा जीवन-पर्यन्त गर्ने निर्णय गरेका छन्।

गुप्त-मण्डलीका विश्वासीहरूलाई कम्युनिस्ट न्यायालयहरूमा उभी प्रश्नहरूको उत्तर दिनुगर्दा तिनीहरूले आत्मिकी प्रेरणा पाउँछन्। एउटा न्यायाधीशले सोधे—'प्रतिबन्ध लगाइएको यो तिमीहरूको धर्ममा तिमीहरूले मानिसहरूलाई किन आकर्षित गराउँछौ?' एउटी विश्वासी बहिनीले उत्तर दिई—'हामीहरूको लक्ष्य नै समस्त संसारलाई प्रभु मसीहको निम्ति विजय गर्नु हो।'

एउटा अर्को मुद्दामा एउटा न्यायाधीशले खिसी गर्दै भने—'तिमीहरूको धर्म विज्ञान-विरोधी हो।' यसको प्रत्युत्तरमा एउटी अभियुक्ता बहिनी, जो कालेजकी छात्रा थिइन्, तिनले यसो भनीन्—'के तपाईंले विज्ञानको विषयमा आइन्सटाइन र न्यूटनभन्दा बढ़ता जान्नुहुन्छ? तिनीहरूले खीष्ट प्रभुलाई आफ्नो व्यक्तिगत मुक्तिदाता स्वीकार गरेका थिए अनि दृढ़ विश्वासीहरू थिए। हाम्रो विश्वले आइन्सटाइनको नाउँ लिएको छ अनि यसको नामकरण आइन्सटाइनी विश्व भएको छ भनी मैले स्कूलमा सिकें। आइन्सटाइनले लेख्नुहुन्छ—'यदि हामीहरूले भविष्यवक्ताहरूले सिकाउनुभएको यहुदी धर्म र प्रभु मसीहले सिकाउनु भएको मसीही धर्मलाई पुरोहित कला र आवश्यक रीति विधिबाट परिष्कार गरी निर्मल राख्यौं भने हामीहरूसित एउटा यस्तो धर्म रहनेछ जसले हाम्रो विश्वलाई समस्त सामाजिक बुराईहरूदेखि बचाउन सक्छ।

यसर्थ यो धर्मलाई बिजयी बनाउन यथाशक्ति प्रयत्न गर्नु प्रत्येक मानवको परम पवित्र कर्तव्य हो।' हामीहरूको महान शरीर-विद्या-शास्त्री पैभलोभ-लाई नै हेर्नुहोस्—के हामीहरूका आफ्नै पुस्तकहरूले तिनी ईसाई थिए भनी भन्दैनन् र ! कार्ल मार्क्सले आफ्नो पुस्तक 'डास क्यापिटल'-को भूमिकामा भन्नुभएको छ—'ईसाई धर्म विशेष गरी त्यसको प्रोटेस्टेन्ट रूपमा, पापले भ्रष्ट गरेका चरित्रहरूको पुनर्निर्माणको निम्ति एउटा आदर्श धर्म हो।' मेरो चरित्र पनि पापले भ्रष्ट थियो। मार्क्सले त्यसको पुनर्निर्माणको निम्ति ईसाई विश्वासी हुन भनी सिकाउनुभयो। अब तपाईं मार्क्सवादीह ले मेरो विषयमा कसरी न्याय गर्नु सक्नुहुन्छ ?' त्यो न्यायाधीश किन चुप बसे त्यो बुझ्नु गाह्रो पर्दैन।

यस्तै प्रकारको ईसाई धर्म विज्ञान-विरोधी धर्म हो भनी आरोप लगाएकोमा एउटा विश्वासी भाइले अदालतमा यो उत्तर दिए—

'मान्यवर न्यायाधीश, तपाईं क्लोरोफार्म तथा अन्य उपयोगी औषधिहरूका आविष्कारक सिमसन जस्ता महान वैज्ञानिक हुनुहुन्न भना मलाई थाहा छ। जब सिमसनलाई उहाँको सर्वश्रेष्ठ आविष्कार के हो भनी सोधियो तब उहाँले भन्नुभयो—'मेरो सर्वश्रेष्ठ आविष्कार क्लोरोफार्म होइन, तर म एउटा पापी हुँ अनि परमेश्वरको असीम अनुग्रहले मात्र मेरो उद्धार हुन सक्छ भनी जान्न पाएको कुरालाई म आफ्नो सर्वश्रेष्ठ आविष्कार मान्छु।'

आफ्नो विश्वासको निम्ति गुप्त-मण्डलीले जुन त्याग, आत्मसमर्पण, जीवन बलिदान गरेको छ ती सबै नै गुप्त-मण्डलीको ईसाई धर्म प्रचारमा समर्पित गरेको महान योगदान हो। अफ्रिकाको सुविख्यात मिशनरी

अल्बर्ट स्विटजरको भनाई अनुसार गुप्त-मण्डली 'दुःखको छाप लागेको पवित्र संगति हो, अनि यस पवित्र संगतिमा हामीहरुको प्रभु ख्रीष्ट, जसलाई दुःखी मानव भनी सम्बोधन गरीएको छ, उहाँ पनि सम्मिलित हुनुहुन्छ।' गुप्त-मण्डली आफ्नो उद्धारकर्त्ता मसीह येशूसित एवं आफ्ना आपस्तका सदस्यहरुलाई यही प्यारको अटुट बन्धनले एकताको सुत्रमा बाँधिराखेको छ। यसर्थ तिनीहरुमाथि संसारको कोही पनि, न कुनै शक्ति विजयी हुन सक्नेछ।

गुप्त-मण्डलीले सरकारी निगाह बचाई गुप्तरूपले पठाएको एउटा पत्रमा यसो लेखिएको छ—'हामीहरू परमेश्वरसित अझ उत्तम ईसाई हुनका निम्ति विन्ती-प्रार्थना गर्दैनौं तर परमेश्वरको इच्छा अनुसार मसीह येशू जस्तै ईसाई हुन औ परमेश्वरको महिमाको निम्ति सहर्ष आफ्नो क्रुस उठाउने ईसाईहरू हुन सकौं भनी प्रार्थना गर्छौं।'

प्रभु येशूको 'साँप जस्तो चतुर हुनु' भन्ने वचन मुताबिक विश्वासी-हरूलाई न्यायालयहरूमा 'तिमीहरूको अगुवा को हुन्!' भनी प्रश्नादि गरिंदा तिनीहरूले कहिल्यै पनि आफ्ना अगुवाहरूको नाउँ बताउँदैनन्। तिनीहरू चुप बस्छन्।

जनवरी १५, १९६६ को प्राभडा भोस्टोका ( पूर्वका सत्य ) पत्रिकाले यो बयान छापेको थियो—विश्वासी बहिनी मारिया सेमक्यूक, जो न्यायालयमा प्रतिवादीको रुपमा खड़ा दिईं, तिनलाई प्रभुकहाँ डोऱ्याई ल्याउने व्यक्ति को हो भनी सोद्धा तिनको जवाब थियो—'परमेश्वर आफैले मलाई उनको मण्डलीमा खिच्नुभयो।' अर्को प्रश्न थियो—'तिमीहरूका अगुवा को हुन्!' उत्तर थियो—'हामीहरूको कुनै मानव-नेता छैन।'

जब ईसाई नानीहरूलाई प्रश्न गरिन्छ—'तिमीहरूलाई मार्ग-दर्शक संस्था ( यंग कम्युनिस्ट पायोनियर्स ) छोड्नु र रातो टाई नलगाउनु भनी कसले सिकायो ?' तब उत्तर पाइन्छ—'यी सब हामीहरूले आफ्नो राजी खुशीमा गर्‍यौं, हामीलाई कसैले सिकाएन।'

कति स्थानहरूमा हिम शिलाको टुप्पो प्रत्यक्ष रुपमा देख्न पाइन्छ तर कति स्थानहरूमा आफ्ना अगुवाहरूलाई कैदमा पर्नदेखि बचाउनलाई विश्वासीहरू स्वयं गुप्तरुपले बप्तिस्मा लिन्छन्। कति ठाउँमा बप्तिस्मा लिने र दिने दुवै व्यक्तिहरूले उनीहरूको नक्शा खिच्न नसकोस् भनी मकुण्डो लगाएर नदीमा बप्तिस्मा लिन्छन् औ दिन्छन्।

१९६४, ३० जनवरीको उचितेलस्काइया गजेटाले भोल्नेस्भो कोर्सकी जिल्लाको भोरोनिन गाउँमा भएको एउटा नास्तिकी सभाको विषयमा लेखेको छ—ईसाई विश्वासीहरूले भाषण समाप्त हुने बित्तिकै नास्तिकी शिक्षा-विरुद्ध सर्व-साधारणका समक्षमा तर्क गरी धेरै प्रश्नहरू सोधे जसको उत्तर त्यो वक्ताले दिन सकेन। तिनीहरुले सोधे—'तपाईं कम्युनिस्टहरुले खुबै भ्याली पिटेको तर वास्तवमा पालन नगरिएको नैतिक सिद्धान्त—'नचोर', 'नमार' भन्नेहरू कहाँबाट आयो ? त्यस वक्तालाई विश्वासीहरुले बाईबल, जसको विरोध कम्युनिस्टहरुले गर्छन्, त्यही पुस्तकबाट यस्ता सबै नैतिक सिद्धान्तहरु आएका हुन् भनी प्रत्यक्ष देखाइदिए। विचरा वक्ता अलमल्ल पर्‍यो औ विश्वासीहरूको तार्किक विजयसित सभा शेष भयो।

## गुप्त-मण्डलीमाथि यन्त्रणा बढ्दैछ

हिजआज गुप्त-मण्डलीका विश्वासीहरुले अघिभन्दा बेसी मात्रामा

यातना, सतावट सहिरहेका छन्। रुस देशमा सबै धर्मको खेदो गरिन्छ। कम्युनिस्ट देशहरुमा यहुदीहरुले जुन सास्ती खप्नुपर्छ सो संझी प्रत्येक ईसाईको हृदय काँप्छ। यी सबै दुःख-सास्ती दिने योजनाको मुख्य लक्ष्य चाँहि गुप्त-मण्डली हो। हालैमा रुसमा फेरि झुण्डका झुण्ड मानिसहरुको पक्राउ र मामला-मुकद्‌माको सनसनी फैलिएको छ भनी कैयौं सोभियत समाचार पत्रहरुले खबर दिएका छन्। एउटा स्थानमा बयासी विश्वासी-हरुलाई पागलपनाको आरोप लगाई पागलखानामा थुनिदिए। केही दिन पश्चात चौबीस जनाको मृत्यु भयो, तब तिनीहरूको मृत्युको कारण 'लामो प्रार्थना' भनी बताए। तर तपाईले कहीं, कहिले, कसैको मृत्यु 'लामो प्रार्थना'ले भएको सुन्नुभएको छ ? तिनीहरुले कस्तो यातना पाए होलान् के तपाई कल्पनासम्म पनि गर्न सक्नुहुन्छ ?

आफ्ना नानीहरुलाई धार्मिक शिक्षा दिइएकोमा जब सरकारले पतो लाउँछ तब विश्वासीहरुलाई सबभन्दा कठोर सजाई दिइन्छ। सरकारले नानीहरुलाई तिनीहरुदेखि जीवन पर्यन्त अलग गर्छ औ यी नानीहरुसित फेरि भेट्ने पर्यन्त अधिकार तिनीहरुले पाउँदैनन्।

शिक्षाको क्षेत्रमा 'कुनै किसिमको पक्षपात् नहोस्' भन्ने संयुक्त राष्ट्र संघको घोषणा पत्रमा सोभियत रुसले आफ्नो हस्ताक्षर दिएको छ। 'आफ्नो विश्वास अनुसार माता-पिताले आफ्नो नानीहरुलाई धार्मिक तथा नैतिक शिक्षा दिने अधिकार छ' भनी त्यो घोषणा पत्रले अनुबद्ध गरेको छ। सोभियत रूसको सरकारी बेपटिस्ट संगठनका छली नेता करेभले उपरोक्त अधिकार सोभियत रूसमा एउटा यथार्थ अधिकार हो भनी आश्वासन

दिएको छ—यसरी धेरै व्यक्तिहरू सहजै ठगिन्छन्। अब रूसी समाचार पत्र-पत्रिकाहरूले यस विषयमा के के लेख्छन्, सुन्नुहोस्—

ता० ४-६-६३-को सोवेजेटस्काइस रसियामा प्रकाशित भएको खबर अनुसार बेपटिस्ट बहिनी मेक्रिनकोभादेखि तिनको ६ वटा नानीहरू सरकारले छुट्टाएर लग्यो किनकि त्यो विश्वासी बहिनीले आफ्नो नानीहरूलाई धार्मिक शिक्षा दिएकी थिई औ मार्ग दर्शक संस्था ( बाल-कम्युनिस्ट-संस्था )-को रातो टाई लाउनु मनाही गरेकी थिई।

न्यायालयमा जब तिनलाई यो सजाई सुनाइयो तब तिनले यतिमात्र भनी, 'आफ्नो विश्वासको निम्ति मैले यो सहन परेको छ।' तिनीबाट अलग गरिएका नानीहरूको खुराकी खर्च तिनी आफैंले भर्नपर्छ, औ नानीहरूलाई नास्तिवादको शिक्षा-दीक्षा दिइदैछ। विश्वासी माताहरू हो! बहिनी मेक्रिनकोभाको दुःखद वियोगको कल्पना गर्नुहोस्!

युचेतलस्काइया गजेटाले भाइ इगनाटी मलिन र उसकी जहानमाथि यही कुरो बितेको वर्णन गर्छ। न्यायाधीशले तिनीहरूलाई आफ्नो विश्वास त्याग्नु भनी हुकुम गरे। 'परमेश्वर र छोरीमा एक जनालाई रोज्नुपर्दा तिमीहरू कसलाई रोज्छौ?' के तिमीहरू परमेश्वरलाई रोज्छौ? भाइ मलीनले भने, 'म आफ्नो विश्वास र धर्म त्याग्ने छुइँन।'

पावल प्रेरित भन्नुहुन्छ, 'सबै कुरो राम्रोको निम्ति हुन्छ·····' धेरै ईसाई परिवारका नानीहरू आफ्नो धर्म र विश्वासमा शिक्षा-दीक्षा पाउँदै बढ़े, यसोसले तिनीहरूलाई आफ्नो आमा-बाबुहरूदेखि सरकारले छुट्टाई लगे। तिनीहरूलाई नास्तिकवादको वातावरणमा हुर्काइंदैछ, तर पनि दूषित शिक्षाले दूषित हुनको सट्टामा ती नानीहरूले अन्य नानीहरूलाई

आफ्नो घरमा पाएको धार्मिक शिक्षाले प्रभावित गराई प्रभुको सेवा गरेको मैले देखेको छु ।

बाईबलले भन्छ, जसले आफ्नो नानीहरूलाई प्रभु येशूभन्दा बढ़ता मात्रामा प्यार गर्छ त्यो प्रभुको योग्य छैन, औ लोह पटभित्र यो वचनको महत्व पूर्णरुपले बुझ्न सकिन्छ ।

तपाईं आफ्ना बाल-बच्चाहरुदेखि केवल एकै हप्ताइ दूर बस्ने चेष्टा गर्नुहोस् तब मात्र तपाईंले रुसका विश्वासीहरूको वियोग-वेदनाको कल्पना गर्न सक्नुहुन्छ ।

यस पुस्तकमा प्रोटेस्टेन्ट सम्प्रदायको गुप्त-मण्डलीको विषयमा मात्र चर्चा गर्नु न्यायसंगत लाग्देन ।

रुसको ओर्थोडोक्स सम्प्रदायको मण्डली पनि अब पूर्णरुपले परिवर्तन भएको छ । उक्त मण्डलीका लाखौं सदस्यहरूले कारावास-जीवन बिताएका छन् । झ्यालखानमा तिनीहरुसित माला, सक्षाना क्रुसहरू मुर्त्ति, धूप, तथा मोमबत्तीहरू थिएनन् अनि मण्डलीका साधारण सदस्यहरूले अभिषिक्त ( पुरोहित ) पाद्री बिना कति वर्ष कैद-बास बिताउनु पर्‍यो । पुरोहितहरू-सित तिनीहरूका लबेदा थिएन, न गहुँका रोटी, न चोख्याउँने दाखरस, न पवित्र तेल, अनि न प्रार्थनाका पुस्तक थिए । तब यी सामग्रीहरू बिना पनि तिनीहरूले परमेश्वरको भक्ति आराधना प्रार्थनाद्वारा निर्विघ्न तौरले गर्नु सक्नेरहेछ भनी अनुभव गरे अनि तिनीहरु प्रार्थनामा विशेष जोर दिन लागे । ती प्रार्थनाहरुको उत्तरमा परमेश्वरले तिनीहरुमाथि पवित्र आत्मा प्रदान गर्नुभयो औ वर्तमान रुसको ओर्थोडोस्क मण्डलीमा प्रारम्भिक ईसाईहरुका माझमा झैं वास्तविक आत्मिक जागृति आएको छ ।

यो गुप्त ओर्थोडक्स मण्डली रुस देशमा मात्र नभएर त्यसका उपग्रह देशहरुमा चालु छ। यो मण्डली यथार्थमा शुरुको मण्डली जस्ते प्रचारमा विशेष जोर गर्ने औ परमेश्वरदेखि एकदमै नजीक छ। केवल परम्परादेखि चलिआएकोले गर्दा उक्त मण्डलीले अलि-अलि ओर्थोडक्स नियम विधिहरु मान्छन्, तर अब यी विधिहरु, रीति रिवाजहरु तिनीहरुको सेवा आराधना-देखि लुप्त प्रायः भइसकेको छ। कैयौं शहीदहरुले यस मण्डलीलाई गौरवान्वित बनाएको छ। कालूगाको वयोवृद्ध आर्च विशप अहिले कहाँ छन् भनी कसले जान्दछ र? तिनले ओर्थोडक्स सम्प्रदाय र नास्तिकवादको बीचमा हुँदैगरेको सहयोगिताको विरुद्धमा प्रतिरोध गरेका थिए।

कम्युनिस्ट शासनकालको पचास वर्ष पुग्यो तर कम्युनिस्ट पत्र-पत्रिका, समाचार पत्रहरू गुप्त-मण्डलीको विजय-गाथाले पूर्ण छ। अर्वणनीय ताड़ना र सास्तीबीच पनि यो मण्डली आफ्नो विश्वासमा अटल र अडिग छ औ यसको दिनोदिन उन्नति भइरहेको छ।

रुमानियामा हामीहरूले रूसी फौजमाझमा गुप्त सेवाद्वारा पवित्र बचनका बीउहरू छरेका थियौं, त्यसरी नै रूस देशमा औ कब्जा गरेका अन्य देशहरूमा अन्य विश्वासी भाइ-बहिनीहरूले काम गरेको फलवन्त भइरहेको छ।

प्रभु मसीहको निम्ति कम्युनिस्ट संसारमाथि विजय प्राप्त गर्नु सम्भव छ। कम्युनिस्टहरू ईसाई विश्वासी हुन सक्छन् औ यस्ते प्रकारले कम्यु-निस्टहरूले दबाएर राखेका मानिसहरूलाई पनि हामीहरूले भरसक सहायता दियौं भने प्रभु मसीहमा ल्याउन सक्छौं।

सोभियत संघ रूसमा, चीन देशमा तथा अरू कम्युनिस्ट देशहरूमा गुप्त-मण्डलीले उत्तरोत्तर वृद्धि गरेको मेरो कथन सत्य छ भनी म प्रमाण दिन्छु।

विकट परिस्थितिहरूको माझमा पनि हाम्रा विश्वासी भाइ-बहिनीहरूको विश्वासको सुन्दरता तपाईंहरूलाई दर्शाउनका निम्ति म यहाँ रूसी भयाल-खानबाट आएका दुइ-चारवटा अन्तिम पत्रहरूको नकल पेश गर्दैछु।

## एउटी कम्युनिस्ट युवती भारियाले प्रभुलाई पाउँछिन् औ गवाही दिंदा मजदुर-कमारी हुने सजाई पाउँछिन्

पहिलो तीन पत्रहरू बहिनी भारियाले लेखेकी हुन्। तिनले बहिनी भारियालाई ख्रीष्ट प्रभुका चरणमा डोऱ्याएर ल्याई।

### पहिलो पत्र

'म यहीं बस्दैछु। मैले यहाँ धेरै प्यार पाएकी छु। तरुण कम्युनिस्ट संस्था ( कोमसोमोल )-की एउटी सदस्या भारियाको पनि म स्नेहकी पात्र भएकी छु। तिनले मलाई सोधी, 'तिमी को हौ, कस्तो किसिमको व्यक्ति हौ म केही बुझ्न सक्तिन। यहाँ धेरैजसोले तिम्रो बदनाम गर्छ अनि तिमीलाई दुःख दिन्छ, तरै पनि तिमीले ती सबैलाई प्यार गर्छौ।' उत्तरमा मैले भनें, 'आफ्ना मित्रहरूलाई मात्र होइन तर आफ्नो शत्रुहरू-लाई पनि प्यार गर्नुपर्छ भनी परमेश्वरले सिकाउनुभएको छ।' पहिले त यो बहिनीले धेरैपल्ट मेरो अहित गर्न खोजी तर मैले उसको निम्ति विशेष बोझ लिई प्रार्थना चढाएँ। एक दिन तिनले मलाई सोधी, 'के तिमी

आफ्नो घरमा पाएको धार्मिक शिक्षाले प्रभावित गराई प्रभुको सेवा गरेको मैले देखेको छु ।

बाईबलले भन्छ, जसले आफ्नो नानीहरूलाई प्रभु येशूभन्दा बढ्ता मात्रामा प्यार गर्छ त्यो प्रभुको योग्य छैन, औ लोह पटभित्र यो वचनको महत्व पूर्णरुपले बुझ्न सकिन्छ ।

तपाईं आफ्ना बाल-बच्चाहरुदेखि केवल एकै हप्ताइ दूर बस्ने चेष्टा गर्नुहोस् तब मात्र तपाईंले रुसका विश्वासीहरूको वियोग-वेदनाको कल्पना गर्न सक्नुहुन्छ ।

यस पुस्तकमा प्रोटेस्टेन्ट सम्प्रदायको गुप्त-मण्डलीको विषयमा मात्र चर्चा गर्नु न्यायसंगत लाग्दैन ।

रुसको ओर्थोडोक्स सम्प्रदायको मण्डली पनि अब पूर्णरुपले परिवर्तन भएको छ । उक्त मण्डलीका लाखौं सदस्यहरूले कारावास-जीवन बिताएका छन् । झ्यालखानमा तिनीहरुसित माला, ससाना क्रुसहरू मुर्त्ति, धूप, तथा मोमबत्तीहरू थिएनन् अनि मण्डलीका साधारण सदस्यहरूले अभिषिक्त ( पुरोहित ) पाद्री बिना कति वर्ष कैद-बास बिताउनु परयो । पुरोहितहरू-सित तिनीहरूका लबेदा थिएन, न गहुँका रोटी, न चोख्याउँने दाखरस, न पवित्र तेल, अनि न प्रार्थनाका पुस्तक थिए । तब यी सामग्रीहरू बिना पनि तिनीहरूले परमेश्वरको भक्ति आराधना प्रार्थनाद्वारा निर्विघ्न तौरले गर्नु सक्नेरहेछ भनी अनुभव गरे अनि तिनीहरु प्रार्थनामा विशेष जोर दिन लागे । ती प्रार्थनाहरुको उत्तरमा परमेश्वरले तिनीहरुमाथि पवित्र आत्मा प्रदान गर्नुभयो औ वर्तमान रुसको ओर्थोडोस्क मण्डलीमा प्रारम्भिक ईसाईहरुका माझमा झैं वास्तविक आत्मिक जाग्रति आएको छ ।

भनी म्याली पिटी हिंड़ेको संझी तिनी अत्यन्त दुःखी भईन्। औ अब त्यस कुकृत्यको प्रायश्चित गर्ने तिनले अटोठ गरेकी छिन्।

हामीहरू भारियासित एउटा नास्तिक सभामा गयौं। जानको अघि आफूलाई आवेगमा सम्भाली राख्नु भनी भारियालाई सचेत गराएकी थिएँ तर त्यो सबै व्यर्थ हुनगयो। भारिया सभामा गई र म पनि के हुन्छ होला भनी गएँ। सभामा उपस्थित भएका सबैले कम्युनिस्ट गान गरे तर भारियाले सो गीत गाइनन् अनि गीत समाप्त भएपछि तिनले सभामा बोल्ने अनुमति मागीन्। जब तिनले बोल्ने पालो पाइन्, सबैको अघि गई र खड़ा भइन्। तिनले येशू खीष्ट मुक्तिदाता हुन् भनी बड़ो जोशसंग साहसपूर्ण गवाही दिईं। तिनको आत्मिकी आँखा बन्द भएकोले अहिले-सम्म तिनी विनाशको बाटोमा आफैलाई हिंड़्दै गरेको देख्न सकेकी थिइन अनि अरूलाई पनि त्यही बाटोमा डोरयाउँदै थिईन्। तिनले अफ्नो अवधि कामरेडहरूसित त्यसको निम्ति माफ मागीन् अनि सबैलाई यो विनाशको बाटो त्यागी खीष्ट प्रभुलाई ग्रहण गर भनी अनुरोध गरी।

सभामा निस्तब्धता छायो, कसैले पनि तिनलाई बोल्नुदेखि रोकेनन्। बोली सकेपछि तिनले एउटा धार्मिक भजन अत्यन्त मीठो स्वरमा गाईन्— 'प्रभु मसीह जसले आफ्ना आज्ञाहरू औ आफ्नो क्रुसको शक्तिको संरक्षण गर्नका निम्ति मृत्युको दुःख भोग्नुभयो, उहाँको पवित्र नाउँको घोषणा र प्रचार गर्नु म लज्जित हुन्न।

त्यस पश्चात्.........त्यस पश्चात् तिनीहरूले हाम्री प्यारी बहिनी भारियालाई लगे.........। आज ६ ता० मई हो। तिनको केही पत्तो

छैन तरै पनि तिनको कुशलता र सुरक्षाको निम्ति परमेश्वर पिता सर्वशक्तिमान हुनुहुन्छ। प्रार्थना गर्नुहोस्।

तिमीहरूकी,

मारिया।'

## तेस्रो पत्र

'हिजो २ ता० अगस्तको दिन हामीहरूकी प्यारी बहिनी मारियासित भ्यालखानमा मेरो भेट भयो औ केही बातचीत पनि भयो। तिनको संझनाले मेरो हृदय विषादले रुन्छ। वास्तवमा तिनी बालिका नै छिन्। तिनको उमेर उन्नाइस वर्ष मात्र होला। आत्मिकी जीवनमा पनि तिनी कलिलै छिन् तर सम्पूर्ण हृदयले तिनले प्रभुलाई प्यार गर्छिन् औ हठात् त्यस दुर्गम बाटोको पथिक हुनपरीन्। बिचरी भोकभोके छे, आत्मिकी र शारीरिक भोक दुवेले विचारीलाई व्याकुल पार्छ। तिनी भ्यालखानामा छिन् भनी हामीले थाहा पाएर तिनलाई खानेकुराको पार्सलहरू पठायौं। तर अफशोस, हामीले पठाएका पार्सलहरूमा एक-दुइवटा मात्र तिनले पाइछिन्।

हिजो मैले तिनलाई भेटें। विचरी क्षीण, कान्तिहीन, रुग्न, चुटिएको अवस्थामा थिई। केवल तिनको आँखाहरू परमेश्वरको शान्ति औ अलौकिक आनन्दले उदीप्त थिए।

मेरा प्रियहरू हो, जसले ख्रीष्ट प्रभुको अनुपम शान्ति अनुभव गरेको छैन तिनीहरूले यो कुरा बुझ्न सक्दैनन् तर जसले यो शान्ति पाएको छ तिनीहरू कति आनन्दित छन्। हामीहरू प्रभुमा हुनेहरूलाई कुने किसिमको पीड़ा, नैराश्य, पराजयले त्यस आनन्ददेखि वंचित गराउन सक्दैन।

मैले फलामका छड़हरू बीचबाट सोधें—'मारिया, यो सब किन गरेछु भनी तिमी पछुताव गर्दैछौ ?' उत्तरमा तिनले भनी – 'अँह, मलाई रत्तिभर पनि दुःख छैन। यदि यिनीहरूले मलाई अहिले नै मुक्त गरिदिए भने पनि म तुरन्तै निस्कीकन ख्रीष्टको महान प्यारको विषयमा सबैलाई जनाईं हिंड्नेछु। मैले दुःख पाउँदैछु भन्ने नसम्झ। म खुशी छु कारण प्रभुले मलाई यति साह्रो प्यार गर्नुहुन्छ औ उहाँको नाउँमा दुःख सहने असीम आनन्द दिनुहुन्छ।'

तिनको निम्ति तिमीहरूले विशेष प्रार्थना गरिदिनुहोस् भनी म अनुरोध गर्छु। शायद तिनलाई साईबेरिया पठाइन्छ होला। तिनीहरूले तिनको सबै लुगा-फाटा र सामानहरू खोसी लगेकाछन्। अहिले जीउमा लगाएको लुगा बाहेक अरू केही चीज उसकोमा छैन। तिनको आफन्तहरू पनि कोही छैन यसर्थ तिनलाई एकदमै जरुरत पर्ने सामानहरूको प्रबन्ध गरिदिनुपर्छ। तिमीहरूले पछिल्लोपल्ट पठाएको पैसा मैले अलगै राखेको छु। मारियाको स्थानान्तर भएपछि सो पैसा उसैलाई दिनेछु। मेरो विश्वास छ भविष्यमा पनि उहाँको निम्ति दुःख सहने मारिया बहिनीलाई बल र सहनशक्ति दिनुहुनेछ। परमेश्वर पिताले तिनलाई आफ्नो शरणमा राखून।

तिमीहरूकी,
मारिया।'

## चौथो पत्र

'प्यारी मारिया,

तिमीलाई बल्ल चिठ्ठी लेख्नु पाएँ। हामीहरू सकुशलै– ×—पुग्यौं। हामीहरूको झ्यालखानको शिविर शहरदेखि दश माईल टाढ़ो छ। यहाँको

हामीहरूको जीवनावस्थाको बारेमा लेख्न म असमर्थ छु । किन असमर्थ छु सो तिमीलाई थाहै होला । म आफ्नै विषयमा थोरै मात्र लेख्न चाहन्छु । परमेश्वरलाई धन्यवाद होस्, उहाँले मलाई स्वस्थ्य राखी कठिन परिश्रम गर्न सक्ने पनि बनाउनुभएको छ । बहिनी—×—र मलाई एउटा सानो कारखानामा काम गर्न लगाइएको छ । त्यहाँ हामीहरू मशीन चला-उने काम गर्छौं । काम कठिन छ अनि बहिनी—×—रोगाएकी छे । म दुवैको निम्ति काम गर्छु । पहिला मेरो काम गरिसक्छु अनि तब म मेरी बहिनीलाई सघाउँछु । हामीले दिनमा प्रायः बारह-तेरह घण्टा काम गर्नु-पर्छ । तिमीहरूलाई जस्तै हामीहरूलाई पनि खानादानाको अति अभाव छ तर यी सबैको गुनासो म यहाँ पोखाउन चाहँदिन ।

म हृदयबाट परमेश्वर पिताको प्रशंसा गर्छु र उहाँको धन्यवाद मान्छु । उहाँले तिमीद्वारा मलाई भक्तिको मार्ग देखाइदिनुभयो । त्यो मार्गमा हिंड्दा म आफ्नो जीवनको अभिप्राय अब राम्ररी बुझ्छु । अब कहाँ जानुपर्ने, कसको निम्ति दुःख भोग्दैछु, यी सब म राम्ररी जान्दछु । साथै मेरो अन्तःकरणमा भएको उद्धारको त्यो अकथनीय आनन्दको विषयमा सबैलाई सुनाउन औ साक्षी दिनको निम्ति म आतुर छु । प्रभु मसीहमा भएको परमेश्वरको महान प्यारदेखि हामीलाई कसले अलग राख्न सक्छ ? न कसैले, न कहिल्यै । न झ्यालखानको यन्त्रणाले ! परमेश्वरको खटनमा हामीले खप्नुपरेको दुःख-यातनाले हाम्रो विश्वासलाई अझ दृढ र बलियो बनाउँछ । उहाँको प्यार र अनुग्रहले मेरो हृदय भरिएर पोखिन्छ । म चुप बस्न सँक्तिन—प्रभुले ममाथि गर्नुभएको अनुग्रहको विषयमा सबैलाई सुनाइहिंड्दा, तिनीहरूले मलाई सराप्छन्, दण्ड दिन्छन् औ अन्य काम

थपिदिन्छन् । मेरो कदम विनाशको बाटोमा अग्रसर भइरहेथ्यो तर प्रभुले मलाई एउटा नयाँ प्राणी, नयाँ सृष्टि बनाउनुभयो । यति भएर पनि के म चुप लागिबस्नु सक्छु र ! अहँ, कहिल्यै पनि सक्तिन अनि जबसम्म म जीवित रहनेछु तबसम्म म उहाँको महान प्यारको बखान नै गरिरहनेछु ।

हामी पुग्नुपर्ने झ्यालखानको शिविरको बाटोमा हामीहरूले धेरै विश्वासी भाइ-बहिनीहरूलाई भेट्यौं । ती भाइ-बहिनीहरूलाई देख्ने-बित्तिकै विचित्र तौरले तिनीहरू परमेश्वरका सन्तान हुन् भनी आत्माले चिनाइदिनुहुन्छ । त्यति बेला सोध-पूछ गर्ने वा बोल्ने केही खाँचै पर्दैन । पहिलो दृष्टिमा नै तिनीहरू को हुन् भनी तिमीलाई थाहा हुन्छ ।

जाँदा-जाँदै बाटोको एउटा रेलको अड्डामा एउटी स्त्री आई र हामीलाई खानेकुरो दिंदै यति मात्र भनी, 'परमेश्वर जीवित हुनुहुन्छ ।'

त्यो झ्यालखानको शिविरमा हामीहरू राती अबेला पुग्यौं । हामी-हरूलाई जमीनभित्र बनाइएका ठूला-ठूला कोठामा लगियो । त्यहाँभित्र भएका संगी-बन्दीहरूलाई 'तपाईंहरूसित प्रभुको शान्ति होस्' भन्दै अभिवादन गर्दै हामीहरू भित्र पस्यौं । विस्मय र अत्यन्त हर्षको कुरो, 'हामीहरू पनि तिमीहरूसित प्रभुको शान्ति होस् भनी तिमीहरूलाई स्वागत गर्छौं', भन्ने उत्तर कोठाको चारैतिरबाट आयो औ त्यही बेलुकीदेखि नै हामीहरू सबै एउटै जहानका रहेछौं जस्तो लाग्यो ।

वास्तवमा यस्तै नै रहेछ ! प्रभु मसीहलाई मुक्तिदाता स्वीकार गर्ने हामीहरू यहाँ धेरैजना छौं । बन्दीहरूमा आधाभन्दा बढ्ता विश्वासीहरू छन् । दिनभरि कठोर परिश्रम गरेर जब बेलुकी हामी जम्मा हुन्छौं तब थोरै समयको लागि भए पनि प्रार्थनाको संगतिमा प्रभु मसीहको चरणमा

बिताउन पाउँदा हामीहरू महान आनन्दको अनुभव गर्छौं। प्रभु मसीह-सित जुनसुकै स्थानमा पनि स्वतन्त्रता छ। यहाँ मैले धेरै मीठा मीठा आत्मिकी भजनहरू सिकेकी छु औ प्रभुले मलाई प्रतिदिन उहाँको वचन-द्वारा आत्मकी भोजनले तृप्त गर्नुहुन्छ। मेरो उन्नाइस वर्षको उमेरमा यसैपाला प्रभुको जन्मोत्सव ( क्रिसमस ) मनाउने सौभाग्य पाएँ। यो मनोरम दिनलाई म कहिल्यै बिर्सने छैन। दिनभरि हामीहरू कठिन परिश्रममा व्यस्त हुनुपर्‍यो, तरै पनि हाम्रा कति विश्वासी भाइ विश्वासी नजीकको खोलामा जान सके औ तिनीहरूले पानीमाथि जमेको बर्फलाई फुटाई एउटा स्थान तयार गरे। रात परेपछि त्यहाँ म र अरू सात जना विश्वासीहरूले परमेश्वरको वचन अनुसार बप्तिस्मा लियौं। म साह्रै खुशी छु—तिमी मारिया पनि मसितै हुनु नि जस्तो लाग्छ। तब अतीत-का दिनहरूमा तिम्रो विरुद्धमा गरेको अपराधको प्रायश्चित म आफ्नो प्यारद्वारा गर्नेथिएँ। तर परमेश्वरले सबैलाई आफ्नो-आफ्नो स्थानमा राख्नुहुन्छ औ उहाँले राख्नुभएको स्थानमा हामी प्रत्येक, दरिलो भई उभिनुपर्छ।

परमेश्वरका छोरा-छोरीहरूका सर्व परिवारलाई हाम्रो कुशलताको समाचार र नमस्कार दिए है। परमेश्वर पिताले मलाई झैं तिमीहरूका दैनिक कार्यमा आशिष दिनुहुनेछ। हिब्रानी १२.१-देखि ३-सम्म पढ़े है।

यहाँका सबै विश्वासीहरूले पनि प्रभुमा नमस्कार पठाएका छन्। तिनीहरूको अटल विश्वासको निम्ति सबै दुःख-यातना सहँदै पनि परमेश्वर-को प्रशंसा सदैव लगातार गर्न पाउँदा तिनीहरू साह्रै खुशी छन्। तिमीहरूले

अरूहरूलाई पनि पत्र पठायौ भने, तिनीहरूलाई पनि हाम्रो 'प्रभुमा नमस्कार' भनिदिने ।

तिम्रो,

मारिया ।'

## पाँचौं पत्र

'प्यारी मारिया,

तिमीलाई दुइ-चार पंक्ति लेख्ने बल्ल अवसर पाएँ। मेरी प्यारी दिज्यू, म अनि बहिनी—×—परमेश्वर पिताको अनुग्रहले सकुशल र स्वस्थ छौं । अहिले हामीहरू ' ' छौं । तिनीहरूले हामीलाई ' ' पठाउँछन् औ हामी त्यहीं रहनेछौं ।

मेरी आमा बस्ते मेरो फिक्री गरेको निम्ति म तिमीलाई धन्यवाद टक्याउँछु । तिमीले हाम्रो निम्ति पठाएको सबै चीज पायौं । संसारको सबैभन्दा बहुमुल्य जिनिस 'बाईबल' पठाइदिएकोमा विशेष धन्यवाद । सबै-लाई धन्यवाद छ, औ जब तिमीले तिनीहरूलाई लेख्छौ तिनीहरूले मेरा लागि जे-जति गरेका छन्, सबैको निम्ति मेरो धन्यवाद र अभिवादन सुनाइदिने ।

प्रभुले मलाई उहाँको पवित्र प्यारको गम्भीर रहस्य बुझाइदिनुभयो यसर्थ म आफूलाई संसारको सबैभन्दा सुखी व्यक्ति ठान्छु । दुःख, यातनामा जे जति मैले सहन परेको छ ती सबैलाई म विशेष अनुग्रहको रूपमा लिन्छु, औ अहिलेदेखि नै प्रभुले मलाई उहाँको निम्ति दुःख सहनको लागि असीम आनन्द दिनुभएकोमा म अत्यन्त खुशी छु । अन्त्यसम्म

म प्रभुको विश्वास अटल रहन सकूं—यसको लागि तिमीहरू सबेले विशेष प्रार्थना गरे है ।

परमेश्वर पिताले तिमीहरू सबलाई उहाँको शरणमा राखून् अनि आत्मिकी संघर्षमा विजयी हुनको निम्ति सामर्थ र बल दिऊन् ।

बहिनी—×—र मेरो तिमीहरूलाई प्यार-चुम्बन । जब हामीहरूलाई —×—पठाइन्छ, तब शायद तिमीहरूलाई पत्र लेख्ने अवसर पाइएला । हाम्रो निम्ति पट्टक्कै सुर्ता नगर्नु, हामीहरू खुशी, सुखी छौं, किनकि स्वर्गमा हाम्रो निम्ति ठूलो इनाम राखिएको छ । मत्ती ५, ११।१२ ।

तिम्रो,

भारिया ।

बहिनी भारियाको यो अन्तिम पत्र हो । तिनी कम्युनिस्ट थिईन् तर प्रभुलाई पाएपछि तिनले उहाँको साक्षी दिंदा कमारी-मजदूर हुने सजाई पाईन् । तिनको विषयमा फेरि केही सुनिएको छैन तर खीष्ट प्रभुको निम्ति तिनको मधुर प्यार र सुन्दर गवाहीले कम्युनिस्टवादको वशमा भएको संसारको एक-तिहाई प्रभुको निम्ति दुःख उठाउने, विश्वासमा अटल गुप्त-मण्डलीको आत्मिक सौन्दर्य दर्शाउँछ ।

# सातौं अध्याय

## गुप्त-मण्डलीको तर्फबाट मेरो सन्देश

'गुप्त-मण्डलीको आवाज' भनी मलाई नाउँ दिइएको छ। मसीह प्रभुको देहको यस्तो सम्मानित भागको आवाज भनिनु योग्यको म आफूलाई ठान्दिनँ।

जे भए पनि कम्युनिस्ट देशहरूमा मैले गुप्त-मण्डलीको एक अंशको अगुवाई निकै वर्षसम्म गरें। चौध वर्षको कारावास र सतावट औ यस अवधिको अन्तर्गत दुइ वर्षसम्म 'मृत्यु द्वार' भनिने कोठामा थुनवा परेर पनि म जीवित रहन सकें, यो प्रभुको एउटा आश्चर्य कर्म नै हो। यो भन्दा बढ़ता आश्चर्यको कुरो के हो भने पाश्चात्य देशका स्वतन्त्र मण्डलीहरूलाई यी समाचारहरू दिनका निम्ति, कम्युनिस्ट भयालखानको अँध्यारो गहिराईभित्रबाट परमेश्वरले निकाल्नुभयो र पश्चिमका देशहरूमा पुरयाउनुभयो, किनकि परमेश्वर पिताको इच्छा यस्तै भयो।

ती अनगणित नाउँ बिनाका चिहानहरूमा पड़िरहेका, जंगलहरूमा र गुप्त स्थानहरूमा लुक्दे-छिप्दे औ एवं रीतले प्रभुको सेवाको निम्ति एकत्रित हुने विश्वासीहरूको पक्षमा म आफ्नो आवाज उठाउँछु।

रुमानिया देशको गुप्त-मण्डलीले विश्वका स्वतन्त्र ईसाईहरूलाई यो सन्देश सुनाउनका निम्ति मलाई स्वदेश छोड्ने प्रयास गर्नु भनी आफ्नो

निर्णय दिए। प्रभुको आश्चर्य कर्मले म रुमानियाबाट बाहिर निक्ली आउनुमा सफल भएँ औ कम्युनिस्ट देशहरूमा भएका ती कठोर परिश्रम गर्ने, दुर्दशा, खतरा, सताई औ मृत्युका मुखमा परेका विश्वासीहरूले मलाई सुम्पेका अभिभारा म पूरा गर्दैछु।

गुप्त-मण्डलीबाट मैले ल्याएको सन्देश यिनै हुन्—

"हामीहरूलाई नत्याग्नुहोस्!"

"हामीहरूलाई नभुल्नुहोस्!"

"हामीहरूको माया नमार्नुहोस्!"

"हामीहरूलाई आवश्यक हतियार दिनुहोस्! तिनीहरू उपयोग गर्नका लागि जतिसुकै मूल्य पनि चुकाउनेछौं!"

तपाईंहरूले यो सन्देश दिनका लागि मलाई जिम्मा लाइएको थियो। म चूप गराइएको गुप्त-मण्डली, बोल्नु नसक्ने आवाजरहित गुँगा गुप्त-मण्डलीको निम्ति बोल्छु।

कम्युनिस्ट देशहरूमा भएको तपाईंका भाइ-बहिनीहरूको करुण पुकारलाई सुन्नुहोस्। तिनीहरू त्यहाँदेखि भाग्न चाहँदैनन्, न त तिनीहरू आफ्नो कल्याण र सुरक्षा चाहन्छन्, न त सुगम जीवन नै व्यतीत गर्न चाहन्छन्। तिनीहरू केवल त्यहाँका युवावर्गलाई आउँदो पुस्तालाई कम्युनिस्टहरूको नास्तिकी विषको असर पर्नदेखि बचाउनका लागि हतियारहरू मागिरहेका छन्। परमेश्वरका वचन प्रचारनलाई तिनीहरूले बाईबलहरू मागिरहेका छन्। परमेश्वरको वचन बाईबल बिना कसरी प्रचार्न सकिन्छ!

गुप्त-मण्डली एउटा शल्य-चिकित्सक ( सर्जन ) जस्तै मानिदिनोस्।

एउटा शल्य-चिकित्सक रेलको यात्रा गरिरहेको बेला तिनी चढ़ेको रेलगाड़ी र अर्को रेलगाड़ी ठोकियो र दुर्घटनामा सैकड़ौं व्यक्तिहरू घायल भए, कति मृत्युको मुखमा गरे। तिनी आफैंलाई त केही भएन तर ती यत्रतत्र पड़िरहेका लाचार, मर्दैगरेका घायलहरूको बीचमा घुम्दै हताश भएर ती चिकित्सक बड़्बड़ाउन थाले, 'यदि मसित हतियार भए! यदि मसित हतियार भए!' तिनको चिरफाड़ गर्ने हतियारहरू आफुसित भएको भए तिनले धेरै ज्यानहरू बचाउन सक्नेथिए। प्राण बचाउने तिनको प्रबल इच्छा थियो तर तिनीसित हतियारहरू थिएन। गुप्त-मण्डलीको पनि यस्तै अवस्था छ। आफ्नो सर्वस्व न्यौछावर गर्न पनि मण्डली राजी छ। शहीदहरूलाई धर्म र विश्वासको बलिवेदीमा चढ़ाउन पनि राजी छ। कम्युनिस्टहरूका भयानस्थानहरूमा जीवन बिताउन पनि राजी छ तर काम गर्नलाई हतियार छैन भने गुप्त-मण्डलीको सारा उत्सर्ग, उमंग र तत्परता बेकार हुन्छ।

तपाईंहरू स्वतन्त्र हुनुहुन्छ औ तपाईंहरूसित यो विश्वासी, साहसी गुप्त-मण्डलीको अर्जी यही छ—'हामीहरूलाई सुसमाचार, बाईबल, साहित्य तथा अन्यान्य सहायता दिनुहोस् औ उप्रान्त हामी सब गर्नेछौं।'

## स्वतन्त्र ईसाईले कसरी सहायता दिन सक्छ?

प्रत्येक स्वतन्त्र ईसाईले निम्नलिखित तरीकाद्वारा तुरन्तै सहायता दिन सक्छ—

नास्तिकहरू मानिसहरू हुन् तर तिनीहरूले जीवनको अदृश्य श्रोत-हरूलाई मान्यता दिंदैनन्। सृष्टि र जीवनमा भएको रहस्यप्रति तिनीहरू

अबोध छन्। आँखाले हेरेर होइन तर विश्वासद्वारा अदृश्य परमेश्वर-सितको संगतिको जीवन बिताएर, ईसाई विश्वासीहरूले तिनीहरूलाई सर्वश्रेष्ठ रूपले सहायता गर्नसक्छन्। ईसाईहरूले सुयोग्य त्यागी जीवन बिताएर पनि सहायता गर्न सक्छन्। गुप्त ईसाईहरूको खेदो गर्दा ईसाईहरूले खुल्लस्तरुपले प्रतिरोध गरेर पनि सहायता दिन सक्छन्।

स्वतन्त्र देशका ईसाईहरूले सहायातार्थ कम्युनिस्टहरूको निम्ति बराबर प्रार्थना चढ़ाउन सक्छन्। यस्तो प्रार्थना अति न सरल औ हलका देख्ला—हामीहरूले कम्युनिस्टहरूको निम्ति प्रार्थना गर्यौं अनि अर्कों दिन प्रार्थना गरेको अघिभन्दा बढ़ता मात्रामा हामीलाई सताउँथ्यो। तर प्रभु मसीहको प्रार्थना पनि यस्तै सरल र अकृत्रिम थियो। उहाँको प्रार्थना पछि तिनीहरूले उहाँलाई क्रुसमा चढ़ाए तर केही दिन पश्चात तिनीहरू छाती पिटीपिटी रूँदै कराउँदै पश्चात्ताप गरे औ एकै दिनमा पाँच हजार व्यक्तिहरूले प्रभु मसीहलाई आफ्नो मुक्तिदाता स्वीकार गरे। उरूहरूको निम्ति पनि यो प्रार्थना बेकार भएन। तपाईं जुन व्यक्तिको निम्ति प्रार्थना चढ़ाउनुहुन्छ त्यस व्यक्तिले त्यसको कदर गरेन भने, त्यो प्रार्थना तपाईं-कहाँ ठूलो आशिष भइ फर्कनेछ तर त्यस व्यक्तिको निम्ति त्यो श्रापको कारण हुनेछ। प्रभुको वचनको पालन गर्दै म र धेरै विश्वासीहरूले एडोल्फ हिटलरका निम्ति संधैं प्रार्थना चढ़ाउँथ्यो। मेरो विश्वास छ भित्र राष्ट्रहरूका फौजका गोलीले मात्र होइन तर हाम्रा प्रार्थनाहरूले पनि तिनलाई पराजित गराउन सहायता गर्यो।

हामीले आफ्नो छिमेकीहरूलाई आफू समान प्यार गर्नपर्छ। कम्यु-निस्टहरू पनि अरु जस्तै हाम्रा छिमेकीहरू हुन्।

प्रभुको वचन पूर्ण तौरले पालन नगरिएको दुष्परिणाम कम्युनिस्टहरू हुन्। योहन्ना १० : १०—'म ता तिनीहरूले जीवन पाउन् र त्यो प्रशस्तमात्रामा पाउन् भन्ने अभिप्रायले आएँ'—अहिलेसम्म ईसाईहरूले कसैको निम्ति 'प्रशस्त जीवन' बनाउनु सकेका छैनन्। कतिलाई तिनीहरूले जीवनका अनमोल कुराहरूका आसपासमा पुर्‍याएर त्यसै छाडिदिए र त्यो पाउनुपर्ने कुरो मानिसहरूले पाएनन्। तिनीहरू विद्रोही भए अनि कम्युनिस्ट संस्थाको सृजना गरे। धेरजसो तिनीहरू समाजमा भएका थिचोमिचोका शिकार हुन्। अब तिनीहरूको हृदय कठोरता र क्रूरताले व्याप्त छ। हामीहरूले तिनीहरूको विरुद्धमा युद्ध गर्नुपरेको छ। तर ईसाईहरूले आफ्नो शत्रुहरुको सामना गर्नुपर्दा तिनीहरुलाई राम्ररी बुझछन र प्यार गर्छन्।

धेरै व्यक्तिहरु कम्युनिस्ट भएकोमा हामीहरु दोषी ठहरिन्छौं। हामीहरु दोषी छौं किनकि हामीले आफ्नो कर्त्तव्य पालन गर्नमा लापरवाही गरेका छौं।

यो अपराधको प्रायश्चित गर्नका निम्ति नै हामीले तिनीहरुलाई प्यार गर्नुपर्छ (प्यार गर्नु र मन पराउनुमा आकाश पातालको अन्तर छ) अनि तिनीहरुको निम्ति प्रार्थना गर्नुपर्छ।

कम्युनिस्ट समस्या केवल प्रेमले मात्र हल गर्न सक्छ भनी विश्वास गर्ने निबुद्धि म गर्दिन। देशका अधिकारीवर्गलाई देशमा भएको गुण्डागिरीको समस्या केवल प्रेमले हल गर भनी म सिफारिश गर्दिन। पास्टरहरू मात्र होइन तर पुलिस, न्यायाधीश, र झ्यालखानहरू पनि हुनेपर्छ। यदि समाज-बिरोधी ( Gangster )-ले पश्चाताप गर्दैन भने, तिनीहरूलाई

व्याख्यानमा धुन्नैपर्छ। कम्युनिस्टहरू सानातिना होइन तर अन्तराष्ट्रीय परिमाणका हुन् भनी जानीकन पनि तिनीहरूको प्रतिरोध गर्ने राजनैतिक, आर्थिक, सांस्कृतिक युक्तिहरूको विरोध गरी म त्यो ईसाई शब्द 'प्रेम' वा 'प्यार' प्रयोग गर भन्ने छैन। चोरले त अलिकति धन चोर्छ तर कम्युनिस्टहरूले सम्पूर्ण देश नै चोर्छन्।

कम्युनिस्टहरूले जस्तै अपराध गरे पनि तिनीहरू र तिनीहरूका निर्दोष शिकारहरूलाई प्रत्येक पास्टर एवं साधारण विश्वासीले प्रभु ख्रीष्टमा ल्याउने यथा सम्भव प्रयत्न गर्नुपर्छ। प्रत्येकले कम्युनिस्टहरूको लागि बोझ सहित प्रार्थना गर्नुपर्छ।

## बाईबल, सुसमाचार, तथा मसीही साहित्यहरू परमावश्यक छन्

दोस्रो कुरो—स्वतन्त्र ईसाईहरूले बाईबलका भागहरू पठाई सहायता गर्न सक्छन्। यी पुस्तकहरू कम्युनिस्ट देशहरूमा पठाउनका लागि धेरै सुगम युक्तिहरू छन्। यता आएपछि मैले धेरै बाईबलहरू उहाँ पठाएँ अनि तो सबै सुरक्षित पुगे। तपाईं स्वतन्त्र ईसाईले गुप्त-मण्डलीको तपाईंका भाइ-बहिनीहरूको निम्ति यी पुस्तकहरू तथा अन्य दानहरू दिनुहुन्छ भने ती पठाउने निर्विघ्न तरीकाहरू छन्। यस्तै तरीकाले पठाइएका धेरै बाईबलहरू म रूमानियामा छँदा मैले प्राप्त गर्न सकें। यहाँ पठाउने केही समस्या छैन, तर यो पुस्तकहरू र अन्य दानहरू कसरी जुटाउनु, त्यसको सवाल मात्र छ।

प्रायः बीस वर्षदेखि पचास वर्ष हुँदैछ रूस र त्यसका उपग्रह देशहरूमा ईसाईहरूले बाईबल, सुसमाचारका पुस्तिकाहरू देख्न पनि पाएको छैन। यसर्थ यी पुस्तकहरू त्यहाँ अति नै आवश्यक छ।

एक दिन मैला लुगा लगाएको दुइ बस्तीवालाहरू मेरो घरमा आए। तिनीहरू आफ्नो गाउँबाट बाड्रो महीनाभरि वर्फले कक्रिएको माटो खनेर फ्याँक्ने काम गर्न आएका थिए। यसरी कमाएको पैसाले एउटा पुरानो थोत्रे बाईबल किनी गाउँमा लाने आशाले मात्र तिनीहरू काम गर्न आएका थिए। त्यति बेला अमेरिकाबाट पठाइएका थुप्रै बाईबलहरू मसित थिए औ थोत्रो पुरानो बाईबलको सट्टामा नयाँ बाईबल तिनीहरूलाई दिन सकें। तिनीहरूले यसरी नयाँ बाईबल पाएको आँखाले विश्वास गर्न सकेनन्। तिनीहरूले कक्रिएको माटो फ्याँक्ने काम गरेर कमाएको पैसाबाट दाम दिन खोजे तर मैले लिनु मानिन। तुरुन्तै त्यस पश्चात् तिनीहरू आफ्ना गाउँमा फर्के। केही दिनपछि मैले तिनीहरूले पठाएको एउटा पत्र पाएँ। त्यस पत्रमा बाईबल पाएकोमा अत्यन्त हर्षोल्लास प्रकट गर्दै मलाई धन्यवाद ज्ञापन गरेको थियो। उक्त पत्रमा तीस बस्तीवालाहरूको सही थियो। तिनीहरूले सो बाईबल आपस्तमा साट्दै पढ्नुको लागि बड़ो होशियारीसित बीस भागमा विभक्त गरेका थिए।

एउटा रुसी भाइले बाईबलको एक पन्ना माग्दै गरेको दृश्य कति करुण छ। त्यहाँ तिनको आत्माको भोक तृप्त हुन्छ। एउटा बाईबलको निम्ति तिनीहरू सहर्ष एउटा गाई वा खसी दिन राजी हुन्छन्। मैले चिनेको एउटा व्यक्तिले एउटा थोत्रे नयाँ नियम बाईबलको निम्ति आफ्नो विवाह-को औंठी साट्यो। त्यहाँका नानीहरूले क्रिसमस कार्ड कहिल्यै देखेका

छैनन्। कहिले काहीं यस्तो कार्ड तिनीहरूको हातमा पर्‍यो भने गाउँका सबै नानीहरू वरिपरि झुम्मिन्छन्, तब गाउँको कोही बुढो पाको व्यक्तिले बालक येशू, माता मरियम औ त्यसको शिलशिलामा प्रभु खीष्ट र मुक्तिको विषयमा बताउँछन्। केवल एउटै क्रिसमस कार्डबाट यो सब हुन्छ भने, तपाईंले बाईबल, सुसमाचार औ अन्य पुस्तक पुस्तिकाहरू पठाउन सक्नुहुन्छ औ यसरी तपाईंले पनि केही सहायता गर्न सक्नुहुन्छ।

तेस्रो कुरा—नानीहरू र युवाहरूलाई किन्डरगार्डनदेखि विश्वविद्यालयसम्म पिलाएको नास्तिकी विषको असर प्रतिरोध गर्नलाई हामीले विशेष साहित्य छपाई त्यहाँ पठाउनुपर्छ। कम्युनिस्टहरूले 'नास्तिक-दर्शिका' नामक पुस्तक तयार गरेका छन्, जो तिनीहरूको 'बाईबल' हो। यसैको सरल रूपान्तर किन्डरगार्डनका नानीहरूलाई सिकाइन्छ औ जसै नानीहरू बढ्दै जान्छन् उसै यो पुस्तकको शिक्षाहरू दिइंदै जान्छ। यो दुष्ट पुस्तकले नानीहरूको पीछा छोड्दैन—नानीहरू, जति जति बढ्दै जान्छन्, उति उति यस पुस्तकमा भएको विष पनि पिउँदै जान्छन्। ईसाई जगतले यो दुष्ट पुस्तकमा लेखेको कुराहरूको प्रत्युत्तरमा त्यसलाई खण्डन गर्ने कुनै पुस्तक अझसम्म लेखेर छापेको छैन। यी विषालु नास्तिकी शिक्षाहरूको उत्तर हामी दिनसक्छौं औ हामीहरूले यसको उत्तर छाप्न र पठाउनै पर्ने हो। यो काम हामीले झट्टै गर्नुपरेको छ, कारण गुप्त-मण्डलीसित यो दुष्ट पुस्तकले युवावर्गलाई पिलाएको विष मार्ने कुनै साहित्य छैन। जबसम्म कम्युनिस्ट देशहरूका विभिन्न भाषाहरूमा छापिएका ईसाई साहित्य गुप्त-मण्डलीसित हुँदैन तबसम्म गुप्त-मण्डली निष्क्रिय बसे पनि हुन्छ।

यी विष-पान गरेका युवा वर्गलाई हामीहरूले परमेश्वरको उत्तर—'ईसाई उत्तर' अथवा 'हाम्रो उत्तर' दिनैपर्छ। यो दुष्ट पुस्तकको आङ्क मार्नुको लागि चित्रहरू भएका पत्र-पत्रिका, बाल बाईबल तथा बाल ईसाई साहित्य जुटाउनमा सहायता गरी तपाईंले गुप्त-मण्डलीलाई सहयोग दिन सक्नुहुन्छ।

चौथो कुरो—गुप्त-मण्डलीका विश्वासीहरूलाई हामीले सम्पूर्णरूपले साथ दिनपर्छ। अन्य व्यक्तिहरूसित सम्पर्क राखी सुसमाचार वितरण गर्नु सुविधाजनक बनाउनका लागि तिनीहरूलाई यताउता घुमफिर गर्नु, यात्रा गर्नुको लागि आर्थिक सहायता दिए वेश हुन्छ। यस्ता धेरै विश्वासीहरू यात्रामा लाग्ने खर्च बसगाड़ी वा रेलगाड़ीका भाड़ा तथा भोजन वस्तुमा लाग्ने खर्चको अभावले आफ्ना घर-घरैमा साङलोले जकड़िएका छन्। जसरी जहाज कम्ती पानी भएको ठाउँमा भासिन्छ र चल्न सक्तैन उसरी न यी विश्वासीहरू अर्थको अभावले चल्न सकेका छैनन्। तिनीहरूलाई बीस माइल टाड़ाका बस्तीमा हुने गुप्त सभाको निम्ति बोलाउन पनि व्यर्थ छ किनकि त्यहाँसम्म जाने तिनीहरूको खर्च हुँदैन। तिनीहरूलाई आर्थिक सहायता दिए तिनीहरूले यस्ता निम्तोहरू ग्रहण गरी ती टाड़ा-टाड़ाका गाउँहरूमा परमेश्वरको वचन लिई जान सक्नेछन् औ तपाईंले यसरी तिनीहरूको अभावको बन्धनलाई फुकाउनु सक्नुहुन्छ।

कैदबाट मुक्त भएर आएका पास्टर पाद्रीहरूसित हृदयलाई विचलित पार्ने सुसमाचारका जीउँदा वचनहरू छन्, तिनीहरूको हृदय हराएको आत्माको निम्ति ज्वलन्त प्यारले दन्किरहेको छ तर तिनीहरूसित गाउँ,

शहरहरू तिर यी वचनहरू लिई जाने साधन छेन। यिनीहरूले प्रति मास अलि अलि खर्च पाए यो साधन जुटाउन सकिन्छ।

साधारण विश्वासी भाइ-बहिनीहरूलाई पनि सहायता दिनुपर्छ। तिनीहरूको सीमित आयले हात र मुख जोर्न पनि हम्मेहम्मे पर्छ। यसर्थ गाउँ-गाउँ, शहर-शहर सुसमाचार-प्रचारमा जानका लागि तिनीहरूसित केही पैसा बाँच्दैन। तिनीहरूलाई पनि केही अर्थ-सहायताको व्यवस्था गर्न सक्यौं भने तिनीहरूले धेरै कार्य गर्न सक्छन्।

सरकारी मण्डलीका कति पास्टरहरूले आफूलाई खतरामा हाली यस्तै सेवा-कार्यको निम्ति गुप्तरूपले प्राप्त गरेको पैसाले एउटा समानान्तर गुप्त-मण्डली चलाउँछन्। कम्युनिस्ट सरकारले 'निर्धारित' गरेको यिनीहरूको तबल एकदमै कम्ती हुन्छ। कम्युनिस्ट नियम कानूनको वास्ता नगरी आफ्नो स्वतन्त्रतालाई खतरामा हाली, बालक बालिका, युवा, प्रौढ़, वृद्ध-वृद्धाहरूलाई गुप्त सभाहरूमा प्रचार्ने इच्छा मात्रै भएर हुँदैन तर तिनीहरू-सित फलवन्त गुप्त सेवा चलाउने अरु साधनहरु पनि हुनुपर्छ।

गुप्त-मण्डलीको एउटा सदस्यलाई केवल ६५—१३० रुपियाँले सुसमाचार प्रचार्ने सेवा कार्यमा ठूलो सहायता हुन्छ अो यसरी पनि गुप्त-मण्डलीलाई सहायता दिन सकिन्छ।

अन्त्यमा कम्युनिस्ट देशहरूमा हामीहरूले रेडियोद्वारा सुसमाचार प्रचार-प्रसार गर्न सक्छौं। गुप्त-मण्डलीलाई केवल शारीरिक भोजनको मात्र अभाव छैन तर आत्मिक भोजनको पनि उति नै आवश्यक्ता छ। स्वतन्त्र देशहरूका रेडियो स्टेशनहरूबाट आत्मिक भोजन दिने व्यवस्था मिलाउनुपर्छ। कम्यु-निस्ट सरकारले आफ्नो रुसी जनता एवं अरु देशका पराधीन जनताको

आफ्नमा सरकारी मत प्रचार गर्दा short wave ( लघु तरंग ) रेडियो चलाउँछन्, यसर्थ यी भाइ-बहिनीहरूले रेडियोद्वारा प्रसारित सुसमाचार आफ्नो रेडियोमा सुन्न सक्छन्। रेडियोद्वारा कम्युनिस्ट देशहरूमा सुसमाचार प्रचार गर्नलाई अब ढोकाहरू खोलिएका छन् र यस कामलाई सक्दोभर प्रोत्साहन दिएर यसको वृद्धि एवं विकास गर्नुपर्छ। गुप्त-मण्डलीलाई रेडियो-प्रसारणद्वारा उपलब्ध हुने आत्मिक भोजन हामीहरूले दिनैपर्छ। कम्युनिस्ट देशहरूमा भएको गुप्त-मण्डलीलाई सहायता गर्ने यो अर्को उपाय हो।

## ईसाई शहीद-परिवारहरूको दयनीय अवस्था

हामीहरूले ईसाई विश्वासी शहीदहरूका परिवारहरूको निम्ति सहायताको प्रबन्ध गर्नुपर्छ। हालमा हजारौं यस्ता विश्वासी परिवारहरूले अति करुण, दुःखान्त जीवन व्यतीत गरिरहेका छन् जसको वर्णन गरेर साध्य छैन। गुप्त-मण्डलीको कोही विश्वासी जब पक्रा पर्छ तब तिनको परिवारमाथि वज्रपात हुन्छ। त्यो परिवारलाई सहायता गर्नु कानूनको विरुद्ध हो औ सख्त सजाईको भोगी हुनु हो। तिनको घरमा बिछोडिएको बहान र बालबच्चाहरूको दयनीय अवस्थामा दुख-दर्द थप्नका निम्ति कम्युनिस्टहरूले यस्ता उपाय रच्छन्। कैदमा परेको विश्वासी भाइ अवश्य सताइने, अथवा कहिले काहीं मृत्युको गाँसमा पर्ने सम्भावना त छँदैछ, तर तिनको परिवारको निम्ति यो त केवल तिनीहरूको लामो दुःखान्त जीवन कहानीको शुरू मात्र हो। यस पश्चात उक्त परिवारको कहिल्यै अन्त्य नहुने लामो करुण, दुःखमय जीवन गाथाको क्रम जारी हुन्छ। एउटा सत्य कुरा म

भन सक्नु—यदि स्वतन्त्र देशका साधारण विश्वासी भाइ-बहिनीहरूले म औ मेरो परिवारको निम्ति सहायता नपठाएको भए हामीहरू अहिलेसम्म बाँच्ने थिएनौं, न तपाईंहरूसित यसरी संगति गर्न पाइने थियो, न यी शब्दहरू नै लेखिने थियो।

वर्तमान रुस र अरू कम्युनिस्ट देशहरूमा ईसाईहरूको विरुद्ध हजारौं हजारौं विश्वासीहरूलाई कैद गर्ने आतङ्कको सनसनी फैलिएको छ। प्रभु खीष्टको निम्ति प्राणोत्सर्ग गर्ने शहीदहरूको संख्या दिनेदिन बढ्रिहेको छ। ती शहीदहरूले आउँदो जीवनको प्रतिफल हेरी सहर्ष मृत्युलाई आलिंगन गर्छन् तरै पनि तिनीहरूको परिवारले अत्यन्त दयनीय र करुण जीवन बिताउन बाध्य हुनपर्छ। तिनीहरूलाई सहायता गर्ने त्याकत हामीसित छ औ हामीहरूले सहायता गर्नैपर्छ। संसारका भोक-पीड़ित, अनिकालको मुखमा परेका असहाय मानिसहरूलाई पनि हामीहरूले सहायता गर्नुपर्छ। तर प्रभु मसीहको निम्ति प्राणोत्सर्ग गर्ने औ कम्युनिस्ट झ्यालखानहरूमा सताइएका विश्वासीहरूका परिवारहरूभन्दा बढ्ता अरू कुन व्यक्तिहरू ईसाईहरूको सहायता पाउने योग्यको छ र!

म मुक्त भए पश्चात यता युरोपियन क्रिश्चियन मिसनले ईसाई विश्वासी शहीदहरूका परिवारहरूका लागि धेरै सहायता पठाइसकेका छन्। तपाईंहरूको सहयोग पाएर जति सहायता हामीले दिन सक्छौं त्योभन्दा धेरै थोरै मात्रामा मात्र अहिलेसम्म सहायता गरिएको छ।

बाँचेर यता आउने अनुग्रह पाएको गुप्त-मण्डलीको सदस्यको हैसियतमा मैले छाड्रिराखेका विश्वासी भाइ-बहिनीको तर्फबाट तपाईंहरूलाई एउटा सन्देश, अपील र अर्जी ल्याएको छु।

तिनीहरूले मलाई तपाईंहरूकहाँ यो समाचार दिन भनी पठाए अनि यो समाचार पुर्‍याउन म तपाईंहरूकहाँ सकुशले आइपुगेको पनि एउटा आश्चर्य कर्म नै हो ।

मैले तपाईंहरूलाई कम्युनिस्ट जगतमा प्रभु मसीहको सुसमाचार प्रचारको आवश्यक्ताको विषयमा जताइदिएको छु । मैले तपाईंहरूलाई विश्वासी ईसाई शहीद परिवारहरूलाई सहायताको नितान्त आवश्यक्ताको विषयमा पनि बताइदिएको छु । मैले तपाईंहरूलाई गुप्त-मण्डलीलाई सुसमाचार प्रचार सेवा कार्यको निम्ति कसरी तपाईंले यथार्थ रूपमा सहायता गर्नु सक्नुहुन्छ सो पनि बताइदिएको छु ।

मलाई सास्ती दिंदा मेरो पैतालाहरूलाई आफ्नो निशाना बनाई निर्दयीहरूले चुटे, तब मेरो मुखबाट चित्कार निस्क्यो । मेरो मुखले किन चित्कार गर्‍यो ! त्यसलाई त चुटिएको थिएन ! त्यसले चित्कार गर्‍यो किनकि मुख र पैताला एउटै देहका दुइ विभिन्न अंगहरू हुन् । तपाईं स्वतन्त्र ईसाईहरू पनि मसीह येशूको त्यही दिव्य देहको एक अंग हुनुहुन्छ, जुन दिव्य देहको एक अंगमा शहीदहरू, कम्युनिस्ट झ्यालखानहरूमा मारपिट, चुटाई, अत्याचार सहने विश्वासी भाइहरू सम्मिलित छन् ।

के तपाईंहरूले हाम्रा दुःख-दर्दको अनुभव गर्नु सक्नुहुन्छ ! प्रारम्भिक मण्डली आफ्नो सबै सौन्दर्य र शोभा, त्याग र बलिदानले सुशोभित भई कम्युनिस्ट देशहरूमा पुनर्जीवित भएको छ ।

हाम्रा प्रभु मसीह येशू गेतसमनीको बगैंचामा जब सन्तप्त हृदयको असह्य वेदनाको प्रार्थनामा छटपटिरहेका थिए तब उहाँका तीन चेलाहरू

पत्रस, युहन्ना र याकुब त्यहाँदेखि अलिक पर थिए—विश्वको महानतम् घटना घटिरहेको बेला तिनीहरू घोर निद्रामा मस्त थिए ।

शहीद मण्डलीको दुःख निवारणको लागि तपाईंको मण्डलीको ईसाई-हरूले कति फिक्रि गर्छन् ? कतिको सहयोग दिन तयार छन् ? लोहाका पर्दाभित्र भएका तपाईंहरूका विश्वासी भाइ-बहिनीहरूको सहायतार्थ के के गरिंदैछ ? तपाईंका आफ्ना पास्टर तथा मण्डलीका अगुवाहरूलाई सोध्नुहोस् ।

प्रारम्भिक मण्डलीहरूका बीरता र प्राणोत्सर्गका बीररसपूर्ण नाटकहरू लोह-पटभित्र फेरि दोहोरिंदैछ तर अहिले स्वतन्त्र जगतका ईसाईहरू घोर निद्रामा मस्त छन् ।

प्रारम्भिक मण्डलीको बीरता, बहादुरी औ त्यागको बराबरी गर्दै लोह-पटभित्र भएका हाम्रा विश्वासी भाइ-बहिनीहरूले बीसौं शताब्दीको सर्व-महान, साहसपूर्ण युद्ध कसैको सहायता बिना एक्लै लड़िरहेका छन् औ स्वतन्त्र ईसाई मण्डलीलाई तिनीहरूको संघर्ष, दुःख-दर्दमय अवस्थाको पत्तो पनि छैन, चासो पनि छैन । जसरी पत्रस, युहन्ना र याकुब हाम्रा उद्धार-कर्त्ता मसीह येशू आत्मिकी संघर्षमा छटपटिरहेका समयमा सुतिरहेका थिए उसरी अहिले स्वतन्त्र ईसाईहरू सुतिरहेका छन् ।

के तपाईं पनि सुत्नुहुन्छ ? मसीह येशूमा तपाईंका भाइ-बहिनीहरू, तपाईंका संगी विश्वासीहरू एक्लै लड्दै पड्दै संघर्ष गरिरहेको बेला के तपाईं सुतिरहनु हुन्छ ?

'हामीहरूलाई याद गर, सहायता गर', के तपाईंले यो समाचार सुन्नु र बुझ्नुहुन्छ ?

'हामीहरूलाई नत्याग्नुहोस् ।'

प्रभुको धन्यवाद होस्—कम्युनिस्ट देशहरूमा नास्तिकी कम्युनिस्ट-वादको साङ्लोले जकड़िएको, विश्वासमा स्थिर, प्रभु मसीह येशूको निम्ति प्राण उत्सर्ग गर्ने गुप्त-मण्डलीका हाम्रा पीड़ित र सताइएका भाइ-बहिनी-हरूको समाचार तपाईंहरूलाई सुनाउन सकें ।

• • •

पाठकवर्गले निम्न ठिकानामा यस पुस्तकका लेखकसित पत्र-व्यवहार गरे हुन्छ :—

THE LOVE IN ACTION SOCIETY
POST BOX 4532, NEW DELHI, 110016

कम्युनिस्ट देशहरूमा ईसाई-सेवा, प्रचार-कार्यको निम्ति तथा ईसाई-शहीद परिवारका सहायतार्थ दानहरू पनि यही ठिकानामा पठाए हुन्छ । दानहरू पठाउँदा 'Fund for the communist world' भनी सुचित गराउनुहोस् ।

•